# कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

# वार्षिक प्रगति प्रतिवेदन

## (आ.व. २०८१/८२)



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

योजना तथा विकास सहायता समन्वय महाशाखा

**अनुगमन तथा मूल्याङ्कन शाखा**

सिंहदरबार, काठमाडौं

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

# वार्षिक प्रगति प्रतिवेदन पुस्तिका

## (आ.व. २०८१/८२)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
योजना तथा विकास सहायता समन्वय महाशाखा
अनुगमन तथा मूल्याङ्कन शाखा
सिंहदरबार, काठमाडौं

२०८२

## प्रकाशक

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**योजना तथा विकास सहायता समन्वय महाशाखा**
**अनुगमन तथा मूल्याङ्कन शाखा**
सिंहदरबार, काठमाडौं
२०८२

फोन नं : ०१-४२११६६५
फ्याक्स नं : ०१-४२११९३५
वेबसाईट : www.moald.gov.np
इमेल : me_moad@yahoo.com

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

सिंहदरबार, काठमाण्डौ
नेपाल

पत्र संख्या :
च.नं. :

# मन्तव्य

उच्च, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गर्न कृषि क्षेत्र एक महत्त्वपूर्ण क्षेत्रका रूपमा रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि क्षेत्रको उत्पादनमूलक र उपलब्धिपूर्ण रूपान्तरणमार्फत दिगो आर्थिक विकासमा सहयोग पुर्याउने लक्ष्य लिएको छ। नेपालको संविधान, राष्ट्रिय कृषि नीति २०६१, कृषि विकास रणनीति (२०१५-२०३५), दिगो विकासका लक्ष्यहरू (२०१५-२०३०), सोह्रौं योजना (आर्थिक वर्ष २०८१/८२-२०८५/८६), नेपाल सरकारका नीति तथा कार्यक्रम र बजेट वक्तव्य एवम् विषयगत नीतिहरूले कृषि, पशुपन्छी, मत्स्य एवम् खाद्य गुणस्तर नियन्त्रण सम्बन्धी क्षेत्रको विकासलाई मार्गदर्शन गरेका छन्। कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि, खाद्य तथा पोषण सुरक्षा, कृषकहरूको जीवनस्तरमा सुधार र कृषिजन्य वस्तुको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्नुपर्ने राष्ट्रिय आवश्यकतालाई मन्त्रालयले प्राथमिकतामा राखेको छ।

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न तीन तहका सरकारबीच अर्थपूर्ण समन्वय, सहकार्य र सह-अस्तित्वलाई प्रवर्द्धन गर्दै कृषि तथा पशुपन्छी विकासका कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। मन्त्रालय र अन्तर्गतका निकायहरूले कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि रासायनिक मलको सहज आपूर्ति तथा वितरण, उन्नत बीउबिजनको उत्पादन तथा उपलब्धता, जातीय विकास तथा प्रविधि प्रवर्द्धन, रैथाने बाली, पशुनश्ल तथा कृषि जैविक विविधता संरक्षण एवम् प्रवर्द्धन, सुरक्षित विषादी प्रयोग र नियमन, बालीले ढाकेको क्षेत्र विस्तार, सिञ्चित कृषि क्षेत्रको विस्तार, कृषि उत्पादन तथा व्यवसाय विकासका लागि अनुदान र सहुलियत प्रदान, प्रमुख कृषि पूर्वाधारहरूको निर्माण, पशुनश्ल सुधार, पशुपन्छी रोग नियन्त्रण तथा खोप कार्यक्रम, खाद्यवस्तुको मापदण्ड तयारी तथा बजार अनुगमन र नियमन लगायतका कार्यक्रमहरूलाई प्राथमिकता दिई सञ्चालन गर्दै आएका छन्। कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट बाली लगाउनुपूर्व नै न्यूनतम समर्थन मूल्य तोक्ने, रासायनिक मलको सहज आयात तथा वितरण व्यवस्थापन, पशुपन्छीमा लाग्ने रोग विरूद्ध खोप कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, कृषि बीमा र किसान सूचीकरणको दायरा विस्तार लगायतका प्रमुख कार्यमा महत्त्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायहरूबाट गत आर्थिक वर्ष २०८१/८२ मा सम्पादित कार्यक्रमहरूको वार्षिक प्रगति तथा उपलब्धिहरूलाई सार्वजनिकीकरण, अभिलेखीकरण तथा संस्थागत गर्दै सरोकारवालाहरूबीच पुर्याउन यो वार्षिक प्रगति प्रतिवेदन तयार गरिएको छ। यस पुस्तिकामा मन्त्रालय तथा मातहतका निकायबाट सञ्चालित कार्यक्रमहरूबाट प्राप्त उपलब्धिहरू, वार्षिक भारित तथा वित्तीय प्रगति र प्रगति हासिल हुन नसकेका कारणहरूलाईसमेत समीक्षा तथा विश्लेषण गरिएको छ।

यो पुस्तिका अनुसन्धानकर्ता, नीति निर्माता, योजनाकार, वित्तीय तथा लगानीकर्ता, विद्यार्थी, किसान, निजी क्षेत्र र विकास साझेदारहरूलाई तथ्याङ्क एवम् अद्यावधिक सूचनाको स्रोतको रूपमा रहने विश्वास लिएका छौं। आगामी वर्षहरूमा यस पुस्तिकालाई अझ बढी उपयोगी र परिष्कृत बनाउन पाठक वर्गहरूबाट रचनात्मक प्रतिक्रिया र सुझावको अपेक्षा राखेका छौं। मन्त्रालयबाट सञ्चालन हुने कार्यक्रमहरूमा सुधारका लागि सल्लाह सुझाव दिई अभिभावकत्व र मार्गदर्शन गर्नुहुने माननीय मन्त्रीज्यूप्रति कृतज्ञता प्रकट गर्दछौं। अन्तमा पुस्तिका तयारीका लागि आवश्यक तथ्याङ्क एवम् विवरण उपलब्ध गराई सहयोग गर्नुहुने मन्त्रालय मातहतका सम्पूर्ण निकायहरू, प्रदेश तथा पालिकाका सम्बन्धित निकायका पदाधिकारीहरूलाई र पुस्तिकालाई यस स्वरूपमा ल्याउन अथक प्रयास गर्नुहुने योजना तथा विकास सहायता समन्वय महाशाखाका प्रमुख र अनुगमन तथा मूल्याङ्कन शाखाको टोलीलाई धन्यवाद दिन चाहन्छौं।

**डा. राजेन्द्र प्रसाद मिश्र**
**सचिव (कृषि विकास)**

**२०८२ पौष**

**डा. दीपक कुमार खराल**
**सचिव (पशुपन्छी विकास)**

नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

पत्र संख्या :
च.नं. :

सिंहदरवार, काठमाण्डौं
नेपाल

## मन्तव्य

कृषि क्षेत्रले आधारभूत खाद्य आवश्यकतालाई परिपूर्ति गर्दै देशको अर्थतन्त्रमा महत्त्वपूर्ण योगदान पुर्याउदै आएको छ। आर्थिक वर्ष २०८१/८२ मा देशको कूल ग्रार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २५.१६ प्रतिशत रहेको थियो भने कृषि क्षेत्रको वृद्धिदर ३.२८ कायम रहन पुगेको थियो। नेपाल सरकारले कृषि क्षेत्रको व्यावसायीकरण, आधुनिकीकरण र दिगो कृषि विकासका लागि अवलम्बन गरेका विभिन्न कानुन, नीति, योजना र रणनीतिअनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयले वार्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गर्दै आइरहेको छ। यसका साथै नेपालको संविधान बमोजिम संघ, प्रदेश र स्थानीय तहको एकल तथा साझा अधिकार सूचीमा कृषि क्षेत्रलाई समेटिएकाले तीनै तहबाट समन्वय, सहकार्य र सहअस्तित्वको सिद्धान्तबमोजिम कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरू सञ्चालनमा रहेका छन्।

गत आर्थिक वर्ष २०८१/८२ मा यस मन्त्रालयले जम्मा ३४ वटा आयोजना तथा कार्यक्रमहरू सञ्चालनका लागि रू. ४९ अर्ब ६९ करोड ७० लाख संशोधित वार्षिक बजेट प्राप्त गरेकोमा कार्यक्रम कार्यान्वयनबाट मन्त्रालयको एकमुष्ठ भारित प्रगति ८५.१८ प्रतिशत र वित्तीय प्रगति ८४.५४ प्रतिशत प्रगति हासिल गरेको थियो। सो अवधिमा मन्त्रालयले कृषि क्षेत्रमा विभिन्न क्रियाकलापहरू सञ्चालनका लागि विभिन्न स्थानीय तहहरूमा रू. ३ अर्ब २२ करोड ८४ लाख बजेट र कृषि क्षेत्र हेर्ने प्रादेशिक मन्त्रालयहरूमा रू. १ अर्ब १५ करोड ६६ लाख बजेट सर्शत वित्तीय हस्तान्तरण भएको थियो।

नेपाल सरकारबाट उपलब्ध बजेटको अधिकतम सदुपयोग गरी कार्यान्वयन भएका कार्यक्रमहरूबाट प्राप्त नतिजा तथा उपलब्धिहरूको अभिलेखीकरण गर्ने हेतुले यो वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गरिएको छ। मन्त्रालय तथा मातहतका निकायहरूको साङ्गठनिक उद्देश्य र वार्षिक स्वीकृत कार्यक्रमबमोजिम सम्पादन भएका प्रमुख क्रियाकलाप तथा उपलब्धिहरूको विवरणात्मक र विश्लेषणात्मक प्रगति विवरण र कृषि क्षेत्रलाई निर्देशित गर्ने कृषि विकास रणनीति र सोह्रौ योजनाको प्रगतिलाई पनि यस पुस्तिकामा समावेश गरिएको छ।

प्रतिवेदन तयारीका लागि आवश्यक विवरण तथा तथ्याङ्कहरू उपलब्ध गराई सहयोग गर्नुहुने कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका सबै निकायहरूलाई धन्यवाद दिन चाहन्छु। प्रतिवेदन प्रकाशनको लागि आवश्यक विवरण एवम् तथ्याङ्कहरू सङ्कलन, विश्लेषण र प्रतिवेदन तयारीमा सक्रियरूपमा लाग्नु भएका अनुगमन तथा मूल्याङ्कन शाखाका वरिष्ठ कृषि अर्थ विज्ञ लालकुमार श्रेष्ठ, कृषि अर्थ विज्ञ चन्द्रा जोशी, पशु विकास अधिकृत गंगा बहादुर थापामगर र कृषि प्रसार अधिकृत रविन थापालाई विशेष धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, कृषि क्षेत्रमा संलग्न नीति निर्माता, योजनाकार, अनुसन्धानकर्ता, सरकारी निकाय, विकास साझेदार, निजी क्षेत्र लगायत कृषि क्षेत्रमा चासो राख्नु हुने सबैका लागि यो पुस्तिका उपयोगी हुने विश्वास लिएको छु। प्रतिवेदनलाई अझ तथ्यपरक एवम् विश्लेषणात्मक बनाउन सल्लाह सुझावको अपेक्षासमेत गर्दछु।

**२०८२ पौष**

..........................................

**(डा. हरि बहादुर के.सी.)**

**सहसचिव**

**योजना तथा विकास सहायता समन्वय महाशाखा**

# विषय सूची

## परिच्छेद-१

**१. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको परिचय ........ १**
१.१ ऐतिहासिक पृष्ठभूमि ........ १
१.२ दीर्घकालीन सोच ........ २
१.३ लक्ष्य ........ २
१.४ उद्देश्य ........ २
१.५ रणनीति ........ २
१.६ कार्यक्षेत्र ........ ३
१.७ मुख्य कार्यक्रमहरू ........ ४
१.८ सङ्गठनात्मक संरचना ........ ४
१.९ मुख्य आयोजनाहरू ........ ३९

## परिच्छेद-२

**२. वार्षिक कार्यक्रम तथा विनियोजित बजेट ........ ७१**
२.१ आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट ........ ७१
२.२ प्राथमिकता प्राप्त विकास कार्यक्रम/आयोजनाहरूको बजेट तथा खर्चको विवरण ........ ७६

## परिच्छेद-३

**३. मन्त्रालयबाट सम्पादित कार्यक्रम तथा उपलब्धिहरू ........ ९१**
३.१ प्राथमिकता प्राप्त कार्यक्रम/आयोजना र उपलब्धिहरू ........ ९३
३.२ अन्य संस्थान समितिहरू ........ १७४

## परिच्छेद-४

**४. बेरूजु फछर्यौटको प्रगति अवस्था ........ १७९**
४.१ आ.व. २०८१/८२ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूको एकमुष्ठ बेरूजु फछर्यौटको प्रगति अवस्था ........ १७९
४.२ सरकारी निकायतर्फको बेरूजु र बेरूजु फछर्यौट विवरण ........ १७९
४.३ समितितर्फको बेरूजु र बेरूजु फछर्यौट विवरण ........ १८०

## परिच्छेद-५

**५. बजेट वक्तव्यमा समावेश भएका कृषि क्षेत्रसँग सम्बन्धित बुँदाहरूको प्रगति विवरण ........ १८५**
५.१ बजेट वक्तव्य २०८१/८२ को अनुसूची-१५ मा उल्लेखित मन्त्रालयसँग सम्बन्धित बजेटका अपेक्षित उपलब्धिको सूचकहरूको प्रगति विवरण ........ १८५
५.२ बजेट वक्तव्य २०८१/८२ को अनुसूची-१४ मा उल्लेखित मन्त्रालयसँग सम्बन्धित बजेटका अपेक्षित उपलब्धिको सूचकहरूको प्रगति विवरण ........ १९३

## परिच्छेद-६


**६. कृषि विकास रणनीति कार्यान्वयन संक्षिप्त प्रगति विवरण ....... १९७**

६.१ कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् परिमार्जन ....... १९७

६.२ कृषि विकास रणनीति (ADS) ले राखेको परिकल्पनाका सूचक अनुसार लक्ष्यहरूतर्फको प्रवृत्ति र प्रगति ....... १९८


## परिच्छेद-७


**७. समस्या, निर्णय र कार्यान्वयन अवस्था ....... २०९**

७.१ MDAC बैठक बसेको मितिः २०८१/०९/०५ को निर्णय ....... २०९

७.२ MDAC बैठक बसेको मितिः २०८१/११/०१ को निर्णय ....... २२०

७.३ MDAC बैठक बसेको मितिः २०८२/०२/०१ को निर्णय ....... २२२

७.४ MDAC बैठक बसेको मितिः २०८२/०४/३० को निर्णय ....... २२३

७.५ राष्ट्रिय विकास समस्या समाधान समितिको तयारी बैठक (PRE-NDAC) मा पेश भएका समस्याहरु ....... २२५


## परिच्छेद-८


**८. सोह्रौ आवधिक योजना (२०८१/८२ देखि २०८५/८६) मा कृषिसँग सम्बन्धित प्रगति ....... २३१**

८.१ सोह्रौ योजनाको लक्ष्य र हालसम्मको प्रगति अवस्था ....... २३१


## विविध-९

## अनुसूची-१


**१. नेपालको संक्षिप्त कृषि तथ्याङ्क ....... २३५**

१.१ कूल क्षेत्रफल ....... २३५

१.२ भू-उपयोग ....... २३५

१.३ कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान तथा वार्षिक वृद्धिदर प्रतिशतमा ....... २३५

१.४ जनसङ्ख्या सम्बन्धी विवरण ....... २३६

१.५ प्रमुख कृषिजन्य बालीहरूको तुलनात्मक क्षेत्रफल तथा उत्पादनको स्थिति ....... २३६

क) खाद्यान्न बाली ....... २३६

ख) दलहन बाली ....... २३७

ग) नगदे बाली ....... २३७

घ) अन्य बाली ....... २३७

ङ) पशुजन्य उत्पादनको विवरण ....... २३८

१.६ कृषि सामग्री वितरण ....... २३९


## अनुसूची-२


२.१ प्रदेश अनुसार आर्थिक वर्ष २०८१/८२ मा खाद्यान्न बालीको उत्पादन स्थिति ....... २४०

## अनुसूची-३

३.१ आ.व. २०७९/८० मा प्रदेशस्तरमा उपभोगयोग्य खाद्यान्नहरूको विवरण (मे. टन)..........२४१
३.२ आ.व. २०७५/७६ देखि २०७९/८० सम्मको राष्ट्रियस्तरमा उपभोगयोग्य खाद्यान्नहरूको स्थिति (मे. टन)..........२४१

## अनुसूची-४

४.१ बाली तथा पशुपन्छी बीमा सम्बन्धी विवरण (२०८१/८२)..........२४२
क) कृषि बीमा सुरुवात भएदेखि हालसम्मको अनुदान विवरण..........२४२
ख) बाली तथा पशुपन्छी बीमा विवरण २०८१/८२..........२४३

## अनुसूची-५

५.१ कृषि कर्जा स्थिति (मूल्य दश लाखमा)..........२४४

## अनुसूची-६

६.१ कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा कार्यरत कर्मचारीहरूको विवरण..........२४५

## अनुसूची-७

७.१ सम्पत्ति/जिन्सी मालसामानको वार्षिक विवरण..........२५७

## अनुसूची-८

८.१ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्व गरेका हालसम्मका सचिवहरूको नामावली..........२६१

## अनुसूची-९

९.१ वि.सं. २०४६ सालपछि नेतृत्व गरेका कृषि मन्त्रीज्यूहरूको नामावली..........२६४

## अनुसूची-१०

१०.१ कृषि तथा पशुपन्छी विकास मन्त्रालयका पदाधिकारी तथा कर्मचारीको आ.व. २०८१/८२ मा भएको वैदेशिक भ्रमण/तालिम कार्यक्रमको विवरण..........२६६
१०.२ पशुपन्छी विकास मन्त्रालयका पदाधिकारी तथा कर्मचारीहरूको आ.व. २०८१/८२ मा Online माध्यमबाट भएको वैदेशिक तालिम कार्यक्रमको विवरण..........२९९

# परिच्छेद-१

# १. कृषि तथा पशुपन्छी विकास मन्त्रालयको परिचय

## १.१ ऐतिहासिक पृष्ठभूमि

नेपालमा कृषि विकासका कार्यक्रमहरूको कार्यान्वयन संस्थागत रूपमा वि.सं. १९७८ मा चारखालमा स्थापित कृषि अड्डाबाट सुरू भएको हो। वि.सं. १९८२ मा सिंहदरबार परिसरमा कृषि प्रदर्शन फार्म र वि.सं. १९९४ मा कृषि परिषद्को गठन भएपश्चात् देशभित्र कृषि फार्महरू खोल्ने, सर्भेक्षण कार्यहरू भएको पाइन्छ। वि.सं. १९९८ सालमा त्रिपुरेश्वरमा भेटेरिनरी हस्पिटलको र सिँचाइ क्षेत्रको विकासको लागि नहर शाखाको समेत स्थापना भएकोमा वि.सं. २००० मा मकवानपुरको चित्लाङ र नुवाकोटको ककनीमा भेडा फार्महरूको स्थापना भएको पाइन्छ। वि.सं. २००४ सालमा बारा जिल्लास्थित परवानीपुरमा सेन्ट्रल एक्सपेरिमेन्टल एण्ड रिसर्च फार्म स्थापना भई कृषि अनुसन्धान कार्यको सुरूवात भएको देखिन्छ। वि.सं. २००७ सालको परिवर्तनपछि कृषि परिषद्बाट भएका विभिन्न कार्यहरूको लेखाजोखा भई सोका आधारमा वि.सं. २००८ मा कृषि परिषद्लाई विघटन गरी त्यसबेलाको सबैभन्दा माथिल्लो निकायको रूपमा रहने गरी कृषि विभागको स्थापना भएको पाइन्छ। तत्कालीन कृषि परिषद्को सेक्रेटरीलाई नै कृषि विभागको डाईरेक्टरमा नियुक्ती गरी वि.सं. २०१० मा कृषि विभागमा एग्रोनोमी, हर्टिकल्चर, लाईभस्टक एण्ड डेरी, एगृ इन्जिनियरिङ र फिसरिज (भेटेरिनरीबाहेक) गरी ५ वटा सेक्सनहरू खडा भएको पाइन्छ। ती सेक्सन मातहतका कृषि विकासका विभिन्न कार्यक्रमहरू कार्यान्वयनमा आउन थाले र वि.सं. २०१० सालमा सहकारी विभाग र कृषि स्कूलको स्थापना भएको पाइन्छ। वि.सं. २०१२ सालमा नहर शाखालाई नहर विभागको र वि.सं. २००४ सालमा स्थापित परवानीपुर कृषि फार्मलाई बहुमुखी कृषि स्टेशनको रूपमा परिवर्तन गरियो। वि.सं. २०१९ सालमा कीर्तिपुर बागवानी केन्द्र र गोदावरी मत्स्य विकास केन्द्र तथा वि.सं. २०२७ सालमा पुल्चोकस्थित श्रीमहलमा श्री जगदम्बा कलेज अफ एगृकल्चर एण्ड रिसर्च ईन्ष्टिच्युट सञ्चालनमा आएको पाइन्छ।

वि.सं. २०३० सालमा सिँचाइ सम्बन्धी कार्य कृषि मन्त्रालय अन्तर्गत समावेश भई मन्त्रालयको नाम खाद्य, कृषि तथा सिँचाइ मन्त्रालय रहन गयो भने आ.व. २०३७/३८ मा भएको मन्त्रिमण्डल पुनर्गठनसँगसँगै सिँचाइ र खाद्य व्यवस्थाको जिम्मेवारी क्रमशः जलस्रोत मन्त्रालय र आपूर्ति मन्त्रालयमा सरेपछि मन्त्रालयको नाम कृषि मन्त्रालय कायम भयो। आ.व. २०४७/४८ मा सहकारी आन्दोलन प्रभावकारीरूपमा अगाडि बढाउने सोचका साथ साझा विकास विभाग सम्बन्धी कार्यक्रमलाई कृषि मन्त्रालय अन्तर्गत राख्न थालियो। यसै क्रममा आ.व. २०५५/५६ देखि साविकको कृषि मन्त्रालयको नाम कृषि तथा सहकारी मन्त्रालय कायम हुन गएकोमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६९ जेष्ठ ५ गतेको निर्णयानुसार साविकको कृषि तथा सहकारी मन्त्रालयबाट सहकारी विभागलाई अन्य मन्त्रालयमा सारिए पश्चात् मन्त्रालयको नाम कृषि विकास मन्त्रालय कायम भएको देखिन्छ। यसैबीच नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७२ पौष ९ गतेको निर्णयानुसार कृषि विकास मन्त्रालय मातहतको पशु सेवा विभाग अन्तर्गत सञ्चालित कार्यक्रमहरूलाई समेटेर छुट्टै पशुपन्छी विकास मन्त्रालयको गठन भएको थियो। संविधान जारी भएपश्चात् नेपालको संविधानको धारा ८२ को उपधारा (१) को अधिकार प्रयोग गरी नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को नियम ३, अनुसूची-१ मा उल्लेख भए बमोजिम नेपाल सरकारको कार्यसम्पादनको लागि मिति २०७४/११/११ मा साविकमा रहेका ४ वटा मन्त्रालयहरू (कृषि विकास मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय, सहकारी तथा गरिबी निवारण मन्त्रालय र पशुपन्छी विकास मन्त्रालय) लाई एकीकृत

गरी कृषि, भूमिव्यवस्था तथा सहकारी मन्त्रालय गठन भई सोहीअनुसार कार्य विभाजनसमेत भएको थियो। यसै क्रममा मिति २०७५/०४/१० गते पुनः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ को संशोधन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालय र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय गठन भई हाल कृषि तथा पशुपन्छी क्षेत्रसँग सम्बन्धी सम्पूर्ण कार्यको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कार्य गर्दै आएको छ। कृषि विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउनु रहेको छ।

## १.२ दीर्घकालीन सोच

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गरी दिगो कृषि विकासको माध्यमबाट जीवनस्तरमा सुधार ल्याउनु यस मन्त्रालयको दीर्घकालीन दृष्टिकोण रहेको छ।

## १.३ लक्ष्य

देशको आवश्यकता र सम्भाव्यता अनुरूप कृषि विकास सम्बन्धी नीति तर्जुमा एवम् कार्यान्वयन गर्ने मूल उद्देश्य बोकेको यस मन्त्रालयको लक्ष्य व्यावसायिक एवम् प्रतिस्पर्धात्मक कृषि प्रणालीबाट उच्च एवम् दिगो आर्थिक वृद्धि हासिल गरी खाद्य सुरक्षा तथा गरिबी निवारणमा योगदान पुर्याउनु रहेको छ।

## १.४ उद्देश्य

- कृषि उत्पादन एवम् उत्पादकत्व बढाउने,
- व्यावसायिक तथा प्रतिस्पर्धात्मक कृषि प्रणालीका आधारहरूको विकास गरी क्षेत्रीय र विश्व बजारसँग प्रतिस्पर्धात्मक बनाउने,
- प्राकृतिक स्रोत, वातावरण र जैविक विविधताको संरक्षण, सम्वर्द्धन एवम् सदुपयोग गर्ने।

## १.५ रणनीति

- कृषि उत्पादनको व्यावसायीकरण, विविधीकरण, गुणस्तर प्रवर्द्धन ग्रामीण पूर्वाधारहरूको विकास र यान्त्रीकरणमार्फत उत्पादन र उत्पादकत्व बढाई आयआर्जन र रोजगारीका अवसर वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता गर्ने,
- उन्नत र गुणस्तरीय बीउबिजनको सुरक्षा, विषादीका असरहरूलाई न्यूनीकरण, कृषि बाली, पशुपन्छी तथा मत्स्य बीमाको माध्यमबाट उत्पादन लागत कम गरी प्रतिस्पर्धात्मक क्षमता बढाउने,
- आर्थिक तथा जनस्वास्थ्यको दृष्टिकोणले महत्त्वपूर्ण पशुपन्छी रोगहरूको रोकथाम, नियन्त्रण तथा उन्मूलन गरी स्वच्छ उत्पादनमा अभिवृद्धि गर्ने,
- कृषि उत्पादनलाई अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउन गुणस्तर, मापदण्ड निर्धारण तथा अभिवृद्धि गर्ने,
- कम आयतन तथा उच्च मूल्यका बाली वस्तु उत्पादन गर्न प्रोत्साहित गरी मूल्य अभिवृद्धि हुने प्रशोधनमा आधारित कृषिजन्य उद्योगको विकासमा जोड दिने,
- खाद्य, कृषि तथा मत्स्यजन्य वस्तुहरूको गुणस्तर परीक्षण, प्रशोधन, अनुगमन र नियमनलाई स्थानीयस्तरका जनताको पहुँच हुने गरी प्रभावकारी बनाउँदै बजारीकरणलाई प्रवर्द्धन गर्ने,
- कृषिजन्य जैविक विविधताको संरक्षण सम्वर्द्धन तथा सदुपयोग गर्दै जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न अनुसन्धानमा आधारित वातावरणमैत्री कृषि प्रविधिहरूको विकास एवम् विस्तार गर्ने,

- कृषिलाई सम्मानजनक र आकर्षक पेशाको रूपमा विकास गरी युवालाई व्यावसायिक कृषितर्फ आकर्षण गर्न प्रोत्साहित गर्दै कृषि क्षेत्रको विकास, अनुसन्धान, प्रसार र गुणस्तर परीक्षणमा संलग्न निकायहरूको सहकार्यमा प्राविधिक, कृषक र कृषि उद्यमी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने,
- कृषि शिक्षा, अनुसन्धान र प्रसारबीचको त्रिपक्षीय सम्बन्धलाई मजवुत तुल्याई अनुसन्धानबाट विकास भएका प्रविधिहरूको विस्तारमा कृषि क्षेत्रमा कार्यरत सम्पूर्ण सरकारी तथा गैह्र-सरकारी संस्थाहरूबीच अन्तर निकाय समन्वय र सहकार्य कायम गर्दै कार्यान्वयनलाई नतिजा उन्मूख बनाउने।
- आधारभूत कृषि सूचना तथा तथ्याङ्क सङ्कलन एवम् विश्लेषण प्रणालीलाई समयानुसार आधुनिकीकरण गर्दै तथ्यमा आधारित (Evidence Based) कार्यक्रम तर्जुमा, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउने,
- प्रत्येक प्रदेशहरूको विभिन्न भू-परिस्थितीय (Agro-eco Zone) क्षेत्रमा उन्नत प्रविधिहरूको प्रभावकारी अनुसरणको लागि नमुना प्रविधि गाउँ (Model Technology Village), कृषक पाठशाला (Farmers' Field School) र बाह्य अनुसन्धानलाई थप सुदृढीकरण गर्ने।

## १.६ कार्यक्षेत्र

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ (२०७५/०४/१० मा संशोधित) बमोजिम यस मन्त्रालयले सम्पादन गर्नुपर्ने कार्यहरू देहायनुसार रहेका छन्।

- कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- खाद्य सुरक्षा, खाद्य अधिकार र खाद्य सम्प्रभुता, खाद्यपदार्थको गुणस्तर तथा खाद्य स्वच्छता सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- कृषि तथा पशुपन्छीजन्य औषधी, सुक्ष्मतत्व र जैविक विषादीको उपयोग र व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- खाद्य क्वारेन्टाइन, पशु तथा वनस्पतीजन्य क्वारेन्टाइन सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन।
- विषादीको स्तरीकरण, सूचना सङ्कलन, वर्गीकरण, सूचना प्रवाह र नियमन।
- कृषि सम्बन्धी अन्तर्राष्ट्रिय व्यापार सहजीकरण।
- कृषि तथ्याङ्क प्रणाली, अनुसन्धान, स्रोत संरक्षण, विकास र विस्तार।
- कृषि तथा खाद्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायन, प्रमाणीकरण, प्रयोगशाला विकास र व्यवस्थापन।
- रासायनिक तथा जैविक मल उत्पादन, आयात तथा प्रयोग सम्बन्धी नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, समन्वय र नियमन।
- कृषि, मत्स्य तथा पशुपन्छीजन्य महामारी नियन्त्रण।
- कृषि औद्योगिकीकरण, मत्स्य, पशुपन्छी उद्योग व्यवसायको अन्तर प्रादेशिक विकास, प्रवर्द्धन र समन्वय।
- बीउबिजन एवम् नश्ल सम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण र नियमन।
- अन्तरदेशीय चरन तथा खर्क सम्बन्धी नीति, कानुन र नियमन।
- पशुपन्छीजन्य औषधी र दानाको नीति, कानुन, मापदण्ड, गुणस्तर निर्धारण, आयात अनुमति र नियमन।

- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय नीति, कानुन, मापदण्ड र व्यवस्थापन।
- पशु चिकित्सकको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन।
- दुग्ध पदार्थबाट बनेका वस्तुहरूको अनुसन्धान र विकास।
- मासु तथा मासुजन्य पदार्थ र पशु छाला तथा अन्य पदार्थ सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन।
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी नीति र मापदण्ड।
- पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्वद्धता।
- राष्ट्रिय किसान आयोग।
- नेपाल कृषि अनुसन्धान परिषद्।
- मन्त्रालय सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग सन्धि, सम्झौता, अभिसन्धि, सम्पर्क र समन्वय।
- मन्त्रालय सम्बन्धी सार्वजनिक संस्थान, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन।
- नेपाल कृषि सेवाको सञ्चालन।

## १.७ मुख्य कार्यक्रमहरू

- उत्पादन तथा उत्पादकत्व वृद्धि,
- खाद्य सुरक्षा,
- गरिबी निवारण,
- वातावरण तथा जैविक विविधता संरक्षण,
- ऐन, नीति नियम, रणनीति तर्जुमा,
- जनशक्ति विकास,

## १.८ सङ्गठनात्मक संरचना

माथि उल्लिखित उद्देश्य तथा कार्यव्यवस्था नियमावलीमा उल्लेख भएका कार्यहरूको प्रभावकारी कार्यान्वयन र सक्षम व्यवस्थापनको लागि यस मन्त्रालयको कार्यक्षेत्र र सङ्गठनात्मक संरचनामा बेला बखतमा फेरबदल हुँदै आएको पाइन्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न मिति २०७५/०४/१० गते पुनः नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ परिमार्जन भई हाल कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा अन्तर्गत तपसिलब मोजिमका स्थायी संरचना तथा शाखाहरू रहेका छन्।

**क) कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका महाशाखा**

- कृषि विकास महाशाखा,
- योजना तथा विकास सहायता समन्वय महाशाखा,
- खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा,
- प्रशासन महाशाखा,
- कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा,
- पशुपन्छी तथा मत्स्य विकास महाशाखा,
- पशु स्वास्थ्य महाशाखा।

**ख) मन्त्रालय अन्तर्गतका विभागहरू**

- कृषि विभाग,
- पशु सेवा विभाग,
- खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग।

**ग) मन्त्रालय अन्तर्गतका केन्द्रहरू**

- प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र,
- कृषि सूचना तथा प्रशिक्षण केन्द्र,
- बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र।

**घ) मन्त्रालयसँग सम्बन्धी आयोग, परिषद् तथा समितिहरू**

- राष्ट्रिय किसान आयोग,
- नेपाल कृषि अनुसन्धान परिषद्,
- नेपाल पशु चिकित्सा परिषद्,
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्,
- कपास विकास समिति,
- कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति।

**ङ) मन्त्रालय अन्तर्गतका बोर्ड, संस्थान तथा कम्पनीहरू**

- राष्ट्रिय चिया तथा कफी विकास बोर्ड,
- राष्ट्रिय दुग्ध विकास बोर्ड,
- राष्ट्रिय दुग्ध विकास संस्थान,
- कृषि सामग्री कम्पनी लिमिटेड।

**च) मन्त्रालय तथा मातहतका कार्यालयबाट सञ्चालनमा रहेका आयोजनाहरू**

- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना,
- ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम,
- नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना,
- खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना,
- कृषि क्षेत्र विकास कार्यक्रम,
- नेपाल कृषि बजार विकास कार्यक्रम,
- रानी जमरा कुलरिया सिँचाइ आयोजना,
- पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना।

### १.८.१ मन्त्रालय

नेपाल सरकार (मन्त्रिपरिषद्‌को) मिति २०७५/४/१४ को स्वीकृत कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सङ्‌गठन संरचना एवम् दरवन्दी तेरिज अनुसार गठन भएका सात वटा महाशाखा तथा महाशाखा अन्तर्गत रहेका शाखाहरूको कार्यविवरण तपसिल बमोजिम रहेको छ।

### १.८.१.१ प्रशासन महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

- मन्त्रालयको कर्मचारी प्रशासन, आन्तरिक व्यवस्थापन, जिन्सी व्यवस्थापन तथा आर्थिक प्रशासन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको कानुनी तर्जुमा मस्यौदा तथा कानुनी राय, परामर्श दिने।
- मन्त्रालयस्तरबाट हुने निकायहरूका पदाधिकारीहरूको नियुक्ती तथा अवकाश सम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालय अन्तर्गतका कार्यालय र निकायहरूको प्रशासनिक कामकारबाहीको अनुगमन तथा मूल्याङ्‌कन गर्ने।
- मन्त्रालय अन्तर्गत कृषि सेवा समूह लगायतको सञ्चालन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय र अन्तर्गत निकायहरूको सुशासन कायम गर्ने।

**क. कृषि कर्मचारी प्रशासन शाखा**

- सङ्‌घीय निजामती सेवा ऐन र नियमावली अनुसार कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ती, पदस्थापन, सरूवा, बढुवा, विदा, अवकाश र विभागीय कारबाही सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयबाट सञ्चालन हुने कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका समूहमा रिक्त रहेका पदहरू बढुवा तथा खुल्लाबाट पदपूर्ति सम्बन्धी कारबाही गर्ने।
- मन्त्रालय अन्तर्गत कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका कर्मचारीहरूको नियुक्ती, सरूवा, बढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय अन्तर्गतको कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका जनशक्ति विवरण अद्यावधिक राख्ने।
- बढुवा समितिको सचिवालयले कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका सम्पादन गर्ने कार्यमा सहयोग गर्ने।
- मन्त्रालय अन्तर्गतका साविकको पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका बोर्ड, संस्थान, समिति, परिषद् बाहेकका कर्मचारी प्रशासन सम्बन्धी कार्यको अनुगमन सहयोग समन्वय गर्ने।
- मन्त्रालय मातहतमा रहेको साविकको पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका बोर्ड संस्थान समिति परिषद् लगायतको संस्थाहरूबाहेक कार्यविधि निर्देशिका लगायत कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने साथै सम्पत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक भेटेरिनरी र मत्स्य समूह बाहेकका कार्य सम्पादन मूल्याङ्‌कन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।

- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका स्वदेशी तथा वैदेशिक अध्ययन तथा सात दिनभन्दा बढी अवधिको तालिम सम्बन्धी मनोनयन लगायतका सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका कर्मचारीहरूको पासपोर्ट तथा भिसाका लागि सम्बन्धी निकायमा पत्राचार गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका आयोजनाहरूको दरवन्दी सिर्जना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारबाही सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम कृषि सेवाअन्तर्गत लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका वैदेशिक भ्रमण, तालिम मनोनयन सिफारिस समितिको सचिवालयको कार्य गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूह बाहेकका प्रशासनिक राय परामर्श सम्बन्धी कार्य गर्ने र यस विषयमा मन्त्रिपरिषद्मा प्रस्तावहरू पेश गर्ने।

**ख. आन्तरिक प्रशासन (पशुपन्छी कर्मचारी प्रशासनसमेत) शाखा**

- मन्त्रालयमा कार्यरत निजामती कर्मचारीहरूको अभिलेख राख्ने।
- बजेटको परिधिभित्र रही आर्थिक प्रशासन ऐन, नियमअनुसार निर्माण, मर्मत, खरिद, जग्गा अधिग्रहण, लिलाम तथा मिनाहा गर्ने।
- मन्त्रालयको दैनिक प्रशासन सम्बन्धी कार्यहरू गर्ने।
- मन्त्रालयको सुपरीवेक्षण, सोधपुछ, जनसम्पर्क र सुरक्षाको व्यवस्था गर्ने।
- मन्त्रालय र साविकको पशुपन्छी विकास मन्त्रालय मातहत रहेका बोर्ड, संस्थान, परिषद् लगायतको संस्थाहरूको कार्यविधि निर्देशिका लगायत कर्मचारीहरूको सम्पत्ति विवरणको अभिलेख अद्यावधिक गर्ने साथै सम्पत्ति व्यवस्थापन सम्बन्धी सम्पूर्ण कार्य गर्ने।
- अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त र भ्रष्टाचार नियन्त्रण एवम् उजुरी, गुनासो सम्बन्धी कार्य प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र राष्ट्रिय सर्तकता केन्द्रबाट प्राप्त गुनासाहरू फछ्र्यौट गर्ने।
- मन्त्रालयमा आवश्यक सामग्री खरिद, वितरण लगायतका कार्य गर्ने।
- मन्त्रालयको सवारी साधन व्यवस्थापन र परिचालन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको जिन्सी व्यवस्थापन सुरक्षा व्यवस्था सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयमा प्राप्त चिठ्ठी पत्रहरूको अभिलेख सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयको सरसफाई तथा बगैंचा व्यवस्थापन सम्बन्धी कार्य गर्ने।
- सङ्घीय निजामती सेवा ऐन र नियमावली अनुसार कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी मत्स्य समूहका कर्मचारी प्रशासन सम्बन्धी माग आकृति, नियुक्ती, पदस्थापन, सरूवा, बढुवा, विदा, अवकाश र विभागीय कारबाही सम्बन्धी कार्य गर्ने।
- मन्त्रालयबाट सञ्चालन हुने कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहमा रिक्त रहेका पदहरू बढुवा तथा खुल्लाबाट पदपूर्ति सम्बन्धी कारबाही गर्ने।
- मन्त्रालय अन्तर्गत कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका कर्मचारीहरूको नियुक्ती, सरूवा, बढुवा, स्वेच्छिक अवकाश, उपदान, निवृत्तिभरण, प्रोत्साहित पुरस्कार, वृत्ति विकास, दण्ड सजाय सम्बन्धी कार्य गर्ने।

- मन्त्रालय अन्तर्गतको जनशक्ति विवरण अद्यावधिक राख्ने।
- बढुवा समितिको सचिवालयले कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका सम्पादन गर्ने कार्यमा सहयोग गर्ने।
- मन्त्रालय अन्तर्गतका साविकको पशुपन्छी विकास मन्त्रालय अन्तर्गत रहेका बोर्ड, संस्थान, समिति,
- परिषद्का कर्मचारी प्रशासन सम्बन्धी कार्यको अनुगमन सहयोग समन्वय गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका कार्य सम्पादन मूल्याङ्कन सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका आयोजनाहरूको दरवन्दी सिर्जना, जनशक्ति व्यवस्थापन लगायत प्रशासनिक कामकारबाही सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।
- कृषि सेवा अन्तर्गतका लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहका प्रशासनिक राय परामर्श सम्बन्धी कार्य गर्ने र यस विषयमा मन्त्रिपरिषद्मा प्रस्तावहरू पेश गर्ने।
- वैदेशिक भ्रमण व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम कृषि सेवा अन्तर्गत लाईभस्टक, भेटेरिनरी र मत्स्य समूहको वैदेशिक भ्रमण, तालिम मनोनयन सिफारिस समितिको सचिवालयको कार्य गर्ने।

**ग. कानुन तथा फैसला कार्यान्वयन शाखा**

- कानूनी राय प्रदान गर्ने।
- ऐन नियम, विनियम जस्ता कानुनहरूको मस्यौदा गर्ने।
- नेपाल राजपत्रको सूचना प्रकाशन सम्बन्धी कार्य गर्ने।
- मन्त्रालय विपक्षी भएको मुद्दा मामिलामा प्रतिरक्षा गर्ने।
- कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा राय माग गर्ने।
- सम्बन्धी न्यायालयबाट मन्त्रालय सम्बन्धी भएका मुद्दा फैसला कार्यान्वयनको कार्यवाही गर्ने।
- मन्त्रालय मातहतका बोर्ड, संस्थान, समिति, परिषद्को विनियमावली, कर्मचारी प्रशासन शाखा र आर्थिक प्रशासन शाखासँगको समन्वयमा तर्जुमा गर्ने।

**घ. आर्थिक प्रशासन शाखा**

- साधारणतर्फको बजेट तर्जुमा तथा कार्यान्वयन गर्ने।
- बजेट निकासा गराउने र नियमित आर्थिक कारोबार सञ्चालन गर्ने।
- लेखा परीक्षण तथा बेरूजू फछ्र्यौट सम्बन्धी कार्य गर्ने गराउने।
- मन्त्रालय मातहतको लेखा सम्बन्धी कामको नियमित अनुगमन, मूल्याङ्कन व्यवस्था मिलाई उपयुक्त कारबाही गर्ने।
- आर्थिक प्रशासन सम्बन्धी अन्य काम गर्ने।
- निजामति सेवा ऐन, २०४९ तथा निजामति सेवा नियमावली, २०५० अनुसार औषधी उपचार सम्बन्धी सम्पूर्ण कार्यहरू गर्ने।

### १.८.१.२ योजना तथा विकास सहायता समन्वय महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

सािवकको अनुगमन, मूल्याङ्कन तथा तथ्याङ्क महाशाखा, योजना महाशाखा तथा नीति तथा अन्तर्राष्ट्रिय समन्वय महाशाखालाई एकै ठाउँमा मर्जगरी योजना तथा विकास सहायता समन्वय महाशाखा कायम गरिएको छ।

- मन्त्रालयको सङ्घीय वार्षिक कार्यक्रम र बजेट तर्जुमा एवम् समन्वय गर्ने।
- मन्त्रालय अन्तर्गत जनशक्तिको वस्तुस्थिति अद्यावधिक तथा क्षमता विकास सम्बन्धी मापदण्ड अध्ययन, अनुसन्धान र कार्यान्वयन।
- मन्त्रालय र अन्तर्गत निकायको कार्यक्रम संशोधन, रकमान्तर तथा थप निकासा सम्बन्धी।
- मन्त्रालय अन्तर्गत निकायको निक्षेपण सम्बन्धी कार्य गर्ने र अन्तरनिकाय समन्वय।
- केन्द्रीय आयोजना-कार्यक्रमहरूको सम्भाव्यता प्रक्षेपण अध्ययन, विश्लेषण समन्वय।
- परिषद्, बोर्ड, संस्थान, कम्पनी, समितिको वार्षिक कार्यक्रम-बजेट तर्जुमा र समन्वय सम्बन्धी कार्य।
- वैदेशिक सहयोगमा सञ्चालन हुने आयोजनाहरूको कार्यक्रम/बजेट तर्जुमा, कार्यक्रम संशोधन, रकमान्तर, नर्मस् तयारी सम्बन्धी कार्य र समन्वय।
- मन्त्रालय अन्तर्गतका कर्मचारीको जनशक्ति विकासका लागि नीतिगत व्यवस्था।
- मन्त्रालयसँग सम्बन्धी नीति तथा आवधिक योजनाहरूको तर्जुमा, विश्लेषण तथा परिमार्जन गरी कार्यक्रम कार्यान्वयनमा समन्वय।
- मन्त्रालयसँग सम्बन्धी आयोजनाहरूको प्रस्ताव तयारी गरी विकास साझेदार तथा वैदेशिक दातृसंस्थाहरूसँग कार्यगत समन्वय।
- कृषि विकास रणनीति कार्यान्वयन गर्न आवश्यक नीतिगत व्यवस्था सम्बन्धी।
- लैङ्गिक मूलप्रवाहीकरण र समावेशीकरणका सिद्धान्तलाई मन्त्रालय र अन्तर्गतका निकाय र आयोजनाहरूबाट सञ्चालन हुने कृषि कार्यक्रमहरूमा संस्थागत गरी सोको लेखाजोखा।
- लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी सम्पर्क विन्दुको कार्य।
- मन्त्रालय र अन्तर्गतका आयोजना तथा कार्यक्रमहरू र वैदेशिक सहायतामा सञ्चालित आयोजनाहरूको कार्यक्रम सञ्चालन तहदेखि नीतिगत तहसम्म समीक्षा अनुगमन एवम् मूल्याङ्कन।
- नियमितरूपमा (मासिक, द्वैमासिक, चौमासिक र वार्षिक) कार्य प्रगति स्थितिको समीक्षा र पृष्ठपोषण।
- कार्यक्रम तथा आयोजना सम्बन्धमा समय-समयमा प्राप्त निर्देशनहरूको कार्यान्वयन र अन्तरनिकाय समन्वय गर्ने, गराउने।
- नीति कार्यान्वयनको अनुगमन तथा विश्लेषण।
- तथ्याङ्क सङ्कलन विश्लेषण एवम् सूचना प्रवाह सम्बन्धी कार्य।
- कृषि बजार, बालीनाली तथा पशुपन्छी स्थिति निरीक्षण तथा द्वैमासिक प्रतिवेदन लगायत अन्य प्रकाशनसम्बन्धी कार्य।

**क. नीति समन्वय शाखा**

- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीतिको आवश्यकताको पहिचान, विश्लेषण तथा तर्जुमा समन्वय।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति कार्यान्वयनको अवस्था सहजीकरण।
- मन्त्रालय र अन्तर्गतका निकायहरूको नीति अनुगमन र मूल्याङ्कन तथा पृष्ठपोषण।
- अन्य मन्त्रालय तथा केन्द्रीय निकायहरूबीच नीतिगत विषयमा समन्वय।
- निजी तथा गैह्रसरकारी क्षेत्रबीच समन्वय।

**ख. बजेट तथा कार्यक्रम शाखा**

- सङ्घीय कार्यक्रम तथा बजेट तर्जुमा मार्गदर्शन तथा बजेट सिलिङ सम्बन्धी कार्य।
- मन्त्रालयको कार्यक्रम तथा बजेट कम्पाइल तथा स्वीकृतिको व्यवस्था सम्बन्धी कार्य।
- नतिजामूलक बजेट तर्जुमाको नीतिगत तथा संस्थागत व्यवस्था सम्बन्धी कार्य।
- कार्यक्रम तथा बजेट कार्यान्वयन सहजीकरण र समन्वय।

**ग. विकास सहायता समन्वय शाखा**

- अन्तर्राष्ट्रिय सहयोगको मापदण्ड प्रदेशलाईसमेत लागू हुने गरी तयारी र कार्यान्वयनको व्यवस्था।
- अन्तर्राष्ट्रिय सहयोगको क्षेत्र तथा आयोजना पहिचान।
- सहयोग परिचालन सहजीकरण।
- प्रोजेक्ट बैंक तयारी।

**घ. मानव संशाधन लैङ्गिक विकास तथा समावेशी शाखा**

- जनशक्ति विकास नीति, मापदण्ड।
- वैदेशिक तालिम तथा अध्ययन भ्रमणको नीति, मापदण्ड र व्यवस्था।
- लैङ्गिक मूलप्रवाहीकरण नीति, कार्यक्रम, मापदण्ड।
- कार्यक्रम समन्वय र सहजीकरण।
- लैङ्गिक उत्तरदायी बजेट कार्यान्वयनको व्यवस्था।
- समावेशी नीति, कार्यक्रम, मापदण्ड।

**ङ. अनुगन तथा मूल्याङ्कन शाखा**

- कार्यक्रम अनुगमन तथा मूल्याङ्कन नीति, मापदण्ड र प्रक्रिया।
- सङ्घीय आयोजना तथा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन।
- आवधिक प्रगति समीक्षा र प्रतिवेदन।
- सङ्घीय संसद सम्बन्धी कार्य गर्ने।

**च. तथ्याङ्क तथा विश्लेषण शाखा**

- कृषि बजार, बालीनाली तथ्याङ्क सङ्कलन विधिको विकासका लागि निर्देशिका तयारी तथा परिमार्जन, तालिम आदि सञ्चालन गर्ने।
- कृषि बजार, बालीनाली तथा पशुपन्छी स्थिति निरीक्षण तथा द्वैमासिक प्रतिवेदन प्रकाशन गर्ने।
- अर्धवार्षिक, वार्षिक कृषि तथ्याङ्क सङ्कलन, प्रशोधन, अनुगमन, अनुमान तथा प्रकाशन गर्ने।
- वार्षिक रूपमा Statistical Information on Nepalese Agriculture पुस्तकको लागि तथ्याङ्क सङ्कलन, अनुगमन, प्रशोधन र प्रकाशन गर्ने।

- कृषि क्षेत्रसँग सम्बन्धित तथ्याङ्क सम्बन्धी सम्पूर्ण कार्यहरूको समन्वय गरी सम्पर्क विन्दुको रूपमा कार्य गर्ने।
- राष्ट्रिय महत्त्वको तथ्याङ्क तथा सूचना सङ्कलन तथा अद्यावधिक गरी आवधिकरूपमा प्रकाशन।

### १.८.१.३ कृषि विकास महाशाखा तथा मातहतको शाखाको कार्यविवरण

- रासायनिक तथा जैविक मल उत्पादन तथा आयात मापदण्ड, गुणस्तर निर्धारण तथा नियमन सम्बन्धी कार्य।
- स्वेदशभित्र बीउबिजन आपूर्ति गुणस्तर र मापदण्ड सम्बन्धी कार्य।
- आधुनिक कृषि औजार आपूर्ति प्रयोग, वितरण सम्बन्धी मापदण्ड तर्जुमा तथा विस्तारमा प्रादेशिक समन्वय सम्बन्धी कार्य।
- कृषि सामग्री अनुदान नीति मापदण्ड तथा वितरणको समुचित व्यवस्थापन सम्बन्धी कार्य।
- खाद्यान्न, नगदेबाली, फलफूल तरकारी, रेशम बालीको प्रवर्द्धन सम्बन्धी केन्द्रीय कानुन, मापदण्ड, नियमन सम्बन्धी कार्य।
- उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि कृषि समूह, सहकारी, निजी उद्यमीलाई प्रोत्साहन सम्बन्धी कार्य।
- माटोको गुणस्तरीयता कायम गर्न माटो व्यवस्थापन सम्बन्धी राष्ट्रिय मापदण्ड।
- कृषि अनुसन्धान, शिक्षा र प्रसार सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा समन्वय र विस्तार सम्बन्धी कार्य।
- आधुनिक कृषि प्रविधिको प्रयोग, अवलम्बन परिमार्जन र समन्वय सम्बन्धी कार्य।
- स्रोत केन्द्रहरूको संरक्षण, विकास र प्रवर्द्धन सम्बन्धी कार्य।
- कृषक क्षमता विकास सम्बन्धी मापदण्ड सहयोग र समन्वय सम्बन्धी कार्य।

#### क. कृषि सामग्री व्यवस्थापन तथा प्रविधि शाखा

- रासायनिक तथा जौविक मल उत्पादन तथा आयात प्रयोग सम्बन्धी मापदण्ड तर्जुमा गुणस्तर नियम सम्बन्धी कार्य।
- बीउबिजन आपूर्ति, व्यवस्थापन, गुणस्तर र मापदण्ड सोको अनुगमन तथा नियमन सम्बन्धी कार्य।
- कृषि औजार उत्पादन तथा प्रयोग सम्बन्धी मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी कार्य।
- कृषि सामग्री आपूर्तिको प्रक्षेपण, विश्लेषण, अनुगमन र समन्वय सम्बन्धी कार्य।
- कृषि सामग्रीमा प्रदान गरिने केन्द्रीय अनुदान सम्बन्धी कार्य।
- मल आयात अनुमति तथा मल आयातकर्ताको अनुमति सम्बन्धी कार्य।
- एकीकृत कृषि अनुसन्धान शिक्षा र प्रसारको व्यवस्था, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- आधुनिक तथा नविनतम प्रविधिहरूको मापदण्ड, नियमन र विस्तार सम्बन्धी कार्य।
- कृषि अनुसन्धान, शिक्षा र प्रसार कार्यमा संलग्न सरकारी तथा गैरसरकारी निकायबीच समन्वय कार्य।

**ख. कृषि उत्पादकत्व व्यवस्थापन शाखा**

- खाद्यान्न, बाली विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- मह, च्याउ, रेशम बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- नगदे बाली औद्योगिक बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- तरकारी फलफूल बालीको विकास तथा प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- उत्पादन वृद्धिको लागि व्यावसायिक कृषक तथा कृषक समूह एवम् सहकारीसँग समन्वय।
- जमिन र श्रमको उत्पादकत्व वृद्धि सम्बन्धी कार्य।

**ग. कृषि विकास रणनीति समन्वय शाखा**

- सम्बन्धी कार्यान्वयन निकायहरूका लागि नीति विश्लेषण तथा नीति अनुगमन र एकीकृत योजना निर्माणमा क्षमता अभिवृद्धि गर्ने।
- एडिएसको कार्यान्वयनका लागि नीति तथा नियमहरूको तर्जुमा र संशोधन गर्न सहयोग गर्ने।
- एडिएस अनुगमनका लागि एउटा प्रणाली र डाटाबेस विकसित गर्न सघाउने।
- एडिएसको कार्यान्वयनका लागि नीति तथा नियमहरूको तर्जुमा र संशोधन गर्न सहयोग गर्ने।
- एकीकृत आवधिक योजनाहरू तर्जुमा गर्न सहयोग गर्ने।
- राष्ट्रिय एडिएस कार्यान्वयन समिति, राष्ट्रिय एडिएस समन्वय समिति र संयुक्त क्षेत्रगत समीक्षा सयन्त्रको सचिवालयका रूपमा कार्य गर्ने।
- एडिएसका राष्ट्रिय र खास महत्त्वका कार्यक्रमहरूको सञ्चालनमा सहजीकरण गर्ने।
- एडिएसका लागि कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणाली विकसित गर्न र त्यसलाई संस्थागत गर्न सघाउने र एडिएसका कार्यसम्पदनमा संलग्न निकायहरूमा कार्यसम्पादनमा आधारित पद्धतिलाई संस्थागत गर्ने।
- एडिएस कार्यान्वयनका लागि आवश्यकतानुसार विद्यमान तथ्याङ्क सङ्कलन प्रणालीहरूसँगको सहकार्यमा तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने।
- विकास साझेदारका लगानी तथा कार्यक्रमहरूलाई एडिएस कार्यान्वयनसँग तादम्यता हुने गरी समन्वय गर्ने।
- कृषिका लागि क्षेत्रगत अवधारणाको सम्भाव्यताको मूल्याङ्कन गरी तर्जुमा र कार्यान्वयनमा सहायता गर्ने।
- एडिएस कार्यान्वयनका लागि वैकल्पिक नीतिहरूका लागत र प्रतिफलहरू विश्लेषण गर्न अध्ययनहरू गराउने (जस्तै, धान र गहुँको न्यूनतम समर्थन मूल्य)।
- बाली संरक्षण प्रविधि सम्बन्धी कानुन र मापदण्ड तर्जुमा गर्ने।
- माटो व्यवस्थापन सम्बन्धी कानुन र मापदण्ड तर्जुमा गर्ने।
- कृषि प्रसार सेवाको गुणस्तर, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि प्रसार सेवा प्रदायकको पहिचान, प्रवर्द्धन र नियमन सम्बन्धी कार्य।
- कर सुविधामार्फत कृषिमा नवप्रवर्तन प्रवर्द्धन सम्बन्धी कार्य।
- भण्डारण, ढुवानी तथा सञ्चालन, बजारीकरण सम्बन्धी केन्द्रीय मापदण्ड गुणस्तर निर्धारण र सेवामूलक कार्यहरूको नियमन।

### १.८.१.४ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

- क्वारेन्टाइन सम्बन्धी कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयनमा सहयोग र समन्वय सम्बन्धी कार्य।
- कृषि सम्बन्धी अन्तर्राष्ट्रिय व्यापार प्रवर्द्धन सहजीकरण र समन्वय।
- कृषि औद्योगीकरण प्रवर्द्धन अन्तर प्रादेशिक विकास र समन्वय।
- कृषि तथा पशुपन्छी बीमा सम्बन्धी मापदण्ड, कानुन तर्जुमा तथा सोको नियमन र समन्वय सम्बन्धी कार्य।
- कृषि बीमा अनुदान व्यवस्थापन सम्बन्धी कार्य।
- कृषि कर्जा सम्बन्धी कानुन, मापदण्ड र नियमन विश्लेषण सम्बन्धी कार्य।
- कृषि व्यवसायको प्रवर्द्धन सम्बन्धी कानुन, मापदण्ड निर्धारण।
- कृषि तथा पशुपन्छी बजार मापदण्ड निर्धारण, केन्द्रीय तथा प्रादेशिक बजार पूर्वाधारमा सहयोग।
- कृषि उपज तथा पशुपन्छीजन्य वस्तुहरूको मूल्य निर्धारण सम्बन्धी मापदण्ड तर्जुमा र कार्यान्वयन, सहजीकरण तथा समन्वय।
- आधुनिक कृषि यान्त्रिकरण सम्बन्धी कानुन, मापदण्ड तर्जुमा र नियमन।
- कृषि, खाद्य एवम् पशु सम्बन्धी प्रत्यायन प्रमाणीकरण विकास र व्यवस्थापन सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य।
- क्षेत्रीय अन्तर्राष्ट्रिय कृषि व्यापार सम्बन्धी कार्य।
- साना सिँचाइ विकास सम्बन्धी मापदण्ड र नियमन कार्य।

**क. कृषि कर्जा, बीमा तथा विपद् व्यवस्थापन शाखा**

- कृषि कर्जा सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि कर्जा प्रवर्द्धन तथा विश्लेषण र समन्वय।
- कृषि तथा पशुपन्छीको बीमा सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- विपद्पूर्व तयारी एवम् व्यवस्थापन सम्बन्धी कानुन मापदण्ड र नियमन।
- राहत व्यवस्थापन सम्बन्धी मापदण्ड निर्धारण एवम् परिचालन।
- विषादी एवम् राहत सम्बन्धी अनुगमन तथा समन्वय।
- कृषि क्षेत्रमा सम्भावित विपद्को आँकलन, न्यूनीकरण सम्बन्धी पूर्व तयारी सोको मापदण्ड, राहत व्यवस्थापन सम्बन्धी कार्यमा प्रादेशिक समन्वय।
- पशुपन्छीजन्य महामारी तथा प्रकोप लगायतका विपद् व्यवस्थापन।

**ख. कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा**

- कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी कानुन, मापदण्ड निर्धारण र नियमन।
- कृषिजन्य उद्योग प्रशोधनको अध्ययन विकास र विस्तार।
- कृषि तथा पशुपन्छी बजार मापदण्ड निर्धारण र नियमन।
- कृषि उपजहरूको मूल्य निर्धारण सम्बन्धी केन्द्रीय मापदण्ड, कानुन र नियमन।
- व्यवसाय प्रवर्द्धन सहयोग तथा सहुलियत मापदण्ड सहजीकरण र समन्वय।
- पशुपन्छीजन्य उद्योग व्यवसायको मापदण्ड कानुन र नियमन।
- कृषि तथा पशुपन्छीजन्य उत्पादनको सङ्कलन, प्रवर्द्धन, भण्डारण नियमन मापदण्ड र कानुन।
- कृषि बजारको अन्तरप्रादेशिक समन्वय।

**ग. कृषि भौगोलिक सूचना प्रविधि शाखा**

- मन्त्रालयको website development, update, management and computer system administration, network management and software development लगायतको कार्य गर्ने।
- कृषि योजना तर्जुमाको लागि संघ, प्रदेश, जिल्ला, नगरपालिका, गाउँपालिका र स्थानीयस्तरको प्राकृतिक स्रोत सम्बन्धी Digital Map तयार तथा उपलब्ध गराउने।
- आवधिक योजना तथा कृषि नीतिले परिलक्षित गरे बमोजिमका उच्च मूल्य (High Value) का बाली विशेषको पकेट क्षेत्रको पहिचान गरी सबै खालका कृषि योजना तथा कार्यक्रम तर्जुमा कार्यमा सघाउ पुर्याउने।
- कृषिसँग सम्बन्धित Spatial/Non Spatial तथ्याङ्क अद्यावधिक गर्ने तथा उक्त कार्यमा सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने।
- कृषि भौगोलिक सूचना प्रणाली सम्बन्धी तालिम, गोष्ठी तथा सेमिनार सञ्चालन गर्ने र यस प्रणालीलाई समयसापेक्ष विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने।
- दैवीप्रकोप तथा अन्य वातावरणीय प्रकोपबाट भएका क्षति, नोक्सान, रिमोट सेन्सिङ (Remote Sensing) /Global Positioning system को माध्यमबाट तथ्याङ्क सङ्कलन, प्रशोधन गरी अद्यावधिक गर्ने।
- विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूबाट प्राप्त कृषिसँग सम्बन्धित प्रविधि, अनुसन्धान तथा अन्य जानकारीहरूलाई भू-सूचना प्रणालीको माध्यमबाट प्रवाह गर्ने।

**घ. कृषि यान्त्रिकरण तथा साना सिँचाइ शाखा**

- कृषि यान्त्रिकरण सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि यान्त्रिकरण प्रवर्द्धन सम्बन्धी र विकास सम्बन्धी कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- कृषि यान्त्रिकरण सम्बन्धी प्रादेशिक समन्वय।
- साना कृषि सिँचाइ सम्बन्धी मापदण्ड, कानुन तर्जुमा तथा नियमन सम्बन्धी कार्य।

**ङ. क्वारेन्टाइन समन्वय शाखा**

- पशु, खाद्य तथा प्लाण्ट क्वारेन्टाइन सम्बन्धी मापदण्ड निर्धारण निमयन तथा समन्वय।
- सीमा क्षेत्रमा पशु, खाद्य तथा कृषि सम्बन्धी क्वारेन्टाइन कार्यमा समन्वय गर्ने।
- पशुपन्छी खाद्य तथा कृषि सम्बन्धी क्वारेन्टाइन प्रक्रिया सामान्जस्यता गरी आयात प्रक्रिया व्यवस्थापनमा समन्वय।
- क्वारेन्टाइन सम्बन्धी अन्तर प्रादेशिकस्तरमा समेत क्षमता अभिवृद्धि तथा समन्वय।

### १.८.१.५ पशुपन्छी तथा मत्स्य विकास महाशाखा तथा मातहतको शाखाको कार्यविवरण

- पशुपन्छी तथा मत्स्य नश्ल सुधार सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र गुणस्तर निर्धारण।
- पशु आनुवांशिक स्रोत व्यवस्थापन सम्बन्धी मापदण्ड निर्माण तथा नियमन।
- अन्तरदेशीय र अन्तरप्रादेशिक चरन तथा खर्क सम्बन्धी राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- पशुपन्छी तथा माछाको दाना, सुक्ष्म पोषणतत्व तथा उत्पादन सामग्रीको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- दुग्ध र दुग्ध पदार्थबाट बनेको वस्तुहरूको अध्ययन तथा विकास।
- पशुजन्य उत्पादन दूध, मासु, अण्डा, छाला लगायतको मापदण्ड तर्जुमा।

- ऊन, कार्पेट र पश्मिना लगायतका उत्पादन विकास र प्रवर्द्धनको मापदण्ड निर्धारण।
- पशुपन्छी तथा मत्स्यसँग सम्बन्धी जैविकी विविधता संरक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा।
- पशु आनुवांशिक स्रोत लगायत असल उत्पादन अभ्यास सम्बन्धी क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय।
- पशु उत्पादन तथा बजारीकरणमा पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य।
- असल पशुपालन अभ्यास सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र कार्यान्वयन।
- घाँसको बीउको गुणस्तर सम्बन्धी राष्ट्रिय नीति मापदण्ड तर्जुमा, नियमन तथा प्रमाणीकरण।

**क. नश्ल सुधार तथा आनुवांशिक स्रोत व्यवस्थापन शाखा**

- पशुपन्छी नश्ल सुधार सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र गुणस्तर निर्धारण।
- पशु आनुवांशिक स्रोत व्यवस्थापन, मापदण्ड, नियमन तयारी।
- पशुपन्छी तथा मत्स्य सम्बन्धी जैविकी विविधता संरक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा।
- न्यूक्लियस हर्ड व्यवस्थापन।
- असल उत्पादन अभ्यास सम्बन्धी क्षेत्रमा कार्यरत संघ, संस्थासँग समन्वय।
- अन्तरप्रदेश पशु आनुवांशिक स्रोत केन्द्र स्थापना व्यवस्थापन।
- उच्च प्रजनन् मानका पशुहरू उत्पादन छनौट आपूर्ति व्यवस्थापन।
- तरल नाइट्रोजन, जमेको वीर्य तथा भ्रूणको गुणस्तर निर्धारण।
- Semen Bank and Gene Bank सुदृढीकरण सम्बन्धी कार्यक्रमको समन्वय।

**ख. पशुपन्छीजन्य उत्पादन तथा प्रविधि प्रवर्द्धन शाखा**

- दूध र दुग्ध पदार्थबाट बनेको वस्तुहरूको अध्ययन तथा विकास।
- पशुजन्य उत्पादन छाला लगायत सम्बन्धी मापदण्ड तर्जुमा।
- ऊन, पस्मिना, कार्पेट लगायतका उत्पादन विकास र प्रवर्द्धन।
- पशु उत्पादन तथा बजारीकरणमा पशु कल्याण सुनिश्चित गर्न आवश्यक कार्य गर्ने।
- असल पशुपालन अभ्यास सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा र कार्यान्वयन।
- निर्यातयोग्य पशुजन्य उत्पादनको गुणस्तर स्तरीकरण।
- पशुपन्छीजन्य पदार्थ र उत्पादन सामग्रीको गुणस्तर विश्लेषण निर्धारण व्यवस्थापन र नियमन।
- पशुपन्छी सम्बन्धी नविनतम प्रविधिहरूको पहिचान, छनौट तथा परीक्षण सम्बन्धमा समन्वय तथा सहकार्य।
- पशुपन्छी सम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास, प्रविधिको राष्ट्रियस्तरमा अभिलेखीकरण तथा प्रवर्द्धन।
- विश्वविद्यालय, तालिम प्रदायक संस्था तथा अन्य निकायहरूसँग प्रविधि विकास सम्बन्धी सहकार्य तथा समन्वय।

**ग. चरन तथा आहारा व्यवस्थापन शाखा**

- अन्तरदेशीय चरन खर्क उपभोग तथा व्यवस्थापन सम्बन्धी समन्वय।
- अन्तरप्रादेशिक चरन तथा खर्क सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण।
- पशुपन्छी तथा माछाको दाना सुक्ष्म पोषणतत्व तथा उत्पादन सामग्रीको राष्ट्रिय गुणस्तर निर्धारण।
- घाँसेबालीको आनुवांशिक स्रोत संरक्षणको राष्ट्रिय रणनीति तर्जुमा।

- घाँसको बीउको गुणस्तर सम्बन्धी राष्ट्रिय मापदण्ड तर्जुमा नियमन तथा प्रमाणीकरण।
- चरन बीउ तथा कृषि वन प्रविधिको पहिचान, प्राथमीकरण तथा समन्वय।
- घाँसेबाली तथा पशु आहारा सम्बन्धी परम्परागत ज्ञान, सीप, अभ्यास, प्रविधिको राष्ट्रियस्तरमा अभिलेखीकरण तथा प्रवर्द्धन।

**घ. मत्स्य विकास शाखा**

- प्राकृतिक जलाशयहरू (पोखरी, नदीनाला, ताल तलैया एवम् घोल तथा सिम) मा मत्स्यपालन सम्भाव्यता अध्ययन र सर्वेक्षण सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य।
- प्राकृतिक जलाशयमा जलीय जैविक विविधता कायम राख्दै प्राकृतिक उत्पादन वृद्धि गर्न आवश्यक कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- प्राकृतिक जलाशयबाट प्राप्त हुने माछा तथा जलीय जीवजन्य उत्पादनमा आश्रित समुदायको सामाजिक-आर्थिक पक्षको अध्ययन गरी रोजगारी व्यवस्थापन सम्बन्धी कानुन, मापदण्ड र नियमन कार्य।
- प्राकृतिक जलाशयहरूको संरक्षण एवम् उपयोग सम्बन्धी कानुन मापदण्ड र नियमन कार्य।
- माछा तथा जलीय जीवपालन प्रवर्द्धन कानुन मापदण्ड र नियमन सम्बन्धी कार्य।
- माछा तथा जलीय जीवपालनको नवीनतम् प्रविधिहरूको मापदण्ड र विस्तार सम्बन्धी कार्य।
- मत्स्य वीज आपूर्ति, गुणस्तर, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- माछा तथा जलीय जीवजन्य उत्पादनको पोष्टहार्भेष्ट तथा बजार सम्बन्धी मापदण्ड र नियमन कार्य।

### १.८.१.६ पशु स्वास्थ महाशाखा तथा मातहतका शाखाको कार्यविवरण

- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण र व्यवस्थापन।
- पशु चिकित्सा सेवाको गुणस्तर निर्धारण तथा नियमन।
- पशुपन्छी तथा पशु स्वास्थ्य सम्बन्धी प्रचलित ऐन, कानुनको कार्यान्वयन।
- पशुपन्छीजन्य औषधी, जैविक पदार्थ, खाद्य राष्ट्रिय मापदण्ड निर्धारण तथा गुण नियमन, जोखिम विश्लेषण तथा औषधी निगरानी (फर्माको भिजिलेन्स)।
- महामारी तथा सीमाविहीन रोग नियन्त्रण, अन्वेषण, इपिडेमियोलोजी सम्बन्धी (वन्यजन्तुसमेत) समन्वय तथा नीति, कानुन निर्माण र नियमन।
- पशु क्वारेन्टाइनसँग सम्बन्धी कार्यहरूमा आवश्यक समन्वय तथा सहकार्य।
- पशु स्वास्थ्य सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू कार्यान्वयन।
- पशु स्वास्थ्य सम्बन्धी प्रयोगशालाको सम्बन्द्धता र स्तरीकरण सम्बन्धी नीति र मापदण्ड।
- भेटेरिनरी जनस्वास्थ्य, जुनोटिक रोग, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेजिड्यु लगायतका जनस्वास्थ्यका विषयमा एक स्वास्थ्य अवधारणा सम्बन्धी।
- राष्ट्रिय भेटेरिनरी गुणस्तर, पशुपन्छीजन्य पदार्थको स्वच्छता, मापदण्ड, नियम, कानुन, नीति तर्जुमा र अनुगमन।
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानुन, ऐन, नियम, निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन।
- पशु स्वास्थ्यसँग सम्बन्धी प्रमाणीकरण सम्बन्धी कार्य गर्ने।
- पशुपन्छीजन्य महामारी नियन्त्रण तथा व्यवस्थापन।
- मासु तथा मासुजन्य पदार्थको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।

- पशु स्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन।
- राष्ट्रियस्तरमा असल भेटेरिनरी अभ्यास कार्यान्वयन।
- पशु स्वास्थ्यसँग सम्बन्धित क्षेत्रमा कार्यरत संघ, संस्थासँग समन्वय।
- Emerging तथा Re-emerging diseases नियन्त्रण सम्बन्धी रणनीति तयार तथा कार्यान्वयन।
- पशु स्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास।
- पशु कल्याण सम्बन्धी राष्ट्रिय मापदण्ड समन्वय तर्जुमा र कार्यान्वयन।
- पशु रोग तथा अवस्था सम्बन्धी राष्ट्रिय तथ्याङ्क व्यवस्थापन तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ।
- मत्स्य स्वास्थ्य तथा माछाजन्य महामारी नियन्त्रण।

**क. पशु चिकित्सा तथा रोग नियन्त्रण समन्वय शाखा**

- पशुपन्छी तथा पशु स्वास्थ्य सम्बन्धी प्रचलित ऐन, कानुनको कार्यान्वयन, निर्देशिका मापदण्ड तर्जुमा र व्यवस्थापन।
- महामारी तथा सीमाविहीन रोग अन्वेषण तथा नियन्त्रण र पशु क्वारेन्टाइन सम्बन्धी समन्वय।
- पशु रोग सम्बन्धी इपिडेमियोलोजिकल सर्भिलेन्स, अध्ययन (वन्यजन्तुसमेत)।
- Emerging तथा Re-emerging diseases नियन्त्रण सम्बन्धी रणनीति तयार तथा कार्यान्वयन।
- पशु रोग सम्बन्धी राष्ट्रिय तथ्याङ्क अभिलेखीकरण तथा विश्लेषण।
- पशु रोग सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ।
- महामारी तथा सीमाविहीन रोग नियन्त्रणका लागि Zoning and Compartmentalization।
- पशु चिकित्सा सम्बन्धी राष्ट्रिय मापदण्ड निर्धारण र व्यवस्थापन।
- पशु सेवा सम्बन्धी प्रयोगशालाको सम्वद्धता र स्तरीकरण सम्बन्धी नीति र मापदण्ड।
- पशु चिकित्सा सेवाको गुणस्तर निर्धारण तथा नियमन।
- विश्व पशु स्वास्थ्य सङ्गठन लगायतका निकायसँग सहकार्य तथा समन्वय।
- पशु स्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन।
- पशु स्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास।

**ख. भेटेरिनरी जनस्वास्थ्य एवम् पशु कल्याण शाखा**

- जुनोटिक रोग नियन्त्रणमा अन्य सरोकारवाला निकायसँग समन्वय।
- पशु तथा पशुजन्य पदार्थमा ड्रग रेसिड्यु नियन्त्रण तथा नियमन।
- भेटेरिनरी जनस्वास्थ्य, एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेसिड्यु लगायतका विषयहरूमा राष्ट्रिय मापदण्ड नियमन नियन्त्रण।
- एन्टिबायोटिक रेसिस्टेन्स, ड्रग रेसिड्यु लगायतका विषयहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रिपोर्टिङ।
- एक स्वास्थ्य अवधारणाको राष्ट्रिय मापदण्ड तथा सूचक निर्धारण तथा आवश्यक समन्वय।
- मासु तथा मासुजन्य पदार्थको राष्ट्रिय गुणस्तर निर्धारण तथा नियमन।
- भेटेरिनरी जनस्वास्थ्य सम्बन्धी अनुसन्धान र विकास।
- जुनोटिक रोग सम्बन्धी सर्भिलेन्स अध्ययन तथा समन्वय।
- जनस्वास्थ्य संरक्षणका लागि आवश्यक दस्तावेज तर्जुमा र कार्यान्वयन।
- पशु कल्याण सम्बन्धी राष्ट्रिय मापदण्ड लगायत तर्जुमा र कार्यान्वयन।

**ग. पशुपन्छी औषधी व्यवस्थापन तथा नियमन शाखा**

- पशुपन्छीजन्य औषधीको राष्ट्रिय मापदण्ड निर्धारण।
- जैविक पदार्थ लगायतको राष्ट्रिय मापदण्ड निर्धारण तथा गुण नियमन।
- जोखिम विश्लेषण तथा औषधी निगरानी (फर्माको भिजिलेन्स)।
- राष्ट्रिय भेटेरिनरी गुणस्तर निर्धारण।
- पशुपन्छीजन्य पदार्थको स्वच्छता, मापदण्ड तर्जुमा र अनुगमनमा आवश्यक सहकार्य एवम् समन्वय।
- पशु स्वास्थ्य तथा पशु सेवा सम्बन्धी कानुन, ऐनमा सहकार्य र व्यवस्थापन।
- भेटेरिनरी औषधी जैविकीको आयात, निर्यात सिफारिस माग आपूर्ति व्यवस्थापन।
- राष्ट्रियस्तरमा असल भेटेरिनरी अभ्यास कार्यान्वयन।
- भेटेरिनरी औषधीको गुणस्तर परीक्षणको मापदण्ड निर्धारण।
- पशुपन्छीमा प्रयोग हुने खोपको गुणस्तर परीक्षणको मापदण्ड निर्धारण।

**१.८.१.७ खाद्य सुरक्षा तथा खाद्य प्रविधि महाशाखा कार्यविवरण**

- कृषि तथा कृषिजन्य जैविक विविधता र जैविक प्रविधि सम्बन्धी कानुन, मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी कार्य।
- खाद्य सुरक्षा र खाद्य सम्प्रभूताका लागि मापदण्ड तर्जुमा गरी सोको नियमन।
- वनस्पती तथा प्राणीजन्य खाद्य पदार्थमा गुणस्तर कायम गर्न आवश्यक मापदण्ड, कानुन तर्जुमा तथा कार्यान्वयन।
- विषादीको स्तरीकरण, सूचना सङ्कलन वर्गीकरण र नियमन सम्बन्धी कार्य गर्ने।
- कृषि तथा खाद्य सम्बन्धी अन्तर्राष्ट्रिय प्रत्यायोजन, प्रमाणीकरण, प्रयोगशालाको विकास सम्बन्धी मापदण्ड तर्जुमा र निमयन सम्बन्धी।
- खाद्य सुरक्षा विश्लेषण, अनुगमन तथा प्रक्षेपण सम्बन्धी कार्य।
- प्राङ्गारिक कृषिलाई प्रोत्साहन गर्ने मापदण्ड, कानुन तर्जुमा र नियमन।
- असल कृषि अभ्यास (GAP) र एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) लाई प्रवर्द्धन गर्न आवश्यक कानुन, मापदण्ड तर्जुमा तथा नियमन सम्बन्धी।

**क. खाद्य तथा पोषण सुरक्षा शाखा**

- राष्ट्रिय खाद्य सुरक्षा कार्यक्रम तर्जुमा मापदण्ड कानुन र नियमन सम्बन्धी कार्य।
- लोपोन्मुख र स्थानीय एवम् रैथाने बाली एवम् कन्दमूल प्रवर्द्धन सम्बन्धी कार्य।
- खाद्य सुरक्षा विश्लेषण, अनुगमन तथा प्रक्षेपण सम्बन्धी कार्य।
- खाद्य सुरक्षा कायम गर्न आवश्यक कानुन मापदण्ड तर्जुमा र नियमन।
- खाद्यान्न जगेडा, भण्डार व्यवस्थापनमा समन्वय।

**ख. खाद्य प्रविधि एवम् स्वच्छता शाखा**

- खाद्य प्रविधि सम्बन्धी अनुसन्धान र विकासमा समन्वय।
- खाद्य वस्तु गुणस्तर मापदण्ड र नियमन सम्बन्धी कार्य।
- खाद्य प्रयोगशालाको मापदण्ड र नियमन सम्बन्धी कार्य।

**ग. कृषि जैविक विविधता तथा वातावरण शाखा**

- जैविक विविधता र जैविक प्रविधि सम्बन्धी कानुन मापदण्ड र नियमन।
- प्राङ्गारिक कृषि सम्बन्धी कानुन मापदण्ड र नियमन।
- संरक्षण कृषि, स्रोत संरक्षण प्रविधि एवम् असल कृषि अध्ययन सम्बन्धी कानुन मापदण्ड र नियमन प्राङ्गारिक नेपाल कृषि GAP, IPM, IPNS दिगो भू-व्यवस्थापन जस्ता दिगो कृषि विकासका पद्धतिहरूको प्रवर्द्धन सम्बन्धी आवश्यक कार्य गर्ने।
- कृषि वातावरण समिति र प्राङ्गारिक कृषि उत्पादन र प्रशोधन प्रणाली राष्ट्रिय समन्वय समितिको बैठक सञ्चालन।
- प्राङ्गारिक प्रमाणीकरण कार्यान्वयन कार्यविधि तथा मार्गदर्शन तयारी सम्बन्धी कार्य गर्ने।
- कृषि पशुपन्छी तथा वातावरण सम्बन्धी EIA र IEE सम्बन्धी।
- विषादी व्यवस्थापन र वातावरण सम्बन्धी आयोजना तथा अन्तर्राष्ट्रिय महासन्धि र अभिसन्धिहरूको कार्यान्वयन तथा समन्वयका लागि मन्त्रालयको सम्पर्क विन्दु (Focal Point) को रूपमा कार्य गर्ने।
- कृषि एवम् पशुपन्छी सम्वद्ध क्षेत्रहरूमा प्रयोग हुने सामानहरूको व्यवस्थापनसँग सम्बन्धी कार्य।
- Agriculture & Environment Journal र अन्य प्रकाशन सम्बन्धी।
- कृषि क्षेत्रमा जलवायु परिवर्तन असर न्यूनीकरण तथा अनुकूलन कार्य सम्बन्धी कानुन, मापदण्ड र नियमन।
- जलवायु परिवर्तनका कृषि क्षेत्रमा असरबारे अध्ययन, अनुसन्धानको व्यवस्था।
- कृषि वातावरण संरक्षण र सम्वर्द्धन सम्बन्धी कानुन मापदण्ड र नियमन।

## १.८.२ मन्त्रालय अन्तर्गतका केन्द्रहरू

### क) कृषि सूचना तथा प्रशिक्षण केन्द्र

नेपाल सरकारको निर्णय अनुसार २०७५ श्रावण महिनादेखि कृषि सूचना तथा सञ्चार केन्द्र र राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषलाई एक ठाउँमा गाभी कृषि सूचना तथा प्रशिक्षण केन्द्रको रूपमा कायम गरिएको छ। कृषि सूचना तथा प्रशिक्षण केन्द्रले परम्परागत कृषि पेशालाई ज्ञानमा आधारित व्यावसायिक कृषिमा रूपान्तरण गर्न आम सञ्चार माध्यमको उपयोग गरी कृषि प्रविधियुक्त सामग्री र जानकारीमूलक सूचनाहरू कृषक, कृषि उद्यमी, प्रसारकर्ता र सरोकारवालाहरू समक्ष पुर्याउने मुख्य जिम्मेवारीका साथ वि.सं. २०२२ सालमा कृषि विभाग मातहत कृषि सूचना शाखाको नाममा कृषि सूचना तथा सञ्चार केन्द्रको स्थापना भएको थियो। आम सञ्चारका विभिन्न माध्यमहरूमध्ये वि.सं. २०१८ साल देखि वन तथा कृषि मन्त्रालयद्वारा प्रकाशन सुरू गरिएको कृषि द्वैमासिक पत्रिका लगायत अन्य पुस्तिका, फोल्डर, पोष्टर एवम् कृषि डायरी वि.सं. २०२२ सालदेखि र कृषि क्यालेण्डर आ.व. २०४५/४६ देखि नियमितरूपमा प्रकाशन तथा वितरण हुँदै आएका छन्। वि.सं. २०१८ सालमा ग्राम सेवा कार्यक्रमअन्तर्गत रेडियो कृषि कार्यक्रम प्रसारण सुरू भई वि.सं. २०२३ साल मंसिर २५ देखि रेडियो नेपालबाट नियमितरूपमा कृषि कार्यक्रम प्रसारण भइरहेको छ। वि.सं. २०४६ सालदेखि श्रव्य दृष्य कार्यक्रमअन्तर्गत भिडियो डकुमेन्ट्री तयार गरी नेपाल टेलिभिजनबाट प्रसारण गराउन सुरू भएकोमा वि.सं. २०५४ सालदेखि नेपाल टेलिभिजनबाट नियमितरूपमा कृषि कार्यक्रम प्रसारण गर्दै आएको छ।

त्यसै गरी प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा आधारित भई कृषि क्षेत्रको समग्र विकासका लागि सरकारी, निजी र गैह्रसरकारी निकाय एवम् नागरिक समाजबाट कृषि अनुसन्धान तथा विकास सम्बन्धी आयोजना प्रस्तावहरू माग गरी उपयुक्त एवम् प्राथमिकता प्राप्त आयोजनालाई पूर्ण वा आंशिकरूपमा अनुदान दिई सरकारी सेवाको न्यायोचित वितरणद्वारा कार्यक्रम सञ्चालन गर्ने उद्देश्य राखी कार्य सञ्चालन कोष ऐन, २०४३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (मन्त्रिपरिषद्) ले मिति २०५८/०८/२५ को निर्णयानुसार "राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोष, २०५८" स्थापना भएको हो। स्थापनाकालदेखि कृषि (बाली, बागवानी, पशुपालन र मत्स्यपालन) उत्पादन तथा उत्पादकत्व वृद्धि र खेती प्रणाली सुधार, उपयोगकर्ताको मागअनुरूप र कृषक परिवारको अतिरिक्त आयआर्जन हुने किसिमका कृषि (बाली, बागवानी, पशुपालन र मत्स्यपालन) अनुसन्धान तथा प्रसार, बिरूवा तथा पशु स्वास्थ्यमा जलवायु परिवर्तन अनुकूलन एवम् उत्पादनमा अभिवृद्धि, प्राकृतिक स्रोतको दिगो उपयोग तथा स्रोतका आधार र वातावरण संरक्षण, औषधीजन्य तथा सुगन्धित बिरूवाहरूको खेती, उत्पादन र मूल्य अभिवृद्धि, कृषि व्यापार, कृषि व्यवसाय, कृषि पर्यटन, कृषि प्रशोधन, खाद्य स्वस्थता, गुणस्तर नियन्त्रण र नीतिगत मुद्दाहरू जस्ता कोषका बृहत प्राथमिकता क्षेत्र रहेका छन्। कोषका बृहत प्राथमिकता क्षेत्रभित्र रही विभिन्न आयोजनाहरूलाई र कृषि विषयमा स्नातकोत्तर र विद्यावारिधी गर्ने विद्यार्थीहरूलाई विभिन्न विषयमा अनुसन्धान गर्न Thesis grant (थेसिस ग्राण्ट) अनुदानस्वरूप उपलब्ध गराउँदै आइएको छ। केही आयोजनाहरू सम्पन्न भइसकेका छन् भने केही आयोजनाहरू सञ्चालित छन्। कृषि सेवाका विभिन्न समूहमा रही संघ, प्रदेश र स्थानीय तहमा कार्यरत अधिकृतस्तरका कर्मचारीहरूलाई कृषि र पशु विज्ञान सम्बन्धी विभिन्न विषयमा तालिम प्रदान गर्ने कार्य पनि २०७५ श्रावण १ गतेबाट यसै कृषि सूचना तथा प्रशिक्षण केन्द्रको जिम्मेवारीमा आएको छ।

वि.सं. २०६२ मा केन्द्रको वेबसाइट www.aicc.gov.np निर्माण गरी आफ्नो वेबपेजमा केन्द्रबाट प्रकाशित तथा अन्य उपयोगी सामग्रीमार्फत अनलाइन सेवा प्रदान गरिएकोमा हाल कृषि सूचना तथा प्रशिक्षण केन्द्रको वेबसाइट www.aitc.gov.np बाट सेवा प्रदान गरी राखेको छ। साठीको दशकको सुरूवातदेखि नै जिल्लास्थित एफ.एम. हरूसँगको सहकार्यमा स्थानीय परिवेश, आवश्यकता र कतिपय ठाउँमा स्थानीय भाषामा समेत कृषि कार्यक्रम उत्पादन तथा प्रसारण भइरहेका छन्।

**केन्द्रको उद्देश्य**

- आधुनिक सूचना प्रविधिको प्रयोगद्वारा कृषक, कृषि प्रसार कार्यकर्ता तथा अनुसन्धानकर्ता बीचको अन्तरसम्बन्ध बढाई ज्ञानमा आधारित कृषि प्रणाली अपनाउन कृषक समुदायलाई उन्मूख तथा अभिप्रेरित गर्ने।
- कृषि क्षेत्रमा समग्ररूपमा हासिल भएका वैज्ञानिक उपलब्धिहरू, खाद्य पोषण, कृषि बजार र कृषि व्यवसाय, सहकारी सम्बन्धी प्रविधि तथा अन्य विविध सूचना जानकारीहरूमा नीति निर्माता, सरकारी तथा गैह्रसरकारी निकायमा कार्यरत कृषि प्राविधिकहरू, कृषि वैज्ञानिकहरू, कृषि उपज प्रशोधन तथा बिक्रीवितरणमा संलग्न व्यक्ति संघ संस्थाहरू, सहकारीहरू एवम् कृषकहरूको पहुँच सरल र सुलभ गराउने।

## ख) प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र

बिरूवा तथा बिरूवाजन्य उपजको अन्तर्राष्ट्रिय व्यापारको क्रममा बिरूवा स्वस्थतामा पर्ने जाने सम्भावित जोखिमलाई नियमन गर्न र बिरूवा तथा बिरूवाजन्य उपजहरूको उत्पादन तथा उत्पादनोपरान्त लाग्ने रोग, कीरा, झारपात, चरा, मुसा आदिको क्षति नियन्त्रणका लागि आवश्यक विषादीको आयात, वितरण, उपयोग र व्यवस्थापन सम्बन्धी कार्यहरू गर्नका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत प्लाण्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्रको स्थापना भएको हो। हाल नेपाल सरकारले केन्द्रीयस्तरमा एक प्लाण्ट क्वारेन्टाइन एवम् विषादी व्यवस्थापन केन्द्र र यसको मातहतमा १५ वटा क्वारेन्टाइन कार्यालयहरू रहेका छन्। प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको वेबसाइट www.npponepal.gov.np र इमेल ठेगाना info@npponepal.gov.np रहेको छ। प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रअन्तर्गत ५ वटा शाखाहरू रहेका छन्

- राष्ट्रिय बिरूवा संरक्षण सङ्गठन शाखा
- प्लाण्ट क्वारेन्टाइन नियमन तथा अनुगमन शाखा
- विषादी पञ्जीकरण तथा व्यवस्थापन शाखा
- शत्रुजीव जोखिम विश्लेषण शाखा
- सर्भे एण्ड सर्भेलेन्स शाखा

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र तथा अन्तर्गतका कार्यालयहरूको कार्य विवरण (कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबारको मिति २०७९/१२/२६ को (मा. मन्त्रीस्तर) निर्णयबाट स्वीकृत) निम्नानुसार रहेको छ।

**प्लाण्ट क्वारेन्टाइनतर्फ**

- बिरूवा क्वारेन्टाइन तथा संरक्षण ऐन, २०६४ र बिरूवा संरक्षण नियमावली, २०६६ को कार्यान्वयन गर्ने गराउने।
- ऐन तथा नियमावलीमा तोकिएका कार्य सम्पादनका लागि आवश्यक कार्यविधि/निर्देशिका/मापदण्ड तथा प्रोटोकल तयार गरी स्वीकृत भएअनुसार लागू गर्ने गराउने।
- बिरूवा स्वस्थतासँग सम्बन्धी सरकारी निकाय/अनुसन्धान संस्था/विश्वविद्यालय तथा निजी क्षेत्र लगायतका निकायहरूसँग अन्तरनिकाय समन्वयको औपचारीक संयन्त्रहरू स्थापना एवम् कार्यान्वयन गर्ने गराउने।
- बिरूवाजन्य वस्तुहरूको अन्तर्राष्ट्रिय व्यापारको क्रममा नेपालको सीमा क्षेत्रभित्र रहेका वानस्पतिक/जैविक विविधताको स्वास्थ्यमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गरी स्वस्थ वस्तुहरूको व्यापार सहजीकरण गर्ने।
- क्वारेन्टाइन सम्बन्धी नीति निर्माण गर्ने तथा राष्ट्रिय आयातका शर्तहरू तयार गरी लागू गर्ने गराउने।
- पैठारी हुने बिरूवा तथा बिरूवाजन्य वस्तुहरूको नियमितरूपमा शत्रुजीव जोखिम विश्लेषण एवम् पुनरावलोकन गर्ने।
- देशभित्र रहेका शत्रुजीवहरूको सूची तयारी, अद्यावधिक गर्ने गराउने तथा शत्रुजीवहरूको अवस्थाबारे जानकारी राख्ने र त्यसका आधारमा निर्यात बजारको लागि आवश्यक सूचना सङ्कलन गर्ने।
- व्यापार नाकाहरूमा स्थापना भएका प्लाण्ट क्वारेन्टाइन कार्यालयहरू सञ्चालन एवम् व्यवस्थापन गर्ने।

- अन्तर्राष्ट्रिय बिरूवा संरक्षण महासन्धी (IPPC) तथा एसिया प्रशान्त क्षेत्रीय बिरूवा संरक्षण नियोग (APPPC) को Focal Point को रूपमा रही निर्दिष्ठ क्रियाकलापहरू सञ्चालन गर्ने।
- बिरूवा संरक्षण सङ्गठनका रूपमा रही उल्लिखित ऐनद्वारा तोकिएका क्रियाकलापहरूलाई कार्यान्वयन गर्ने।
- मूलुकभित्र नियमित गर्नुपर्ने नन क्वारेन्टाइन शत्रुजीवहरू पहिचान गरी तिनको आवागमन, नियन्त्रण तथा व्यवस्थापन गर्नका लागि प्रदेश तथा स्थानीय तहहरूको मागअनुसार आन्तरिक क्वारेन्टाइन लागू गर्न प्राविधिक सहयोग गर्ने।
- Emerging Pest, Invasive Species एवम् विभिन्न Quarantine pest हरूको बारेमा सचेतना सम्बन्धी कार्यहरू गर्ने गराउने।
- केन्द्रीय बिरूवा स्वस्थता तथा निदान प्रयोगशालालाई National Reference/Referral Laboratory को रूपमा सञ्चालन गरी पैठारी हुने वस्तुहरूको बिरूवा स्वस्थताको सुनिश्चितताका लागि आवश्यक प्रयोगशाला परीक्षण, निदान, प्रमाणीकरण तथा आवश्यकता अनुसार Notification of Non Compliance जारी गर्ने।
- आवश्यकता अनुसार पोष्ट इन्ट्री सर्भे तथा क्वारेन्टाइन कार्य गर्ने गराउने।
- निकासी हुने वस्तुहरूको पैठारी हुने राष्ट्रको आवश्यकताका आधारमा बिरूवा स्वस्थता प्रमाणीकरण गर्ने।
- जैविक सुरक्षा तथा बिरूवा स्वस्थता सम्बन्धी सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने गराउने।

**विषादी पञ्जीकरण तथा व्यवस्थापनतर्फ**

- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र नियमावली, २०५० कार्यान्वयन गर्ने गराउने।
- विषादीको आयात, वितरण, उपयोग र व्यवस्थापन सम्बन्धी ऐन तथा नियमावलीमा तोकिएका कार्य सम्पादनका लागि आवश्यक कार्यविधि/निर्देशिका/मापदण्ड तथा प्रोटोकल तयार गरी स्वीकृत भएअनुसार लागू गर्ने गराउने।
- पञ्जीकरण भएका र प्रतिवन्धित विषादीहरूको सूचना सङ्कलन र प्रवाह गर्ने।
- विषादी नियन्त्रण र व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने।
- विषादीको आयात अनुमति र नियमन सम्बन्धी कार्य गर्ने।
- विषादी गुणस्तर परीक्षण प्रयोगशाला सञ्चालन गर्ने।

**क्वारेन्टाइन कार्यालयहरू**

- बिरूवाजन्य वस्तुहरूको आयातका लागि प्रवेश अनुमति पत्र जारी गर्ने।
- निर्यात गरिने कृषि तथा वनजन्य बालीवस्तुको क्वारेन्टाइन चेकजाँचका आधारमा बिरूवा स्वस्थता प्रमाण पत्र जारी गर्ने।
- कृषि तथा वनजन्य बालीवस्तुको पैठारीका लागि छोडपूर्जी जारी गर्ने।

## ग) बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र

नेपालको अर्थ व्यवस्थामा कृषि क्षेत्रले मुख्य योगदान पुर्याउने भएकोले कृषि क्षेत्रको समग्र विकास गरी कृषि उत्पादनमा वृद्धि ल्याउनु ठूलो चुनौतीको विषय हुन गएको छ। यसका लागि उत्पादन वृद्धिमा प्रयोग गरिने सामग्रीहरूमध्ये गुणस्तरयुक्त बीउ एक आधारभूत, सम्वेदनशील र सस्तो सामग्री हो, जसले कृषिको प्रति एकाइ

क्षेत्रमा हुने उत्पादकत्व तथा आर्थिक वृद्धिमा समेत प्रभाव पार्दछ। गुणस्तरयुक्त बीउ उत्पादनको लागि गुण नियन्त्रण कार्य अति नै महत्त्वपूर्ण हुन्छ।

बीउबिजनमा संलग्न भई बीउबिजनको विकास, बीउबिजन नीति तथा कार्यक्रम तर्जुमा गर्न र विभिन्न निकायहरूबाट कृषक वर्गलाई उपलब्ध गराइने बीउको गुणस्तर जाँच, बीउ प्रमाणीकरण, गुणस्तर निर्धारण तथा नियन्त्रण गर्ने कार्यहरू कृषि विभागको बाली विकास निर्देशनालय अन्तर्गत रहेको यस शाखाले प्रभावकारीरूपमा काम गर्न अप्ठ्यारो भएकोले नेपाल सरकारले उक्त शाखालाई सुदृढीकरण गर्न आवश्यक ठानी आ.व. २०५८-५९ मा सोझै कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत हरिहरभवन, ललितपुरमा रहने गरी बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको स्थापना गरियो।

कृषि उत्पादन वृद्धिको लागि उन्नत जातको गुणस्तरयुक्त बीउको प्रयोग अपरिहार्य छ। उन्नत जातका नयाँ बीउहरू उत्पादनको सिलसिलामा विभिन्न कारणहरूबाट समिश्रण भई बीउको गुणस्तर ह्रास हुँदै जाने हुँदा समयमै निराकरण गर्न सकिएन भने स्थानीय जात सरह भई कम उत्पादन दिने हुन्छ। तसर्थ उन्नत जातको गुणस्तरयुक्त बीउलाई ह्रास हुनबाट जोगाउन व्यवस्थित प्रणालीबाट बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी बीउको गुणस्तर नियन्त्रण गर्न अति आवश्यक छ। कृषकलाई निरन्तर रूपमा नियमित समयमा उपयुक्त जातको उच्चकोटीको बीउबिजन आवश्यक परिमाणमा उपलब्ध गराउन सरकारी, गैह्रसरकारी र निजी क्षेत्रका व्यवसायीहरूसमेत कार्यरत छन्। यसरी बीउमा संलग्न भई बीउबिजनको विकास गर्न, बीउबिजन नीति तथा कार्यक्रम तर्जुमा गर्न र विभिन्न निकायहरूबाट कृषक वर्गलाई उपलब्ध गराइने बीउको गुणस्तर जाँच गरी प्रमाणीकरण गर्न, बीउबिजन गुणस्तर निर्धारण तथा नियमित गर्नुका साथै बीउबिजनको जातीय रजिष्ट्रेशन गर्न आवश्यक छ। यसको लागि बीउबिजन गुणस्तर निकायले बीउबिजनसँग सम्बन्धी विभिन्न निकायसँग समन्वय राखी कार्य सञ्चालन गर्नु पर्दछ र हाल नेपालले विश्व व्यापार सङ्गठनको सदस्यता लिइसकेकोले बीउबिजन गुणस्तर नियन्त्रण कार्य अन्तर्राष्ट्रिय मापदण्ड अनुसार सञ्चालन गर्नु पर्ने चुनौती थपिन गएको छ। यस केन्द्रको वेबसाइट www.sqcc.gov.np र इमेल ठेगाना sqccnepal@gmail.com रहेको छ।

### मुख्य उद्देश्य

- नेपाल मूलुकभर बीउबिजन गुणस्तर नियन्त्रण पद्धति कार्यान्वयन गरी सर्वसाधारण कृषक वर्गलाई गुणस्तरयुक्त बीउ उपलब्धतामा सुनिश्चिता गराउने।

### अन्य उद्देश्यहरू

- गुणस्तरयुक्त बीउबिजन उत्पादन गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा बीउबिजन बिक्रीवितरण गरी कृषकको आयआर्जनमा वृद्धि गर्न सहयोग गर्ने।
- विदेशबाट आयातित बीउबिजनको प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने।
- बीउबिजन बजारमा गुणस्तरयुक्त बीउबिजन उपलब्ध गराउन सहयोग गर्ने।
- बीउबिजन सम्बन्धी राष्ट्रिय नीति, ऐन र नियमावली अनुसार निर्देशिका तथा कार्यविधि तयार पारी कार्यान्वयन गर्न अन्य बीउबिजनसँग सरोकारवाला निकायहरूसँग समन्वय गर्ने तथा परामर्श दिने र लिने रहेको छ।

## १.८.३ विभागहरू

### क) कृषि विभाग

कृषि विकासका लागि संस्थागत प्रयास वि.सं. १९७८ मा कृषि अड्डाको स्थापना भएपछि सुरू भएको मानिन्छ। यस क्रममा कृषि विकासको संस्थागत प्रयासलाई गति दिन वि.सं. २००८ सालमा कृषि विभागको स्थापना भएपश्चात् कृषि विकासको योजनावद्ध विकासको थालनी भएको पाइन्छ। कृषि विकास कार्यक्रमलाई प्रभावकारीरूपमा कार्यान्वयन गर्ने उद्देश्यले विषयगत सङ्गठनको आवश्यकता महसुस गरी वि.सं. २०२३ सालमा कृषि विभागलाई पाँचवटा विभागहरू (कृषि प्रसार, मत्स्य, बागवानी, पशु स्वास्थ्य र कृषि शिक्षा तथा अनुसन्धान विभाग) मा पुनर्गठन गरी वि.सं. २०२८ सम्म यथावत कायम राखियो। यसबीचमा कृषिको विकासमा उल्लेखनीय प्रगति भए तापनि विभागहरूबीच आपसी समन्वयको कमी महसुस भई वि.सं. २०२९ मा पाँचै विभागहरूको एकीकरण गरी पुनः कृषि विभाग कायम गरियो। यसै सिलसिलमा २०२९ सालमा कृषि बजारको सम्वेदनशीलता एवम् आवश्यकतालाई दृष्टिगत गरी खाद्य तथा कृषि बजार सेवा विभागको स्थापना भयो। देशमा कृषि विकास कार्यक्रमको प्रभावकारिता एवम् आवश्यकताको आधारमा समयानुकूल परिवर्तन गर्ने हेतुले वि.सं. २०३६ सालमा पुनः कृषि विभाग र पशु सेवा विभागको स्थापना भयो।

वि.सं. २०४५ सालमा कृषि विभागबाट छुट्टै बागवानी विभाग गठन गरियो तर वि.सं. २०४९ मा कृषिका निकायहरूलाई एउटै छानो मुनी राख्ने नीतिअनुरूप बागवानी विभाग, बाली तथा मत्स्य विभाग, खाद्य तथा कृषि बजार सेवा विभाग, पशु स्वास्थ्य तथा पशु विकास विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशालालाई गाभी एउटै कृषि विकास विभागको स्थापना गरी कृषि विभागको सङ्गठनमा ठूलो परिवर्तन गरियो। वि.सं. २०५२ सालमा कृषि विकास विभागको सङ्गठनमा पुनः हेरफेर गरी तत्कालीन कृषि विकास विभागबाट कृषि विभाग, पशु सेवा विभाग र केन्द्रीय खाद्य अनुसन्धान प्रयोगशाला गरी तीन विभाग खडा गरियो। तद्अनुरूप खडा भएको कृषि विभागबाट प्रदान गर्रिँदैं आएको सेवालाई प्रभावकारी एवम् समयसापेक्ष बनाउन यसको सङ्गठन स्वरूपमा वि.सं. २०५७ मा पुनः केही हेरफेर गरिएको थियो। जसअनुसार कृषि विभाग अन्तर्गतका ११ वटा प्राविधिक महाशाखाहरूलाई १२ वटा कार्यक्रम निर्देशनालयमा परिवर्तन गरिएको थियो। वि.सं. २०६१ सालमा कृषि विभागको पुर्नसंरचना गरी कृषि विभागमा एक महानिर्देशक अन्तर्गत भइरहेका दुई उपमहानिर्देशकमा एक उपमहानिर्देशक (प्रविधि विस्तार) थप गरियो र प्रविधि विस्तार तथा समन्वय शाखाको समेत व्यवस्था गरियो।

नेपालको संविधान २०७२ लागू भएसँगै देश सङ्घीय संरचनामा प्रवेश गरेको छ। त्यस सँगसँगै विद्यमान कृषि विभागको पुनः संरचना भई पहिले रहेका सबै निकायहरू खारेज भएका छन् भने हाल कृषि विभाग मातहत ६ वटा केन्द्रीय निकाय र १४ वटा विभिन्न फार्महरू रहेका छन्। कृषि विभागको आन्तरिक संरचनामा समेत परिवर्तन गरिएको छ। जस अन्तर्गत कृषि विभाग मातहत १ महानिर्देशक, ४ उपमहानिर्देशक (योजना, अनुगमन तथा व्यवस्थापन, कृषि उत्पादकत्व, प्रविधि तथा समन्वय र केन्द्रीय आयोजना व्यवस्थापन इकाई) र ११ वटा प्राविधिक एवम् प्रशासनिक शाखाहरू रहेका छन्। यस विभागको वेबसाइट www.doanepal.gov.np र इमेल ठेगाना doa.agri२०१४@gmail.com रहेको छ।

हाल यसै संरचनाअनुसार कृषि विभागबाट कृषि विकासको दीर्घकालीन योजना, राष्ट्रिय कृषि नीति र चालु पञ्चवर्षीय योजनाले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य हासिल गर्न कृषि विकासका कार्यक्रमहरू सञ्चालन हुँदै आएको छ।

**उद्देश्य**

- भौगोलिक विशेषताको आधारमा कृषि उत्पादन वृद्धि गर्ने।
- खाद्यवस्तुको आन्तरिक आपूर्ति वृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउन उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने।
- कृषिमा आधारित उद्योगहरूको विस्तार गर्न आवश्यक कच्चा पदार्थको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने।
- कृषि उपजहरूको उचित बजार व्यवस्था एवम् प्रतिस्पर्धात्मक लाभका आधारमा कृषिजन्य उत्पादनको मूल्य अभिवृद्धि गर्ने।
- कृषिजन्य लघु उद्यमलाई बढावा दिई गैह्र फार्म रोजगारी वृद्धि गर्ने।
- कृषिजन्य वस्तुको आयात प्रतिस्थापन एवम् निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने।
- सीमान्त, साना र महिला किसानहरूका लागि उत्पादनशील रोजगारीका अवसरहरू बढाई गरिबी निवारणमा टेवा पुर्याउने।
- Adaptive Research सञ्चालन गरी प्रविधि Verification गर्ने।
- कृषि विकास र वातावरण संरक्षणबीच सन्तुलन कायम राख्ने।

**कार्यक्षेत्र**

- राष्ट्रिय कृषि उत्पादकत्व वृद्धि सम्बन्धी कार्यको समन्वय।
- कृषि शिक्षा अनुसन्धान र प्रसारबीच समन्वय।
- गुणस्तरीय कृषि उत्पादन स्रोत तथा सामग्रीहरूको उपलब्धतामा समन्वय।
- कृषिको व्यावसायीकरण तथा आधुनिकीकरणको लागि नीतिगत एवम् समन्वयतात्मक कार्यहरू गर्ने।
- कृषि कर्जा एवम् बाली बीमा सम्बन्धी कार्यमा समन्वय।
- कृषि विकाससँग सम्बन्धी सरकारी गैह्रसरकारी र निजी क्षेत्रका निकायहरूबीच समन्वय कायम गर्ने।
- करार खेती प्रवर्द्धन तथा प्रसार सम्बन्धी कार्यहरू।
- कृषि बाली वस्तुमा प्रतिस्पर्धात्मकता प्रवर्द्धन सम्बन्धी कार्यहरू।
- कृषि अनुदान व्यवस्थापन सम्बन्धी कार्यहरू।
- कृषि विकास रणनीतिको कार्यान्वयन सहजीकरण र समन्वय।
- कृषियोग्य जमिनको सदुपयोग तथा गैह्र कृषिमा प्रयोग निरूत्साहन सम्बन्धी कार्यहरूको समन्वय।
- कृषि क्षेत्रको विकासका लागि आवश्यक बजेट तथा जनशक्ति प्रक्षेपण विश्लेषण तथा अध्ययन अनुसन्धानमा सहयोग र समन्वय।
- कृषि उपजहरूको मूल्य निर्धारण कार्यको समन्वय।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई नीतिगत पृष्ठपोषण गर्ने।
- कृषि वस्तुमा भन्सार छुट लगायतका व्यवस्थाका लागि मन्त्रालयमा सिफारिस गर्ने।
- मातहतका निकायहरूबाट सञ्चालित कृषि विकास कार्यक्रमहरूको अनुगमन मूल्याङ्कन तथा आवश्यक समन्वय।
- कृषि विकासका साझेदारहरूसँग सम्पर्क, समन्वय र सहकार्य सम्बन्धी कार्य।
- सङ्घीय कृषि विकास योजना नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था।
- कृषि विकास योजना तथा कार्यक्रम सञ्चालनमा अन्य निकायहरूसँग समन्वय।

- अन्तर्गतका निकायहरूको वार्षिक कृषि विकास कार्यक्रम मार्गदर्शन तथा समन्वय।
- प्राङ्गारिक कृषिको लागि फोकल कार्यालयको रूपमा कार्य गर्ने।
- कृषि बजार व्यवस्थापन सम्बन्धी कार्य।
- सङ्घीय कृषि फार्म र केन्द्रहरूको समग्र व्यवस्थापन।
- बाली, बागवानी, व्यावसायिक कीट विकास सम्बन्धी नीति, योजना, मापदण्डको तर्जुमा तथा कार्यान्वयन एवम् नियमनको व्यवस्था।
- कृषि पूर्वाधार तथा बजार विकास सम्बन्धी नीति, योजना, मापदण्ड, संरचना विकास, नियमन सम्बन्धी कार्य।
- केन्द्रीय रिफरेन्स प्रयोगशालाको व्यवस्थाका लागि नीति, मापदण्ड र नियमन सम्बन्धी कार्य।
- सङ्घीय कृषि विकास कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको नीति तथा मापदण्डको कार्यान्वयन व्यवस्था।
- वैदेशिक सहयोगमा सञ्चालित कृषि विकास सम्वद्ध आयोजनाहरूसँग आवश्यक समन्वय, अनुगमन तथा मूल्याङ्कन।

## ख) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सुरूवातमा कृषि खाद्य तथा सिँचाइ मन्त्रालय मातहत रहने गरी खाद्य विभागको रूपमा २०१८ सालमा स्थापना भएको थियो। वि.सं. २०२३ सालमा यसलाई विभागस्तरीय कार्यालयकैरूपमा खाद्य अनुसन्धानशाला नामाकरण गरियो। वि.सं. २०२३ सालमा खाद्य ऐन र वि.सं. २०३३ सालमा दाना ऐन लागू भयो। वि.सं. २०३७ सालपछि लामो समयसम्म यो विभाग केन्द्रीय खाद्य अनुसन्धानशालाको नामले परिचित रह्यो। वि.सं. २०५७ सालमा यसलाई खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको रूपमा नामाकरण भई कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतका तीनवटा विभागहरू मध्येको एक विभागको रूपमा रहेको छ। हाल यसले देशका समग्र जिल्लामा खाद्य स्वच्छता, गुणस्तर नियमन र दाना पदार्थहरूको स्वच्छता नियमन गरी आम उपभोक्ताहरूको हक हितको संरक्षण गर्दै आइरहेको छ। सोहीअनुरूप उपभोक्ता एवम् व्यवसायीहरूलाई प्रयोगशाला सेवा दिई आइरहेको छ। साथै यस विभागबाट स्थानीय, उपयुक्त एवम् व्यवसायमूलक खाद्य प्रविधिहरूको विकास एवम् सीपमूलक तालिम दिई खाद्य औद्योगीकरणमा टेवा पुर्याउनुको अतिरिक्त खाद्य पोषण, ज्ञान विस्तार र बाल आहार विकास जस्ता क्रियाकलापहरू सञ्चालन गरी कुपोषण न्यूनीकरणमा समेत सघाउ पुर्याउदै आइरहेको छ। यस विभागको वेबसाइट www.dftqc.gov.np र इमेल ठेगाना info@dftqc.gov.np रहेको छ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग अन्तर्गत हाल ८ खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयहरू (विराटनगर, जनकपुर, हेटौंडा, पोखरा, भैरहवा, नेपालगञ्ज, सुर्खेत र धनगढी), २२ खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयहरू (झापा, धनकुटा, सुनसरी, उदयपुर, सप्तरी, महोत्तरी, सर्लाही, पर्सा, सिन्धुली, धुलिखेल, नुवाकोट, चितवन, काठमाडौं, तनहुँ, बागलुङ, कपिलवस्तु, पाल्पा, दाङ, जुम्ला, डडेल्धुरा, डोटी र वैतडी) र १२ खाद्य आयातनिर्यात गुण प्रमाणीकरण कार्यालयहरू (काकरभिट्टा, रानी, जलेश्वर, विरगञ्ज, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, रसुवा, तातोपानी, बेलहिया, कृष्णनगर, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर) रहेका छन्।

**दूरदृष्टि**

आम उपभोक्ताहरूलाई स्वच्छ, गुणस्तरीय र पोषणयुक्त खाद्य तथा दाना पदार्थहरूको आपूर्तिलाई सुनिश्चितता प्रदान गर्ने।

**उद्देश्य**

- खाद्य वस्तुहरूको उत्पादनस्तरदेखि बिक्रीवितरण लगायत आयात/निर्यातसम्म शुद्धता कायम गर्ने।
- विश्वसनीय र भरपर्दो प्रयोगशाला सेवा दिने।
- खाद्य प्रशोधन, संरक्षण र प्याकेजिङ सम्बन्धी उपयुक्त प्रविधि विकास एवम् सीपमूलक तालिम कार्यक्रम सञ्चालन गरी खाद्य औद्योगीकरणमा टेवा पुर्याउने।
- खाद्य पोषण ज्ञान विस्तार गर्ने।
- वाल आहार/पोषिलो आहार विकास तथा न्यून उपभोग एवम् अल्प प्रचलनमा रहेका कृषि तथा वनजन्य खाद्य वस्तुहरूलाई Staple food को रूपमा परिकार विकास गर्ने।

**कार्यनीतिहरू**

- खाद्य वस्तुहरूमा स्वच्छता तथा गुणस्तर नियमन गर्ने।
- दाना पदार्थहरूमा स्वच्छता कायम गर्ने।
- प्रयोगशाला परीक्षण सेवा दिने।
- खाद्य वस्तुबाट हुनसक्ने सम्भाव्य जोखिम तथा चुनौती पहिचान गर्ने विशेष परीक्षण/अनुसन्धान गर्ने।
- प्रयोगशाला एक्रेडिटेशन सम्बन्धी कार्य गर्ने।
- आयात/निर्यात सहजीकरणको लागि खाद्य आयातनिर्यात गुणस्तर प्रमाणीकरण कार्य गर्ने।
- एस.पि.एस. ईन्क्वायरी प्वाईण्टमार्फत एस.पि.एस. सम्बन्धी सेवा दिने।
- खाद्य औद्योगीकरणमा टेवा पुर्याउन उपयुक्त एवम् व्यवसायमूलक प्रविधिहरूको विकास एवम् सीपमूलक तालिमहरू दिने।
- खाद्य वस्तुहरूको पौष्टिकतत्व विश्लेषण गर्ने।
- खाद्य पोषण ज्ञान विस्तार कार्यक्रम सञ्चालन गर्ने।
- बाल आहार तथा पोषिलो आहार विकास गरी प्रचार-प्रसार गर्ने।
- न्यून उपभोग एवम् अल्प प्रचलनमा रहेका कृषि तथा वनजन्य खाद्य वस्तुहरूको पौष्टिकतत्व पहिचान तथा परिकार विकास गरी प्रचार-प्रसार गर्ने।

## ग) पशु सेवा विभाग

नेपालको कृषि प्रणालीमा पशुपन्छीपालन व्यवसायको महत्त्व अनादिकालदेखि आजसम्म रही आएको छ। पशुपालन व्यवसायलाई विविधीकरण, व्यावसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने पशु सेवा विभागको प्रमुख उद्देश्य हो। वि.सं. १९९६ मा पहिलो पटक काठमाडौंमा एलोप्याथिक प्रणालीअनुसार एक भेटेरिनरी डिस्पेन्सरीको स्थापना भयो र उक्त डिस्पेन्सरी वि.सं. १९९६ मा पशु चिकित्सालयमा परिणत भएको थियो। वि.सं. २०१४ सालसम्ममा १० जिल्लाहरूमा पशु अस्पतालहरूको स्थापना भयो। पशु स्वास्थ्य सेवाको आवश्यकता बढ्दै गएकोले भारत, FAO र OXFAM को सहायतामा देशव्यापीरूपमा सेवा पुर्याउन ३३ वटा अस्पताल, २१ डिस्पेन्सरी र १८ वटा चेकपोष्ट वि.सं. २०२१ सम्ममा स्थापना भए। वि.सं. २०२३ सालमा पशु विकास तथा पशु स्वास्थ्य विभागको स्थापना गरी पाँचौं

पञ्चवर्षीय योजनादेखि पशु स्वास्थ्य, पशु आहारा, पशु प्रजनन् तथा पशुपालन व्यवस्थापन सेवालाई एकीकृतरूपमा कृषकहरूको घर दैलोमा पुर्याउने उद्देश्यले समन्वयात्मक पशु सेवा कार्यक्रम सञ्चालन गरियो। वि.सं. २०२९ सालमा कृषिका सम्पूर्ण कार्यहरू समन्वयात्मकरूपमा लानको लागि पशु विकास तथा पशु स्वास्थ्य विभागलाई पुनः कृषि विभागमा गाभिएको थियो।

पशुपालन व्यवसायको बढ्दो माग पूरा गर्न पशु सेवामा आएको कमीलाई महसुस गरी वि.सं. २०३६ मा पुनः पशु विकास तथा पशु स्वास्थ्य विभाग (पछि पशु सेवा विभागको नाममा) पुनर्गठन गरियो। त्यसपछि क्रमिकरूपमा ७५ वटै जिल्लाहरूमा पशु सेवा कार्यालयहरू, ग्रामीणस्तरमा सेवा केन्द्रहरू, प्रयोगशाला तथा फार्महरूको सुदृढीकरण र केही नयाँ फार्महरू स्थापना भए। वि.सं. २०४९ सालमा पुनः कृषि क्षेत्रका सबै सेवात्मक निकायहरूलाई समेटी कृषि विकास विभागको गठन भयो। तत्पश्चात व्यवस्थापन पक्षमा जटिलता र सेवामा शिथिलता आएको महसुस गरी पुनः २०५२ साल श्रावण १ गते पशु सेवा विभागको गठन भयो। यस विभागको वेबसाइट www.dls.gov.np र इमेल ठेगाना dg@dls.gov.np रहेको छ।

**उद्देश्य**

पशुपालन व्यवसायलाई विविधीकरण, व्यावसायीकरण, आयमूलक तथा सम्मानित पेशाको रूपमा विकास गरी राष्ट्रिय उत्पादनमा योगदान पुर्याउने पशु सेवा विभागको प्रमुख उद्देश्य हो भने अन्य उद्देश्यहरू निम्न प्रकारका छन्।

- पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा वृद्धि ल्याउने र यसको सन्तुलित सेवनबाट कुपोषणको समस्या हटाउँदै लाने।
- ग्रामीण अर्थतन्त्रलाई टेवा पुर्याउन र क्षेत्रीय सन्तुलन कायम गर्न पशुपालन व्यवसायलाई विशेष ध्यान दिने।
- पशुपन्छीपालनबाट गरिब तथा सामाजिक दृष्टिकोणबाट पिछडिएका वर्ग र महिला वर्गको आर्थिक तथा सामाजिक स्थितिमा सुधार ल्याउन विशेष योगदान पुर्याउने।
- उन्नत पशुपालन पेशालाई कृषक परिवारको प्रमुख आयस्रोतको रूपमा विकास गरी वातावरण संरक्षण तथा सन्तुलन कायम गर्न सहयोग पुर्याउने।
- देशको पशुधनको सुरक्षा र जनस्वास्थ्य संरक्षणमा योगदान पुर्याउन विशेष पशु रोगहरूको नियन्त्रण
- सेवामा विस्तार गर्ने।
- आयात प्रतिस्थापन तथा निर्यातमूलक पशुपन्छी उत्पादनबाट उद्योगलाई कच्चा पदार्थ उपलब्ध गराई सहयोग पुर्याउने।
- व्यावसायिक पशुपन्छीपालन, त्यसको स्रोत विकास तथा संरक्षण सेवा तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराउने।
- पशुपन्छी उत्पादन क्षेत्र र सम्बन्धित उद्योग र व्यापारलाई प्रोत्साहन दिई स्वरोजगारको अवसरमा वृद्धि ल्याउने।
- पशुपन्छी उद्योग व्यवसायसँग सम्बन्धित सामग्रीहरूको गुणस्तर निर्धारण तथा नियन्त्रण सेवामा विस्तार गर्ने।

## १.८.४ परिषद्

### क) नेपाल कृषि अनुसन्धान परिषद्

यस मन्त्रालयको संरचनाभित्र रहेको यो निकायको स्थापना नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ अन्तर्गत एक स्वायत्त संस्थाको रूपमा भएको हो। यसले कृषि अनुसन्धानमा महत्त्वपूर्ण स्थान रहेको प्रविधि विकास, प्रविधि प्रसार र प्रविधि उपयोगको लागि प्राविधिक सेवालाई एक अर्कासँग समन्वयात्मकरूपमा परिचालन गरी प्रविधि विकास अन्तर्गत विकसित प्रविधि प्रमाणित गर्ने, परीक्षण गर्ने र प्रमाणीकरणबाट प्राप्त नतिजाहरूको आधारमा स्थानीय आवश्यकताअनुरूप बाह्य अनुसन्धान कार्यक्रम सञ्चालन गर्दै आएको छ। प्रविधि सेवा अन्तर्गत कृषि प्रसारको क्रममा कृषकहरूलाई आवश्यक पर्ने रोग, कीरा, माटोसँग सम्बन्धी समस्याहरूको पहिचान र विश्लेषण गरी बाली संरक्षण सेवा दिने, तालिम दिने, प्रजनन् बीउ, मूल बीउ, बेर्ना र बिरूवा उत्पादन गर्ने, गुणस्तर निर्धारण गर्ने जस्ता कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। कृषि उत्पादन वृद्धिको लागि उन्नत प्रविधि (उन्नत बीउ, बेर्ना र बिरूवा, उन्नत पशुपन्छी, माछा, आदि) को प्रयोगको सम्बन्धमा अध्ययन र अनुसन्धान गरी कृषकहरूको लागि उपयुक्त जातको स्रोत र उपयोगको लागि प्रविधि प्याकेज तयार गर्ने कार्य नेपाल कृषि अनुसन्धान परिषद्ले गर्दै आएको छ। यस परिषद्को वेबसाइट www.narc.gov.np र इमेल ठेगाना ednarc@ntc.net.np रहेको छ।

परिषद् अन्तर्गत अनुसन्धान कार्यक्रमहरू सञ्चालन गर्न एउटा मुख्य कार्यालय, ३ वटा बाली, बागवानी, पशु तथा मत्स्यसँग सम्बन्धी अनुसन्धान प्रतिष्ठानहरू, ६ वटा प्रादेशिक कृषि अनुसन्धान निर्देशनालयहरू, २० वटा बाली वस्तु अनुसन्धान कार्यक्रमहरू, २० वटा राष्ट्रिय अनुसन्धान केन्द्रहरू र १३ वटा अनुसन्धान केन्द्रहरू रहेका छन्।

**उद्देश्य**

- कृषि सम्बन्धी विविध पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने र गराउने।
- कृषि उत्पादकत्व एवम् गुणस्तर बढाउनको लागि कृषि क्षेत्रका समस्याहरू निराकरण गर्न उपायहरू पत्ता लगाउन आवश्यक प्रविधि, ज्ञान तथा सीपहरूको खोजपूर्ण अध्ययन गर्ने।
- राष्ट्रिय कृषि नीति तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुर्याउने।
- कृषि योजना तर्जुमा, कार्यान्वयन, सुपरिवेक्षण, मूल्याङ्कन तथा अनुगमन पद्धतिलाई सवल बनाउने।

**कार्यनीति**

- अध्ययन, अनुसन्धानका प्राथमिकताहरू तोक्ने।
- प्रविधि विकासमा कृषक सहभागिताको अवधारणा राख्ने।
- प्रविधि विकास कार्यमा वातावरणीय पक्षलाई दृष्टिगत गर्ने।
- कृषि विविधीकरणका लागि मूलुकमा विद्यमान विविध कृषि परिस्थितिकीय प्रणालीको यथासम्भव सदुपयोग गर्ने।
- अनुसन्धान एवम् प्रविधि विकासको लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ र संस्था तथा व्यक्तिहरूसँग समन्वय एवम् सम्पर्क स्थापित गर्ने।
- विकास गरिने प्रविधिको गुणस्तर बढाउने।
- अनुसन्धान कार्य एवम् नतिजाहरूको अभिलेख राख्ने।
- विभिन्न सञ्चार माध्यमहरूबाट विकसित प्रविधिहरूको प्रचार-प्रसार गर्ने।

**कार्यक्षेत्र तथा कार्यक्रम**

परिषद्को सङ्गठन अनुसारका निकायहरूमार्फत वा परिषद्बाहिरका संस्थाहरूलाई सहभागी गराई परिषद्ले निम्नलिखित क्षेत्रमा अनुसन्धान कार्यक्रमहरू सञ्चालन गरी प्रविधि विकास गर्ने प्रयास गरिरहेको छ।

- खाद्यान्न तथा नगदेबाली
- बागवानी
- पशुपालन तथा पशु स्वास्थ्य
- मत्स्यपालन
- चरन तथा घाँसेबाली
- एग्रो फरेष्ट्रि र फार्म फरेष्ट्रि
- कृषि इन्जिनियरिङ
- माटो तथा सिँचाइ व्यवस्थापन

## ख) नेपाल पशु चिकित्सा परिषद्

पशु चिकित्सा व्यवसायलाई प्रभावकारी बनाई व्यवस्थित गराउन, वैज्ञानिक ढङ्गले परिचालन गर्न तथा पशु चिकित्सकहरूको योग्यताअनुसार नाम दर्ता गर्ने समेतको व्यवस्था गर्न नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ बमोजिम एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्थाको रूपमा वि.सं. २०५६ सालमा यो परिषद्को स्थापना भएको हो। परिषद्मा नेपाल सरकारबाट मनोनित एक जना अध्यक्ष र २ जना सदस्य, दर्तावाला पशु चिकित्सकहरू मध्येबाट निर्वाचित २ जना उपाध्यक्ष एवम् ५ जना सदस्य र नेपाल भेटेरिनरी एशोसिएसनका अध्यक्षसमेत जम्मा ११ जना दर्तावाला पशु चिकित्सकहरू पदाधिकारी रहने गरी परिषद्को गठन गरिएको छ। परिषद्को प्रशासनिक प्रमुखको रूपमा नेपाल सरकारबाट “क” श्रेणीको दर्तावाला पशु चिकित्सकलाई रजिष्ट्रारको पदमा नियुक्त गर्ने प्रावधान रहेको छ।

नेपाल पशु चिकित्सा परिषद् स्थापना भएदेखि हालसम्म पाँच पटक परिषद्को पुनर्गठन भइसकेको छ। नेपाल सरकारले विगतका कतिपय अवस्थामा मनोनित अध्यक्ष तथा सदस्यहरूलाई अर्को व्यवस्था नभएसम्मको लागि मनोनयन गर्ने र पदाधिकारीहरूको चार वर्षको अवधि नपुग्दै हेरफेर गर्ने गरेको छ। यस परिषद्को वेबसाइट www.vcn.gov.np र इमेल ठेगाना info@vcn.gov.np रहेको छ।

**परिषद्को मुख्य-मुख्य काम, कर्तव्य र अधिकार**

- पशु चिकित्सा व्यवसाय सुचारू रूपबाट सञ्चालन गर्नका लागि आवश्यक नीति, योजना तथा कार्यक्रमहरू तयार गरी त्यसको कार्यान्वयन गर्ने।
- पशु स्वास्थ्य सेवा र तत्सम्बन्धी प्रणालीलाई सुव्यवस्थित, स्तरीय, मर्यादापूर्ण र प्रभावकारी बनाउन आवश्यक नीति कार्य योजना तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनको लागि नेपाल सरकार समक्ष पेश गर्ने।
- पशु औषधी, जैविक पदार्थ, पशुको दाना, चल्ला तथा पशु उत्पादन सामग्रीलाई गुणस्तरयुक्त बनाउन आवश्यक पर्ने मापदण्ड तयार गर्न नेपाल सरकारलाई सुझाव दिने।
- पशु चिकित्सकहरूको योग्यता निर्धारण गर्ने र त्यसरी निर्धारित योग्यता पूरा गरेका पशु चिकित्सकहरूको नाम दर्ता गरी अद्यावधिक अभिलेख राख्ने।

- दर्तावाला पशु चिकित्सकहरूले पालना गर्नु पर्ने आचारसंहिता तयार गरी लागू गर्ने।
- पशु चिकित्सा शिक्षा दिने शिक्षण संस्था र त्यस्ता संस्थाहरूले प्रदान गरेका प्रमाणपत्र तथा उपाधिहरूलाई तोकिएबमोजिम मान्यता दिने।
- पशु चिकित्सा र पशु स्वास्थ्यसँग सम्बन्धी विषयमा नेपाल सरकारलाई आवश्यक परामर्श दिने।
- पशु औषधीको खोज वा आविष्कार गर्ने कार्यमा प्रयत्नशील रहने।
- अन्तर्राष्ट्रिय क्षेत्रमा हासिल गरिएका पशु चिकित्सासँग सम्बन्धी अनुसन्धान वा अनुभवहरूको आदानप्रदान गरी नेपालको लागि उपयुक्त हुने कुराहरू लागू गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने।
- दर्तावाला पशु चिकित्सकले आचारसंहिताको पालना नगरेमा तोकिए बमोजिमको कार्यविधि पूरा गरी त्यस्तो पशु चिकित्सकको नाम परिषद्बाट हटाउने।
- परिषद्को उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्यहरू गर्ने।

### ग) पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्

नेपालको पशु स्वास्थ्य तथा पशु सेवाको क्षेत्रमा कार्यरत आधारभूत तहका प्राविधिक जनशक्तिदेखि विषय विज्ञसम्मका जनशक्तिलाई दर्ता र नियमन गर्ने प्रमुख उद्देश्यका साथ सङ्घीय संसदबाट पारित ऐन २०७९ साल आश्विन २३ गते सम्माननीय राष्ट्रपतिज्यूबाट प्रमाणीकरण भई पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन जारी भएको छ। यसै ऐन अन्तर्गत रहेर यो परिषद्को गठन भएको हो। पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् ऐन, २०७९ को परिच्छेद २ को दफा (३) ले दिएको अधिकार बमोजिम सोही ऐनको दफा (५) को उपदफा (६) बमोजिम यस परिषद्को समिति गठन नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०८० साल कार्तिक १६ गतेको निर्णयानुसार भई समितिले आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको छ। यस परिषद्मा नेपाल पशु चिकित्सा परिषद्मा दर्ता भएका र हुन योग्य जनशक्ति बाहेकका पशु विज्ञान, मत्स्य विज्ञान र दुग्ध विज्ञान क्षेत्रका ग्रामीण पशु स्वास्थ्य कार्यकर्तादेखि उच्च तहका विषय विशेषज्ञसम्मका सम्पूर्ण प्राविधिक जनशक्तिलाई दर्ता र नियमन गरिने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। यस ऐनको परिधिभित्र रहेर प्रदेश कानुन बनाउने र सो कानुनले तोकेको निकायले समेत प्रदेशस्तरमा जनशक्ति दर्ता हुने प्रावधान ऐनमा राखिएको छ। प्रदेश कानुन नबनेसम्म त्यसले गर्ने सम्पूर्ण काम पनि यसै परिषद्ले गर्नु पर्ने व्यवस्था ऐनमा उल्लेख गरिएको छ। परिषद्मा दर्ता नभई पशु स्वास्थ्य तथा पशु सेवाका कुनै पनि व्यवसाय गर्न नपाइने र दर्ता नभई उक्त व्यवसाय गरेमा दण्डनीय हुने व्यवस्था ऐनमा स्पष्ट उल्लेख गरिएको छ। परिषद्मा अध्यक्ष, उपाध्यक्ष, रजिष्ट्रार र अन्य सदस्य गरी १९ जनाको कार्य समिति रहने व्यवस्था गरिएको छ। यस परिषद्को कार्यालय भेटेरिनरी कम्प्लेक्स त्रिपुरेश्वर काठमाडौंमा रहेको छ।

#### उद्देश्य

पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको सेवा र व्यवसायलाई व्यवस्थित, गुणस्तरीय एवम् मर्यादित ढङ्गले परिचालन गरी प्रभावकारी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायको विकास गर्न ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता र पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको दर्ता र नियमन गर्ने मूल उद्देश्यको साथ यो परिषद्को स्थापना भएको हो।

#### परिषद्का प्रमुख कामहरू

- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको योग्यता निर्धारण गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको नाम दर्ता गराउनु अघि परीक्षा लिन सक्ने।

- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताको दर्ता र नियमन गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको राष्ट्रियस्तरको मापदण्ड तयार गरी मन्त्रालयबाट स्वीकृत गराई लागू गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको राष्ट्रियस्तरको आचारसंहिताको पालना गरे नगरेको सम्बन्धमा निरीक्षण, सुपरिवेक्षण र अनुगमन गर्ने।
- आचारसंहिता पालना नगर्नेको दर्ता खारेजी गर्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायसँग सम्बन्धी शिक्षण संस्थाको शर्त र मापदण्ड तोक्ने।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको निरन्तर शिक्षाको व्यवस्थापन गर्ने।
- परिषद्को उद्देश्य प्राप्तिका लागि आवश्यक पर्ने अन्य कार्य गर्ने।

## १.८.५ बोर्ड

### क) राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

राष्ट्रियस्तरमा चिया तथा कफी खेती र प्रशोधन गर्ने कार्यमा सामञ्जस्यता ल्याउन, आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि एक ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको विकास सम्बन्धी योजनाहरूको तर्जुमा गरी निजी तथा सरकारी क्षेत्रमा सञ्चालित चिया तथा कफी उद्योगलाई सुव्यवस्थित, प्रभावकारी एवम् सवल बनाउन राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत वि.सं. २०५० सालमा राष्ट्रिय चिया तथा कफी विकास बोर्डको स्थापना भएको हो।

यस बोर्डले चिया तथा कफीको खेती र प्रशोधन गर्ने कार्यमा सामञ्जस्यता ल्याउने, आधुनिक प्रविधिको प्रयोगद्वारा उच्च गुणस्तरको चिया तथा कफी उत्पादन गर्ने र बजार व्यवस्थापन तथा निकासी पैठारी गर्नको लागि ठोस नीति निर्माण गरी देशमा भएका चिया तथा कफी उद्योगको योजनावद्धरूपमा विकास गर्ने मूल नीति लिएको छ। यस बोर्डको वेबसाइट https://teacoffee.gov.np र इमेल ठेगाना info@teacoffee.gov.np रहेको छ।

**उद्देश्य**

- चिया तथा कफी उद्योगको विकासको लागि उत्पादन प्रशोधन, बजार व्यवस्थापन तथा निकासी पैठारी सम्बन्धी नीति तर्जुमा गरी कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफी खेतीमा देखा परेका समस्या समाधानका उपायहरू पत्ता लगाउने।
- चिया तथा कफी उद्योगको विकासको लागि चिया तथा कफीको उत्पादन र प्रशोधनका लागि आवश्यक पर्ने सामग्रीहरूको आपूर्तिको व्यवस्था गर्ने र गराउने।
- चिया तथा कफी उद्योगको विकासको लागि तालिम तथा अनुसन्धान केन्द्र स्थापना गरी चिया तथा कफी उद्योगमा कार्यरत व्यक्ति वा संस्थाहरूलाई आधुनिक प्राविधिक ज्ञान, प्रशिक्षण र प्राविधिक सहयोग उपलब्ध गराउने।
- चिया तथा कफी उद्योगको विकासको लागि अध्ययन अनुसन्धान गर्ने र गराउने।
- चिया तथा कफी उद्योगको क्षेत्रमा कार्यरत संस्थाहरूसँग समन्वय गर्ने।
- चिया तथा कफी उद्योगलाई सहयोग पुर्याउने।

**कार्यक्षेत्र**

- नेपालमा चिया तथा कफी खेतीको विस्तार तथा विकास गराउन चिया तथा कफी उद्योगको स्थापना, सुधार, प्रवर्द्धन तथा संरक्षण गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफी खेतीको विकास र विस्तारको लागि आवश्यक पर्ने प्राविधिक एवम् वित्तीय आधारहरू तयार पारी सोहीअनुसार कार्यान्वयन गर्ने र गराउने।
- चिया तथा कफीको मूल्य सम्बन्धमा नेपाल सरकारलाई परामर्श दिने।
- चिया तथा कफी खेती गर्ने साना कृषकहरूलाई आवश्यक पर्ने ऋण, बीउ बेर्ना, रासायनिक मल, कीटनासक विषादी, औजार, इन्धन, प्राविधिक सेवा आदिको आपूर्तिको व्यवस्था गर्ने र गराउने।
- चिया तथा कफी लगाउन उपयुक्त ऐलानी सरकारी जग्गाहरू नेपाल सरकारबाट प्राप्त गरी चिया तथा कफी लगाउन लिज वा किस्ताबन्दीमा दिई चिया तथा कफी खेती गर्न लगाउने।
- बजार व्यवस्थालाई विकास गर्न समय-समयमा बजार सर्भेक्षण गरी उपभोक्ताले रूचाउने खालको चिया तथा कफीको ग्रेड र किसिम आदिको यकिन गर्ने र चिया तथा कफीको गुणस्तर निर्धारण गर्ने र गराउने।
- अन्तर्राष्ट्रिय बजारमा चिया तथा कफीको माग सम्बन्धमा निर्यातकर्ताहरूलाई जानकारी गराउने।
- चिया तथा कफी उद्योगसँग सम्बन्धी व्यवस्थापन र मजदुरबीच समझदारी विकास गर्न आवश्यक कार्य गर्ने।
- चिया तथा कफी उद्योगहरूको दर्ता लगत राख्ने।
- नेपाल सरकारको स्वीकृति लिई चिया तथा कफीमा सेवा शुल्क लगाउने।

## ख) राष्ट्रिय दुग्ध विकास बोर्ड

सातौं पञ्चवर्षीय योजनाले दुग्ध क्षेत्रको विकास गर्न दश वर्षे दुग्ध विकास योजना अन्तर्गत राष्ट्रिय दुग्ध विकास बोर्डको आवश्यकता महसुस गरी सोहीअनुसार वि.सं. २०४९ मा बोर्ड ऐन, २०४८ अनुसार बोर्डको स्थापना भएको हो। यस बोर्डको वेबसाइट https://nddb.gov.np र इमेल ठेगाना nddbnepal@gmail.com रहेको छ।

**लक्ष्य**

- दुग्ध क्षेत्रको विकास तथा प्रवर्द्धनको लागि नेपाल सरकारलाई नीति निर्माण गर्न सुझाव दिनु नै बोर्डको प्रमुख लक्ष्य रहेको छ।

**उद्देश्य**

- राष्ट्रियस्तरमा दुग्ध व्यवसाय सम्बन्धी नीति निर्माण र सो सम्बन्धी विकास योजना तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुर्याउने।
- दुग्ध उद्योगको विकास गर्ने गराउने।
- दुग्ध विकासको लागि पशु विकास र पशु स्वास्थ्य क्षेत्रमा देखापरेका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउने।
- देशभित्रका सम्पूर्ण निजी र सरकारी क्षेत्रका दुग्ध व्यवसायीहरूबीच सामञ्जस्यता स्थापना गर्ने गराउने।
- दुग्ध विकास सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने गराउने।
- पशु चरनको प्रवर्द्धन गर्ने।

## १.८.६ कम्पनीहरू

### क) कृषि सामग्री कम्पनी लिमिटेड

कृषि सामग्री कम्पनी लिमिटेडको इतिहास लामो छ। नेपालमा सन् १९५० को दशकदेखि रासायनिक मलखादको प्रयोगको सुरूवात भएको देखिन्छ। सुरूको अवस्थामा केही निजी व्यापारीहरूले भारत र तत्कालीन सोभियत संघबाट एमोनियम सल्फेट मल आयात गरी बिक्रीवितरण गरेको पाइन्छ। विभिन्न प्रकारका रासायनिक मलखाद, बीउबिजनको खरिद र आयात गरी कृषकहरूलाई सहज र सर्वसुलभ तरिकाले बिक्रीवितरण गर्ने उद्देश्य अनुरूप वि.सं. २०२२ सालमा कृषि सप्लाई संस्थानको नाममा यसको स्थापना भएपछि नेपालमा व्यवस्थितरूपमा मलखादको कारोबार सुरू भई क्रमशः मलखादको खपत एवम् माग बढ्दै गएको देखिन्छ। पछि वि.सं. २०२९ सालमा कृषि खरिद बिक्री संस्थानको नाममा र त्यसपछि वि.सं. २०३१ सालदेखि कृषि सामग्री संस्थानको नाममा यसले उपरोक्त क्रियाकलापहरू सञ्चालन गर्दै आएको पाइन्छ।

देशमा कृषि उत्पादन वृद्धिको लक्ष्य हासिल गर्न मलखादको प्रयोगप्रति कृषकलाई आकर्षित गर्न तथा अन्तर्राष्ट्रिय बजारमा भएको मलखादको मूल्य वृद्धिबाट कृषकहरूलाई राहत दिन आ.व. २०३०/३१ देखि मलखादमा अनुदान दिने नीति सरकारले अवलम्बन गर्यो मलखादको मूल्यमा भएको निरन्तर वृद्धि र बढ्दो आन्तरिक खपत एवम् मागको कारण वर्षेनी ठूलो रकम अनुदानमा खर्चिनु पर्ने भएकोले पछिल्लो समयमा सरकारले आवश्यक मात्रामा अनुदान रकम विनियोजन गर्न असमर्थ भई कृषि सामग्री संस्थानलाई सरकारले तिर्नु पर्ने अनुदान खर्चको भार वर्षेनी बढ्दै जानथालेपछि आ.व. २०५४/५५ बाट चरणवद्धरूपमा अनुदानको व्यवस्था हटाउन सुरू गरी आ.व. २०५६/५७ देखि पूरै हटाइयो। यसै समयदेखि निजी क्षेत्रलाई समेत रासायनिक मलखादको कारोबारमा सहभागिता गराउन र संस्थानलाई निजी क्षेत्रसँग प्रतिस्पर्धी बनाउन नेपाल सरकारले अवलम्बन गरेको खुला बजार नीतिअनुरूप मलखादको कारोबारमा रहँदै आएको कृषि सामग्री संस्थानको एकाधिकार अन्त्य गर्दै यसको संरचना सुधार गरी बीउबिजन र मलखादको कारोबारलाई दुई छुट्टाछुट्टै संस्थाबाट सञ्चालन गर्ने नीति लिएअनुरूप नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०५९/०१/१९ गतेको निर्णयनुसार साविकमा कृषि सामग्री संस्थानले गरी आएको मलखादको कारोबारलाई निरन्तरता दिने गरी कम्पनी ऐन, २०५३ अन्तर्गत २०५९ साल वैशाख २५ गते कृषि सामग्री कम्पनी लिमिटेडको स्थापना भएको थियो।

त्यसै गरी कृषि सामग्री संस्थानले गर्दै आएको बीउबिजन सम्बन्धी कारोबारमा निजी क्षेत्रलाई समेत सहभागिता गराउने र संस्थानलाई निजी क्षेत्रसँग प्रतिस्पर्धी बनाउन नेपाल सरकारको मिति (मन्त्रीपरिषद्) २०५९/०१/१९ गतेको निर्णयानुसार बीउबिजनको कारोबारलाई निरन्तरता दिने गरी र कृषि उत्पादन वृद्धिको लागि आवश्यक पर्ने गुणस्तरयुक्त बीउबिजन आपूर्तिको लागि कम्पनी ऐन, २०५३ अन्तर्गत २०५९ साल वैशाख २५ गते राष्ट्रिय बीउबिजन कम्पनी लिमिटेडको स्थापना भएको थियो। यसरी कायम रहेका दुई छुट्टाछुटै कम्पनीलाई नेपाल सरकारको मिति (मन्त्रिपरिषद्) २०७५/०५/३१ को निर्णयबाट साविक कृषि सामग्री कम्पनी लिमिटेड र राष्ट्रिय बीउबिजन कम्पनी लिमिटेडलाई मर्ज गरी कृषि सामग्री कम्पनी लिमिटेड कायम गरिएको छ। यस कम्पनीको वेबसाइट https://kscl.gov.np र इमेल ठेगाना aicl.nepal@gmail.com रहेको छ। हाल कायम रहेको कृषि सामग्री कम्पनी लिमिटेडको बीउबिजन तथा रासायनिक मलखाद दुवै हेर्ने गरी तपसिल बमोजिमको उद्देश्य रहेको छ।

- राष्ट्रिय आवश्यकतानुसार विभिन्न प्रकारका रासायनिक मल, जैविक मल, कृषि चुन, प्राङ्गारिक मल र सुक्ष्म तत्व मलहरूको उत्पादन, खरिद, आयात, बिक्रीवितरण तथा विभिन्न बालीका बीउबिजनको उत्पादन, खरिद, प्रशोधन, सञ्चय र आयातनिर्यात तथा बिक्रीवितरण गर्ने।
- रासायनिक मल उत्पादनको लागि आवश्यक कच्चा पदार्थ आयात गरी प्रशोधन, उत्पादन तथा मिश्रण (Blending) गरी बिक्रीवितरण, आयात र निर्यात गर्ने,
- कृषि उत्पादनको लागि आवश्यक पर्ने मूल बीउ लगायत खाद्यान्न, तरकारी तथा अन्य बालीका उन्नत बीउको उत्पादन, खरिद, प्रशोधन, सञ्चय, बिक्रीवितरण कार्य गर्ने एवम् आवश्यकतानुसार तालिम एवम् परामर्श सेवा सम्बन्धी कार्यहरू गर्ने,
- नेपाल कृषि अनुसन्धान परिषद्सँगको समन्वयमा समयसापेक्ष प्रजनन् बीउ (Breeder seed) उत्पादन गर्ने,
- निजी क्षेत्रका बीउ उत्पादक कम्पनीहरूलाई कम्पनीको आफ्नो ब्राण्डको नाममा उन्नत बीउ उत्पादन तथा बिक्री गर्न स्रोत बीउको रूपमा थोक बिक्री गर्ने,
- कृषि क्षेत्रको लागि आवश्यक पर्ने कीटनासक तथा रोगनासक कृषि रासायनिक (विषादी) र कृषि औजारहरूको कारोबार गर्ने,
- नेपाल सरकार दातृराष्ट्र एवम् राष्ट्रिय अन्तर्राष्ट्रिय संघ संस्थाबाट उपलब्ध हुने सहायता अन्तर्गतका रासायनिक मल एवम् उन्नत बीउको सञ्चित मौज्दात (Buffer Stock) को व्यवस्था एवम् परिचालन गरी रासायनिक मल तथा उन्नत बीउको आपूर्ति र बिक्रीवितरणमा सुनिश्चितता ल्याउने,
- कम्पनीलाई आयआर्जन हुने औद्योगिक, व्यापारिक एवम् सेवामूलक कारोबार सञ्चालन गर्ने-गराउने।

## १.८.७ समितिहरू

### क) कपास विकास समिति

सुनियोजित ढङ्गले कपास खेतीको विकास तथा विस्तार गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी तत्कालीन नेपाल सरकारले कपास विकास समिति (गठन) आदेश, २०३७ जारी गरी वि.सं. २०३७ साल पौष १ गते यस समितिको स्थापना गरिएको हो। समितिले नेपाल सरकारको स्वीकृति लिई आवश्यकतानुसार कर्मचारी सेवा शर्त नियमावली र आर्थिक कार्यविधि नियमावली (पहिलो संशोधन), २०६५ बनाई कार्य सञ्चालन गर्दै आएको छ। वि.सं. २०४४ देखि यस मन्त्रालय अन्तर्गत रहेको कपास विकास समितिले कपास खेतीको विकास र विस्तार गर्ने नीतिअनुरूप कार्य गर्दै आएको छ। आधुनिक ढङ्गबाट कपास खेतीको विकास र विस्तार गर्ने क्रममा नेपालको तराई र भित्री मधेशका फाँटमा कृषकहरूलाई कपास खेतीतर्फ उन्मूख गराई स्वदेशमा स्थापित कपडा र धागो उद्योगहरूलाई कच्चा पदार्थ उपलब्ध गराउने एवम् कपास खेती सम्बन्धी अध्ययन र अनुसन्धान गरी परीक्षण कार्य गराउने यस समितिको प्रमुख लक्ष्य रहेको छ।

**उद्देश्य**

- देशमा स्थापित कपडा तथा धागो उद्योगलाई चाहिने कच्चा पदार्थ उत्पादन गर्ने।
- कपासको आयात घटाउन सहयोग गर्ने।
- विशेष गरी साना कृषकहरूको आयस्तरमा वृद्धि गर्ने।
- ग्रामीण रोजगारी बढाउने।
- परियोजना क्षेत्रमा थप रोजगारी अवसर सिर्जना गर्ने।

**कार्यक्षेत्र**

- कपास खेतीप्रति कृषकहरूलाई आकर्षित गरी धागो तथा कपडा उद्योगहरूलाई आवश्यक पर्ने कच्चा पदार्थ उपलब्ध गराउने।
- कपास सम्बन्धी अनुसन्धान तथा शेयर फार्मिङ कार्यक्रमलाई सक्षम र सुदृढ पार्ने।

## ख) कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति

### परिचय र विकास क्रम

काठमाडौं उपत्यका तथा अन्य क्षेत्रको तरकारी तथा फलफूलहरूको बेचविखन गर्ने थलोको रूपमा रहँदै आएको कालिमाटी बजार वि.सं. २०४३ आश्विन १५ गतेदेखि तत्कालीन खाद्य तथा कृषि बजार सेवा विभाग अन्तर्गत सञ्चालनमा आएको थियो। बजार सञ्चालनको क्रममा बजार आगमन र कारोबारको स्थितिमा भएको विस्तार एवम् बजार प्रयोगकर्ताहरूको बढ्दो चापलाई मध्यनजर गरी नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घीय पूँजी विकास कोष (UNCDF) बाट हालका अधिकाँश बजार संरचना निर्माण भएका हुन्। कालिमाटी बजारको निर्माण तथा व्यवस्थापनको लागि एउटा स्वायत्त निकायको आवश्यकता महसुस गरी नेपाल सरकारद्वारा विकास समिति ऐन, २०१३ अन्तर्गत वि.सं. २०५१ फागुन १ गते "कालिमाटी फलफूल तथा तरकारी थोकबजार विकास समिति (गठन) आदेश, २०५१" जारी गरिएको थियो। समितिको कार्यक्षेत्रलाई विस्तार गर्ने अभिप्रायले नेपाल सरकारले वि.सं. २०५८ चैत्र १९ गते सोही ऐन अन्तर्गत "कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" जारी गरी सोहीअनुसार सञ्चालनमा रहेको छ। नेपाल सरकारको निर्णयअनुसार सङ्घीय संरचनाबमोजिम यस समितिलाई संघअन्तर्गतको निकाय कायम गरिएको छ। नेपाल सरकारबाट निर्माण भएको कृषि उपज बजार, बालाजु २०६२ असार महिनादेखि समितिले सञ्चालन गर्दै आएको छ। समितिको स्वामित्वमा रहेको कीर्तिपुर नगरपालिका वडा नं.-६, चोभारमा करिब २२ रोपनी जग्गामा फलफूल तथा पुष्प बजार निर्माणाधीन अवस्थामा छ। यसै गरी, धादिङ नौबिसेस्थित आफ्नै स्वामित्वको करिब ४.५ रोपनी जग्गामा सङ्कलन केन्द्र स्थापना गर्ने सोच समितिले राखेको छ।यस समितिको वेबसाइट https://kalimatimarket.gov.np/ र इमेल ठेगाना kalimatimarket@gmail.com रहेको छ।

### समितिको संरचना

"कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" बमोजिम समितिमा देहायका पदाधिकारी रहने व्यवस्था छ।

- राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृतहरू मध्येबाट नेपाल सरकारले तोकेको व्यक्ति — अध्यक्ष
- कृषि विभागले तोकेको अधिकारी — सदस्य
- वडा अध्यक्ष, कालिमाटी फलफूल तथा तरकारी बजार रहेको वडा, काठमाडौं महानगरपालिका — सदस्य
- नेपाल सरकारले मनोनयन गरेको कृषक प्रतिनिधि ३ जना — (सदस्य
- कालिमाटी फलफूल तथा तरकारी बजारमा व्यवसाय गर्ने फलफूल तथा तरकारी व्यवसायीहरूले आफूहरू मध्येबाट निर्वाचन गरी पठाएका कम्तीमा एकजना महिलासहित ३ जना — सदस्य
- कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति स्वतन्त्र कर्मचारी युनियनको प्रतिनिधि — सदस्य
- कार्यकारी निर्देशक — सदस्य सचिव

**समितिको काम, कर्तव्य र अधिकार**

"कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति (गठन) आदेश, २०५८" बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्।

- बजारको भौतिक पूर्वाधारको व्यवस्था, संरक्षण, सुरक्षा, सञ्चालन र सम्भार गर्ने,
- समितिका तर्फबाट करार वा सम्झौताहरू गर्न, गराउन स्वीकृति प्रदान गर्ने,
- बिक्री स्थल, गोदाम, खानेपानी, बिजुली, टेलिफोन, शौचालय आदि सेवा सुविधा उपलब्ध गराउने,
- मिसावट भएका तथा अस्वस्थ्यकर कृषि वस्तु बजारमा बिक्रीवितरण गर्न रोक्ने,
- कृषि वस्तुको ग्रेडिङको स्तर निर्धारण गर्ने र ग्रेडिङ तथा उपयुक्त प्याकिङ भएको कृषि वस्तुहरूको खरिद बिक्रीलाई नियमित तथा प्रोत्साहित गर्ने,
- कृषि वस्तुको कारोबारमा बजार क्षेत्रभित्र उत्पन्न भएका समस्या तथा विवादको समाधान गर्ने,
- बजारभित्रको सेवा सुविधाहरूको शुल्क एवम् भाडा निर्धारण गर्ने र असुल गर्ने कार्यविधि स्वीकृत गर्ने,
- बजारको विकास तथा सम्वर्द्धनका लागि योजना तर्जुमा तथा बजेट स्वीकृत गर्ने,
- कृषि बजार सूचना प्रणाली स्थापना गर्ने,
- कृषि बजार स्थलको उपयोगको तरिका निर्धारण गर्ने,
- बजारमा हुने क्रियाकलापहरूको निरीक्षण तथा सुपरीवेक्षण गर्ने,
- कृषि वस्तुको खरिद बिक्री लिलाम पद्धतिबाट गराउन प्रोत्साहित गर्ने,
- आवश्यक कर्मचारीको नियुक्ती, पारिश्रमिक, र सेवा सुविधाको व्यवस्था गर्ने। व्यवसायी, कृषक तथा समितिका कर्मचारीहरूलाई तालिम दिने व्यवस्था गर्ने,
- आफ्नो कोषको रकमबाट जग्गा खरिद गर्ने, भवन निर्माण गर्ने, आवश्यक मेसिनरी खरिद गर्ने तथा भौतिक सुविधाहरू भाडामा दिने,
- बजार प्रवर्द्धन कार्यमा आफ्नो स्रोतबाट रकम लगानी गर्ने,
- कृषि बजार प्रवर्द्धन गर्ने कार्यको सिलसिलामा आफ्नै जमानीमा ऋण लिने,
- आफ्नो स्रोतबाट बजार सञ्चालन गर्ने उद्देश्यको लागि अन्य निकायबाट बजार संरचनाहरू भाडामा लिने वा खरिद गर्ने,
- सम्भाव्य क्षेत्रमा आवश्यकतानुसार बजारको स्थापना र सञ्चालन सम्बन्धी व्यवस्था मिलाउने,
- बजारभित्र बिक्रीवितरण हुने कृषि वस्तुहरूको गुणस्तर प्रचलित कानुनबमोजिम भएनभएको सुपरीवेक्षण गर्ने,
- आवश्यकतानुसार कृषि बजार विशेषज्ञलाई सल्लाहकारको रूपमा करारमा नियुक्त गर्ने,
- बजार प्रवर्द्धन गर्ने सिलसिलामा फलफूल तथा तरकारी सङ्कलन केन्द्र, बजारको स्थापना वा नेपाल सरकार वा अन्य निकायबाट निर्मित वा सञ्चालित स-साना बजारहरूलाई सञ्चालन गर्ने अभिप्रायले आफ्नो कार्यक्षेत्र विस्तार गर्ने,
- आफ्ना मातहतमा सञ्चालन भएका विभिन्न इकाईहरूलाई आवश्यकता अनुसार एकीकृत गर्ने वा विभाजन गर्ने,
- कृषि वस्तुका खरिद बिक्रीसँग सम्बन्धी अन्य आवश्यक कार्य गर्ने।

चन्द्रडाँगी बीउबिजन तथा दुग्ध विकास समिति तथा नेपाल उखु एवम् चिनी विकास समिति नेपाल सरकारको मन्त्रिपरिषद्को निर्णयबमोजिम आ.व. २०७६/७७ बाट खारेज भएको छ।

### १.८.८ राष्ट्रिय किसान आयोग

मूलुकको अर्थतन्त्रको मेरूदण्डको रूपमा रहेको कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गरी किसानको हकहितको संरक्षण एवम् प्रवर्द्धन गर्न तथा कृषि सम्बन्धी ऐन, कानुन, नीति तथा योजना तर्जुमाको साथै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाई किसानहरूको हकहित र अधिकारको रक्षा गर्दै कृषि उत्पादनमा नेपाललाई आत्मनिर्भर बनाउनु वान्छनीय भएको तथा नेपाल सरकारबाट स्वीकृत कृषि विकास रणनीति (सन् २०१५-३५) ले परिलक्षित गरे बमोजिमका उद्देश्य एवम् अपेक्षित उपलब्धिहरू हासिल गर्न आवश्यक नीति, ऐन नियम, योजना तर्जुमा तथा नीतिगत पृष्ठपोषण गर्न नेपाल सरकारबाट मिति २०७३/१०/६ को निर्णय अनुसार जारी राष्ट्रिय किसान आयोग गठन कार्यकारी आदेश, २०७३ अनुसार "राष्ट्रिय किसान आयोग" गठन भएको छ। यस आयोगको वेबसाइट https://nfc.gov.np/ र इमेल ठेगाना nfcnepal2017@gmail.com रहेको छ।

### १.८.९ दुग्ध विकास संस्थान

नेपालमा सङ्गठित रूपमा दुग्ध व्यवसायको सुरूवात वि.सं. २००९ (ई.स. १९५३) सालमा सरकारद्वारा खाद्य तथा कृषि सङ्गठनको सहयोगमा रसुवाको लाङटाङमा याक चिज उत्पादन केन्द्रको स्थापनासँगै भएको हो। त्यसपछि काभ्रे जिल्लाको टुसालमा वि.सं. २०१० सालमा सानो प्रशोधन कारखाना स्थापना भएको थियो। देशमा सङ्गठित रूपमा दुग्ध व्यवसायलाई बढी प्रभावकारी बनाई ग्रामीण क्षेत्रका दुग्ध उत्पादक कृषकहरूबाट उत्पादित दूधको उचित मूल्यका साथ सुरक्षित बजार र शहरी क्षेत्रका उपभोक्ताहरूलाई उच्च गुणस्तरयुक्त प्रशोधित दूध तथा दुग्ध पदार्थहरू आपूर्ति गर्ने उद्देश्यका साथ कृषिमा आधारित प्रथम उद्योगको रूपमा २०२६ साल श्रावण १ गते दुग्ध विकास संस्थानको स्थापना भएको हो।

दुग्ध व्यवसायलाई आकर्षक बनाउन संस्थानले ग्रामीण क्षेत्रमा दूधको उत्पादन तथा उत्पादकत्व बढाउने, दूध तथा दुग्ध पदार्थहरूको उत्पादनलाई व्यावसायिक र प्रतिस्पर्धी बनाउँदै दूध सङ्कलन, ढुवानी व्यवस्था एवम् दुग्ध प्रशोधन उद्योगको विस्तार गर्ने, आन्तरिक बजारको सम्भाव्यताको आधारमा दुग्ध पदार्थहरूको विविधीकरण गरी आयात प्रतिस्थापन गर्ने, दूध तथा दुग्ध पदार्थहरूलाई निकासी योग्य वस्तुको रूपमा विकास गर्न अन्तर्राष्ट्रिय मापदण्डहरू लागू गर्ने र दूध तथा दुग्ध पदार्थहरूको सुधार एवम् नियमन गरी सर्वसुलव रूपमा उपभोक्ताहरूलाई उपलब्ध गराई बढिभन्दा बढी कच्चा दूध खरिद गरी शहरदेखि ग्रामीणस्तरसम्म पूँजीको प्रवाह गरी ग्रामीण अर्थतन्त्रको विकास गर्ने नीति अवलम्बन गर्दै आइरहेको छ। यसको लागि संस्थानको २०२६ सालमै दुग्ध पदार्थ बिक्रीवितरण आयोजना, २०३० सालमा काठमाडौं उपत्यका लगायत बाहिरका विराटनगर, हेटौंडा. दुग्ध वितरण आयोजनाहरूको विस्तार गरेको पाइन्छ। त्यसै गरी संस्थानले वि.सं. २०३६ सालमा पोखरामा, २०४६ सालमा नेपालगञ्ज र लुम्बिनी दुग्ध वितरण आयोजनासँगै २०६५ मा जनकपुर र २०६६ मा धनगढी दुग्ध वितरण आयोजना स्थापना गरी संस्थानले कार्यक्षेत्र विकास गरेको छ।

**संस्थानको कार्यक्षेत्र**

| | |
|---|---|
| कोशी प्रदेश | विराटनगर दुग्ध वितरण आयोजना। |
| मधेश प्रदेश | जनकपुर दुग्ध वितरण आयोजना। |
| बागमती प्रदेश | काठमाडौं दुग्ध वितरण आयोजना, दुग्ध पदार्थ बिक्रीवितरण आयोजना लैनचौर तथा हेटौंडा, दुग्ध वितरण आयोजना तथा निजी, सहकारी र सरकारी लगानीको मोडलमा डिडिसिको ५९ प्रतिशत लगानीमा दोलखा दुग्ध उद्योग सञ्चालनमा रहेको छ। |

लुम्बिनी प्रदेश लुम्बिनी दुग्ध वितरण आयोजना, बुटवल तथा नेपालगञ्ज दुग्ध वितरण आयोजना, कोहलपुर। सुदूरपश्चिम प्रदेश धनगढी दुग्ध वितरण आयोजना, अत्तरिया।

**दुग्ध व्यवसाय तथा ग्रामीण अर्थतन्त्रको प्रवर्द्धनमा संस्थानको उद्देश्य/भूमिका**

- दुग्ध उद्योगको विकास, कच्चा दूधको खरिद तथा प्रशोधित दूध तथा दुग्ध पदार्थको बजार बिक्री मूल्य उचित र स्थिर राख्न नेतृत्वकारी भूमिका खेल्ने।
- उच्चहिमाली भेगका चौरीपालक कृषकहरूबाट उत्पादित दूधको व्यावसायिक विकास गरी याक चिज उत्पादन केन्द्रहरूको सञ्चालन गर्ने।
- करिब १ लाख ८० हजार कृषक परिवारहरूको संलग्नतामा ९०० दुग्ध उत्पादक सहकारी संस्थाहरूमार्फत करिब दैनिक २ लाख लि. सम्म दूध खरिद गरी प्रति दिन करिब १ करोड रूपैयाँ ग्रामीण क्षेत्रमा प्रवाह गर्दै आएको छ।
- खपतभन्दा बढी स्थानीय सङ्कलित दूधलाई धुलो दूध कारखानाबाट धुलो दूध तथा मख्खन उत्पादन गरी मिल्क होलिडेको समस्या सामाधान र आयात प्रतिस्थापनमा भूमिका निर्वाह गर्ने।
- दुग्ध उद्योगको व्यावसायिक प्रवर्द्धन गर्न नयाँ प्राविधिको विकास र उत्पादन विविधीकरण तथा बजारीकरणमा निरन्तर प्रयास गर्ने।
- पशुपालक कृषकहरूलाई गुणस्तरीय पशु आहारा उत्पादन तथा बिक्रीवितरण गर्ने।

## १.९ मुख्य आयोजनाहरू

### १.९.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना (Prime Minister Agriculture Modernization Project-PMAMP)

#### १.९.१.१ परिचय

स्वदेशी सोच, स्वेदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्ग चित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था जस्ता क्रियाकलापमार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पनासहित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ बाट सञ्चालन भएको छ।

साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम (कम्तिमा १० हे.) व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम (१०० हे.), व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र जोन) विकास कार्यक्रम (५०० हे.) र बृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन १००० हे.) गरी ४ वटा सम्भागहरूमार्फत परियोजना सञ्चालनका लागि भूमिको वैज्ञानिक उपयोग, आधुनिक कृषि प्रविधिहरूको अवलम्बन, कृषिमा यान्त्रिकीकरण, कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास, कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण, प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन, गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि तथा वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन लगायतका रणनीतिहरू अवलम्बन गरिएको छ।

यो आयोजना नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७४/९/२६ को निर्णयबमोजिम कार्यान्वयनमा रहेको छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालय कार्यान्वयन निकाय रहने गरी १० वर्षसम्म सञ्चालन हुने यस परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब ७४ करोड २० लाख रहने अनुमान गरिएको छ।

## १.९.१.२ परियोजनाको सोच, लक्ष्य एवम् उद्देश्य

**सोच**

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित, आधुनिक, व्यावसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने।

**लक्ष्य**

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगीकरण उन्मूख दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्याउने।

**उद्देश्यहरू**

- प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरू निर्माण गर्ने।
- निर्यातयोग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने।
- कृषिलाई सम्मानजनक नाफामूखी व्यावसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने।
- बहुसरोकारवाला निकायहरूबीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## १.९.१.३ परियोजनाका रणनीतिहरू

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कृषि क्षेत्रको आधुनिकीकरणका लागि निम्न अनुसारका रणनीतिहरू सञ्चालन गर्नेछ।

१. भूमिको वैज्ञानिक उपयोग।
२. आधुनिक कृषि प्रविधिहरूको अवलम्बन।
३. कृषिमा यान्त्रिकीकरण।
४. कृषि उपजहरूको प्रशोधन तथा बजारीकरण पूर्वाधारहरूको विकास।
५. कृषि अनुसन्धान-शिक्षा-प्रसार प्रणालीको सुदृढ समन्वय एवम् आधुनिकीकरण।
६. प्रतिफलमा आधारित प्रोत्साहन प्रणालीको अवलम्बन।
७. गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता अभिवृद्धि।
८. वातावरण परिवर्तन अनुकूलित कृषि प्रणाली अवलम्बन।

## १.९.१.४ परियोजनाका सम्भागहरू

१. साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम।
२. व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम।
३. व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम।
४. बृहत व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम।

### १.९.१.५ परियोजना सञ्चालनको अवधारणा

१. कृषि योग्य जमिनको चक्लाबन्दी।
२. विशिष्टिकृत व्यावसायीकरण।
३. उन्नत प्रविधि र गुणस्तरीय पूर्वाधार विकास।
४. अन्तर्राष्ट्रियरूपमा बजारमा प्रतिस्पर्धी कृषि औद्योगीकरण।
५. उपलब्धिमा आधारित सहजीकरण (Smart Output based Facilitation)।

### १.९.१.६ परियोजना सञ्चालन गर्ने निकाय

- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय।

**सहयोगी निकायहरू**

- अर्थ मन्त्रालय
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
- उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
- वन तथा वातावरण मन्त्रालय
- सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
- सहरी विकास मन्त्रालय
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
- शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## १.९.२ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (Food and Nutrition Security Enhancement Project-FANSEP)

### १.९.२.१ परिचय

Global Agriculture and Food Security Program (GAFSP) को आर्थिक सहयोगमा खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना नेपाल सरकार र आई.डी.ए. (IDA) बीच २०७५ कार्तिक २८ (१४ November २०१८) मा अनुदान सम्झौता भई पाँच वर्षका लागि आठ जिल्लाहरू (गोरखा, धादिङ, सिन्धुपाल्चोक, दोलखा, धनुषा, महोत्तरी, सप्तरी र सिराहा) का १६ गाउँपालिका कार्यक्षेत्र रहने गरी सञ्चालनमा आएको छ। यस आयोजनाको कूल बजेट २८.७ मिलियन अमेरिकी डलर (जसमध्ये आई.डी.ए. को २२.७ र नेपाल सरकारको ६ मिलियन अमेरिकी डलर) रहेको छ। यस आयोजनाबाट प्रत्येक जिल्लाका दुई वटा गाउँपालिका गरी कूल १६ गाउँपालिकामा प्रत्यक्ष ६५,००० कृषक परिवारहरू (लक्षितः भूकम्प र बाढी पिडित, खाद्य असुरक्षित, विपन्न, सीमान्तकृत र महिला घरमूली) लाभान्वित हुनेछन्।

### १.९.२.२ आयोजनाको सम्भागहरू

सम्भाग कः जलवायु र पोषण अनुकूल कृषि प्रविधि अनुसरण र प्रसार
सम्भाग खः बजारको पहुँच तथा जोखिम व्यवस्थापनबाट आयआर्जन र विविधीकरण
सम्भाग गः पोषण सुरक्षामा सुधार
सम्भाग घः आयोजना व्यवस्थापन, सञ्चार, अनुगमन तथा मूल्याङ्कन

### १.९.२.३ कार्यालय

यस आयोजना सञ्चालनका लागि केन्द्रमा एउटा आयोजना व्यवस्थापन एकाइ र प्रत्येक क्लष्टर कार्यालयले दुई जिल्ला हेर्ने गरी चार वटा आयोजना क्लष्टर एकाइको व्यवस्था रहेको छ।

१. आयोजना व्यवस्थापन इकाई, हरिहरभवन, ललितपुर
२. आयोजना क्लष्टर एकाइ, गोरखा
३. आयोजना क्लष्टर एकाइ, सिन्धुपाल्चोक
४. आयोजना क्लष्टर एकाइ, धनुषा
५. आयोजना क्लष्टर एकाइ, सप्तरी

### १.९.२.४ लक्ष्य तथा उद्देश्य

यस आयोजनाको मुख्य लक्ष्य लक्षित साना कृषक समुदायको जलवायु समानुकूलनमा सुधार, कृषि उत्पादकत्वमा वृद्धि र पोषण अवस्थामा सुधार ल्याउनु रहेको छ।

**उद्देश्य**

- कृषि तथा पशुजन्य वस्तुको उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरी खाद्य सुरक्षामा टेवा पुर्याउने।
- जलवायु तथा पोषण मैत्री कृषि प्रविधिहरूको अनुसरण र प्रसार गर्ने।
- साना कृषकहरूको आयआर्जनमा वृद्धि र विविधीकरणमार्फत बजारमा पहुँच बढाउने।
- सुनौला हजार दिनका आमाहरू तथा ६-२४ महिनासम्मका बच्चाहरूको पोषण स्थितिमा सुधार ल्याउने।
- कृषकहरूको क्षमता अभिवृद्धि र उत्पादन समूह तथा सहकारीहरूको संस्थागत विकास तथा सवलीकरण गर्ने।

### १.९.२.५ कार्यक्षेत्र

| क्र.सं. | क्लष्टर कार्यालय (४) | जिल्लाहरू (८) | गाउँपालिकाहरू (१६) |
|---|---|---|---|
| १ | धनुषा | धनुषा | बटेश्वर |
| | | | जनकनन्दिनी |
| | | महोत्तरी | सम्सी |
| | | | सोनमा |
| २ | सप्तरी | सप्तरी | छिन्नमस्ता |
| | | | महादेवा |
| | | सिरहा | नवराजपुर |
| | | | लक्ष्मीपुर पतारी |
| ३ | गोरखा | गोरखा | आरुघाट |
| | | | शहिद लखन |
| | | धादिङ | सिद्धलेक |
| | | | गल्छी |

| क्र.सं. | क्लष्टर कार्यालय (४) | जिल्लाहरू (८) | गाउँपालिकाहरू (१६) |
|---|---|---|---|
| ४ | सिन्धुपाल्चोक | सिन्धुपाल्चोक | सुनकोशी |
| | | | त्रिपुरासुन्दरी |
| | | दोलखा | मेलुङ |
| | | | बैतेश्वर |

## १.९.३ रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कम्पोनेन्ट (Rani Jamara Kulariya Irrigation Project-RJKIP, Agriculture Component)

रानी जमरा कुलरिया सिँचाइ प्रणाली कृषकबाट निर्माण गरी व्यवस्थापनसमेत गरिएको सबैभन्दा ठूलो सिँचाइ प्रणाली हो। यस प्रणालीको पानीको स्रोत कर्णाली नदी रहेको छ। कृषक निर्मित्त यस प्रणलीले करिब १४३०० हे. जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको देखिन्छ। यस रानी जमरा कुलरिया सिँचाइ प्रणाली अन्तर्गत ३ वटा सिँचाइ कुलाहरू रानी, जमरा र कुलरिया कुलो समावेश गरी नामाकरण भएको छ। यस प्रणालीको दक्षिण भागमा सिँचाइ गर्न रानी कुलो, मध्यभागमा जमरा कुलो र उत्तरी भागमा सिँचाइ गर्न कुलरिया कुलो व्यवस्था भएको देखिन्छ। यी कुलाहरूको व्यवस्थापन गर्न आ-आफ्नो प्रणालीको जल उपभोक्ता संस्था (कुलो संस्था) रहेको र तीनै प्रणालीको संयुक्त व्यवस्थापन तथा समन्वयको लागि "रानी जमरा कुलरिया जल उपभोक्ता संस्था" रहेको छ। प्राप्त तथ्याङ्कको आधारमा रानी, जमरा तथा कुलरिया सिँचाइ कुलाहरूको हालको सिञ्चित क्षेत्र क्रमशः ४,२२८ हे., ४,१३३ हे. र २,६०३ हे. गरी कूल १०,९६४ हे. रहेको देखिएको छ। यो आयोजना सबै सिँचाइ प्रणालीबाट आयोजनाका कार्यक्षेत्रभित्र सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा सञ्चालित आयोजना हो। यस आयोजनाको प्रभाव क्षेत्रमा आधुनिक तरिकाबाट कृषि व्यवसाय सञ्चालनको लागि आयोजनाबाट कम्पोनेन्ट २ मा कृषि उत्पादन सहयोग कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। यस व्यवस्थाअनुसार कृषि उत्पादन सहयोग कार्यक्रम सञ्चालनको लागि रानी जमरा कुलरिया सिँचाइ आयोजना, कृषि कार्यक्रम कार्यान्वयन इकाई, टीकापुरको रहेको छ। यो आयोजनाको निर्माणपश्चात आफ्नो कार्यक्षेत्रको १४,३०० हे. क्षेत्रफलमा सिँचाइ सुविधा पुर्याउने छ। यो आयोजनाले २५,००० घरपरिवार र १,६०,००० जनसङ्ख्यालाई प्रत्क्षयरूपमा सेवा पुर्याउने छ। यो आयोजनाको चार वटा आयमहरू छन्।

### १.९.३.१ आयोजनाका सम्भागहरू

सम्भाग-१ सिँचाइ पूर्वाधारहरूको आधुनिकीकरण

सम्भाग-२ (क) जल उपभोक्ता समितिको सुदृढीकरण

सम्भाग-२ (ख) कृषि उत्पादन सहयोग

सम्भाग-३ आयोजना व्यवस्थापन

#### १.९.३.२ आयोजनाको कूल लागत र स्रोतको विवरण (मिलियन अमेरिकी डलरमा)

| आयाम अनुसार आयोजनाको लागत | नेपाल सरकार | दातृ निकाय विश्व बैंक (आइ.डि.ए.) आन्तरिक/बाह्य | लाभग्राहीको लगानी | कूल लागत |
|---|---|---|---|---|
| आयाम १-सिँचाइ पूर्वाधारहरूको आधुनिकीकरण | ०.८ | ५१.३ | ०.९ | ५२.९ |
| आयाम २-कृषि उत्पादन सहयोग र जल उपभोक्ता समितिको सुदृढीकरण | ०.० | ११.३ | २.१ | १३.४ (मध्ये ACIU को १०.९१ मिलियन अमेरीको डलर) |
| आयाम ३-आयोजना व्यवस्थापन | २.१ | ३.४ | ० | ५.५ |
| **कूल लागत** | २.८ | ६६.० | ३.० | ७१.८ |

### १.९.४ नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (Nepal Livestock Sector Innovation Project-NLSIP)

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको (आ.डि.ए) ८० मिलियन अमेरिकी डलर ऋण सहयोगसहित कूल ११५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशु सेवालाई सुदृढीकरण गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्य शृङ्खलाको विकासको साथै जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने गरी तयार गरिएको आयोजना हो। यस आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयनमा आएको छ। आयोजनाले २८ वटा जिल्लाका २९० वटा पालिकाहरूमा आफ्ना सेवाहरू सञ्चालन र विस्तार गर्ने छ। यस आयोजनामा चारवटा सम्भाग र आठवटा उपसम्भागहरू रहेका छन् र यस आयोजनाबाट उपलब्ध गराउने अनुदान वित्तीय संस्थामार्फत गराउने नविनतम प्रयासको सुरूवात गरिएको छ। यस आयोजनामार्फत बाख्राको मूल्य शृङ्खला विकास, दुग्ध मूल्य शृङ्खला विकास र च्याङ्ग्रा मूल्य शृङ्खला विकासमा बीस प्रतिशत कृषकतर्फबाट, सो लगानीमा तीस प्रतिशत वित्तीय संस्थामार्फत ऋण प्रवाह र बाँकी पचास प्रतिशत आयोजनाको तर्फबाट अधिकतम एक करोडसम्म अनुदान दिने व्यवस्था गरिएको छ। छनौट गरिएका मूल्य शृङ्खलामध्ये बाख्रा र दुग्ध आयात प्रतिस्थापन र पश्मिनाले निर्यात प्रर्वद्धनमा सहयोग पुर्याउने लक्ष्य लिइएको छ।

#### १.९.४.१ उद्देश्य

पशुवस्तुहरूको उत्पादकत्व वृद्धि, पशुजन्य उत्पादनहरूको मूल्य शृङ्खला अभिवृद्धिका साथै साना पशुपालक कृषकहरू र पहिना गरिएका मूल्य शृङ्खलामा आधारित उद्यमहरूको जलवायु अनुकूलन क्षमतामा सुधार गर्ने।

#### १.९.४.२ केन्द्रीय कार्यालय

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, आयोजना व्यवस्थापन एकाइ, हरिहरभवन।

#### १.९.४.३ मातहतका कार्यालयहरू

विकेन्द्रित आयोजना सहयोग एकाइ, विराटनगर

विकेन्द्रित आयोजना सहयोग एकाइ, हेटौंडा

विकेन्द्रित आयोजना सहयोग एकाइ, पोखरा

विकेन्द्रित आयोजना सहयोग एकाइ, बुटवल

### १.९.४.४ कार्यक्षेत्र

यस आयोजना नेपालको विभिन्न पाँचवटा प्रदेशका २८ वटा जिल्लामा सञ्चालित छ। केन्द्रमा एउटा आयोजना व्यवस्थापन कार्यालय र सो आयोजना व्यवस्थापन कार्यालयलाई सहयोग पुर्याउन चारवटा विकेन्द्रित आयोजना सहयोग इकाईहरूमार्फत यो आयोजना संघ, प्रदेश र स्थानीय तहको समन्वयमा कार्यान्वयन गरिनेछ।

| क्र.सं. | जिल्ला | प्रदेश | विकेन्द्रित सहयोग इकाई रहने स्थान |
|---|---|---|---|
| १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ र सुनसरी | १ | विराटनगर |
| २ | सप्तरी, धनुषा, सिराहा, काभ्रेपलाञ्चोक, काठमाडौं, मकवानपुर र चितवन | २ र ३ | हेटौंडा |
| ३ | स्याङ्जा, कास्की, मुस्ताङ, मनाङ, तनहुँ र म्याग्दी | ४ | पोखरा |
| ४ | रूपन्देही, नवलपरासी, नवलपुर, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया | ५ | बुटवल |

### १.९.४.५ आयोजनाका सम्भागहरू

यस आयोजना संघ, प्रदेश र स्थानीय तहका सरकारसँगको समन्वयमा र कृषक समूह, सहकारी र निजी क्षेत्रसँगको सहकार्यमा सञ्चालन हुनेछ भने यसका सम्भागहरू Hard Investment (उत्पादनशील पूँजी, पशु सेवा र बजार पूर्वाधार विकास) का साथै Soft Investment (क्षमता अभिवृद्धि, संस्थागत र नियमन सुदृढीकरण) दुवै एक अर्कामा परिपूरक हुने गरी व्यवस्था गरिएको छ। यस आयोजनाको सम्भाग र सोमार्फत सञ्चालन गरिने कार्यक्रमहरूको उद्देश्य निम्नानुसार रहेका छन्।

| सम्भाग | विवरण | उद्देश्य |
|---|---|---|
| क. | संस्थागत तथा आवश्यक नियामक क्षमता सवलीकरण | पशु सेवा क्षेत्रको सुदृढीकरणको लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका क्षेत्रीय, पालिका र स्थानीय तहका कार्यालयको नीति, नियामक रूपरेखा तयारी, सुधार र कार्यान्वयन क्षमता सवलीकरण। |
| ख. | पशु सेवा क्षेत्रमा नविनता प्रवर्द्धन तथा पशु सेवा प्रवाहको आधुनिकीकरण | विशेष मूल्य शृङ्खला (दूध, बाखा र च्याङ्ग्रा) को उत्पादन र उत्पादकत्व वृद्धि गर्ने र उत्पादकलाई बजारीकरण गर्न योग्य परिमाण उत्पादन गर्न सहयोग गर्ने। यो अवधारणाले उत्पादनमा असर गर्ने प्रमुख तत्वहरूको (पशु स्वास्थ्य, जातीय सुधार, पोषण र बथान व्यवस्थापन) विस्तृत एवम् उपयुक्त सन्तुलन गर्न सहयोग पुर्याउँदछ। |
| ग. | विशेष पशुजन्य उत्पादनहरूमा साना किसान समावेशी मूल्य शृङ्खला प्रवर्द्धन | आयात प्रतिस्थापन (दुग्ध उत्पादन र खसीको मासु) र निर्यात प्रवर्द्धन (च्याङ्ग्रा पश्मिना) मा सहयोग पुर्याउने उद्देश्यले वित्तीय संस्थाहरूमार्फत नवीन अवधारणामा छनौट गरिएका मूल्य शृङ्खलामा अधिकतम रू. १ करोड अथवा आयोजनाको कूल लगानीको ५०% जुन कम हुन्छ सो रकम पुरक अनुदानको रूपमा उपलब्ध गराइनेछ। |

| सम्भाग | विवरण | उद्देश्य |
|---|---|---|
| घ. | आयोजना व्यवस्थापन तथा ज्ञान सम्वर्द्धन | आयोजनाको प्रभावकारी रणनीति, कार्यान्वयन योग्य योजना निर्माण, अनुगमन एवम् कार्यान्वयनको सुनिश्चितता गर्नुका साथै प्राप्त सहयोगको प्रभावकारी परिचालन गरी सम्भाग क, ख, ग र घ अन्तर्गत क्रियाकलापहरूका साझेदार र सरोकारवालासँग समन्वय गर्ने।<br>आयोजनाले स्वीकृति जनाएको सुरक्षाको परिपालना, परिणाम, मध्यकालीन र अन्तिम नतिजा मूल्याङ्कन गर्नुका साथै त्यसले साना किसान र उत्पादक संस्था र कृषि उद्यमीहरूमा पार्ने प्रभावसमेत मूल्याङ्कन गर्ने। आयोजनको क्रियाकलाप, परिणाम, असल अभ्यास र सिकाइबारे विभिन्न सरकारी तथा निजी क्षेत्रसँग प्रभावकारी सञ्चार गर्ने। |

## १.९.५ नेपाल कृषि बजार विकास कार्यक्रम (सहज) (Nepal Agricultural Market Development Programme-NAMDP)

### १.९.५.१ कार्यक्रमको परिचय

नेपाल कृषि बजार विकास कार्यक्रम, नेपाल सरकार र स्वीस सरकारको संयुक्त कार्यक्रम हो। यो कार्यक्रम स्वीस कन्ट्याक्ट र वातावरण तथा कृषि नीति, अनुसन्धान प्रसार एवम् विकास केन्द्र (सिप्रेड) द्वारा संयुक्त रूपमा सञ्चालित छ। नेपाल सरकारको कृषि विकास रणनीतिलाई सहयोग पुग्ने किसिमले यो कार्यक्रम तय गरिएको छ। यो कार्यक्रम १२ वर्षको समय अवधिलाई ध्यानमा राखेर तय गरिएको छ। यो कार्यक्रमको प्रथम चरणको कार्यक्रम अवधि मार्च २०१६ देखि डिसेम्बर २०१९ सम्म रहेको थियो भने लागत विस्तार नगरीकन ६ महिनाको अवधि जनवरीदेखि जुन २०२० सम्म थप गरिएको छ। हाल सञ्चालनमा रहेको दोस्रो चरण डिसेम्बर २०२० देखि नोभेम्बर २०२४ सम्मको समयावधि रहेको छ।

### १.९.५.२ उद्देश्यहरू

- सहजले आयात प्रतिस्थापन र निर्यात वृद्धिमा योगदान गर्नेछ। सहजले तुलनात्मक लाभ भएका कृषि उपजको विकासमार्फत गरिबी न्यूनीकरण गर्न योगदान गर्नेछ।
- सहजले वस्तु बजारको विकास गर्नका लागि तीनवटा मुख्य मूल्य शृङ्खला दुईवटा सहायक वस्तु बजारमा काम गर्नेछ।
- सहजले वस्तु बजारको विकास गर्नका लागि दुईवटा क्षेत्रहरू कृषि नीति र महिला तथा पछाडि पारिएको वर्गको सहभागितामा विशेष जोड दिन्छ।
- यस कार्यक्रमको दोस्रो चरण उत्पादन पश्चातका कृषिका क्रियाकलापहरूमा वृद्धि, रोजगारी सिर्जना र निजी क्षेत्रको लगानी वृद्धि गरी कृषि उत्पादनको बजारीकरण र निर्यातलाई सुदृढ गर्ने, सेवा प्रदायकहरूमार्फत कृषि क्षेत्रका साना तथा मझौला उद्योगीहरूमा केन्द्रित भई उत्पादन पश्चातका कृषि व्यवसायमा भएका अवरोधहरू हटाउन, उत्पादनपश्चातका कृषि क्रियाकलापहरू, बजारीकरण एवम् नविनतामा केन्द्रित सेवा क्षेत्रमा आधारित छ।

### १.९.५.३ कार्यक्षेत्र

- प्रथम चरणको पहिलो खण्डमा पूर्वका रामेछाप, ओखलढुंगा र खोटाङ जिल्ला र पश्चिमका सुर्खेत, जाजरकोट, दैलेख, कालीकोट र अछाम जिल्लाका मुख्य सडक खण्ड र सडक सञ्जालहरू।
- प्रथम चरणको दोस्रो खण्डमा अन्य जिल्लाहरूका मुख्य सडक खण्ड एवम् सडक सञ्जाल क्षेत्रहरूमा विस्तार, यसमा तराई क्षेत्रसमेत समावेश।
- प्रथम चरणको अन्तिम वर्षमा प्रदेश नं.-१ मा केन्द्रित रहेको।

## १.९.६ कृषि क्षेत्र विकास कार्यक्रम (Agriculture Sector Development Program-ASDP)

### १.९.६.१ परिचय

| कार्यक्रम लागत मिलियन यूयस डलरमा | |
|---|---|
| नेपाल सरकार | ११.४८ |
| ईफाड ऋण | ३८.२० |
| ईफाड अनुदान | १.८० |
| एस डी सी | ३.०० |
| पालिका | ३.४४ |
| लाभग्राही | ६.६८ |
| निजी क्षेत्र | ३.४८ |
| **जम्मा** | **६८.०८** |

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो। IFAD को आर्थिक सहयोगमा सञ्चालित उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) र नेपालमा अन्य सरकारी तथा दातृ निकायको सहयोगमा सञ्चालित बजारमूखी कार्यक्रमहरूका अनुभव, सफलता र सिकाइहरूमा आधारित भई कृषि विकास रणनीतिका सिद्धान्तहरूलाई अवलम्बन गरी यो कार्यक्रम निर्माण गरिएको हो। गत ४ जुन २०१८ मा नेपाल सरकार र IFAD बीच हस्ताक्षर भई यो कार्यक्रम सञ्चालनमा आएको हो।

कृषि तथा पशुपन्छी विकास मन्त्रालय यस कार्यक्रमको प्रमुख कार्यान्वयन संस्था हो। ६ वर्ष अवधि रहेको यो कार्यक्रम आ.व. २०७५/७६ देखि सञ्चालनमा रहेको छ।

### १.९.६.२ लक्ष्य

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोवास गरेका जनताहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकास लक्ष्य (लक्ष्य १-शून्य गरिबी र लक्ष्य २-शून्य भोकमरी) प्राप्तिमा योगदान पुर्‍याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ।

### १.९.६.३ उद्देश्य

छानिएका उच्च मूल्य जाने कृषि मूल्य शृङ्खला (बाली/वस्तु) हरूको व्यवसायन्मुख उत्पादन र बजारीकरण प्रणालीमा संलग्न साना किसान तथा पिछडिएका ग्रामीण समूहहरू (दलित, जनजाती, मुसलमान,

युवा, भूमिहीन र अन्य समूहहरू) को आय र खाद्य सुरक्षामा दिगो सुधार ल्याई नेपालको दिगो विकास लक्ष्य-९ (उत्पादनशील रोजगार तथा सम्मानजनक काम) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ।

### १.९.६.४ प्रमुख उपलब्धि सूचकहरू

- लाभग्राही सङ्ख्याः प्रत्यक्षः ३५ हजार घरपरिवारहरू (दुई तिहाइ) महिला र एक चौथाइ सीमान्तकृत वर्ग )दलित, जनजाती, मुसलमान, युवा तथा सुकुम्बासी र अन्य(
- सार्वजनिक पूर्वाधार, वित्तीय सेवा र कृषि प्रसार सेवाको विकासबाट थप ४० हजार घरपरिवार अप्रत्यक्षरूपमा लाभान्वित हुने।

### १.९.६.५ कार्यक्रम क्षेत्र

कर्णाली प्रदेश अन्तर्गत छिन्चु-जाजरकोट-डोल्पा, सुर्खेत-कालिकोट-जुम्ला-मुगु, सुर्खेत-दैलेख, सल्यान-रूकुम (पश्चिम) सडक खण्ड र मध्यपहाडी राजमार्ग वरिपरिका सबै १० जिल्लाहरू (सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला र पश्चिम रूकुम) मा यो कार्यक्रम सञ्चालन गरिनेछ।

### १.९.६.६ साझेदार संस्था

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको समग्र जिम्मेवारीमा यो कार्यक्रम कार्यान्वयन हुनेछ। स्वीस विकास नियोगको आर्थिक सहयोगमा हेल्भेटास-स्वीस इन्टर कोअपरेशनबाट सञ्चालित नेपाल कृषि सेवा विकास कार्यक्रम (NASDP) यस कार्यक्रमको सह-कार्यान्वयन संस्थाको रूपमा रहेको छ। अन्य साझेदार संस्थाहरू निम्नानुसार छन्।

- स्थानीय गाउँ तथा नगरपालिकाहरू,
- गैह्रसरकारी संस्थाहरू,
- वित्तीय संघ संस्थाहरू,
- विभिन्न निजी तथा सार्वजनिक संस्थाहरू।

### १.९.६.७ कार्यक्रमका सम्भागहरू (Components)

यस कार्यक्रमका दुईवटा सम्भागहरू रहेका छन्।

**सम्भाग १ : मूल्य शृङ्खला विकास (Value Chain Development)**

नाफामूलक उच्च कृषि मूल्य शृङ्खला/बाली वस्तुहरूको पहिचान र छनौट गर्ने, कृषि मूल्य शृङ्खला विकासको लागि सह-लगानी गर्ने, सामुदायिक तथा सार्वजनिक बजार संरचनाको लागि सह-लगानी, ग्रामीण वित्तीय सेवाको विकास कर्जा, पहुँचमा सहयोग, सहभागितामूलक एवम् बहुसंस्थागत प्रसार सेवा, कृषक सङ्गठनको सुदृढीकरण र महिला सशक्तीकरण तथा घरपरिवार तहको पोषण यस सम्भागको उद्देश्यहरू हुन्। यस सम्भाग अन्तर्गत ४ वटा सह-सम्भागहरू (sub-components) आयोजनाको असरहरूको रूपमा रहेका छन्।

सह-सम्भाग (असर) १ः विस्तारित एवम् विविधिकृत-समावेशी र दिगो कृषि मूल्य शृङखला,
सह-सम्भाग (असर) २ः क्रियाशील-बजारमूखी सार्वजनिक तथा सामुदायिक पूर्वाधार,
सह-सम्भाग (असर) ३ः मूल्य शृङ्खला विकासका लागि-सुदृढ ग्रामीण वित्तीय सेवा,
सह-सम्भाग (असर) ४ः मूल्य शृङ्खला विकास र नविनताको लागि-दिगो कृषि सेवा सहयोग।

**सम्भाग २ : कार्यक्रम समन्वय (Program management and Coordination)**

कार्यक्रमको समग्र व्यवस्थापनको लागि वीरेन्द्रनगर, सुर्खेतमा आयोजना समन्वय कार्यालय (PCO) रहनेछ। यस कार्यालयले केही क्रियाकलापहरू (जस्तैः ग्रामीण वित्त) प्रत्यक्ष आफैंले र अन्य कार्यहरू निजी तथा सार्वजनिक क्षेत्रका सम्बन्धित संघ/संस्थाहरू (जस्तैः एमएसपी, पालिकाहरू, पाकृविसहरू (MADCs), साकृप्रसेकेहरू (CAESCs), एग्रोभेटहरू र स्थानीय स्रोत व्यक्तिहरू) मार्फत कार्यान्वयन हुनमा सहजीकरण गर्नेछ। कृषि सेवा कार्यक्रमको लागि हेल्भेटास-स्वीस इन्टरकोपरेशन सह-कार्यान्वयनकर्ता रहनेछ। यस सम्भागले समग्र कार्यक्रमको योजना तर्जुमा, नियमित अनुगमन तथा मूल्याङ्कन, सिकाइ तथा ज्ञान व्यवस्थापन कार्यहरूको संयोजन एवम् सहजीकरण गर्नेछ। आयोजनाका चारवटै सडक खण्डहरूमा फिल्ड टिम रहने गरी चारवटा फिल्ड इकाईहरू रहने छन् भने आयोजना सम्पर्क विन्दुको रूपमा काठमाडौंमा आयोजना सम्पर्क कार्यालय रहनेछ।

## १.९.६.८ सङ्गठनात्मक ढाँचा

कृषि विकास कार्यक्रमको समग्र जिम्मेवारी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा रहनेछ। कार्यक्रम कार्यान्वयनको सहजीकरण वीरेन्द्रनगर, सुर्खेतस्थित आयोजना समन्वय कार्यालयले गर्नेछ। कार्यक्रमको माथिल्लो तहमा समानान्तर सरकार तथा दाताहरूका सहयोग प्राप्त कार्यक्रमहरूबीच समन्वय, संयोजन एवम् सहजीकरणको लागि कार्यक्रम निर्देशन समिति (Program Steering Committee) रहनेछ। समितिको अध्यक्षमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव रहने व्यवस्था रहेको छ भने सङ्घीय मन्त्रालयका प्रतिनिधिहरू, सम्बन्धित प्रान्तीय कृषि मन्त्रालयका सचिव, राष्ट्रिय किसान आयोग तथा सम्बन्धित निजी क्षेत्रका प्रतिनिधिहरू रहने व्यवस्था छ।

त्यसैगरी कार्यक्रम समन्वय कार्यालयलाई प्राविधिक पक्षमा सल्लाह एवम् परामर्शको लागि सम्बन्धित प्रान्तीय कृषि मन्त्रालयका सचिव अध्यक्ष रहने गरी प्राविधिक सल्लाहकार समूह (Technical Advisory Group) रहनेछ। समितिमा सङ्घीय, प्रान्तीय एवम् पालिका तहका कृषि, पशुसेवा, वन, कृषि व्यवसायी, खाद्य प्रविधि/ स्वच्छता सम्बन्धी विज्ञहरू रहने व्यवस्था छ।

त्यसै गरी पालिका तहमा कार्यक्रमको समग्र जिम्मेवारी सम्बन्धित पालिका सभा र पालिका परिषद्मा रहनेछ। कार्यक्रम कार्यान्वयन भएका सबै पालिकाहरूमा कार्यरत कृषि तथा पशु सेवाका कर्मचारीहरूले कार्यक्रमका मोबाइल टिम र कार्यक्रम समन्वय कार्यालयका विज्ञहरूको सहयोगमा कार्यक्रम कार्यान्वयनमा सहजीकरण गर्ने छन्। सबै पालिकाहरूमा पालिकास्तर कृषि इकाई गठन गरिनेछ। जिल्ला समन्वय समितिले पालिकाहरूका कार्यक्रमहरूको अनुगमन गर्नेछ। वडा तहमा निर्वाचित वडा समिति कार्यक्रम कार्यान्वयनमा संलग्न रहनेछ। वडा तहका साकृप्रसेकेहरू समग्र कार्यक्रम कार्यान्वयन संयोजनका लागि सम्पर्क विन्दुका रूपमा रहनेछन्।

### १.९.६.९ छनौट गरिएका वस्तु/मूल्य शृङ्खला

कार्यक्रमले नाफामूलक र जलवायु अनुकूलित मूल्य शृङ्खला/बाली वस्तुहरूलाई प्राथमिकता दिनेछ। उच्च मूल्य कृषि वस्तु विकास आयोजनाले कार्यान्वयन गरेका सात मूल्य शृङ्खला/बाली वस्तुहरूको अलावा यसअघि गरिएका अध्ययनबाट देखिएका सम्भावित थप मूल्य शृङ्खला/बाली वस्तुहरू निम्नानुसार छन्।

| | | |
|---|---|---|
| • दूध<br>• मह<br>• अमिला जातका फलफूल | • ओखर<br>• आलुको बीउ,<br>• सिमी | • चिनो<br>• फापर<br>• कागुनो |

यस आयोजनाको वेबसाइट www.asdp.gov.np र इमेल ठेगाना info@asdp.gov.np रहेको छ।

## १.९.७ ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (Rural Enterprise and Economic Development Project-REED)

### १.९.७.१ परिचय

ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना नेपाल सरकार र विश्व बैंकबीच २०७७ पौष ६ गते सम्झौता भई नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालयमार्फत कार्यान्वयनमा रहेको छ। ग्रामीण उद्यमशीलता विकासलाई प्रोत्साहित गर्नका लागि प्रमुख आर्थिक कोरिडोर क्षेत्रका साना कृषि उत्पादकहरू तथा खरिदकर्ताहरूबीचमा उत्पादनमूलक साझेदारी (Productive Partnership) तथा बजार सम्बन्धको विकासमार्फत बजार पहुँच सुदृढ गर्न सहजीकरण गर्नेछ। आयोजनाले आवश्यक नीतिगत खाका, आवश्यक संरचनाहरू निर्माण र क्षमता विकास लगायत अन्य सहयोगी सेवाहरूमार्फत उपयुक्त उद्यमशीलताको वातावरण निर्माण गर्नसमेत सहयोग पुर्याउनेछ। उत्पादनमूलक साझेदारीलाई प्रवर्द्धन गर्ने उत्कृष्ट व्यावसायिक योजनाहरू (Business Plans) लाई पूरक अनुदान, मागमा आधारित साना कृषि बजार केन्द्रहरू निर्माण, मूल्य शृङ्खला सम्बन्धी आधारभूत संरचनाहरू निर्माण साथै प्रादेशिक बजार निर्माण यसका प्रमुख लगानीका क्षेत्रहरू हुन्।

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजनाको लक्ष्य | ग्रामीण बजार पहुँच सुदृढ गर्ने, उद्यमशील वातावरण निर्माण गर्ने र कोभिड-१९ को असरबाट पुनरोत्थानका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने |
| आयोजना सम्झौता मिति | २१ डिसेम्बर, २०२० (२०७७ पुष, ६) |
| आयोजना प्रभावकारी भएको मिति | १९ मार्च २०२१ (२०७७ चैत्र, ६) |
| आयोजना समाप्ती मिति | १५ जुलाई, २०२५ (२०८२ आषाढ, ३१) |
| आयोजना अवधि | सन् २०२५-२०२१ सम्म (५ वर्ष) |
| आयोजनाको कूल लागत (मिलियन अमेरिकी डलर) | १२० (दातृ निकायः ८०, लाभग्राहीको योगदानः ४०) |
| दातृ निकाय | विश्व बैंक |
| आयोजना कार्यान्वयन निकाय | नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय |
| आयोजना लागू हुने प्रदेश सङ्ख्या | ६ (प्रदेश नं-१, प्रदेश नं-२, बागमती, गण्डकी, लुम्बिनी, सुदूरपश्चिम) |
| आयोजना कार्यान्वयन हुने आर्थिक कोरिडोर | मध्यपहाडी लोकमार्ग, हुलाकी राजमार्ग, पूर्वपश्चिम राजमार्ग, भालुवाङ-रोल्पा राजमार्ग, महाकाली राजमार्ग |
| आयोजना लागू हुने पालिका सङ्ख्या | १७१ |
| आर्थिक कोरिडोर कार्यालय सङ्ख्या/रहने स्थान | ४ (पाखीबास, बर्दिबास, बुटवल, डडेल्धुरा) |

### १.९.७.२ आयोजनाको कार्यक्षेत्र

निम्न ५ मुख्य राजमार्गका प्रदेश नं.-१, प्रदेश नं.-२, बागमती प्रदेश, गण्डकी प्रदेश, लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशभित्र पर्ने खण्डलाई आयोजनाको आर्थिक कोरिडोर मानी उक्त कोरिडोरले छुने १७१ स्थानीय तहहरू आयोजनाको कार्यक्षेत्र रहनेछन्। उक्त कार्यक्षेत्रमा ४ वटा आर्थिक कोरिडोर कार्यालयहरूमार्फत आयोजनाका कार्यक्रमहरू सञ्चालन हुनेछ।

| आर्थिक कोरिडोर | प्रदेश | जिल्ला सङ्ख्या | पालिका सङ्ख्या | आर्थिक कोरिडोर कार्यालय |
|---|---|---|---|---|
| मध्यपहाडी लोकमार्ग | प्रदेश नं.-१ | ७ | २२ | पाखिबास |
| | बागमती | ६ | १८ | |
| मध्यपहाडी लोकमार्ग | गण्डकी | ५ | २१ | बुटवल |
| भालुवाङ-रोल्पा लोकमार्ग | लुम्बिनी | ४ | ९ | |
| हुलाकी राजमार्ग | प्रदेश नं.-२ | ८ | ८४ | बर्दिबास |
| पूर्व पश्चिम राजमार्ग | | | | |
| महाकाली राजमार्ग | सुदूरपश्चिम | ५ | १७ | डडेल्धुरा |
| **जम्मा** | | **३५** | **१७१** | |

### १.९.७.३ सम्भाग अनुसार सञ्चालन हुने मुख्य-मुख्य कार्यक्रमहरू

| सम्भाग | | कार्यक्रमहरू |
|---|---|---|
| सम्भाग १ | ग्रामीण उत्पादनमूलक साझेदारीमार्फत कृषकहरूको बजार आवद्धता सुनिश्चित गर्ने | • समूहगत पहलमा व्यक्तिगत वा सामूहिक उद्यम विकासमा सहजीकरण,<br>• उत्पादनको बजार सुनिश्चितताका लागि उत्पादक संस्था र व्यापारीबीच उत्पादनमूलक साझेदारी निर्माण सहजीकरण,<br>• समूह, उद्यमी, सहकारीहरूको क्षमता अभिवृद्धि,<br>• कृषक समूह, सहकारीहरूमा उद्यम विकासका लागि पुरक अनुदान। |
| सम्भाग २ सङ्घीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउने। | | |
| सम्भाग २ क | प्रादेशिक तथा स्थानीय सरकार एवम् सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने | • आवश्यकता पहिचान सर्वेक्षण प्रतिवेदनको आधारमा क्षमता अभिवृद्धि,<br>• प्रादेशिक तथा स्थानीय तहका कृषि/पशुपन्छी विकास सम्वद्ध निकायहरूको क्षमता अभिवृद्धि,<br>• कृषि तथा पशुपन्छी विकास मन्त्रालय मातहतका निकायहरूको क्षमता अभिवृद्धि,<br>• प्राङ्गारिक प्रमाणीकरण तथा खाद्य सुरक्षा कार्यविधि निर्माणमा सहयोग। |
| सम्भाग २ ख | कृषिसँग सम्बन्धी संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने | • कृषि व्यवसायमा संलग्न साना तथा मझौला उद्यम (SMEs) एवम् कृषि सूचना प्रविधि प्रवर्द्धक (Agri tech Start up) हरूलाई Business Incubation सहयोग,<br>• SMEs तथा Agri tech Start up हरूलाई Business Coaching र क्षमता अभिवृद्धि। |
| सम्भाग ३ | कोभिड १९ को असहज परिस्थितबाट अवरूद्ध खाद्य शृङ्खला तथा ग्रामीण अर्थतन्त्रको पुनर्स्थापना तथा मजवुत गर्ने | • साझेदारीमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण,<br>• साझेदारीमा मागमा आधारित मूल्य शृङ्खला पूर्वाधार निर्माण,<br>• साझेदारीमा प्रादेशिक कृषि बजार केन्द्र तथा मूल्य शृङ्खला पूर्वाधार निर्माण,<br>• निर्माण कार्यमा कोभिड प्रभावितका लागि Cash for work पद्धतिमा कार्यक्रम सञ्चालन। |

| सम्भाग | | कार्यक्रमहरू |
|---|---|---|
| सम्भाग ४ | आयोजना व्यवस्थापन | • आयोजना कार्यालयहरू स्थापना र व्यवस्थापन,<br>• आयोजानबाट सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन,<br>• आयोजना लागू भएका गाउँपालिकाहरू तथा प्रदेशहरूसँग समन्वय तथा सहकार्य,<br>• आयोजना सरोकारवाला निकायहरूसँग समन्वय,<br>• आयोजनाको प्रगति समीक्षा गोष्ठी, रिर्पोटिङ तथा मिसन व्यवस्थापन,<br>• सूचना प्रविधिमा आधारित व्यवस्थापन प्रणाली (MIS) को विकास तथा सञ्चालन। |
| सम्भाग ५ | आकस्मिक आपतकालीन प्रतीकार्य | • स्वास्थ्य तथा अन्य प्राकृतिक सङ्कटकालको समयमा अन्य सम्भाग वा दातृ निकायबाट थप बजेट व्यवस्थापनका लागि राखिएको शून्य बजेट सम्भाग |

### १.९.७.४ आयोजनाको मुख्य नतिजा सूचकहरू

| सूचकहरू | लक्ष्य |
|---|---|
| आयोजनाका क्रियाकलापहरूबाट प्रत्यक्ष लाभान्वित कृषक (सङ्ख्या) | २४००० (कम्तीमा ९६०० महिला) |
| साना तथा मझौला उद्यम तथा कृषि प्रविधि Start Up फर्महरूको क्षमता अभिवृद्धि | १०० वटा (कम्तीमा २० महिला) |
| उत्पादक संस्थाहरूको उत्पादनशील साझेदारी अन्तर्गत बिक्रीको औसत मूल्यमा वृद्धि (%) | २० (महिला संस्थाहरूको हकमा ३५) |
| कोभिड १९ सँग सम्बन्धी कार्यक्रमहरू सञ्चालनबाट अल्पकालीन रोजगारी सिर्जना (सङ्ख्या) | ५७०० (कम्तीमा २८५० महिला) |

### १.९.७.५ आयोजनाका लाभग्राहीहरू

आयोजनाले लक्षित गरेका समूह/सहकारी/संघहरू जस्ता उत्पादनमूलक सङ्गठनमा आवद्ध लगभग ९४० उत्पादनमूलक सङ्गठनहरू र यसमा आवद्ध करिब २४ हजार ग्रामीण उत्पादक एवम् साना कृषकहरू (३५% महिला) ले आयोजनाको साझेदारी सहयोग (५०% सुरूवाती पूँजी) प्राप्त गर्न सक्नेछन्। यसैगरी आयोजनाले मध्यस्थकर्ता संस्थामार्फत करिब १०० साना तथा मझौला कृषि उद्यमी/व्यवसायी/कृषि सूचना प्रविधि प्रवर्द्धकको क्षमता विकासमा सहयोग पुर्याउनेछ। प्रादेशिक तथा स्थानीय तहमा निर्माण हुने कृषि विकास सम्बन्धी संरचनाहरू, मूल्य शृङ्खला विकास पूर्वाधारहरूबाट समुदायका करिब ३५०० व्यक्तिहरू लाभान्वित हुनेछन् भने कोभिड-१९ प्रभावित करिब ५७०० व्यक्तिका लागि ग्रामीण रोजगारीको अवसर सिर्जना हुनेछ। आयोजना कार्यक्षेत्रका ८० वटा स्थानीय तह र ६ वटा प्रदेशहरूमा सङ्घीय संरचना अनुसार संस्थागत क्षमता विकासमा समेत आयोजनाले सहयोग पुर्याउनेछ। यस आयोजनाको वेबसाइट https://reed.moald.gov.np/ र इमेल ठेगाना reed.moald@gmail.com रहेको छ।

## १.९.८ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project-NAFHA)

### १.९.८.१ परिचय

नेपाल सरकार, एसियाली विकास बैंक तथा विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको लगानीमा नेपालका पहाडी क्षेत्रमा १० प्रजातिका फलफूल बालीको विकास तथा विस्तार गर्न नेपाल सरकारले पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना सञ्चालन गरेको छ। आयोजनाको लगानी ९३.४५ मिलियन अमेरिकी डलर रहेको छ भने दातृ निकाय तथा नेपाल सरकारको देहाय अनुसारको सहलगानीमा यो योजना सञ्चालनमा रहेको छ।

| लगानीको स्रोत | लगानी रकम (अमेरिकी डलर) |
|---|---|
| एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण | १ करोड |
| एसियाली विकास बैंकको अनुदान | ६ करोड |
| विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रमको अनुदान | ९० लाख |
| नेपाल सरकार | १ करोड ४४ लाख ५० हजार |
| **जम्मा** | **९ करोड ३४ लाख ५० हजार** |

नेपालका मध्यपहाडी क्षेत्रमा फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धनमार्फत ग्रामीण रोजगारी सिर्जना गर्दै कृषकहरूको आयस्तर वृद्धि गर्ने उद्देश्यका साथ नेपाल सरकार, एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग, विश्व कृषि तथा खाद्य कार्यक्रमको अनुदान सहयोग र नेपाल सरकारको सहलगानीमा आ.व. २०७९/८० देखि २०८६/८७ सम्म सञ्चालन हुने गरी पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project-NAFHA) लागू भएको छ।

### १.९.८.२ उद्देश्य

यो आयोजना लक्षित १० प्रजातिका फलफूलहरूको आयात प्रतिस्थापन गर्दै आत्मनिर्भरता तथा निर्यात प्रवर्द्धन गर्न १०००० हेक्टर क्षेत्रफलमा बगैंचा विस्तार गर्ने, फलफूल बिरूवाहरूमा आत्मनिर्भर हुने, फलफूल मूल्य शृङ्खला विकास गर्ने उद्देश्यहरू हासिल गर्दै आयआर्जन प्रवर्द्धन तथा रोजगारी सिर्जनामार्फत समग्र अर्थतन्त्रको विकास गर्ने मूलभूत उद्देश्यका साथ यस आयोजनाले निम्नानुसारका तीनवटा प्रतिफल प्राप्त गर्ने लक्ष्य राखेको छ।

**क. बागवानी क्षेत्र व्यवस्थापन तथा नर्सरी क्षमताका लागि संस्थागत क्षमता अभिवृद्धि**

यस लक्ष्य प्राप्तिका लागि आयोजनाले निम्नानुसारका कार्यक्रम सञ्चालन गर्ने योजना तय गरेको छ।

- निजी क्षेत्रका नर्सरीहरूको गुणस्तरीय बिरूवा उत्पादन गर्ने क्षमता वृद्धि गर्न अनुदान तथा प्रविधि सहयोग प्रदान गर्ने।
- रोग तथा अन्य जैविक समस्यारहित गुणस्तरीय बिरूवा उत्पादन गर्न निजी क्षेत्रलाई सक्षम तुल्याउने।
- नर्सरी सम्बन्धी मापदण्ड तथा कानुनी व्यवस्था तथा सोको निरीक्षण प्रणालीको विकास गर्ने।
- अन्तर्राष्ट्रियस्तरमा स्वीकार्य हुन सक्ने sanitary and phytosanitary मापदण्ड पूरा गर्न सक्ने गरी फार्म केन्द्रहरूको क्षमता विकास गर्न केन्द्र अन्तर्गत कार्यरत प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने।

- निजी नर्सरीहरूमा नवीन तथा उत्कृष्ट जर्मप्लाज्मको विस्तार गर्ने।
- फलफूल बालीहरूमा जलवायु परिवर्तन अनुकूल प्रविधिहरूको विकासका लागि अनुसन्धान गर्ने।
- नर्सरी प्रमाणीकरण प्रणालीको विकास गरी निजी नर्सरीहरूको प्रमाणीकरण गर्ने।
- कृषि सामग्री तथा सेवा प्रदायक निजी क्षेत्रका सेवा प्रदायक तथा सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने।

**ख. आयोजनामा संलग्न हुने कृषकहरूको फलफूल तथा काष्ठफल बालीको उत्पादन तथा उत्पादकत्व वृद्धि**

यस लक्ष्य अन्तर्गत आयोजनाले ३४ जिल्लाका १०० वटा स्थानीय तहहरूमा १० वटा फलफूल बालीहरू सुन्तला, जुनार, कागती, स्याउ, ओखर, किवी, एभोकाड़ो, पिकानट, मेकाडेमिया नट र कागजी बदामका १०००० हेक्टर क्षेत्रफलमा ३०००० कृषकहरूको सहभागितमा बगैंचा विकास गर्ने तथा १००० हेक्टर जमिनमा १०००० कृषकहरूको सहभागितामा फलफूल बगैंचा विस्तारमा सहभागी हुन नसक्ने कृषकहरूलाई तरकारी तथा अन्य रैथाने बालीका फार्म विकास गर्नका लागि निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

- बालीहरूको खेती पद्दति, समग्र बगैंचा व्यवस्थापन, असल कृषि अभ्यास, एकीकृत रोग तथा कीरा व्यवस्थापन, उत्पादनोपरान्त प्रविधि लगायतको प्रवर्द्धन गर्ने।
- करिब ३०००० कृषकहरूलाई फलफूल बालीहरूको खेती प्रविधि सम्बन्धमा क्षमता अभिवृद्धि गर्ने।
- फलफूल बगैंचा विकास गर्न इच्छुक कृषि उद्यमी, कृषि सहकारी तथा कृषक समूहहरूलाई बगैंचा विकासका लागि कूल लागतको ५०% अनुदान प्रदान गर्ने।
- विकसित बगैंचामा लगाइएका फलफूल बिरूवाहरू हुर्काएबापत प्रति बिरूवाका हिसाबले प्रोत्साहन अनुदान प्रदान गर्ने।
- बैंकहरूमा आयोजनाको तर्फबाट ६० मिलियन अमेरिकी डलर बराबरको क्रेडिट ग्यारेन्टी फण्ड स्थापना गरी सोको व्यवस्थापनमार्फत आयोजनाका कृषकहरूको वित्तीय पहुँच अभिवृद्धि गर्ने।
- बाँझो रहेका पहाडी जमिनमा फलफूल बगैंचा विस्तार गरी सोमार्फत हुन सक्ने कार्बन कारोबारको सम्भावनाका लागि आवश्यक अध्ययन तथा अभिलेखीकरण प्रणाली विकास गर्ने।

**ग. पहाडी क्षेत्रका बागवानीजन्य उत्पादनहरूको मूल्य अभिवृद्धि**

बागवानी मूल्य शृङ्खलामा कृषकहरूको प्रत्यक्ष सहभागितामार्फत नाफामूलक बजारीकरण अवसरहरूको उपयोगमा पहुँच अभिवृद्धि गर्न स्थानीय तहहरू, कृषि सहकारीहरू तथा स्थानीय सेवा प्रदायकहरूमार्फत निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गर्नेछ।

- बालीहरूको व्यावसायिक योजना तयार गरी बाली विशेष बजारीकरणका लागि संस्थागत क्षमता विकासका लागि सहयोग गर्ने।
- कृषक सहकारीहरू तथा स्थानीय कृषक संस्थाहरूलाई असल कृषि अभ्यास, खाद्य स्वच्छता तथा अन्य मान्यता प्राप्त गुणस्तर प्रमाणीकरण पद्दतिहरूका विषयहरूमा क्षमता अभिवृद्धि गर्ने।
- खरिदकर्ता तथा उत्पादक सहकारीहरूबीच खरिद सम्बन्धी सम्झौता तथा सोको दिगोपनका लागि सहजीकरण गर्ने।
- बागवानीजन्य वस्तुको उत्पादनोपरान्त व्यवस्थापनका लागि आवश्यक प्रविधि, पूर्वाधार तथा औजार उपकरणहरूमा अनुदान सहयोग गर्ने।
- फलफूल मूल्य शृङ्खलामा उपयोगी स्थानीय पूर्वाधार विकासमा सहयोग गर्ने।

### १.९.८.३ आयोजनाको कार्यक्षेत्र

| क्र.सं. | प्रदेश | जिल्ला सङ्ख्या | स्थानीय तह सङ्ख्या |
|---|---|---|---|
| १ | कोशी प्रदेश | ७ | २२ |
| २ | बागमती प्रदेश | ३ | ८ |
| ३ | गण्डकी प्रदेश | १० | ३४ |
| ४ | कर्णाली प्रदेश | ९ | २० |
| ५ | सुदूरपश्चिम प्रदेश | ५ | १६ |
| | **जम्मा** | **३४** | **१००** |

### १.९.८.४ आयोजनाबाट सञ्चालन हुने मुख्य क्रियाकलापहरू

क) स्किम एकः क्रेडिट ग्यारेन्टी फण्ड (Credit Guarantee Fund)

ख) स्किम दुई-कृषक, कृषक समूह तथा कृषि सहकारीहरूलाई आंशिक अनुदान,

ग) स्किम तीन-कृषक सहकारीहरूलाई समपूरक अनुदान,

घ) स्किम चार-कृषि उद्यमीहरूलाई समपूरक अनुदान,

ङ) स्किम पाँच-स्थानीय तहहरूको सहलगानीमा मूल्य शृङ्खला पूर्वाधार विकासमा अनुदान,

च) स्किम छ-निजी नर्सरी सुदृढीकरणका लागि समपूरक अनुदान।

### १.९.८.५ आयोजना कार्यान्वयन गर्ने निकायहरू

**केन्द्रीय आयोजना व्यवस्थापन एकाइ (Central Project Management Unit)**

- राष्ट्रिय फलफूल विकास केन्द्रअन्तर्गत यसै केन्द्रका प्रमुख (सहसचिव) को नेतृत्वमा एक केन्द्रीय आयोजना व्यवस्थापन एकाइ रहनेछन्। आयोजनाको समग्र व्यवस्थापन, वार्षिक कार्यक्रम तथा योजना, ठूला किसिमका अनुदानका कार्यक्रम सञ्चालन, स्रोत केन्द्रको विकास तथा क्षमता अभिवृद्धि, जर्मप्लाज्म खरिद तथा आयात लगायत आयोजना सम्बन्धी नीतिगत व्यवस्थापन गर्न यस एकाइले कार्य गर्नेछ।

**आयोजना कार्यान्वयन एकाइ (Project Implementation Unit)**

आयोजना लागू भएका ५ वटा प्रदेशहरू कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशस्थित कृषि मन्त्रालय अन्तर्गतका कृषि विकास निर्देशनालयका निर्देशकको नेतृत्वमा ५ वटा आयोजना कार्यान्वयन एकाइ रहनेछन्। आयोजना लागू भएका स्थानीय तहहरूमा लक्षित बालीका बगैंचा विस्तार गर्न अनुदानका कार्यक्रम सञ्चालन तथा सोको समग्र व्यवस्थापन यी एकाइहरूले गर्नेछन्।

नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत लक्षित बालीमा आवश्यक प्रविधि विकास समस्यामा आधारित अनुसन्धान तथा प्रमाणीकरण लगायत स्रोत सामग्रीको व्यवस्थापन गर्न नेपाल कृषि अनुसन्धान परिषद् अन्तर्गत एउटा आयोजना कार्यान्वयन एकाइ रहनेछ। आयोजना अन्तर्गत कूल जम्मा ६ वटा आयोजना कार्यान्वयन एकाइ (PIU) हरू रहेका छन्। यस आयोजनाको वेबसाइट https://ncfd.gov.np र इमेल ठेगाना cpmu.nafha@gmail.com रहेको छ।

# १.१० सङ्गठन संरचना

## १.१०.१ कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सङ्गठनात्मक तालिका



## १.१०.२ प्लाण्ट क्वारेन्टिन एवम् विषादी व्यवस्थापन केन्द्रको सङ्गठनात्मक संरचना




**प्लान्ट क्वारेन्टिन एवम् विषादी व्यवस्थापन केन्द्र अन्तर्गतका क्वारेन्टिन कार्यालयहरु:**

१) क्वारेन्टिन कार्यालय (काँकडभिट्टा, विराटनगर, भैरहवा, नेपालगञ्ज र गड्डाचौकी)

२) क्वारेन्टिन कार्यालय (भण्टाबारी, मलंगवा, जलेश्वर, तातोपानी, टिमुरे र कञ्चनपुर)

३) क्वारेन्टिन कार्यालय (विरगंज र काठमाडौं)

४) क्वारेन्टिन कार्यालय (झुलाघाट बैतडी)

५) क्वारेन्टिन कार्यालय (लोमान्डुथान मुस्ता)

**जम्मा १५ क्वारेन्टिन कार्यालय**

## १.१०.३ कृषि सूचना तथा प्रशिक्षण केन्द्रको सङ्गठनात्मक संरचना

**प्रमुख**
(कृषि/समूहकृत नहुने रा.प.प्र.प्रा.)-१

**कृषि तालिम शाखा**
रा.प.द्वि.प्रा. (कृषि प्रसार)-१
रा.प.तृ.प्रा. (बागवानी)-१
रा.प.तृ.प्रा. (बाली विकास)-१
रा.प.तृ.प्रा. (बाली संरक्षण)-१
रा.प.अनं.प्र.प्रा. (कृषि प्रसार)-१

**कृषि सूचना र समन्वय शाखा**
रा.प.द्वि.प्रा. (कृषि प्रसार)-१
रा.प.तृ.प्रा. (बाली विकास)-१
रा.प.तृ.प्रा. (कृषि प्रसार)-१

**कृषि अनुसन्धान तथा विकास प्रतिस्पर्धी कोष व्यवस्थापन शाखा**
रा.प.द्वि.प्रा. (एगृ. इको.)-१
रा.प.तृ.प्रा. (कृषि प्रसार)-१
रा.प.तृ.प्रा. (बागवानी)-१
रा.प.तृ.प्रा. (ल.पो.डे.डे.)-१

**प्रकाशन शाखा**
रा.प.द्वि.प्रा. (कृषि प्रसार)-१
रा.प.तृ.प्रा. (बाली संरक्षण)-१
रा.प.तृ.प्रा. (बागवानी)-१
रा.प.तृ.प्रा. (ल.पो.डे.डे.)-१

**पशुपन्छी तथा मत्स्य तालिम शाखा**
रा.प.द्वि.प्रा. (भेट)-१
रा.प.तृ.प्रा. (ल.पो.डे.डे.)-१
रा.प.तृ.प्रा. (मत्स्य)-१
रा.प.अनं.प्र.प्रा. (ल.पो.डे.डे.)-१

**प्रशासन शाखा**
लेखापाल (रा.प.अनं.प्र.)-१
कम्प्यूटर अपरेटर-१
नायब सुब्बा-१
खरिदार-१
ह.स.चा.-१
का.स. (श्रेणी विहीन)-१

**प्रसारण शाखा**
रा.प.द्वि.प्रा. (कृषि प्रसार)-१
रा.प.तृ.प्रा. (बाली संरक्षण)-१
रा.प.तृ.प्रा. (बागवानी)-१
रा.प.तृ.प्रा. (भेट)-१
रा.प.तृ.प्रा. (विविध)-३
रा.प.अनं.प्र. क्यामेराम्यान (विविध)-१
रा.प.अनं.प्र. प्रेस म्यान (विविध)-१
रा.प.अनं.द्वि. सहायक क्यामेराम्यान (विविध)-१

## १.१०.४ बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्रको सङ्गठनात्मक संरचना



## १.१०.५ नेपाल सरकारको सङ्गठनात्मक संरचना



## १.१०.६ कृषि विभागको सङ्गठनात्मक तालिका



# १.१०.७ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागको सङ्गठनात्मक संरचना



## १.१०.८ पशु सेवा विभाग सङ्गठनात्मक संरचना

**महानिर्देशक**
रा.प.प्र.प्रा. लापोडेडे/भेट/मत्स्य १

**पशुपन्छी रोग अन्वेषण तथा नियन्त्रण महाशाखा**
उप-महानिर्देशक
(रा.प.प्र.भेट)-१

**महामारी, रोग नियन्त्रण तथा व्यवस्थापन शाखा**
वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-२
प.स्वा.प्रा. (भेट)-१

**भेटेरिनरी ईपिडेमियोलोजि शाखा**
वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-२
प.स्वा.प्रा.(भेट)-१

**एकिकृत स्वास्थ्य शाखा**
वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-२

**पशु क्वारेन्टाईन महाशाखा**
उप-महानिर्देशक
(रा.प.प्र.प्रा.भेट)-१

**जोखिम विश्लेषण शाखा**
वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
पशु विकास अधिकृत रा.प.तृ. (लापोडेडे)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१

**आन्तरिक तथा सिमा पशु क्वारेन्टाईन व्यवस्थापन शाखा**
वरिष्ठ पशु चिकित्सक रा.प.द्वि. (भेट)-१
पशु चिकित्सक रा.प.तृ. (भेट)-१.

**आयात निर्यात नियमन शाखा**
वरिष्ठ पशु चिकित्सक रा.प.द्वि.प्रा. (भेट)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
प.स्वा.प्रा. (भेट)-१

**पशुपन्छी अनुवांशिक स्रोत तथा आर्थिक विश्लेषण महाशाखा**
उप-महानिर्देशक
(रा.प.प्र.प्रा. लापोडेडे)-१

**पशुपन्छी तथ्याङ्क व्यवस्थापन तथा आर्थिक विश्लेषण शाखा**
वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा. (लापोडेडे)-१
पशु विकास अधिकृत रा.प.तृ.प्रा. (लापोडेडे)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
तथ्याङ्क अधिकृत रा.प.तृ.प्रा. (तथ्याङ्क)-१
प.से.प्रा. (लापोडेडे)-१

**पशुपन्छी उद्योग व्यवसाय विकास प्रवर्द्धन शाखा**
वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा. (लापोडेडे)-१
पशु विकास अधिकृत रा.प.तृ.प्रा. (लापोडेडे)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
प.से.प्रा. (लापोडेडे)-१

**मत्स्य प्रवर्द्धन तथा संरक्षण शाखा**
वरिष्ठ मत्स्य विकास अधिकृत रा.प.द्वि.प्रा. (मत्स्य)-१
मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा. (मत्स्य)-१
प्रा.स. (मत्स्य)-१

**प्रशासन शाखा**
उप-सचिव (प्रशासन र सा.प्र.)-१
शाखा अधिकृत (प्रशासन र सा.प्र.)-१
लेखा अधिकृत (प्रशासन र लेखा)-१
कानून अधिकृत (प्रशासन र कानून)-१
लेखापाल (प्रशासन र लेखा)-१
नायव सुब्बा (प्रशासन र सा.प्र.)-२
ह.स.चा.-७
का.स. (श्रेणी विहीन)-७

**योजना तथा अनुगमन शाखा**
वरिष्ठ पशु विकास अधिकृत रा.प.द्वि.प्रा. (लापोडेडे)-१
पशु विकास अधिकृत रा.प.तृ.प्रा. (लापोडेडे)-१
कृषि अर्थ विज्ञ रा.प.तृ.प्रा. (एग्री. ईको.)-१
पशु चिकित्सक रा.प.तृ.प्रा. (भेट)-१
मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा. (मत्स्य)-१
प.से.प्रा. (लापोडेडे)-१

**आयोजना समन्वय इकाइ**
आयेजना निर्देशक रा.प. प्रथम (लापोडेडेर भेट)-१
ब.प.वि.अ.रा.प. द्वितीय (लापोडेडे)-१
ब.प.चि.रा.प. द्वितीय (भेट)-१
प.वि.अ.रा.प. तृतीय (लापोडेडे)-२
प.चि.रा.प. तृतीय (भेट)-२
मत्स्य विकास अधिकृत रा.प.तृ.प्रा. (मत्स्य)-१

## १.१०.९ नेपाल पशु चिकित्सा परिषद सङ्गठनात्मक संरचना




## १.१०.१० राष्ट्रिय चिया तथा कफी विकास बोर्ड



## १.१०.११ कृषि सामग्री कम्पनी लिमिटेडको सङ्गठनात्मक संरचना




**दरबन्दी तेरीज सारांश**

| | | | |
|---|---|---|---|
| प्रबन्ध संचालक | - १ | अधिकृत प्रथम | - ६ |
| अधिकृत द्वितीय (प्रा.) | - ७ | अधिकृत द्वितीय (प्रा.) | - २ |
| अधिकृत द्वितीय (लेखा) | - १ | अधिकृत तृतीय | - १७ |
| कम्प्यूटर अधिकृत | - १ | अधिकृत तृतीय (प्रा.) | - २ |
| निर्माण अधिकृत | - १ | अधिकृत तृतीय (लेखा) | - २ |
| सहायक प्रथम | - ८ | प्राविधिक सहायक | - १ |
| कम्प्यूटर अपरेटर | - ३ | सहायक प्रथम (लेखा) | - १ |
| सहायक द्वितीय | - १ | सहायक कम्प्यूटर अपरेटर | - ३ |
| ह.स.चा. | - १ | कार्यालय सहयोगी | - १० |

## १.१०.१२ कालिमाटी फलफूल तथा तरकारी थोकबजार विकास समितिको सङ्गठनात्मक संरचना



## १.१०.१३ कपास विकास समितिको सङ्गठनात्मक संरचना



## १.१०.१४ दूग्ध विकास संस्थानको सङ्गठनात्मक संरचना (केन्द्रीय कार्यालय)



# परिच्छेद-२

# २. वार्षिक कार्यक्रम तथा विनियोजित बजेट

## २.१ आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा विनियोजित बजेट

चालु आ.व. २०८१/८२ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमार्फत सञ्चालन गरिने वार्षिक कार्यक्रमको लागि कूल रू. ५७ अर्ब २९ करोड ५ लाख बजेट विनियोजन भएको छ। सङ्घीय निकायबाट सञ्चालन गरिने कार्यक्रम/आयोजनाको लागि रू. ५० अर्ब २६ करोड ५५ लाख, प्रदेशमा सशर्त अनुदानका रूपमा हस्तान्तरण गरिएका कार्यक्रमहरूको लागि रू. १ अर्ब १५ करोड ६६ लाख र स्थानीय तहमा सशर्त अनुदानका रूपमा हस्तान्तरण गरिएका कार्यक्रमहरूको लागि रू. ३ अर्ब २२ करोड ८४ लाख बजेट विनियोजन गरिएको छ। सङ्घीय निकायबाट सञ्चालन गरिने कार्यक्रम आयोजनाको लागि रू. ५७ अर्ब २९ करोड ५ लाख छुट्याइएकोमा चालु कार्यक्रमतर्फ ९२.४९ प्रतिशत र पूँजीगततर्फ ७.५१ प्रतिशत रहेको छ। अर्थ मन्त्रालयले विनियोजन (रातो किताब) गरे अनुसार कृषि तथा पशुपन्छी विकास मन्त्रालयको बजेट विनियोजनलाई तल उल्लेख गरिएको छ।

### २.१.१ राष्ट्रिय बजेटको तुलनामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको विनियोजित बजेट

| विवरण | आर्थिक वर्ष | | | | |
|---|---|---|---|---|---|
| | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| राष्ट्रिय बजेट | १,४७,४६,४५४ | १,६३,२८,३०० | १,७९,३८,३७३ | १,७५,१३,१२१ | ५,०२,८७,०५२ |
| कृषि तथा पशुपन्छी विकास मन्त्रालयको जम्मा बजेट | ३,७४,०२० (२.५४) | ४,५०,५१६ (२.७६) | ५,५८,९८७(३.११) | ५,५४,८२१ (३.१७) | ५,०२,६५५ |
| सङ्घीय कृषि बजेट | २,९३,२७६ | ३,६२,६६४ | ४,८१,६०३ | ५,०५,९११ | ५०,२६,६५५ |
| (क) पूँजीगत | २,६१,७७४ (८९.२६) | ३,२६,४३७ (९०.०१) | ४,४१,६६० (९१.७१) | ४,६८,३३३ (९२.५७) | ४,६४,८७७ (९२.४) |
| (ख) पूँजीगत | ३१,५०२ (१०.७४) | ३६,२२७ (९.९९) | ३९,९४३ (८.२९) | ३७,५७८ (७.४३) | ६७,७७८ (७.५१) |

**नोटः** कोष्ठभित्रको सङ्ख्याले विनियोजित बजेटको प्रतिशत बुझाउँछ।

### २.१.२ स्रोतअनुसार बजेटको बाँडफाँड

कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०८१/८२ मा कूल विनियोजित रू. ५७ अर्ब २९ करोड ५ लाखमध्ये सङ्घीय कृषि बजेट रू. ५० अर्ब २६ करोड ५५ लाख रहेकोमा रू. ५० अर्ब ४१ करोड ६ लाख नेपाल सरकार (८८ प्रतिशत) र रू. ५ अर्ब १५ करोड ६१ लाख वैदेशिक स्रोत (९ प्रतिशत) रहेको छ। वैदेशिक स्रोतअन्तर्गत वैदेशिक अनुदान (३ प्रतिशत) र रू. १ करोड ७१ लाख ८७ हजार रहेको अवस्था छ। गत आ.व. २०८०/८१ वैदेशिक स्रोत अन्तर्गतको बजेट १५.५६ प्रतिशत रहेकोमा चालु आ.व. २०८१/८२ मा घटेर १२ प्रतिशत मात्र रहेको अवस्था छ।

बजेट रू. लाखमा

| स्रोत | आ.व. २०८०/८१ | | आ.व. २०८१/८२ | |
|---|---|---|---|---|
| | बजेट | प्रतिशत | बजेट | प्रतिशत |
| १. नेपाल सरकार | ४,३२,२४५ | | ५,०४,१५६ | ८८ |
| २. वैदेशिक स्रोत | ७३,६६६ | | | |
| २.१ अनुदान | २३,३७७ | ४.६२ | १७,१८७.१५ | ३ |
| २.२ ऋण | ५०,२८९ | ९.९४ | ५१,५६१.४५ | ९ |

## २.१.३ बजेट उप-शीर्षकअनुसार आ.व. २०८१/८२ मा विनियोजित बजेट, खुद/अन्तिम बजेट र खर्चको विवरण

आर्थिक वर्ष २०८१/८२ (रू. हजारमा)

| कोड | मन्त्रालय /बजेट उपशीर्षक | बजेट | | | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| | | सुरु विनियोजन | खुद कायम | कूल खर्च रकम | |
| ३१२ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ५,०२,८७,०५२ | ४,९६,९८,१२४ | ४,२०,१९,३३० | ८४.५५ |
- राष्ट्रिय पशु स्वास्थ्य नीति, २०७८ को प्रभावकारी कार्यान्वयनको लागि कार्ययोजना तयार गरिएको। यस कार्य योजनामा वित्तीय जिम्मेवारी र तहगत क्रियाकलापहरू समावेश गरिएको। यस कार्ययोजनालाई प्रदेश तथा स्थानीय तहमा छलफल गरी आवश्यक परिमार्जनका साथ स्वीकृत गरिने। यस कार्ययोजनाको सहयोगले सामाजिक, आर्थिक तथा जनस्वास्थ्य क्षेत्रमा नकारात्मक प्रभाव पार्ने पशुपन्छी तथा मत्स्य रोग जस्ता समस्याहरूको निदान, नियन्त्रण, निवारण र उन्मूलन गर्न सकिने हुँदा सबै तहका सरकारले कार्यक्रम तय गर्दा कार्ययोजना अनुरूप गरेमा उक्त नीतिको प्रभावकारी कार्यान्वयन हुनसक्ने।
- पशु स्वास्थ्य सेवा प्रणालीको विद्यमान योजनामूखी मोडललाई संस्थागत प्रणालीमा रूपान्तरण गरी पशु स्वास्थ्य सेवाको सुदृढीकरण गर्ने उद्देश्यका साथ Animal Health System Transformation Project को अवधारणा र स्रोत व्यवस्थापनको सहमतिका लागि सम्बन्धित दस्तावेज अर्थ मन्त्रालय पठाइएको र सो दस्तावेजमा अर्थ मन्त्रालय सहमत भई आवश्यक प्रक्रियाको लागि विश्व बैंकमा पठाइएको। उक्त आयोजनाको कार्यान्वयनपश्चात स्वच्छ र स्वस्थ पशुजन्य उत्पादनको उपलब्धता सुनिश्चित भई विश्व बजारमा प्रतिस्पर्धा गर्न सहज हुने र नेपालको भेटेरिनरी क्षेत्रसमेत सुदृढ हुने देखिएको।
- नेपाल सरकारले प्राथमिकतामा राखेका १० वटा जुनोटिक रोगहरूबारे प्राविधिक लगायत आम नागरिकमा प्रचार-प्रसार गरी जनचेतना बढाउनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका विषय विज्ञको योगदानबाट "जुनोटिक रोग नियन्त्रण पुस्तिका" दोस्रो संस्करणको १००० प्रति २०८१ फाल्गुनमा प्रकाशन गरिएको। उक्त पुस्तिकाले प्राविधिकहरूलाई जुनोटिक रोग निदान र नियन्त्रणका लागि सहयोग पुर्याउने देखिएको।

- खोरेत, रेबिज र पी.पी.आर. रोगहरूको Risk factors सहितको Epidemiological Analysis गर्नका लागि रोग विज्ञानअनुरूप प्रश्नावली तयार गरी ७ वटै प्रदेशमा पठाइएको। ७ वटै प्रदेशबाट प्राप्त तथ्याङ्क सङ्कलन गरी खोपको प्रयोग गरी रोगको रोकथाम गर्न सकिने विशेष सङ्क्रामक रोगहरूको प्रकोपको अध्ययन तथा आन्तरिक मूल्याङ्कन गरिएको। सो मूल्याङ्कनको सहयोगबाट उक्त रोगहरूको रोकथामका लागि आवश्यक रणनीति तथा नीति निर्माणको कार्यमा सहयोग पुग्ने देखिएको।

**पशु स्वास्थ्य महाशाखाबाट सञ्चालित अन्य कार्यहरू**

- नेपाल र चीनबीच Thermally Processed Buffalo Meat Products निर्यात सम्बन्धी सम्झौता पत्र तयार गरी हस्ताक्षरका लागि सहजीकरण।
- बागमती र कोशी प्रदेशमा खोरेत मुक्त क्षेत्र घोषणा गर्न जोन निर्धारण गर्न सहजीकरण।
- SAARC Agriculture Center र कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सहआयोजनामा SAARC Regional Training Program on Molecular Diagnosis and Laboratory Surveillance of Peste des Petits Ruminants (PPR) कार्यक्रम सम्पन्न।
- व्यावसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन निर्देशिका, २०८१ (पहिलो संशोधन), पशु वधशाला र मासु जाँच नियमावली, २०८१ (पहिलो संशोधन) लागू गरिएको।
- पशु क्वारेन्टाइन कार्यालय, पोखरा क्षेत्रीय विमानस्थल र पशु क्वारेन्टाइन कार्यालय, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, भैरहवामा चेकपोष्टहरूको स्थापनामा सहजीकरण।
- विभिन्न विधेयकहरूको मस्यौदा तयार गरिएको
  - सङ्क्रामक पशु रोग नियन्त्रण विधेयक, २०८१
  - नेपाल पशु चिकित्सा परिषद् ऐन, २०८१ (संशोधन)
  - एकीकृत विधेयक, २०८२

**३.१.१.२.४ पशुपन्छी तथा मत्स्य विकास महाशाखा**

- पशु पहिचान तथा ट्रेसिबिलिटी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार, पशु कल्याण विधेयकको प्रारम्भिक मस्यौदा तयार।
- दुधको भुक्तानी नभएको विषयमा सरोकारवालासँग बैठक सञ्चालन (मिति २०८१/३/१६, २०८१/८/१२ र २०८२/२/६ गरी कूल ३ पटक),
- प्रत्येक वर्षको वैशाख ७ गतेलाई राष्ट्रिय याक दिवस घोषणा गर्ने विषय नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- स्वीकृत पशुपालन असल अभ्यास कार्यान्वयन निर्देशिका, २०८० को तीनै तहमा अभिमूखीकरण, अनुगमन र प्रतिवेदन तयारी कार्यक्रम सम्पन्न गरिएको।
- दुग्ध विकास संस्थानलाई एक दिगो, व्यावसायिक, प्रतिस्पर्धी र सक्षमरूपमा रूपान्तरण गर्न राष्ट्रिय किसान आयोगका सदस्य सचिवज्यूको नेतृत्वमा मिति २०८१/६/९ गते एक कार्यदल गठन भई उक्त कार्यदलले विभिन्न ९ बुँदे सिफारिसका साथै अल्पकालीन, मध्यकालीन र दीर्घकालीन सुधारको २३ बुँदे कार्ययोजनाहरू सहितको प्रतिवेदन मिति २०८१/७/१३ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा माननीय मन्त्रीज्यू तथा श्रीमान् सचिवज्यू समक्ष पेश गरिएको।

### ३.१.१.२.५ कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा

**कृषि कर्जा, बीमा तथा विपद् व्यवस्थापन शाखा**

**कृषि कर्जा सम्बन्धी**

| कृषि क्षेत्रको कर्जा सम्बन्धी विस्तृत विवरण | असार मसान्तसम्म | | | वार्षिक परिवर्तन | | | |
|---|---|---|---|---|---|---|---|
| | २०८० | २०८१ | २०८२ | २०८०/८१ | | २०८१/८२ | |
| | | | | रकम | प्रतिशत | रकम | प्रतिशत |
| बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित कृषि तथा पशुपन्छी कर्जा | ५९२३७१.४६ | ६३१७०८.६८ | ६९८०१५.७४ | ३९३३७.२३ | ६.६४ | ६६३०७.०६ | १०.५० |
| सहुलियतपूर्ण कर्जाका लागि प्रवाह गरिएको कूल ब्याज अनुदान (रू.) | २२३९०.८२ | २४८९०.९६ | २८४९०.३९ | २५००.१४ | ११.१७ | ३५९९.४३ | १४.४६ |

**(सहुलियतपूर्ण कर्जाका लागि प्रबाह गरिएको कूल ब्याज अनुदान जसमा कृषि क्षेत्र लगायत अन्य क्षेत्रमा प्रवाह भएको ब्याज अनुदान समेत)**

**बीमा सम्बन्धी**

- नेपाल सरकार मन्त्रिपरिषद्ले मिति २०८१/०६/१४ गते स्वीकृत गरेको बीमा प्रिमियममा अनुदान प्रतिशतअनुसार आ.व. २०८१/८२ का लागि यस मन्त्रालयको मा. मन्त्रीस्तरको मिति २०८१/६/१६ को निर्णयबमोजिम “बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१" स्वीकृत भई कार्यान्वयन भएको।
- आ.व. २०८१/८२ मा पशुपन्छी तथा मत्स्य बीमातर्फ बीमाशुल्कको प्रिमियममा अनुदान बापतको रकम रू. १,४३,०८,८८,७५५.९० र कृषितर्फ रू. १७,०७,८९,१८९.२५ गरी कूल रकम रू. १,६०,१६,७७,९४५.१५ अनुदान रकम भुक्तानी भएको।
- आ.व. २०८१/८२ को कृषि तथा पशुपन्छी बीमाको अवस्थाः

| क्र.सं. | विवरण | कृषि | पशुपन्छी | जडिबुटी | जम्मा |
|---|---|---|---|---|---|
| १ | बीमालेख सङ्ख्या | १६७७.० | १,६०,३३२.० | १ | १,६२,०१०.० |
| २ | बीमाङ्क रकम | १,९२,८४,९१,३२५.२८ | ३४,९१,६३,७३,४६१.८२ | ४२,०००.० | ३६,८४,४९,०६,७८७.१० |
| ३ | बीमाशुल्क | ११,२८,६७,११५.३४ | १,५८,८३,९८,१२१.८३ | १२६० | १,७०,१२,६६,४९७.१७ |
| ४ | अनुदान रकम | १७,०७,८९,१८९.२५ | १,४३,०८,८८,७५५.९० | - | १,६०,१६,७७,९४५.१५ |

**विपद् व्यवस्थापन सम्बन्धी**

- २०८२ सालको मनसुनजन्य विपद्बाट हुन सक्ने क्षति न्यूनीकरणका लागि पूर्वतयारी तथा प्रतिकार्यका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नेतृत्व लिएको खाद्य सुरक्षा क्लष्टरको तर्फबाट मनसुन पूर्व तयारी तथा प्रतीकार्य राष्ट्रिय कार्ययोजना, २०८२ तयार गरी राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पठाइएको र सोहीअनुसार कार्यान्वयनमा रहेको।

**क्वारेन्टाइन समन्वय शाखा**

- National SPS Notification Authority को रूपमा कार्य गरी विश्व व्यापार सङ्गठनको Agreement on Sanitary and Phytosanitary measures अनुरूप नेपालको परम्परागत खाद्य पदार्थ छुर्पीको गुणस्तर मापदण्डको notification तयार गरी सदस्य राष्ट्रहरूलाई Notify गरेको।
- विश्व व्यापार सङ्गठनको प्रावधानबमोजिम नियमितरूपमा हरेक ७ वर्षमा हुने व्यापार नीतिको समीक्षा सन्दर्भमा नेपालको सन् २०२५ मा हुने तेस्रो समीक्षाका लागि Initial request for statistical data and documents अनुसार Agriculture अन्तर्गत रहेका प्रश्नावलीको विषयमा यस मन्त्रालय तथा मातहतका निकायहरूसँग सम्बन्धित मुख्य नीतिगत परिवर्तन सम्बन्धी विवरण तयार गरी, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पठाइएको।
- खाद्य, पशु तथा बिरूवा क्वारेन्टाइन सम्बन्धित विषयमा तथा समस्या समधानको लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, पशु सेवा विभाग, प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र, भन्सार विभाग लगायतका सरोकारवालाहरूसँग नियमितरूपमा समन्वय गरेको।
- विश्व व्यापार सङ्गठनको सचिवालयको प्रतिवेदन (Secretariat Report) को च्यापटर ३ र ४ को मस्यौदामा कृषि क्षेत्रसँग सम्बन्धित सन् २०१८ देखि २०२५ सम्म भएका नीतिगत परिवर्तनहरू समावेश गरी अद्यावधिक गरिएको।
- प्लाण्ट/पशु क्वारेन्टाइन तथा खाद्य आयातनिर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरूको अनुगमन निरीक्षण गरिएको।
- व्यापार सम्बन्धी द्विपक्षीय र बहुपक्षीय वार्ताहरूका लागि एजेण्डा तयारी, समन्वय तथा सन्धीहरूमा राय प्रदान गरिएको।
- नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र General Administration of Customs of People's Republic of China (GACC) बीच सेप्टेम्बर 25, 2023 मा हस्ताक्षर भएको "Protocol Of Phytosanitary Requirements For the import of Nepalese herbal medicine of the plant origin to China" को प्रावधानबमोजिम नेपाली जडीबुटी चीन निर्यात गर्नका लागि यस मन्त्रालयबाट हालसम्म २१ वटा नेपाली उद्योगहरूलाई सिफारिस गरिकोमा ६ वटा फर्महरू सूचीकृत गरिएको।

**कृषि भौगोलिक सूचना प्रविधि शाखा**

**किसान सूचीकरण सम्बन्धी**

- आ.व. २०८१/८२ को अन्त्यसम्म किसान सूचीकरण प्रणालीमा २३ लाख ६८ हजार ७ सय ४ जना किसानहरूले आवेदन दिएकोमा ७ लाख ५९ हजार ४ सय १५ जना किसानहरूको आवेदन स्वीकृत भएको।
- मिति २०८२ वैशाख २४ गते किसान सूचीकरण समन्वय समितिको बैठकको आयोजना गरी स्थानीय तहहरूमा किसान सूचीकरण प्रणालीसँग सम्बन्धित समस्याहरूको समीक्षा गरिएको।

- किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ स्वीकृत भएको।
- विभिन्न जिल्लाहरू (धनगढी, बझाङ, बागलुङ, सुनसरी, कास्की, काभ्रे) बाट किसान सूचीकरण प्रणाली सञ्चालनका लागि गणक अभिमूखीकरण तथा अन्य तालिम सञ्चालनमा स्रोत व्यक्तिको रूपमा आवश्यक सहयोग गरिएको।

**Satellite Imaging and Remote Sensing Related GIS तालिम सम्बन्धी**

- ICIMOD/WFP/FAO सँगको सहकार्यमा सङ्घीयस्तरमा कार्यरत करिब २५ जना कर्मचारीलाई Satellite Imaging and Remote Sensing सम्बन्धी क्षमता अभिवृद्धि तालिम GIS सम्बन्धी तालिम प्रदान गरिएको।
- गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा कृषिक्षेत्रमा कार्यरत १७ जना अधिकृतस्तरको कर्मचारीलाई एक चरण खजुरामा र कोशी, मधेश र बागमती प्रदेशका १६ जना कर्मचारीलाई दोस्रो चरण धुलिखेल काभ्रेमा GIS सम्बन्धी तालिम प्रदान गरिएको।

**Digital Nepal Framework सम्बन्धी**

- सञ्चार तथा सूचनाप्रविधि मन्त्रालयलाई कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायसँग Digital Nepal Framework-1 सम्बन्धी कार्यान्वयनको अवस्था तथा प्रगति विवरण सम्प्रेषण गरिएको। कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायका सम्पर्कव्यक्तीहरूसँग बैठक बसी Digital Nepal Framework-2 को लागि आवश्यक कार्ययोजना र समेट्नुपर्ने विषयहरूको बारेमा सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई सम्प्रेषण गरिएको।

**Satellite imaging and remote sensing सम्बन्धी कन्ट्रोल रूमका लागि थप उपकरण खरिद र जडान**

- आ.व. २०८१/८२ मा Satellite imaging and remote sensing सम्बन्धी कन्ट्रोल रूमका लागि थप उपकरण खरिद र जडान गरी GIS कन्ट्रोलरूम सञ्चालनमा ल्याइएको।

**Satellite imaging and remote sensing बाट तयार गरिएको गहुँ बालीको क्षेत्रफल अनुमान तथा भ्यालिडेसन**

- तराईका १९ जिल्लामा गहुँ बालीको क्षेत्रफल भ्यालिडेशनको लागि ७६ जना Enumerators हरू खटाई ८१०० वटा GPS Points सङ्कलन गरेर तथ्याङ्क भ्यालिडेशन गरिएको।

**कृषि व्यवसाय तथा बजार प्रवर्द्धन शाखा**

**बालीहरूको न्यूनतम समर्थन मूल्य सम्बन्धी**

| बाली | आ.व. २०८०/८१ को लागि न्यूनतम समर्थन मूल्य (रू./क्विण्टल) | आ.व. २०८१/८२ को लागि न्यूनतम समर्थन मूल्य (रू./क्विण्टल) | कैफियत |
|---|---|---|---|
| धान मोटा | ३,१९८ | ३,४६२.८१ | |
| धान मध्यम | ३,३६२ | ३,६२८.३३ | |
| गहुँ | ३,६५०.१४ | ३,८६७.३८ | |
| उखु | ५६५ | ५८५ | |
| चैते धान | २,७०७.२८ | २,८००.७९ | |

- आर्थिक वर्ष २०८१/८२ मा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. बाट ११८,८२०.९२ क्विण्टल धान न्यूनतम समर्थन मूल्यमा खरिद भएको।

**भन्सार महसुल छुट सिफारिस सम्बन्धी**

कृषि तथा पशुपन्छी क्षेत्रमा प्रयोग हुने विभिन्न उपकरणहरूमा नियमानुसारको भन्सार महसुल तथा अन्य कर छुटका लागि सिफारिस गरिएको छ। आर्थिक वर्ष २०८१/८२ मा भन्सार महसुल छुट तथा अन्य कर छुटको सिफारिस गरिएका कृषि उद्योग, फर्म तथा सरकारी कार्यालयहरू यस प्रकार छन्।

| सि.नं. | कार्यालय/फर्मको नाम | सिफारिस गरिएको उपकरण | निर्णय मिति | कैफियत |
|---|---|---|---|---|
| १ | श्री सुजल डेरी प्रा.लि. | Milk Cooler (Chiller): 2000 Ltr. with parts thereof (In CKD/ SKD/Assembled condition) | २०८१/०४/२३ | भन्सार महसुल छुट |
| २ | श्री क्वालिटी ह्याचरी प्रा.लि. | Air Handling Unit | २०८१/०७/०७ | भन्सार महसुल छुट |
| ३ | श्री फुयाल पोल्ट्री फिड एण्ड ह्याचरी उद्योग प्रा.लि. | Air Handling Unit | २०८१/०७/३० | भन्सार महसुल छुट |
| ४ | श्री हिमालयन रुट्स फार्म प्रा.लि. | च्याउ खेतीको लागि संरचना निर्माण | २०८१/०९/१४ | भन्सार महसुल छुट |
| ५ | श्री नेपाल चिया विकास निगम लिमिटेड, काठमाडौं। | सिँचाइका सामग्रीहरू | २०८१/०९/२२ | भन्सार महसुल छुट |
| ६ | श्री सन्नी गार्डेन एग्रो फार्म प्रा.लि. | Hi Tech Green House सामग्रीहरू | २०८१/१०/१३ | भन्सार महसुल छुट |
| ७ | श्री सृजना फ्लावर नर्सरी | Greenhouse OVPH 5 MTR | २०८११/११/१३ | भन्सार महसुल छुट |
| ८ | श्री ओम जय माता जी कोल्ड स्टोरेज प्रा.लि. | कोल्ड स्टोर निर्माण सामग्रीहरू | २०८१/११/२७ | भन्सार महसुल छुट |
| ९ | श्री खगराज कृषि उद्योग, काठमाडौं | ग्रीन हाउस संरचना निर्माण गर्न | २०८२/१/१९ | भन्सार महसुल छुट |
| १० | शिवपुरी फ्रेस डेरी प्रा.लि. | Milk Chilling Machinery for Milk Powder Plant | २०८२/०३/२५ | भन्सार महसुल छुट |

**राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारबाट कृषक सम्मानित**

देशभरबाट १४ जना कृषकहरूलाई राष्ट्रिय उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित गरिएको थियो। प्रदेशबाट छनौट भई आएका १४ जना उत्कृष्ट कृषकहरूलाई विभिन्न विधामा दुई लाख रूपैयाँ नगदसहित सम्माननीय राष्ट्रपतिज्यूबाट सम्मान गरिएको थियो। कृषक पुरस्कार तथा सम्मान कार्यक्रम कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आयोजनामा मिति २०८२/०३/१० गते राष्ट्रपति कार्यालयमा सम्पन्न गरिएको हो।

**राष्ट्रपति उत्कृष्ट कृषक पुरस्कारबाट सम्मानित कृषकहरूको विवरण**

| क्र.सं. | कृषक/फर्मको नाम | ठेगाना | विधा | प्रदेश | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १ | श्री सुरेश कुमार मेहता (आर्य कृषि फर्म) | गढी न.पा.-६, सुनसरी | खाद्यान्न बाली (धान ९ विघा, मकै ७ विघा, गहुँ १ विघा) | कोशी | ९८१०४९२७५० |
| २ | श्री रमेश साह (रमेश कृषि फर्म) | रङ्गेली न.पा.-१, मोरङ | तरकारी तथा मसला बाली (४२ विघा) | कोशी | ९८१२३५५८६५ |

| क्र.सं. | कृषक/फर्मको नाम | ठेगाना | विधा | प्रदेश | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| ३ | श्री भरत कुमार यादव (शम्भुनाथ माछा फार्म) | शम्भुनाथ न.पा.-४, सप्तरी | माछापालन (१० विघा जलाशय क्षेत्रफल) | मधेश | ९८०५९२०९९१ |
| ४ | श्री हिरा ब. थापा मगर) (निजगढ केरा एग्रिकल्चर फार्म) | निजगढ न.पा.-९, बारा | फलफूल (१२ विघामा केरा खेती) | मधेश | ९८५५०१५३२० |
| ५ | श्री चेत प्र. ढकाल (कालिका पशु विकास केन्द्र) | रतननगर न.पा.-१५, चितवन | पशुपालन (१५० गाई, दैनिक ११५० लि. दूध उत्पादन) | बागमती | ९८४५१२०६५८ |
| ६ | श्री दयाराम मचामसी (ग्रीन लाइन एग्रो प्रा. लि.) | सूर्यविनायक न.पा.-८, भक्तपुर | कृषि (१६ रोपनीमा च्याउ र तरकारी) | बागमती | ९८५१०६९४८४ |
| ७ | श्री छिरिङ ढोका गुरुङ (ङवाङ हिसी कृषि तथा पशुपन्छी अर्गानिक फर्म) | बारागुङ मुक्तिनाथ क्षेत्र गा.पा.-३, मुस्ताङ | फलफूल (स्याउ) र च्याङ्ग्रा | गण्डकी | ९८४७६८०५९६ |
| ८ | श्री बाटुली तिवारी (मित्र बाटिका कृषि फर्म) | हुप्सेकोट गा.पा.-३, गिरुबारी, नवलपरासी (ब.सु.पू.) | तरकारी बीउ उत्पादन (भक्तपुर लोकल काँक्रो) | गण्डकी | ९८४६९५७६६८ |
| ९ | श्री जयपाल मौर्य | डुडुवा-६, बाँके | खाद्यान्न बाली (धान र मकै ६.५ विघा, ७ विघामा आलु र धानको बीउ उत्पादन) | लुम्बिनी | ९८६८०१७७५ |
| १० | श्री सुवास कुर्मी (श्री शान्ति उन्नत पशुपालन तथा माछा फर्म प्रा.लि.) | सियारी-३, रूपन्देही | माछापालान (१०.५ विघा क्षेत्रफल, उत्पादन ४.५ क्वी./कट्टा) | लुम्बिनी | ९८५७०२४४४० |
| ११ | श्री गोबिन्द ओली | गुर्भाकोट न.पा.-१३, सुर्खेत | तरकारी खेती (४० रोपनी) | कर्णाली | ९८६९४८१७६३ |
| १२ | श्री भरत नाथ योगी | बागचौर न.पा.-८, सल्यान | सुन्तला खेती (४२ रोपनी) | कर्णाली | ९८१२८१२३२४<br>९८१२८०४६५९ |
| १३ | श्री प्रेम प्रसाद जोशी (खसड पशुपन्छी तथा कृषि फर्म) | जानकी गा.पा.-५ कैलाली | तरकारी खेती (जम्मा ६० कट्ठामा टमाटर ४० कट्ठामा र भिन्डी, केरेला, खरभुजा २० कट्ठामा) | सुदूरपश्चिम | ९८४८४४८७५१<br>९८६२५२५२६० |
| १४ | श्री लोक ब. थापा (कैलाशेश्वरी कृषि तथा पोल्ट्री फर्म प्रा.लि.) | धनगढी उप.न.पा. -१६, कैलाली | भैंसीपालन (६० वटा गाई, भैंसी, राँगो, पाडापाडी) | सुदूरपश्चिम | ९८६८८६५४३० |

**कृषिमा लगानी दशकको लागि सञ्चार अभियान र फ्रेमवर्क तयारी**

- कृषिमा लगानी दशकको सोचपत्र र कार्यक्रम मस्यौदा तयार तथा लगानी दशकको लोगो निर्माण कार्य सम्पन्न गरिएको।

**कृषि यान्त्रीकरण तथा साना सिँचाइ शाखा**

- स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माणसहित अन्य पूर्वाधारको अधुरो निरन्तरता।
- स्थानीय तहमा लागत सहभागितामा Buy Back Mechanism स्थापना गर्न खाद्य गोदाम घर निर्माण सहित अन्य पूर्वाधार विकासका कार्यक्रमहरूको कार्यान्वयन अवस्था, भौतिक तथा वित्तीय प्रगतिसहितको अवलोकनका लागि आ.व. २०८१/८२ मा निर्माणाधीन/निर्माण सम्पन्न संरचनाको संयुक्त अनुगमन कार्यक्रम सञ्चालन गरिएको थियो। उक्त कार्यक्रम अन्तर्गत १४ मध्ये ११ स्थानको प्रगति विवरण प्राप्त भई स्थलगत अनुगमन सम्पन्न गरिएको छ।
- स्थलगत अनुगमनका आधारमा, ११ स्थानमध्ये ४ स्थानका गोदाम घरहरूको निर्माण कार्य सम्पन्न भइसकेको तथा ७ स्थानमा निर्माणकार्य प्रगतिशील अवस्थामा रहेको पाइएको छ। निर्माण सम्पन्न भइसकेका गोदाम घरहरू सञ्चालनमा ल्याउने प्रयत्न स्थानीय तह र सम्बन्धित निकायमार्फत भइरहेको जानकारी प्राप्त भयो। तर, निर्माणाधीन तथा निर्माण सम्पन्न संरचनाहरूमा Standard Design, Construction Materials, Purpose आदिमा एकरूपता नदेखिएकोले आवश्यक मापदण्ड एकरूपता कायम गर्नुपर्ने आवश्यकता औंल्याइएको छ।

**कृषि यन्त्र गुणस्तर प्रवर्द्धन निर्देशिका तयारी**

कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुरको प्रभावकारी सञ्चालनका लागि आवश्यकीय कृषि यन्त्र गुणस्तर प्रवर्द्धन निर्देशिकाको प्रारम्भिक मस्यौदा मन्त्रालयमा प्राप्त भएको छ। उक्त निर्देशिकामा सम्बन्धित निकायहरूसँग प्रारम्भिक छलफल सम्पन्न भइसकेको छ। निर्देशिकाका प्राविधिक, कानुनी तथा अन्य सम्बन्धित विषयहरूमा आवश्यक परामर्श तथा सुधारका लागि कृषि यन्त्र परीक्षण तथा अनुसन्धान केन्द्र, नवलपुर तथा अन्य सम्बन्धित निकायहरूलाई अनुरोध गरिएकाले हाल निर्देशिकामा थप परिमार्जन तथा कार्य जारी छ।

यससँगै, कृषि यन्त्रहरूको परीक्षण कार्यका लागि आवश्यक Testing Procedure Guidelines तयारीको प्रक्रिया अगाडि बढिरहेको छ, जसमा कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रिकरण प्रवर्द्धन केन्द्र तथा अनुसन्धान केन्द्रका प्रतिनिधिहरूको सहभागिता रहने व्यवस्था गरिएको छ। सो Guidelines नेपाल गुणस्तर तथा नापतोल विभागबाट अनुमोदन (Approval) प्राप्त गरिने प्रक्रियामा रहेको छ।

हालसम्मका प्रगतिअनुसार, Mini Tiller र Power Tiller गरी २ प्रकारका कृषि यन्त्रहरूका लागि Terminology, General Guidelines and Testing Methods तयार भई ती यन्त्रहरूको Testing Standard स्वीकृत भइसकेको छ।

### ३.१.१.२.६ कृषि विकास महाशाखा

**कृषि विकास रणनीतितर्फ**

- कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् पुनरावलोकनको लागि विकास साझेदारहरूको समेत प्राविधिक सहयोगमा १२ जना विषय विशेषज्ञहरू परिमार्जनमार्फत विभिन्न तहमा सम्बद्ध सरोकारवालाहरूसँग बृहत अन्तरक्रिया एवम् छलफलसमेत गरी तयार पारिएको कृषि विकास रणनीति समीक्षा एवम् परिमार्जन मस्यौदा मन्त्रालयलाई प्राप्त भएको।
- मस्यौदा प्रतिवेदन अध्ययन गरी अन्तिमरूप दिनका लागि मन्त्रालयको मिति २०८२/०१/०४ को निर्णय (सचिवस्तर) अनुसार कृषि विकास महाशाखाका सह-सचिवको संयोजकत्वमा ६ सदस्यीय कृषि विकास रणनीति समीक्षा एवम् परिमार्जन मस्यौदा अध्ययन तथा अन्तिम मस्यौदा तयारी कार्यदल गठन भई उक्त कार्यदलले कार्य गरिरहेको।

## ३.१.१.३ विशेष कृषि उत्पादन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०२/३)

- आ.व. शुरु हुन पूर्व नै स्रोत सुनिश्चितता प्राप्त गरी बाली लगाउने समयमै मलको उपलब्धताको सुनिश्चितता गरिएको छ। मलको खरिद एवम् आपूर्तिमा सहजताको लागि सार्वजनिक खरिद नियमावली संशोधनको लागि पहल गरी आयात व्यवस्थामा सुधार गरिएको छ। अनुदानमा वितरण हुने रासायनिक मलको वितरण प्रक्रियालाई पारदर्शी र प्रभावकारी बनाउन मन्त्रालयमार्फत तिनै तहका सरकारको पहुँच हुने गरी मल व्यवस्थापन सूचना प्रणालीको कार्यान्वयमा ल्याएको छ।
- आर्थिक वर्ष २०८१/८२ मा लागत सहभागिताको आधारमा अनुदानमा कृषकलाई मल उपलब्ध गराउने प्रयोजनार्थ अनुदान रकमबापत २७ अर्ब २६ करोड १० लाख विनियोजन (संशोधन पश्चात) भएकोमा ५ लाख ५० हजार मे. टन आपूर्तिका लागि टेण्डर आव्हान भएकोमा कृषि सामग्री कम्पनी लि. बाट ३ लाख ४६ हजार ६ सय ४२ मे. टन (आन्तरिक र वाह्य मार्गस्थसहित) र साल्ट ट्रेडिङ कर्पोरेशन लि. बाट १ लाख ४२ हजार ९५ मे. टन (आन्तरिक र वाह्य मार्गस्थसहित) गरी जम्मा ४ लाख ८८ हजार ७ सय ३७ मे. टन आपूर्ति भएको छ। आयात भएको कूल परिमाणमध्ये यस आर्थिक वर्षमा जी टु जी प्रावधान बमोजिम ३० हजार मे. टन युरिया आयात भएको छ। उपरोक्त कम्पनीहरूमार्फत जम्मा ४ लाख ४१ हजार ३ सय १५ मे. टन मल बिक्रीवितरण भएको छ।

तालिकाः आर्थिक वर्ष २०८१/८२ मा रासायनिक मलको आपूर्ति स्थिति (मे. टन.)

| क्र.सं. | मल | टेण्डर आव्हान, मे. टन | आयात, मे. टन (आन्तरिक र वाह्य मार्गस्थ सहित) | बिक्री, मे. टन |
|---|---|---|---|---|
| १ | युरिया | ३१०००० | २५७७७०.६ | २७०१६१.१ |
| २ | डिएपी | २२५००० | २१५७०० | १५४४३९.५ |
| ३ | पोटास | १५००० | १५२६५.२ | १६७१४.६ |
| | **जम्मा** | **५५००००** | **४८८७३५.८** | **४४१३१५.२** |

विभिन्न प्रकारमा मिश्रित झोल तथा ठोस रासायनिक मल रासायनिक मल (नियन्त्रण) आदेश, २०५५ को अनुसूची-१ को स्पेसिफिकेसनमा थप गरिएको जसले विभिन्न प्रकारमा मिश्रित झोल तथा ठोस रासायनिक मलको आपूर्ति तथा वितरण व्यवस्था नियमन भई गुणस्तरीय मल आपूर्ति तथा बिक्रीवितरण सहजीकरण गरिएको छ।

**लक्ष नतोकिएका क्रियाकलापहरू**

- अनुदानको मल वितरण व्यवस्थापन कार्यविधि २०८२ जारी गरी लागू गरिएको।
- एफ.ए.ओ. र नेपाल कृषि अनुसन्धान परिषद्को सहकार्यमा कोदो र तोरीबाली सम्बन्धी जलवायुमैत्री प्रविधिको अध्ययन तथा अनुसन्धान भइरहेको।
- Agro-ecological road map को ड्राफ्ट तयार गरिएको।

### ३.१.१.४ कृषि विभाग (बजेट उप-शीर्षक नं. ३१२०१०११-३/४)

कृषि विभागमार्फत आ.व. २०८१/८२ मा सम्पन्न मुख्य-मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- आ.व. २०८०/८१ क्रसिङ भएको उखु बापतको को ७० प्रति क्विण्टलका दरले गत रू. १ अर्ब ४४ करोड ९२ लाख ३८ हजार रकम प्रोत्साहन अनुदान रकम उपलब्ध भएको।
- मिति २०८० वैशाखदेखि २०८१ असोजसम्मको जारी बीमालेख सङ्ख्या करिब १०८०० रहेको र मिति २०८० वैशाखदेखि २०८१ असोजसम्मको रू. १७ करोड ०६ लाख रकम भुक्तानी गरिएको।
- मौसम सूचकाङ्कको आधारमा गरिएको बीमाका सम्बन्धमा परेको उजुरी छानबिन भइरहेको र बीमा कम्पनीबाट केही बीमालेख रुजु हुन बाँकी भनी उल्लेख भई आएको रकम भुक्तानी हुन नसकेको।
- DESES प्रणालीमार्फत आपूर्ति सुनिश्चित भएको धानको बीउको परिमाण ४०३१ मे. टन रहेको।
- DESES प्रणालीमार्फत माग भएको धानको उन्नत बीउको परिमाण १२५६ मे. टन रहेको।
- ९ वटा डीप वोरिङको जडान कार्य र ११ वटा डिप ट्युवेल, पम्प हाउस, विद्युतीकरण तथा पम्प जडान कार्य सम्पन्न गरिएको। सुर्खेत, कोहलपुर र पोखरामा रहेका सङ्घीय बजारहरूको स्तरोन्नतिको गरिएको।
- सङ्घीय कृषि थोकबजार पोखरामा बजार बाटो निर्माण कार्य गरिएको र मोरङको रङ्गेली र बूढानीलकण्ठमा बजार निर्माणको काम ८० प्रतिशत सम्पन्न।
- बीउ, वेर्ना उत्पादन, बगैंचा व्यवस्थापन र tissue culture lab (८ वटा) स्थापना।
- स्रोत बीउ, बेर्ना उत्पादन तथा बिक्रीवितरण।
- तरकारी बीउ उत्पादन केन्द्र, रुकुमपश्चिममार्फत् तरकारीका बेर्ना ६,०९,००० वटा, आलङ्कारिक बिरूवा ५५४१ वटा, तरकारीको मूल बीउ १९९१ के.जी. र तरकारीको उन्नत बीउ ५६१ के.जी. उत्पादन गरी बिक्रीवितरण गरिएको।
- तरकारी बाली विकास केन्द्र, खुमलटार, ललितपुरमार्फत् तरकारीका बेर्ना ३,६७,५९,९७९ वटा, तरकारीको स्रोत बीउ ५३६.५ के.जी. र सिर्जना जातको गोलभेडाको हाइब्रिड बीउ २०.५६ के.जी. उत्पादन गरी बिक्रीवितरण गरिएको।
- आलु बाली विकास केन्द्र, निगाले, सिन्धुपाल्चोकमार्फत आलुको पि.वि.एस. दाना १,०८,२०० वटा, आलुको प्रि-बेसिक बीउ २०.१ मे. टन र टि.पि.एस बीउ १९.५ के.जी. उत्पादन गरी बिक्रीवितरण गरिएको।
- अलैंची विकास केन्द्र, फिक्कल, इलामबाट १ लाख अलैंचीको बिरूवा उत्पादनका साथै तन्तु प्रजनन् विधिबाट १०,००० वटा बिरूवा उत्पादन गरी बिक्रीवितरण गरिएको।
- सुन्तलाजात फलफूल बालीमा विभिन्न नर्सरीहरूबाट जालीघरभित्रका जम्मा ४०० वटा नमुना सङ्कलन गरी citrus greening परीक्षण गरिएको जसमा ४९ वटा नमुना +ve पाइएको।

- PCR परीक्षणमा पोजिटिभ नतिजा आएका सिन्धुली, गोर्खा, रामेछाप, नवलपरासी गरी जम्मा १० वटा नर्सरीहरूलाई स्वस्थ्य माउबोटसहित नर्सरी सुदृढिकरण प्याकेज सहयोग कार्यक्रम सम्पन्न भएको।
- २० जना नर्सरी धनीहरूलाई ओखरको कलमी बिरूवा उत्पादन तथा व्यवस्थापन तालिम सम्पन्न गरिएको।
- Geographic Indications का लागि चीउरी र लप्सी बाली छनौट गरी चिउरीको लागि चितवन (कालिका न.पा.-१०,११) र मकवानपुर (राक्सिराङ् गा.पा.) साथै लप्सीको लागि दक्षिणकाली न.पा.-८,९ मा तथ्याङ्क सङ्कलन तथा सर्वेक्षणको काम सम्पन्न गरी सो सम्बन्धी पुस्तक प्रकाशन गरिएको।
- आ.व. २०८१/८२ मा हिउँदे तथा सुन्तला जात फलफूलको ५१,३९० वटा बेर्ना उत्पादन भई ५६,७९८ वटा बेर्ना बिक्रीवितरण भएको (अघिल्लो आ.व. को १३०३४ मौजुदा)।
- तीनपाते सुन्तलाको बीउ ३१७ कि.ग्रा., फल १००० कि.ग्रा. बिक्रीवितरण भएको।
- फलफूल ९८४७ कि.ग्रा. तथा तरकारी १५३२ कि.ग्रा. बिक्री भएको।
- विभिन्न प्रदेश तथा स्थानीयस्तरका २५ जना कृषि प्राविधिकहरूलाई फलफूल बगैंचा तथा नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको।
- टिस्यु कल्चर ल्याब सञ्चालन तथा व्यवस्थापन गरी PCR परीक्षण कार्य नियमितरूपमा भइरहेको। यस अवधिमा देशभरीबाट सुन्तला जात फलफूलको Citrus Greening रोग पहिचानका लागि ४७९ वटा PCR परीक्षण गरिएको (+ve ११९), CTV पहिचानका लागि १९४ (+ve ६४) वटा ELISA परीक्षण गरिएको।
- १७१,६०० वर्षे फलफूल बिरूवा उत्पादन, ४४,०९४ वर्षे फलफूल बिरूवा बिक्रीवितरण, २५,२०० आलङ्कारिक बिरूवा उत्पादन, १६,४७२ आलङ्कारिक बिरूवा बिक्रीवितरण, ५४०.६ के.जी. तरकारी बीउ उत्पादन, ३,०३,५०० तरकारी बेर्ना उत्पादन तथा ३,०२,८८३ तरकारी बेर्ना बिक्रीवितरण गरिएको।
- ६६९ (के.जी.) तरकारी बीउ उत्पादन भई ६४५ बिक्री भएको र २४ मौज्दात रहेको।
- ६१८० (के.जी.) आलुको बेसिक बीउ उत्पादन भई ६०९९.२७ के.जी. बिक्रीवितरण भएको र ८१ के.जी. मौज्दात रहेको।
- ४,३४,९३८ तरकारी बिरूवा उत्पादन भई ४,३३,७१२ वटा बिक्रीवितरण भएको।
- १८,८८७ हिउदे फलफूल बिरूवा उत्पादन भई १४,८९२ वटा बिक्रीवितरण भएको।
- फलफूल प्रशोधनशाला सञ्चालन गरी (ब्राण्डी, साईडर, वाइन उत्पादन तथा बिक्री) ३४२४ लि. बिक्रीवितरण गरिएको।
- ताजा फलफूल ३६,४५४.२ के.जी. उत्पादन गरी बिक्रीवितरण गरिएको।
- सुन्तला र कागतीका २०००० विजु बिरूवा तथा ४५७०० कलमी बिरूवा उत्पादन। कूल ३८४८९ बिरूवा बिक्रीवितरण भएको। वितरित बिरूवा रोपणबाट ७६ हेक्टर क्षेत्रफलमा सुन्तलाजात फलफूल बगैंचा स्थापना भई क्षेत्र विस्तार भएको।
- विभिन्न ठाउँमा पहिरो नियन्त्रणको लागि ७७ मिटर रिटेनिङ बाल निर्माण भएको। फार्म परिसरमा १४५ मिटर सिँचाइ कुलो निर्माण भई सिँचाइ सुविधा भएको।

- प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा पाल्पा, अर्घाखाँची, पर्वत, म्याग्दी र बागलुङ जिल्लाका २३ जना स्थानीय तहमा कार्यरत प्राविधिकहरूलाई सुन्तलाजात बगैंचा व्यवस्थापन तथा नर्सरी सम्बन्धी तालिम सम्पन्न गरिएको।
- पि.सी.आर. विधिबाट सिट्रस ग्रिनिङ रोग लक्षित ५०० भन्दा बढी नमुना परीक्षण।
- ७ स्थानमा १३५ जना लाभान्वित हुने गरी स्थलगत तालिम सञ्चालन, ८ स्थानमा सुन्तला बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरी ९ हेक्टर बगैंचा सुदृढीकरणमा सहयोग।
- आगामी आ.व. को लागि १ लाख ५० हजार रुटस्टक बिरूवा उत्पादन, सुन्तलाजात फलफूलको फिल्ड जिन बैंक स्थापना गरी २७ भन्दा बढी प्रजातीको संरक्षण तथा सम्वर्द्धनमा ६४ के.जी कफीको बीउ र ५८६२५ बिरूवा बिक्रीवितरण गरिएको।
- १०६७.५५ हेक्टरका लागि फलफूल बालीको नयाँ बगैंचा स्थापनाका लागि सम्झौता भई कार्यान्वयनका क्रममा रहेको हालसम्म २५९.०५ हेक्टरमा नयाँ बगैंचा स्थापना भईसकेको।
- शीतोष्ण बागवानी विकास केन्द्र मार्फामा पूर्वाधार विकासको लागि बोलपत्र आव्हानबाट प्राप्त बोलपत्र स्वीकृत भई २०८२ असार ३१ गते आशयको सूचना प्रकाशन गरिएको सम्झौताको चरणमा रहेको
- आयोजना लक्षित १० वटा फलफूल बालीहरूको खेती प्रविधि पुस्तिका (POP), तालिम म्यानुअल तयार भएको।
- अगुवा कृषक परिचालनको लागि कोशी-६५, बागमती-२८, गण्डकी-५७, कर्णाली-४५ र सुदूरपश्चिम-७९ गरी कूल २७४ जना छनौट गरी परिचालन गरिएको।
- नार्क अन्तर्गतका फार्महरूमा पूर्वाधार विकासको लागि बोलपत्र आव्हान भएको, बोलपत्र मूल्याङ्कन गरी एसियाली विकास बैंकमा सहमतिको लागि पेश भएको।
- पूर्वाधार निर्माणको लागि निर्माण सेवा प्रदायक छनौट तथा सम्झौता सम्पन्न भई कार्यको सुरुवात भएको
- फलफूल बिरूवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्डसम्बन्धी मार्गदर्शन, २०८१ अनुसार आयोजना लक्षित फलफूल बिरूवा आपूर्ति गर्न सूचीकृत हुने नर्सरीहरूको निरीक्षण गर्न ४८ जना कृषि प्राविधिकहरूको ६ दिने तालिममार्फत क्षमता विकास गरिएको जसबाट गुणस्तरीय बिरूवा आपूर्ति सुनिश्चितता हुने।
- आयोजना लागू भएका ब्याच २ का स्थानीय तह तथा आयोजनाका प्राविधिकहरूलाई आयोजनाको कार्यविधि सम्बन्धी अभिमूखीकरण गरी ४८ वटै स्थानीय तहमा स्थानीय तह समन्वय समिति गठन भएको।
- आयोजना अन्तर्गत आयोजना कार्यान्वयन एकाइका २२ जना कर्मचारीहरूलाई अनुगमन तथा मूल्याङ्कन सम्बन्धी तालिम प्रदान गरिएको।
- नर्सरी सूचीकरणको लागि ५ वटै आयोजना कार्यान्वयन एकाइबाट ६५ वटा नर्सरी सूचीकृत गरिएको।

### ३.१.१.५ पशु सेवा विभाग (ब.उ.शी.नं.३१२०२०११-३/४)

- यस आर्थिक वर्षमा २६ लाख ८४ हजार मेट्रिक टन दूध, १ लाख २३ हजार मेट्रिक टन माछा, ४ लाख ४७ हजार मेट्रिक टन मासु, १ अर्ब ६४ करोड ५४ लाख गोटा अण्डा उत्पादन भई प्रति व्यक्ति प्रति वर्ष उपलब्धता ९२ लिटर दूध, १९.६ किलो ग्राम माछामासु र ५६ गोटा अण्डा पुगेको।
- पशुपन्छी तथा मत्स्य व्यवसाय प्रवर्द्धनका निम्ति पशुपन्छी तथा मत्स्यको बीमामार्फत पशुधनमा हुने क्षतिको रक्षावरणका लागि बीमाङ्क रकमको प्रिमियममा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने कार्यक्रम अन्तर्गत यस आर्थिक वर्षमा १ अर्ब ६५ करोड रूपैयाँ विनियोजन भएकोमा जम्मा १ लाख ६६ हजार ७ सय ११ वटा बीमालेख सङ्ख्याबापत कूल १ अर्ब ४३ करोड ८ लाख ८८ हजार ७ सय ५५ रूपैंया नेपाल बीमा प्राधिकरणको खातामा भुक्तानी भएको।
- पशुपन्छीजन्य उत्पादन तथा उत्पादकत्वको वृद्धिमार्फत आत्मनिर्भरता हासिल गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको साथै पशुपन्छी महामारीको प्रभावकारी नियन्त्रण गर्ने उद्देश्यले सङ्घीय सरकारबाट पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम सञ्चालनार्थ ७ वटै प्रदेशलाई कूल ३ करोड ६० लाख रूपैयाँ र ७५३ वटै स्थानीय तहलाई कूल ५६ करोड ९२ लाख ४१ हजार रूपैयाँ सशर्त वित्तीय हस्तान्तरण भई सो कार्यक्रमहरूको व्यवस्थित, पारदर्शी र प्रभावकारी अनुमानयोग्य र प्रतिफलमूखी कार्यान्वयन भएको।
- गाईभैंसीमा लाग्ने खोरेत तथा लम्पी स्किन रोग रोकथाम र नियन्त्रणका लागि क्रमशः ९७ लाख खोप खरिद भई ७७ लाख १८ हजार ९ सय ८ डोज र १४ लाख ६० हजार खोप खरिद भई १२ लाख ६७ हजार ७ सय ५० डोज खोप सातै प्रदेशमा हस्तान्तरण गरिएको।
- बाख्रामा लाग्ने पि.पि.आर विरुद्ध १ करोड २३ लाख ४६ हजार डोज, गाईभैंसीमा लाग्ने एच.एस.बी क्यू विरुद्ध ८ लाख १९ हजार ३ सय डोज, क्लासिकल स्वाइन फिभर विरुद्ध ११ लाख ८६ हजार ९ सय ८० डोज र कुकुरबिरालोमा लाग्ने रेबिज विरुद्ध ६९ हजार २ सय ५० डोज खोप उत्पादन भई सातै प्रदेशमा निःशुल्क वितरण गरिएको।
- नेपालबाट निर्यात हुने प्रमुख पशुजन्य पदार्थ; मासु, दूध, छुर्पी, घिऊ लगायतको अन्तराष्ट्रिय बजार विस्तार सुनिश्चित गर्न जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन कार्यक्रम अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालय, पशु सेवा विभाग र कोशी प्रदेशको समन्वय सहकार्यमा इलाम जिल्लाका ३ वटा क्षेत्रलाई खोरेत रोग मुक्त क्षेत्र घोषणा गर्ने कार्यको थालनी भएको छ। त्यसै गरी चीन सरकारसँग राँगाभैंसीको मासु निर्यातका लागि भएको सम्झौताअनुसार बागमती प्रदेश सरकारसँगको समन्वय सहकार्यमा बागमती प्रदेशको सिन्धुली र मकवानपुर जिल्लाका केही स्थानीय तहहरूमा समेत खोरेत रोग मुक्त क्षेत्र घोषणाका लागि चार किल्ला तोकिएको।
- राष्ट्रिय पशु स्वास्थ्य सूचना प्रणाली (National Animal Health Information System) तयार भई पशुपन्छीमा लाग्ने संक्रामक रोग तथा महामारीको एकीकृत तथ्याङ्क सङ्कलन तथा विश्व पशु स्वास्थ्य सङ्गठन लगायतका अन्तराष्ट्रिय संस्थाहरूमा रोगको रिपोर्टिङ वा प्रतिवेदन सम्प्रेषण प्रयोजनार्थ सबै प्रदेशका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा कार्यालय तथा स्थानीय तहका पशु सेवा शाखामा कार्यरत पशु स्वास्थ्य कर्मीहरूलाई अभिमूखीकरण सम्पन्न भएकोमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट उक्त सूचना प्रणाली प्रयोग सम्बन्धमा सहमति प्राप्त भएको, पशुपन्छीमा देखा पर्ने विभिन्न रोगहरूको तत्काल तथा मासिक रिपोर्टिङ उक्त सूचना प्रणालीमार्फत नै गर्न सबै प्रादेशिक निकाय

तथा स्थानीय तहमा पत्राचार भएको र यस आर्थिक वर्षको अन्त्यसम्ममा ३८२ पालिकाबाट ७७,५२२ वटा रोग/केस/अवस्थाको मासिक तथा आकस्मिक रिपोर्ट प्राप्त भएको।

- विश्व पशु स्वास्थ्य सङ्गठनसँगको सहकार्यमा नेपालमा भेटेरिनरी सेवा प्रवाह (Performance of Veterinary Services; PVS) को Gap Analysis तथा Assessment सम्पन्न भई भेटेरिनरी सेवा प्रवाह प्रणालीमा सुधार गर्न सुझाव दिने दस्तावेज तयार भएको।
- हेफर इन्टरनेसनलसँगको समन्वय सहकार्यमा सिन्धुलीको कमलामाई नगरपालिकामा "The Milky Way" परियोजना सञ्चालन भइरहेको छ भने जर्सी न्यूक्लियस हर्ड स्थापना सम्बन्धी प्रस्तावना तयार गरिएको। त्यसैगरी आड्रा नेपालसँगको समन्वय सहकार्यमा भ्रूण प्रत्यारोपण सम्बन्धी तालिमका साथै कपिलवस्तु र रूपन्देही जिल्लाका चार वटा स्थानीय तहमा "The Enhanced Rural AI; TERAI" परियोजना सञ्चालनमा रहेको। साथै कृषि तथा खाद्य सङ्गठन र फ्लेमिङ फण्डको सहकार्यमा प्रयोगशाला सुदृढीकरण, रोगको सर्भिलेन्स क्षमता वृद्धि, प्रति जैविक उपयोग (Antimicrobial Use; AMU) तथा प्रति जैविक प्रतिरोध (Antimicrobial Resistance; AMR) को सर्भिलेन्स प्रोटोकल लगायतका दस्तावेज तयारी एवम् मानव संशोधन विकाससमेत उल्लेखनीय सहकार्य भएको।
- यस आर्थिक वर्षमा खोरेत रोग सर्भिलेन्स प्राविधिक निर्देशिका, २०८१, व्यावसायिक पन्छी फार्म तथा ह्याचरी सञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०८१, बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ र खोरेत रोगको जोखिममा आधारित रणनीतिक योजना, २०८१ स्वीकृत भई कार्यान्वयनमा आएको।
- पशु सेवा विभाग र अन्तर्गतका निकायबाट उत्पादन हुने वस्तु तथा सेवाबाट सङ्कलन हुने गैरकर राजश्वको दररेट परिमार्जन भई कार्यान्वयनमा आएको छ। यस आर्थिक वर्षमा पशु सेवा विभाग र मातहतका निकायबाट जम्मा १२ करोड ८९ लाख ३७ हजार ३ सय ५३ रूपैयाँ गैरकर राजश्व सङ्कलन भएको।
- पशु सेवामा कार्यरत जनशक्तिहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा, गोष्ठी, बैठक, वाह्य अवलोकन, भ्रमण तथा अध्ययनका लागि ४१९ जना जनशक्ति मनोनयन भई लाभान्वित भएका।
- प्रदेश स्तरमा पशुपन्छी तथा पशुपन्छीजन्य उत्पादनहरूको वासलात तयारीका लागि प्रदेश सरकारहरूसँग समन्वयात्मक कार्यक्रमहरू सञ्चालन भएको।

### ३.१.१.६ खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना (बजेट उप-शीर्षक नं. ३१२००१०८-३/४)

- आयोजनामार्फत बाली, पशुपालन तथा पोषणसँग सम्बन्धित २००० समूहरू गठन गरी कार्यक्रम लागू गरिएको र आयोजनाको आधारभूत सर्वेक्षण पनि सम्पन्न गरिएको जसलाई आधार मानी आयोजनाको प्रगति मापन गरिने।
- २८८ प्रदर्शनीहरूमार्फत उन्नत कृषि प्रविधिको प्रसार गरिएको, १२५ वटा बालीतर्फको कृषक पाठशाला, ८० वटा पशुपन्छी तर्फको कृषक पाठशाला, ६५४ वटा पोषण पाठशाला र ३ वटा कृषि व्यवसाय पाठशाला सञ्चालन भई उन्नत कृषि प्रविधिको सिकाई, व्यावसायिक खेती गर्न सहयोग साथै पोषण सम्बन्धी जनचेतना अभिवृद्धि भएको।

- कृषकहरूलाई विभिन्न बालीको २८६.६२ मे. टन उन्नत बीउ (३७.६२ मे. टन वर्षे धान, ७.९५ मे. टन चैते धान, १२.१२ मे. टन मकै, ८९.१ मे. टन गहुँ, १३९.६७ मे. टन आलु), हिउँदे र वर्षे घाँसेबालीको १०.४८ मे. टन उन्नत बीउ तथा सिजनल तरकारी बालीहरूको उन्नत बीउ वितरण गरी क्षेत्रफल विस्तार एवम् उत्पादन र उत्पादकत्व भई खाद्य सुरक्षामा सहयोग पुगेको।
- बीउ उत्पादक समूहहरूलाई तालिम दिई खाद्यान्न बालीको १७.५१५ मे. टन मूल बीउ (धान-४.१२५ मे. टन, मकै-१.२ मे. टन र गहुँ-१२.१ मे. टन) वितरण गरी २४३ हेक्टर क्षेत्रफलमा खेती भई करिब ८७६ मे. टन उन्नत बीउ उत्पादन भएको। यसै गरी आलुको २२,३८६ प्रि-बेसिक बीउबाट ४.१५ मे. टन बेसिक बीउ उत्पादन गरी कोल्ड स्टोरमा भण्डारण गरिएको।
- आयोजना लागू भएका १६ गाउँपालिकामा उन्नत घाँसको स्रोत केन्द्र तथा डालेघाँसको नर्सरी स्थापना गरी ३ लाख ३५ हजार बिरूवा उत्पादन भई आयोजना तथा अन्य कृषकहरूलाई बिक्रीवितरण गरिएको।
- आयोजनाबाट प्रवाहित २७२ वटा पुरक अनुदानमार्फत कृषिको व्यावसायीकरणतर्फ उन्मूख हुन मद्दत पुगेको र १४९ वटा साना अनुदानमार्फत कुखुरा/हाँसपालन सहितको व्यवस्थित तरकारी खेती भएको र ३२५ वटा घरबारी पोषण बगैंचा स्थापना कार्यक्रमबाट पोषण सुरक्षामा टेवा पुगेको।
- आयोजनाबाट प्रवाहित १२५ वटा बाली उत्पादन प्रवर्द्धन कार्यक्रम (धान-६१, मकै-१५, कोदो-१२, फापर-४, तरकारी-३३) तथा २३१ पशु उत्पादन कार्यक्रम (दुग्ध उत्पादन-६०, बाख्रा उत्पादन-१४६, ग्रामीण कुखुरा-२५) मार्फत कूल ८६६४ जना लाभग्राहीहरू प्रत्यक्ष लाभान्वित भएका। यस कार्यक्रममार्फत बालीहरूको क्षेत्रविस्तार, बाली तथा पशुजन्य वस्तुहरूको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न मद्दत गरेको।
- १९० वटा साना सिँचाइ कार्यक्रम र ८ वटा डिप ट्युब वेलमार्फत कूल ७९३ हेक्टर क्षेत्रफ़लमा सिँचाइ सुविधा व्यवस्थित भएको।
- बोयर बाख्राको ८ वटा मल्टीप्लायर हर्ड स्थापना एवम् पुराना १४ वटा मल्टीप्लायर हर्डलाई बोयर बाख्रा, खोर निर्माण, घाँसका बीउ/बेर्ना, औषधी तथा अन्य सामग्री प्रदान गरिएको। यसले स्थानीयस्तरमा बाख्राको नश्ल सुधार भई मासुको उत्पादन र उत्पादकत्वमा वृद्धि ल्याउने।
- आयोजना लागू भएको १५ वटा गाउँपालिकाहरूमा कृत्रिम गर्भाधान इकाईहरूको स्थापना भएको र पुराना ८ गाउँपालिकाहरूको कृत्रिम गर्भाधान इकाईहरूमा आवश्यक सामग्री सहयोग गरिएको। गाउँपालिकाका पशु सेवा प्राविधिकहरूलाई कृत्रिम गर्भाधानको तालिम दिई क्षमता अभिवृद्धिसमेत गरिएको। यस कार्यक्रमले स्थानीयस्तरमा नश्ल सुधारमा टेवा पुर्याई दुग्ध उत्पादनमा वृद्धि हुने।
- ८ ग्रामीण बजार, सङ्कलन केन्द्र तथा हाटबजारको निर्माण साथै ८ Handling and Processing संरचनाहरूको स्थापना भई कृषिजन्य वस्तुको सङ्कलन, प्रशोधन, भण्डारण र बेचबिखनमा सहयोग पुगेको।

### ३.१.१.७राष्ट्रियकृषिआधुनिकीकरणकार्यक्रम(साविककोप्रधानमन्त्रीकृषिआधुनिकीकरणपरियोजना)(बजेटउप-शीर्षकनं.३१२००१०६-३/४)

कृषि उत्पादनका विशिष्टीकृत क्षेत्रहरू निर्माण गरी उत्पादन र उत्पादकत्व वृद्धिमार्फत कृषि क्षेत्रको औद्योगिकीकरण गर्ने अवधारणामा राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम सञ्चालनमा रहेको छ। नेपाल सरकारको पूर्ण लगानीमा सञ्चालित यस कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ को अन्त्यसम्ममा निम्नानुसारका विशिष्टीकृत क्षेत्रहरू पकेट, ब्लक, जोन र सुपरजोन विकास कर्यिक्रमहरू सञ्चालन गरिएका छन्।

| सम्भाग | कार्यक्रम अवधिको लक्ष्य | आर्थिक वर्ष | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७३/७४ | | २०७४/७५ | | २०७५/७६ | | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | | २०७९/८० | | २०८०/८१ | | २०८१/८२ | | २०८१/८२ सम्म | |
| | | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति | लक्ष्य | प्रगति |
| पकेट | १५००० | २१०० | १९३१ | ८४५ प्रगति | | | | १४३३ | १५९६ | १४३३ | २३२१ | १४३३ | ९६४ | १४३३ | १०५३ | १४३३ | १०५३ | १४३४ | ४५२ | १५००० | ९१६२ |
| ब्लक | १५०० | १५० | १४३ | १९६ प्रगति | | | | १५० | २७० | १५० | ६१८ | १५० | ३६० | १५० | ० | १५० | ७७ | १५० | ० | १५०० | १६६४ |
| जोन | ३०० | ३० | ३० | ३० | ९ | ३० | ३० | ३० | ३७ | ३० | ० | ३० | ७१ | ३० | ० | ३० | ० | ३० | २९ | ३०० | २०६ |
| सुपरजोन | २१ | ७ | ७ | १ | ३ | १ | ४ | १ | २ | १ | ० | २ | ० | २ | ० | २ | ० | २ | ५ | २१ | २१ |

कार्यक्रम अन्तर्गत आ.व. २०८१-८२ मा कूल रू. ३ अर्ब ६८ करोड २१ लाख १३ हजार वार्षिक बजेट विनियोजित भएकोमा सङ्घीय निकाय अन्तर्गतका कार्यालय (सुपरजोन र जोन) का लागि २ अर्ब ९८ करोड ८५ लाख ७६ हजार, प्रदेश सरकारमार्फत सञ्चालित ब्लक विकास कार्यक्रमका लागि रू. ९ करोड ७९ लाख १० हजार र स्थानीय तहमार्फत सञ्चालित पकेट विकास कार्यक्रमा मा रू. ५९ करोड ५६ लाख २७ हजार विनियोजन भएको थियो।

**आ.व. २०८१/८२ मा कार्यक्रमको वित्तीय प्रगति विवरण**

| क्र.सं. | कार्यक्रम/कार्यालय | वार्षिक विनियोजन (रू. हजारमा) | खर्च (रू. हजारमा) | खर्च प्रतिशत | भारित प्रगति प्रतिशत |
|---|---|---|---|---|---|
| १ | कार्यक्रम व्यवस्थापन एकाइ | १,०९,८०७ | १,०२,७४०.४३ | ९३.५६ | ९५.४० |
| २ | कार्यक्रम कार्यान्वयन एकाइ (४८) अन्तर्गतका जोन/ सुपरजोन विकास कार्यक्रम | २८,७८,७६९ | २,२७४,४९४.५५ | ७९.०१ | ८४.२५ |
| ३ | प्रदेश सरकारमार्फत सञ्चालित ब्लक विकास कार्यक्रम | ९७,९१० | ६८,८१८ | ७०.२९ | ७७ वटा ब्लकको निरन्तरताको लागि बजेट पठाएकोमा ७७ वटा प्रगति |
| ४ | स्थानीय तहमार्फत सञ्चालित पकेट विकास कार्यक्रम | ५,९५,६२७ | ४,४०,४७६.७९ | ७३.९५ | ४५२ वटा पकेटको लागि बजेट पठाएकोमा शतप्रतिशत प्रगति |
| | **जम्मा** | **३६८२११३** | **२८८६५२९.७७** | **७८.३९** | |

नोट: म.ले.नि.का. बाट प्राप्त वित्तीय प्रगतिको आधारमा

**आ.व. २०८१/८२ मा कार्यक्रमबाट सञ्चालित कार्यक्रमहरूको मुख्य-मुख्य उपलब्धिहरू**

- विभिन्न बाली/वस्तुका २०६ जोन र २१ सुपरजोनमा कार्यक्रम सञ्चालन भइरहेको छ।
- आ.व. २०८१/८२ मा कार्यक्रममार्फत ८७ वटा चक्लाबन्दी खेती कार्यक्रमका लागि रू. ५ करोड ५१ लाख १५ हजार अनुदान उपलब्ध गराई थप ७६१ हे. मा एकल बाली खेतीसहितको चक्लाबन्दी खेती विस्तार गरिएको।
- कार्यक्रम अन्तर्गत खाद्यान्न बालीको २९४१ हेक्टर (मकै १११६ हेक्टर, गहुँ ६४९ हेक्टर, वर्खे धान ११७६ हेक्टर) क्षेत्र विसस्तार कार्यक्रम सम्पन्न भएको छ। खाद्यान्न बालीको क्षेत्र विस्तार तर्फको कार्यक्रममा कार्यक्रमबाट कूल रू. १ करोड ८३ लाख अनुदान उपलब्ध गराइएको छ। त्यसै गरी आ.व. २०८१/८२ मा कार्यक्रमको विशेष प्राथमिकताको कार्यक्रमको रूपमा चैते धान प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ। उक्त कार्यक्रम अन्तर्गत ४ करोड २४ लाख अनुदान उपलब्ध गराई थप ६१२६ हेक्टर क्षेत्रफलमा चैते धान खेती विस्तार गरिएको छ।
- कार्यक्रमले ४ करोड ५८ लाख अनुदान सहयोग गरी फलफूल बालीको ७६९ हे., (सुन्तलाजात फलफूल ३१५ हे., स्याउ १३५ हे., उच्च घनत्वको स्याउ २.२६ हे., ओखर ११३ हे., केरा १०३ हे., र आँप/लिची १०१ हे.,) मा क्षेत्र विस्तारको कार्यक्रम सम्पन्न भएको छ।
- कार्यक्रम अन्तर्गत कृषक सुमुदायलाई रू. १ करोड ३९ लाख अनुदान सहयोग गरी तरकारी बालीको ३५२ हे., (मोरङ-७ हे., धनुषा-८० हे., बारा १९.५ हे., गोरखा-२५ हे., नवलपरासी पूर्व-६० हे., कपिलवस्तु-१४ हे., प्यूठान-२० हे., बर्दिया-१० हे., सल्यान-५० हे., सुर्खेत-४६ हे., दार्चुला-२१ हे.) मा क्षेत्र विस्तार गरिएको। त्यसैगरी आलु बालीको ३२८ हे., (ताप्लेजुङ-२० हे., सिन्धुपाल्चोक-६०, नुवाकोट-२० हे., मुस्ताङ-१६ हे., रूपन्देही-१६ हे., रुकुम हे., जुम्ला-२० हे., सुर्खेत २१.८ हे., बझाङ-५० हे., डडेलधुरा-६५ हे.,) मा क्षेत्र विस्तार कार्यक्रम सम्पन्न भएको छ। यस कार्यक्रमका लागि १ करोड ९० लाख २० हजार अनुदान उपलब्ध गराइएको छ।
- अदुवा/बेसार/अलैंचीको ८८.३७ हे. (अलैंची-ताप्लेजुङ ४० हे., इलाम-२१.७७ हे., कास्की-१३ हे., बागलुङ-९ हे. तथा अदुवा/बेसार-४.६ हे., ओखलढुंगा-१.६ हे. र सल्यान ३ हे.,) क्षेत्र विस्तार सम्पन्न भएको छ। मसला बालीहरूको क्षेत्र विस्तारमा ३४ लाख ३३ हजार खर्च भएको छ।
- कार्यक्रमम अन्तर्गत रू. २८ लाख १५ हजार खर्च भई कफी बालीको-२२ हे., (प्यूठान-३ हे., गुल्मी १०.५-हे., अर्घाखाँची ३.५-हे., रुकुम पूर्व ५-हे.) मा क्षेत्र विस्तार कार्यक्रम सम्पन्न भएको छ।
- कार्यक्रमले १ करोड २४ लाख ५६ हजार अनुदान सहयोग गरी कूल-४३ हे., क्षेत्रफलमा (झापा-११, धनुषा-१.७६, सिरहा-३.३ हे., सर्लाही-१३ हे., बारा-१.५ हे. चितवन-२ हे., कपिलवस्तु-७ हे., बर्दिया-३ हे., र कैलाली ०.२७ हे.,) नयाँ मत्स्य पोखरी निर्माण कार्य सम्पन्न भएको छ।
- गत आ.व. २०८१/८२ मा पशु नक्ष्ल सुधार कार्यक्रम अन्तर्गत ६४६ वटा उन्नत पशु नक्ष्ल (३९१ वटा बाख्रा/भेंडा/च्याङ्ग्रा, १३० वटा बङ्गुर र गाईभैंसीको १२५) लागि वितरण गरिएको। सो कार्यक्रममा १ करोड ३४ लाख खर्च भएको छ।
- कार्यक्रम अन्तर्गत ३९ करोड ९६ लाख ९२ हजार अनुदान सहयोग उपलब्ध गराई ३३९९ वटा साना सिँचाइ पूर्वाधार निर्माण सम्पन्न भई थप ५८३० क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार भएको।

- कार्यक्रमले १७ करोड ६२ लाख ५० हजार अनुदान सहयोग गरी ८९६७ वटा साना ठुला कृषि औजार तथा मेसिनरीहरूको वितरण गरी उत्पादन लागतमा न्यूनीकरण गर्न सहयोग गरिएको छ। यस कार्यक्रम कार्यान्वयनले कृषकको कार्यबोझ घटाई कृषि क्षेत्रमा यन्त्र उपकरणहरूको प्रयोगमा व्यापक विस्तार भएको छ।
- कार्यक्रमले १ करोड ४२ लाख ९० हजार अनुदान सहयोग गरी ८ वटा (झापा-१, मोरङ-१, धनुषा-१, सर्लाही-२, रूपन्देही-१, बर्दिया-२) कस्टम हायरिङ सेन्टर स्थापना तथा सञ्चालनमा सहयोग गरेको छ।
- कार्यक्रमको १ करोड १ लाख ६२ हजार अनुदान सहयोगमा ८ वटा (ताप्लेजुङ-१, संखुवासभा-२, मोरङ-२, सर्लाही-१, स्याङ्जा-१, अछाम-१) बीउ स्रोत केन्द्र स्थापना भई सञ्चालनमा आएको छ।
- कार्यक्रमको १ करोड ५५ लाख २० हजार अनुदान सहयोगमा नर्सरी स्रोत केन्द्रहरू (तरकारी, सुन्तलाजात, अलैंची, स्याउ, ओखर) स्थापना तथा सञ्चालनको लागि पूर्वाधार निर्माण तथा सुदृढीकरण सहयोगसहित ६९ वटा नर्सरी स्रोत केन्द्र स्थापना भएको छ।
- कार्यक्रमको ७० लाख अनुदान सहयोगमा कृषि उपजको बजारीकरण सहयोगको लागि ३ वटा पिकअप भ्यान, ईलेक्ट्रिक लोडर ९ वटा तथा विद्युतीय तीन पाङ्ग्रे सवारी साधन ४ वटा वितरण गरिएको छ।
- ३४ वटा भणडारण घर/गोदाम घर र ८ वटा कृषि उपज सङ्कलन केन्द्र निर्माण सहयोगको लागि ३ करोड ४० लाख अनुदान उपलब्ध गराइएको छ।
- १५ वटा रस्टिक स्टोर (ताप्लेजुङ-१, ओखलढुंगा-३, रामेछाप-५, रुकुम पूर्व-२, सुर्खेत-२ र बझाङ-२) निर्माणका लागि १ करोड ७८ लाख अनुदान उपलब्ध गराइएको छ। यसैंगरी १ करोड २१ लाख अनुदान उपलब्ध गराइ १५ वटा कोल्डरुम (बागलुङ-१, नवलपरासी पूर्व-१, चितवन-१, सिन्धुली-६, रामेछाप-२, खोटाङ-१ र संखुवासभा-३) निर्माणमा सम्पन्न भएको छ। साथै ३ वटा (सर्लाही-२, रूपन्देही-१) केरा राईपेनिङ च्याम्बर निर्माणमा ५९ लाख खर्च भएको छ। ९ वटा जिउँदो माछा पसल स्थापना (मोरङ-४, सर्लाही-४, रूपन्देही-१) गरी माछा बजारीकरणमा सहयोग गरिएको छ। यसको लागि १४ लाख ५१ हजार अनुदान प्रदान गरिएको छ।
- कार्यक्रमले १ करोड २९ लाख ४८ हजार अनुदान सहयोगमार्फत १०९ वटा (ताप्लेजुङ-२५, इलाम-२०, संखुवासभा-४५, तेह्रथुम-४, लम्जुङ-२, कास्की-३, बागलुङ-१०) सुधारिएको अलैंची भट्टी निर्माण सम्पन्न गरेको छ। यसबाट २५०-मे. टन अलैंची सुकाउने सुविधा विस्तार भएको छ।
- कार्यक्रम अन्तर्गत विभिन्न विश्वविद्यालयमा अध्ययनरत ५८५ जना (कृषि तथा वन विज्ञान विश्वविद्यालयका ४०५ जना, जि.पी. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिसर्च सेन्टरका ३० जना, सुदूरपश्चिम विश्वविद्यालय कृषि विज्ञान सङ्काय कैलाली टीकापुरका ६३ जना, नेपाल पोलिटेक्निक ईन्स्टिच्यूट चितवनका ५६ जना र हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्सेज एण्ड टेक्नोलोजी (HICAST) का ३१ जना) कृषि इन्टर्न परिचालन गरिएको छ।
- कार्यक्रमले १९ वटा प्राविधिक शिक्षालयलाई ८०.२४ लाख सहयोग गरी थप १२०७ विद्यार्थीलाई EARN and LEARN कार्यक्रम अवधारणामा सहयोग गरेको छ।
- कृषि तथा पशुपन्छी उद्यमशीलता कार्यक्रम अन्तर्गत ४ करोड ५७ लाख ५९ हजार खर्च भई १५७ वटा नयाँ कृषि तथा पशुपन्छीजन्य उद्यमहरूको स्थापना भई सञ्चालनमा आएका छन्।

- ६५ वटा व्यावसायिक प्याज प्रवर्द्धन कार्यक्रम अन्तर्गत १८८ हे. मा गाना तथा सागा प्याज खेती विस्तार भएको छ। यसका लागि १ करोड ६८ लाख ६५ हजार खर्च भएको छ।
- कार्यक्रमअन्तर्गतका विभिन्न कार्यक्रम कार्यान्वयन एकाइमार्फत ५६७.५ हे. मा धान, १९९ हे. मा मकै, ६५ हे. मा आलु, र ३३० हे. मा गहुँको बिज वृद्धि कार्यक्रम गरी उन्नत बीउको उपलब्धता बढाइएको छ।
- कार्यक्रमका सुपरजोनसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी कार्यक्रमको दोस्रो चरण सञ्चालन तथा निरन्तरता सम्बन्धमा माननीय मन्त्रीज्यू, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्षज्यू लगायतका पदाधिकारीहरू तथा विषय विज्ञहरूबाट सुझावहरू लिएको।
- कार्यक्रम कार्यान्वयनको वर्तमान अवस्था, प्राप्त उपलब्धिहरू तथा कार्यक्रमको आगामी बाटो सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग एवम् कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा छलफल गरी उच्च तहबाट सुझाव एवम् मार्गदर्शन प्राप्त गरेको।
- कार्यक्रमको दोस्रो चरणको दस्तावेज लेखनको लागि माननीय मन्त्रीस्तरको निर्णयबाट समिति गठन भई प्रारम्भिकरूपमा २/३ पटक सुझाव सङ्कलनको कार्य गरी कार्यक्रमको दोस्रो चरणको लागि विभिन्न निकायहरूसँग राय सुझाव सङ्कलनको कार्य सम्पन्न भएको।
- ARMIS (कृषि सूचना प्रणाली) को software बारे सबै प.का.ए. लाई orientation/training सञ्चालन गरी Online reporting को व्यवस्था गरेको।
- स्वाइन फ्लूका कारण बङ्गुरपालनमा आएको ह्रास (म्याग्दी) र आलु खेतीमा देखिएको स्क्याव रोग (काभ्रे) र प्याज खेती (नवलपरासी ब.सु.पूर्व) व्यवस्थापनका लागि जोन क्षेत्रमा प्राविधिक वार्तालाप सञ्चालन गरिएको।
- माछा बाली मूल्य शृङ्खलामा कार्य गर्ने सबै सरोकारवालाहरूको सहभागितामा Fish Thematic Workshop सञ्चालन गरी माछा मूल्य शृङ्खला विकासको समग्र पक्षबारे अध्ययन तथा छलफल गरिएको।
- कार्यक्रमको प्राविधिक र आर्थिक सहयोगमा स्थापित कस्टम हायरिङ सेन्टरका व्यवस्थापकका लागि CHC Management सम्बन्धी ३ दिने तालिम तथा परियोजनको सहयोगमा स्थापित Cold Chamber सञ्चालकलाई Cold Chamber Management सम्बन्धी राष्ट्रिय कार्यशाला सञ्चालन गरी व्यवस्थापन सीप हस्तान्तरण गरिएको।
- फलफूल बालीका फार्म केन्द्रहरू, कार्यक्रमका जोन तथा सुपरजोनहरू र अनुसन्धान निकायहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरी उत्पादन सामग्रीको उपलब्धता वृद्धि तथा कार्यमूलक सम्बन्ध स्थापनाको सुरुवात गराइएको।

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत आ.व. २०७३/७४ देखि हालसम्म (२०८१/८२ सम्म) प्राप्त प्रतिफल तल तालिकामा प्रस्तुत गरिएको छ।**

| क्र.स. | कार्यक्रम | एकाइ | आ.व. २०८०/८१ सम्मको प्राप्त प्रतिफल | आ.व. २०८१/८२ | आ.व. २०८१/८२ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| क) | **उत्पादन र उत्पादकत्व वृद्धिसँग सम्बन्धित** | | | | |
| १ | खाद्यान्न बाली क्षेत्रफल विस्तार | हेक्टर | १९,७३४ | २,९४१ | २२,६७५ |
| २ | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | ११,३६० | ६,१२६ | १७,४८६ |
| ३ | फलफूल बाली क्षेत्रफल विस्तार | हेक्टर | ९,०५२ | ७६९ | ९,८२१ |
| ४ | तरकारी बाली क्षेत्रफल विस्तार | हेक्टर | ६,२५३ | ३५२ | ६,६०५ |
| ५ | आलु बाली क्षेत्रफल विस्तार | हेक्टर | ३,३४१ | ३२८ | ३,६६९ |
| ६ | मसला बाली क्षेत्रफल विस्तार | हेक्टर | २,९६९ | ८८ | ३,०५७ |
| ७ | दाल बाली क्षेत्रफल विस्तार | हेक्टर | ७९३ | २०७ | १,००० |
| ८ | कफि क्षेत्रफल विस्तार | हेक्टर | २७७ | २२ | २९९ |
| ९ | उच्च घनत्वको स्याउ रोपण | सङ्ख्या | ६२ | २.२६ | ६४.२६ |
| १० | बिज वृद्धि कार्यक्रम (धान, मकै, गहुँ) | हेक्टर | ६,०९७ | १,०९६.५ | ७१९३.५ |
| ११ | चक्लाबन्दी खेती | हेक्टर | ७,७०३ | ७६१ | ८४६४ |
| १२ | साना सिँचाइ निर्माण | सङ्ख्या | १४,८०२ | ३,३९९ | १८,२०१ |
| १३ | साना सिँचाइ (सिञ्चित क्षेत्रफल) | हेक्टर | ३०,६९४ (८३ वटा सौर्य सिंचाइसहित) | ५,८३० | ३६,५२४ (८३ वटा सौर्य सिंचाइसहित) |
| १४ | माछा पोखरी निर्माण | हेक्टर | १,८३० | ४३ | १८७३ |
| १५ | फलफूल, तरकारी, मसला बाली र घाँसबाली बिरूवा उत्पादनका लागि नर्सरी स्रोत केन्द्र | सङ्ख्या | ५०१ | ६९ | ५७० |
| १६ | बीउ स्रोत केन्द्र स्थापना | सङ्ख्या | ८६ | ८ | ९४ |
| १७ | पशु नश्ल स्रोत केन्द्र | सङ्ख्या | ८६ | १६ | १०२ |
| १८ | मत्स्य ह्याचरी | सङ्ख्या | ३२ | ५ | ३७ |
| १९ | पशु नश्ल सुधार | सङ्ख्या | १,८९८ | ६४६ | २,५४४ |
| २० | बाख्रा/च्याङ्ग्रा खोर निर्माण | सङ्ख्या | १,५१३ | ४६९ | १,९८२ |
| २१ | गाईभैंसी गोठ निर्माण | सङ्ख्या | | १८२ | १८२ |
| २२ | भकारो सुधार | सङ्ख्या | ७,०८० | ११९ | ७,१९९ |
| २३ | हाइटेक ग्रिन हाउस | सङ्ख्या | १० | ० | १० |
| २४ | सेमीहाइटेक ग्रिनहाउस | सङ्ख्या | १२४ | ० | १२४ |
| २५ | प्लाष्टिक टनेल/घर निर्माण | सङ्ख्या | ५,४९५ | १,२१८ | ६,७१३ |

| क्र.स. | कार्यक्रम | एकाइ | आ.व. २०८०/८१ सम्मको प्राप्त प्रतिफल | आ.व. २०८१/८२ | आ.व. २०८१/८२ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| २६ | PBS आलु उत्पादनका लागि स्क्रिन हाउस | | ८ | ० | ८ |
| २७ | टिस्युकल्चर ल्याब स्थापना | सङ्ख्या | ४ | ० | ४ |
| २८ | किवी थाक्रा र स्याउमा ट्रेलिसिङ सहयोग | हेक्टर | २०६ | ४० | २४६ |
| २९ | प्राङ्गारिक मल/भर्मीकम्पोष्ट/हरियो मल/जैविक मल प्रदर्शन | सङ्ख्या | ३४४ | ११७ | ४६१ |
| ३० | उन्नत प्रविधि प्रदर्शन | सङ्ख्या | ७०८ | २०५ | ९१३ |
| ३१ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | हेक्टर | ४३,४६२ | ० | ४३,४६२ |
| ३२ | जैविक विषादी उत्पादन कारखाना | सङ्ख्या | ८ | ० | ८ |
| ३३ | प्राङ्गारिक मल कारखाना | सङ्ख्या | ८ | २ | १० |
| ३४ | Total Mixed Ration (TMR) उद्योग निर्माण तथा सञ्चालन | सङ्ख्या | २ | ० | २ |
| **ख)** | **लागत न्यूनीकरणसँग सम्बन्धित** | | | | |
| १ | कस्टम हायरिङ सेन्टर | सङ्ख्या | ६०६ | ८ | ६१४ |
| २ | साना मेसिनरी औजार | सङ्ख्या | ५४,१८२ | ८,९६७ | ६३,१४९ |
| **ग)** | **मूल्य शृङ्खला अभिवृद्धि र बजार व्यवस्थापनसँग सम्बन्धित** | | | | |
| १ | **मूल्य शृङ्खला अभिवृद्धि र बजार व्यवस्थापनसँग सम्बन्धित** | | | | |
| १.१ | तरकारी तथा फलफूल सङ्कलन केन्द्र | सङ्ख्या | २९८ | ८ | ३०६ |
| १.२ | गोदाम घर/भण्डारण घर | सङ्ख्या | २९ | ३४ | ६३ |
| १.३ | चिस्यान घर/कोल्डरुम | सङ्ख्या | ७५ | १५ | ९० |
| १.४ | Rustic Store निर्माण | सङ्ख्या | ६८ | १५ | ८३ |
| १.५ | सोलार स्टोर | सङ्ख्या | २२ | ० | २२ |
| १.६ | ढुवानी साधन/माछा-मासुका लागि चिलिङभ्यानसहित | सङ्ख्या | १२४ | १६ | १४० |
| २ | प्राथमिक प्रशोधन/प्रशोधन उद्योग | सङ्ख्या | १३६ | ४४ | १८० |
| ३ | आलुचिप्स उद्योग | सङ्ख्या | १० | ४ | १४ |
| ४ | सुधारिएको अलैंची भट्टी | सङ्ख्या | ७५८ | १०९ | ८६७ |
| ५ | स्याउ ग्रेडिङ मेसिन | सङ्ख्या | ९ | ० | ९ |
| ६ | केरा राइपेनिङ च्याम्बर | सङ्ख्या | १५ | ३ | १८ |
| ७ | जिउँदो माछा पसल स्थापना | सङ्ख्या | ६४ | ९ | ७३ |

| क्र.स. | कार्यक्रम | एकाइ | आ.व. २०८०/८१ सम्मको प्राप्त प्रतिफल | आ.व. २०८१/८२ | आ.व. २०८१/८२ सम्मको प्रतिफल |
|---|---|---|---|---|---|
| ८ | दुग्ध सङ्कलन केन्द्र स्थापना तथा सुदृढीकरण | सङ्ख्या | २५ | ४ | २९ |
| ९ | चिलिङ भ्याट | सङ्ख्या | | २१ | २१ |
| **घ)** | **संस्थागत विकास तथा क्षमता अभिवृद्धि** | | | | |
| १ | माटो तथा बाली संरक्षण मिनिल्याब | सङ्ख्या | ६ | ० | ६ |
| २ | माटो परीक्षण मोबाइल भ्यान खरिद | सङ्ख्या | ८ | ० | ८ |
| ३ | खाद्य परीक्षण मोबाइल भ्यान खरिद | सङ्ख्या | २ | ० | २ |
| ४ | कृषि इन्टर्न परिचालन | सङ्ख्या | २८३३ | ५८५ | ३४१८ |
| ५ | प्राविधिक शिक्षालयको समन्वय (विद्यार्थी सङ्ख्या) | सङ्ख्या | ३१५ (१३७४८) | १९(१२०७) | ३३४(१४९५५) |

कार्यक्रमका जोन/सुपरजोनतर्फका कार्यक्रममा सहभागी हुन आ.व. २०८१/८२ मा जोन/सुपरजोन क्षेत्रका तपसिलको तालिका बमोजिमका १३०२४ वटा विभिन्न प्रकारका संस्थाहरू कार्यक्रम कार्यान्वयन एकाइहरूमा सूचीकृत भएका छन्।

| क्र.सं. | प्रदेश | सहकारी | समूह | नीजि उद्यमी/कम्पनी | प्राविधिक शिक्षालय | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | कोशी | ९० | ३०६ | १,०३६ | १ | ० | १,४३३ |
| २ | मधेस | २८५ | २९४ | ९४७ | १ | ० | १,५२७ |
| ३ | बागमती | २१५ | २९८ | १,६२४ | १ | ६ | २,१४४ |
| ४ | गण्डकी | ११५ | ३७० | १,१०० | ७ | ० | १,५९२ |
| ५ | लुम्बिनी | ३७७ | ८०७ | १,६४२ | ० | ९८ | २,९२४ |
| ६ | कर्णाली | १९८ | ४०८ | २,२२५ | ५ | ० | २,८३६ |
| ७ | सुदूरपश्चिम | २१८ | ४९५ | १,२८० | ३ | ५ | २,००१ |
| | **जम्मा** | **१४०८** | **२६७२** | **८,८१८** | **१७** | **१०९** | **१३,०२४** |
| | **प्रतिशत** | **१०.८१** | **२०.५१** | **६७.७०** | **०.१४** | **०.८४** | **१००** |

कार्यक्रम लागू भएका क्षेत्रहरूमा आ.व. २०८१/८२ मा १ लाख ९३ हजार ३ सय ९ जना कृषकहरू विभिन्न अनुदानका कार्यक्रमहरूबाट लाभान्वित भएका छन्।

**लाभान्वित जनसङ्ख्या (आ.व. २०८१/८२)**

| प्रदेश | महिला | पुरुष | जम्मा | दलित | जनजाती | अन्य | युवा | कूल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| कोशी | ८,७६४ | ९,९०३ | १८,६६७ | १,६४५ | ८,२३५ | ८,७८७ | ७,१६९ | १८,६६७ |
| मधेस | ११,१६६ | ९,९०३ | २१,०६९ | १,७०९ | ४,९८३ | १४,३७७ | ५,६३७ | २१,०६९ |
| बागमती | २८,७५० | ३४,६४३ | ६३,३९३ | ६,०४८ | २७,८५८ | २९,४८७ | १२,३६७ | ६३,३९३ |
| गण्डकी | १२,८३२ | १३,९९३ | २६,८२५ | २,५७५ | ६,६६६ | १७,५८४ | ७,०६२ | २,६८,२५ |
| लुम्बिनी | १३,२६८ | ११,३७६ | २४,६४४ | २,५३५ | ९,२३९ | १२,८७० | १२,४३४ | २४,६४४ |
| कर्णाली | ५,२४६ | ६,११७ | ११,३६३ | १,३०१ | १,५९० | ८,४७२ | ३,६९१ | ११,३६३ |
| सुदूरपश्चिम | १३,९१३ | ११,४६२ | २४,३७५ | ९८२ | ७,६९७ | १५,६९६ | ९,६१७ | २४,३७५ |
| **जम्मा** | **९२,९३९** | **९७,३९७** | **१,९०,३३६** | **१६,७९५** | **६६,२६८** | **१,०७,२७३** | **५७,९७७** | **१,९०,३३६** |

**आ.व. २०८१/८२ मा कार्यक्रमबाट सञ्चालित कार्यक्रममार्फत रोजगारी सृजनाको अवस्था**

| प्रदेश | आंशिक रोजगारी | पूर्ण रोजगारी | जम्मा |
|---|---|---|---|
| कोशी | ९,६५७ | ५८४ | १०,२४१ |
| मधेश | ६,०५३ | ४,२८५ | १०,३३८ |
| बागमती | ३२,१६८ | १,७८९ | ३३,९५७ |
| गण्डकी | १२,५५४ | १,८७९ | १४,४३३ |
| लुम्बिनी | ३३,६०२ | २,९३५ | ३६,५३७ |
| कर्णाली | ४,७६७ | ७८५ | ५,५५२ |
| सुदूरपश्चिम | ५,२६७ | ७८१ | ६,०४८ |
| **जम्मा** | **१,०४,०६८** | **१३,०३८** | **१,१७,१०६** |

**कार्यक्रमको शुरुदेखि हालसम्मका मुख्य उपलब्धिहरू**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको आ.व. २०७३/७४ देखि २०८१/८२ सम्मको प्राप्त प्रतिफल तल तालिकामा प्रस्तुत गरिएको छ।

| कार्यक्रम | उपलब्धि |
|---|---|
| चक्लावन्दी खेती | • कार्यक्रमबाट Land Consolidation र crop pooling गरी करिब ८४६४ हे. मा चक्लाबन्दी खेती कार्य सञ्चालन भएको। |
| प्राविधिक शिक्षालयको साझेदारीमा व्यावसायिक उत्पादन कार्यक्रम | • "सिक र कमाउ" मोडलमा ३३४ प्राविधिक शिक्षालयमा अध्ययनरत विद्यार्थीहरूबाट कृषि व्यवसाय सञ्चालनको व्यवहारिक ज्ञानका साथै अध्ययनरत विद्यार्थीहरूलाई आयआर्जनको अवसर प्राप्त भई हालसम्म १४९५५ विद्यार्थी लाभान्वित भएको। |

| कार्यक्रम | उपलब्धि |
| --- | --- |
| कृषि इन्टर्न परिचालन | • कृषि र वन विज्ञान विश्वविद्यालय, रामपुर, जि.पी. कोइराला कलेज अफ एग्रीकल्चर एण्ड रिर्सच सेन्टर विराटनगर, महेन्द्र रत्न बहुमुखी क्याम्पस, इलाम, सुदूरपश्चिम विश्वविद्यालय, कृषि विज्ञान सङ्काय, कैलाली, नेपाल पोलिटेक्निक ईन्स्टिच्यूट चितवन, हिमालयन कलेज अफ एग्रिकल्चरल साइन्सेज एण्ड टेक्नोलोजी काठमाडौं, मिड वेस्ट कलेज अफ लाईफ साईन्स, दाङ गरी जम्मा ७ वटा अध्ययन संस्थनाबाट हालसम्म ३४१८ जना विद्यार्थी विभिन्न प.का.ए., कृषि ज्ञान केन्द्र र फार्म/केन्द्र तथा स्थानीय तहमा परिचालन गरिएको। |
| भण्डारण, प्राथामिक प्रशोधन वा प्रशोधन उद्योग स्थापना | • ८६७ अलैंचीका आधुनिक भट्टी निर्माणका साथै १४ वटा आलुचिप्स उद्योगको स्थापना भएको।<br>• कृषि उपज भण्डारण प्रशोधन तथा बजारीकरणका लागि ५६४ वटा विभिन्न प्रकृतिका पोष्टहार्भेष्टसँग सम्बन्धित पूर्वाधार सहयोग गरिएको। यसमा ३०६ सङ्कलन केन्द्र, ६३ गोदाम घर, ९० वटा चिस्यान घर, ८३ रष्टिक स्टोर र २२ सेलार स्टोर स्थापना भई भण्डारण र बजारीकरणमा सहजता भएको।<br>• १४० वटा ढुवानी साधन (माछाको ४ वटा चिलिङ भ्यानसहित) ले ढुवानी लागत कम गराई बजारीकरणमा सहज, १८ वटा केरा राइपेनिंग च्याम्बर, ९ वटा स्याउ ग्रेडिङ मेसिनमार्फत उपभोक्ताको मागअनुसारको केरा तथा स्याउको गुणस्तर कायम गर्न सहज भएको।<br>• हालसम्म १८० वटा प्राथमिक प्रशोधन उद्योग (अलैंचीको तेल, अलैंचीको धुलो, सुपारी, रबर, चामल, चिउरा, च्याख्ला, अचार, अदुवा बेसार धुलो, आलुचिप्स, मह, माछा आदि) स्थापनामा सहयोग, बर्दियामा चिउरा उद्योग, पाल्पामा अचार उद्योग, दाङमा मकै, तेल र साइलेज उद्योगको सञ्चालन भएका छन्। रूपन्देहीमा फ्रोजन ब्लाष्ट प्रविधिबाट ताजा माछाको प्राथमिक प्रशोधन उद्योग स्थापना भएको छ।<br>• स्याङ्जामा सुन्तलाको वाइन, ब्राण्डीको परीक्षण उत्पादन सफल भई उत्पादनहरू जापान निर्यात गरिएको। |
| जुनार बगैंचा व्यवस्थापन तथा क्षेत्रगत कीरा नियन्त्रण कार्यक्रम | • सिन्धुलीमा जुनारको औंसा कीरा व्यवस्थापनका लागि क्षेत्रगत कीरा नियन्त्रण कार्यक्रम सञ्चालन भई ५९ प्रतिशतबाट १ प्रतिशतमा क्षति न्यूनीकरण भएको र सोको अन्य/छिमेकी जिल्लाहरूमा अनुसरणसमेत भएको। |
| यान्त्रिकीकरण प्रवर्द्धन/कस्टम हायरिङ सेण्टर | • कृषि यान्त्रीकरण प्रवर्द्धनका लागि हालसम्म ६१४ वटा कस्टम हायरिङ सेन्टर स्थापना गरिएको जसबाट ट्याक्टर, रोटाभेटर, थ्रेसर, धान रोप्ने मेसिन, कम्बाइन्ड हार्भेष्टर, ड्रायर लगायतका कृषि यन्त्रको प्रयोगमा व्यापक विस्तार भई उत्पादन लागत न्यूनीकरण गरी कार्यबोझसमेत घटेको। गाउँघरमा प्रचलित कृषि यन्त्रको भाडा दर घट्नाले उत्पादन लागत कम भई नाफा वृद्धि हुन गएको।<br>• हालसम्म ६३१४९ वटा मिनिटिलर, पावरटिलर, कर्न सेलर, स्प्रेयर, ज्याब प्लाण्टर लगायतका अन्य साना मेसीन तथा औजार यन्त्र वितरण।<br>• विशेष गरी तराईका खाद्यान्न बालीका जोन/सुपरजोनमा साना तथा ठूला कृषि यन्त्र उपकरणहरूको बढ्दो प्रयोगबाट उत्पादन लागतमा ३५-५० प्रतिशतले कमी आएको। |

| कार्यक्रम | उपलब्धि |
| --- | --- |
| | • जग्गा सम्याउने Land Laser Leveler को प्रयोग, मेसिनबाट धान रोपाई, कम्बाइण्ड हार्भेष्टरको प्रयोग, चैते धान सुकाउन ड्रायरको प्रयोग केही सफल भएका प्रविधि हुन पुगेको छ। धान खेतीमा ३०-४० हजार/हे. लागत न्यून गर्न सकिएको उत्पादन लागत घटेको।<br>• मेसिनरीको बढ्दो प्रयोगबाट कार्यक्रम क्षेत्रमा १.४५ kw/ha. उर्जा प्रयोग भइरहेको (नेपाल ०.८० kw/ha, भारत २.५ kw/ha)।<br>• नयाँ प्रविधि प्रति कृषकहरूको रुचि बढ्दै गएको। प्रविधिप्रति युवा किसानहरू आकर्षित हुँदै गएको। |
| नयाँ बालीको व्यावसायिक उत्पादन | • पाल्पामा अकबरे खुर्सानी व्यावसायिकरूपमा खेती शुरु गरिएको। बाँझो जमिनको सदुपयोग, बाँदरले नोक्सानी नगरेको हुनाले वैकल्पिक बालीको रूपमा स्थापित हुन सक्ने।<br>• चाउचाउ उद्योगसँग सम्झौता गरी अकबरे खुर्सानीमा करार खेतीको अभ्यास शुरु भएको छ। |
| बीउ आत्मनिर्भरताको लागि पूर्वाधार विकासमा सहयोग | • ९४ वटा बीउ स्रोत केन्द्र स्थापना कार्यक्रममार्फत जोन सुपरजोन क्षेत्रमा प्रमुख खाद्यान्न बालीको बीउ भण्डारण, प्रशोधन, प्याकेजिङ, लेवलिङ तथा बजारीकरण कार्यमा सहयोग पुगेको छ। |
| स्याउको उच्च घनत्व रोपण प्रविधि HDP | • सोलुखुम्बु, मनाङ, मुस्ताङ, जुम्ला, मुगु र दार्चुलामा हालसम्म जम्मा ६४.२६ हे. क्षेत्रफलमा स्याउको उच्च घनत्व रोपण प्रविधिबाट खेती गरिएको छ।<br>• सामान्य रोपणमा ३०० बिरूवा प्रति हेक्टर हुनेमा यो प्रविधिबाट ३०००-३३०० बिरूवा प्रति हेक्टर रोप्न सकिन्छ भने सामान्यमा ७ मे. टन उत्पादकत्व छ भने यो प्रविधिमा २१ देखि २४ मे. टन प्रति हे. उत्पादकत्व प्राप्त भएको छ।<br>• सामान्य रोपणबाट ६ वर्षमा फल लाग्छ भने HDP बाट ३ वर्षमा उत्पादन लिन सकिन्छ। |
| धान प्रर्वद्धन तथा चैते धान क्षेत्र विस्तार | • चैते धानको क्षेत्र विस्तार भई धानको उत्पादन वृद्धिमा यो कार्यक्रम कोशेढुंगा बनेको छ। कार्यक्रम लागू भएको धानका जोन तथा सुपरजोन क्षेत्रहरूमा राष्ट्रिय औसत भन्दा करिब २३% ले उत्पादकत्व बढिरहेको। कार्यक्रमबाट हरेक वर्ष चक्लाबन्दी र क्षेत्र विस्तार कार्यक्रममार्फत चैते धानको क्षेत्र विस्तार भई हालसम्म १७४८६ हे. क्षेत्र विस्तार भएको छ। धानको न्यूनतमसमर्थन मूल्यमा कृषकहरूबाट धान खरिद गरी कार्यक्रमबाट सहयोग प्राप्त सहकारीहरूले भण्डारण एवम् चामल प्रशोधन गरी कृषकलाई उचित मूल्य तथा उपभोक्ता मूल्यको स्थिरीकरणमासमेत सहयोग पुगेको छ। कार्यक्रममार्फत चैते धान प्रर्वद्धन गरिएका जिल्लाहरू झापा, मोरङ, सुनसरी, उदयपुर, धनुषा, मकवानपुर, चितवन, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) नुवाकोट, प्यूठान, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर रहेका छन्। |
| किसान स्तरबाट हाइब्रिड बीउ उत्पादन | • दाङ र सर्लाहीमा कृषक सहकारीले किसान स्तरबाटै स्वदेशी हाइब्रिड मकैको बीउ (रामपुर हाइब्रिड १०) उत्पादन भइरहेको। |
| सामुदायिक नर्सरीमा धान वेर्ना उत्पादन | • मोरङ तथा चितवनमा मेसिनबाट धान रोप्नको लागि सामुदायिक नर्सरीमा ट्रे मा बेर्ना उत्पादन कार्यमा सफलता प्राप्त भई कृषकस्तर प्रविधि विस्तार भएको। ४ चक्के राईस ट्रान्सप्लाण्टरको सङ्ख्या बढ्दै गएको। |

| कार्यक्रम | उपलब्धि |
|---|---|
| बजारीकरण प्रवर्द्धन | • स्याउ, सुन्तला, जुनार, किवीमा प्याकेजिङ, लेवलिङ गरी बजारीकरण भइरहको। उच्चपहाडी जिल्लाबाट स्याउ तथा सिमीको ढुवानी लागतमा ५० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन गरिएको छ। |
| बृहत चक्लाबन्दी र क्षेत्र विस्तारमार्फत व्यावसायिक मत्स्यपालन | • यस कार्यक्रमबाट क्षेत्र विस्तार कार्यक्रमबाट हालसम्म थप १८७३ हे. मत्स्य पोखरी निर्माण भई ११३४२ मे. टन माछा थप उत्पादन भई आयत प्रतिस्थापन भएको। बाह्य देशसँगको परनिर्भता क्रमशः हट्दै गएको। माछाको उपभोगमा वृद्धि भएको छ, मत्स्य मूल्य शृङ्खलाको विकासमा जिउँदो माछा पसल ७२ वटा, ब्लाष्ट प्रविधिबाट फ्रोजन माछा, वोनलेस माछा लगायत परिकारहरू उत्पादन तथा बिक्रीवितरणका कार्यहरूसमेत बढेको।<br>• धनुषाको धनुषाधाम न.पा. को पर्वतामा १०० हेक्टर र क्षिरेश्वरनाथ न.पा. सखुवा महेन्द्रनगरमा ५० हे. लगयताका विभिन्न क्षेत्रहरू बृहत माछापालन चक्लाबन्दीको रूपमा विकास भएको। |

### ३.१.१.८ खाद्य पोषण तथा प्रविधि कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०३१०१)

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ र दाना पदार्थ ऐन, २०३३ कार्यान्वयन गर्न विभागले नियमितरूपमा स्वीकृत वार्षिक कार्यक्रमअनुरूप खाद्य स्वच्छता तथा गुण नियन्त्रण कार्यक्रम, प्रयोगशाला विश्लेषण कार्यक्रम, एस.पि.एस इन्क्वायरी सेवा, आयातनिर्यात गुणस्तर प्रमाणीकरण कार्यक्रम, व्यावसायिक कृषि उद्यमशीलतामा आधारित प्रविधि विकास तथा रोजगार उन्मूख कार्यक्रम सञ्चालन गरी आम उपभोक्ताको स्वास्थ्य रक्षा गर्ने, विश्व व्यापार सङ्गठनको स्वच्छता र वनस्पतिजन्य स्वच्छताका मापदण्डहरू पूरा गरी स्वच्छ खाद्य व्यापारमा टेवा पुर्याउने, कृषिमा आधारित प्रशोधन प्रविधि विकास गरी कृषकलाई व्यावसायीकरणतर्फ उन्मूख गराउने र खाद्य पोषणको मध्यमबाट कुपोषण न्यूनीकरणमा टेवा पुर्याउने काम गर्दै आएको छ ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र मातहतका गरी ४३ कार्यालयहरूबाट आ.व. २०८१/८२ मा सम्पन्न मुख्य-मुख्य कार्यक्रमहरूको वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिमको रहेको छ ।

**खाद्य तथा दाना उद्योग एवम् बजार निरीक्षण अनुगमन र गुणस्तर नियमन कार्यक्रम**

- यस अवधिमा खाद्य/दाना उद्योग, बजार, होटल रेस्टुरेन्ट, हाट बजार/मेला महोत्सव, राजमार्गका होटल, अनुगमन तथा उजुरी उपर तत्काल सम्बोधन टोली (Rapid Response Team) मार्फत कारबाही लगायत जम्मा ११०५९ पटक निरीक्षण अनुगमन गरिएको ।
- यस वार्षिक अवधिमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार न्यूनस्तर तथा दूषित उत्पादन तथा बिक्रीवितरण गरेको कसुरमा जम्मा १८६ वटा खाद्य तथा दाना व्यवसायी उपर सम्बन्धित जिल्ला प्रशासन कार्यालय तथा जिल्ला अदालतमा मुद्दा दायर गरिएको।
- आर्थिक वर्ष २०८१/८२ मा खाद्य/दाना उद्योग तथा बजार निरीक्षण अनुगमन गरी ऐन नियमानुसार जम्मा ३,३९४ नमुनाहरू सङ्कलन भएकोमा २७३९ वटा नमुनाको विश्लेषण सम्पन्न हुँदा १७३ वटा नमुनाहरूको प्रतिवेदन प्रतिकूल पाइएको।
- आर्थिक वर्ष २०८१/८२ मा ३,९१३ वटा विभिन्न खाद्य समूहका खाद्य स्वच्छता सर्भिलेन्सका नमुना सङ्कलन गरिएको।

- यस अवधिमा ८४८ वटा उद्योगको अनुमतिपत्र जारी, ३,१९५ वटा उद्योगको अनुमतिपत्र नवीकरण तथा १,४३२ वटा खाद्य उद्योगको स्थापना गर्न सिफारिस गरी जम्मा ५,४७५ वटा उद्योगको अनुमतिपत्र जारी नवीकरण तथा उद्योग दर्ता सिफारीसको कार्य गरिएको।
- आर्थिक वर्ष २०८१/८२ को वार्षिक अवधिमा ६६७ वटा आहारपूरक खाद्य पदार्थको उत्पादन दर्ता र १,४१७ आहारपूरक खाद्य पदार्थको दर्ता नवीकरण गरी जम्मा २,०८४ वटा आहारपूरक खाद्य पदार्थको नियमन गरिएको।

**मोबाइल खाद्य प्रयोगशाला भ्यानद्वारा निरीक्षण अनुगमन**

- मिति २०८१/०६/१६ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री रामनाथ अधिकारीज्यू तथा मन्त्रालयका श्रीमान् सचिव डा. गोविन्द प्रसाद शर्माज्यूबाट विभागको मोबाइल खाद्य प्रयोगशाला भ्यान अवलोकन भई मोबाइल खाद्य प्रयोगशाला भ्यान बजार अनुगमन तथा निरीक्षणका लागि पुनः सञ्चालन गरिएको।
- विभागमा रहेका ४ वटा मोबाइल खाद्य प्रयोगशाला भ्यानमध्ये १/१ थान मोबाइल खाद्य प्रयोगशाला भ्यान खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगर र धनगढीमा हस्तान्तरण गरी सो क्षेत्रमा समेत स्थलगत निरीक्षण परीक्षण कार्य सुचारु गरी खाद्य स्वच्छता तथा गुणस्तर नियमन कार्य थप प्रभावकारी बनाइएको।
- यस अवधिमा मोबाइल खाद्य प्रयोगशाला भ्यान सञ्चालन गरी खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले ४१ पटकमा १६४ व्यवसाय अनुगमन गरी ७२३ वटा नमुना विश्लेषण गरेको थियो । खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, विराटनगरबाट १२ पटकमा ४६ व्यवसाय अनुगमन गरी २४ वटा नमुना विश्लेषण भएको थियो र खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, धनगढीबाट १० पटकमा १०० व्यवसाय अनुगमन गरी ९७ वटा नमुना विश्लेषण भएको।
- स्थलगत निरीक्षण अनुगमनका क्रममा कैफियत देखिएका नमुना जफत नष्ट गरी तत्काल सुधारका लागि निर्देशन तथा कारबाही गर्नुका साथै खाद्य व्यवसायी तथा उपभोक्ताहरूलाई सचेत एवम् जागरुकसमेत गराइएको।

**खाद्य आयातनिर्यात नियमन कार्यक्रम**

- खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को प्रावधान अनुरूप खाद्य पदार्थ पैठारी गर्नुअघि अनिवार्यरूपमा स्वीकृति लिनुपर्ने व्यवस्था गरिएबमोजिम आर्थिक वर्ष २०८१/८२ मा जम्मा २०,४३७ वटा खाद्य पदार्थको कन्साईन्मेन्ट पैठारीको लागि स्वीकृति पत्र दिइएको थियो। यस अवधिमा आवश्यक कागजात पूरा नभएका २३० वटा कन्साइन्मेन्टको अनुमति अस्वीकृत गरिएको।
- यस आर्थिक वर्ष २०८१/८२ को वार्षिक अवधिमा १२ वटा विभिन्न नाकामा रहेका खाद्य आयातनिर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरूमा ५२,९९२ वटा प्राप्त भई सोको जाँच विश्लेषण गरी नियमन गरिएकोमा फुड सप्लिमेन्ट, चामल, मासको दाल, भटमास, राजमा दाल, चना दाल, मुंग दाल, दाल मोठ, मसुरोको दाल, फ्लेभोर ड्रिङ्स, रोज वाटर, नमकिन लगायतका गरी ४१ वटा नमुना प्रतिकूल पाइएकोले आयात गर्न नमिल्ने भनि सम्बन्धित भन्सार कार्यालयलाई पत्राचार गरिएको।

**खाद्य पदार्थ निर्यात सहजीकरण**

- ४ अप्रिल, २०२५ मा भारत को Food Safety and Standards Authority of India ( FSSAI) बाट विभिन्न ९ किसिमका निर्यातजन्य खाद्य पदार्थको हकमा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको परीक्षण प्रतिवेदन Certificate of Analysis (COA) लाई भारतको FSSAI को Order बमोजिम मान्यता प्राप्त भएको थियो। विभागमा निर्यात प्रयोजनका लागि प्राप्त नमुनालाई LIMS प्रणालीको माध्यमबाट छिटो विश्लेषण नतिजा प्राप्त हुने गरी प्रयोगशालामा व्यवस्था मिलाइएको र निर्यात प्रवर्द्धनका लागि Food safety and quality export certificate/health certificate, Fit for human consumption certificate र Feed Quality Certificate जारी गर्न सुरुवात गरिएको थियो। यस अवधिमा खाद्य पदार्थ निर्यात प्रयोजनका लागि छुर्पी, फलफूलको पेय, दालचिनी, अलैंची लगायतका मसलाजन्य पदार्थ, Dried fish, तयारी चाउचाउ, चिया, कफी, घ्यू, मह, दाल, कन्फेक्सनरी, हाजमोला लगायतका विभिन्न खाद्य पदार्थका ८९८ थान नमुना अमेरिका, जापान, भारत, बंगलादेश, UAE, UK, हङ्कङ, अष्ट्रिया, अष्ट्रेलिया, ताइवान, साइप्रस लगायतका देशमा निर्यात प्रयोजनका लागि प्राप्त भएको थियो ।

**खाद्य तथा दाना पदार्थको अनिवार्य गुणस्तर मापदण्ड निर्धारण**

- खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ प्रावधानबमोजिम गठित खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिको प्रथम बैठक श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यूको अध्यक्षतामा मिति २०८१/०५/३० गते बसेको।
- खाद्य स्वच्छता तथा गुणस्तर सिफारिस समितिमार्फत रोल्ड ओट्स, मस्यौरा, छुर्पी तथा सोया बरीको मापदण्ड सिफारिस भई नेपाल राजपत्रमा प्रकाशन गर्न कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।

**खाद्य प्रयोगशाला स्तरीकरण तथा सुदृढीकरण**

- विगतमा सन् २०२४ सम्म विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला (NFFRL) को एक्रिडिटेशन क्षेत्रभित्र कूल २८६ वटा खाद्य विश्लेषण प्यारामिटर मात्र रहेकोमा आ.व. २०८१/८२ मा विभागले सोमा व्यापक विस्तार गरी ६७२ वटा केमिकल पारामिटर तथा १४२ वटा माइक्रोबायोलोजिकल पारामिटर गरी कूल ८१४ वटा विश्लेषण प्यारामिटरको लागि NABL बाट ISO/IEC 17025: 2017 अनुरूप एकृडिटेशन क्षेत्र विस्तार गर्न सफल भएको।
- यसै गरी विभागले ५३८ वटा केमिकल तथा १४२ वटा माइक्रोबायोलोजिकल गरी ६८० वटा प्यारामिटरको लागि FSSAI र NABL बाट एकीकृत प्रयोगशाला मूल्याङ्कन (Integrated Laboratory Assessment) भई FSSAI र NABL बाट मान्यतास्वरूप एकीकृत प्रत्यायन प्रमाणपत्र (Integrated Accreditation Certificate) प्राप्त गरेको।
- आ.व. २०८१/८२ मा खाद्य पदार्थमा औद्योगिक ट्रान्स फ्याट परीक्षणका लागि प्रयोगशालाको विश्लेषण क्षमता विस्तार गरी परीक्षण शुरुवात गरिएको।
- विभागको राष्ट्रिय खाद्य तथा दाना रेफेरेन्स प्रयोगशालामा पशुजन्य खाद्य पदार्थमा Anti-microbial Resistance (AMR) तथा Anti-microbial Susceptibility Testing (AST) परीक्षणका साथै खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, नेपालगञ्जको माइक्रोबायोलोजी प्रयोगशाला सुदृढीकरण गरी सुक्ष्म जीवाणु परीक्षण कार्यसमेत सुरुवात भएको।

**प्रयोगशाला विश्लेषण सेवा**

- आर्थिक वर्ष २०८१/८२ मा विभागको राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला तथा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयका खाद्य प्रयोगशालाहरूबाट ऐन नियम कार्यान्वयनका क्रममा सङ्कलित नमुना, खाद्य उद्योग अनुमति पत्रका लागि सङ्कलित नमुना लगायत सेवाग्राहीबाट अनुरोध भई आएका गरी जम्मा २६,२४३ थान नमुनाहरू प्रयोगशाला जाँच विश्लेषण गरिएको।

**आयातित तरकारी तथा फलफूलमा जीवनाशक विषादीको द्रुत परीक्षण (RBPR)**

- नेपालमा आयात हुने ताजा तरकारी तथा फलफूलको नमुना १२ वटा खाद्य आयातनिर्यात गुणस्तर प्रमाणीकरण कार्यालयहरूबाट यस अवधिमा ६५,८७१ वटा नमुनाको RBPR विधिबाट जीवनाशक विषादी अवशेष परीक्षण गर्दा २१ वटा नमुना प्रतिकूल पाइएको। प्रतिकूल पाइएका तरकारी तथा फलफूलमा आलु, आँप, सुन्तला, कागती, खर्बुजा, मेवा, कटहर, बेसर, गोलभेडा, बदाम, अनार, प्याज, अमला, केरा र फर्सिका नमुना रहेका।

**खाद्य प्रविधि विकास, तालिम, अध्ययन तथा पोषण सम्बन्धी प्रवर्द्धनात्मक कार्यक्रम**

- व्यवसायमूलक कृषि उत्पादन प्रशोधन प्रविधिमा आधारित प्रविधि विकास प्याकेज (टिमुरमा आधारित परिकार विकास) बारे अध्ययन गरिएको।
- परम्परागत तथा स्थानीय खाद्य वस्तु (स्नायक्स फुड लाखामारी, निम्की, खाप्से आदि) को स्तर निर्धारण सम्बन्धी अध्ययन अनुसन्धान गरिएको।
- जाती विशेष खाद्य परिकारको प्रोफाइल अध्ययनका लागि मैथली जातिका परिकारहरूको अध्ययन गरिएको।
- खाद्य प्रशोधन प्रविधि सम्बन्धी सीप विकास तालिम १५ पटक सञ्चालन गरिएको।

**विश्व खाद्य स्वच्छता दिवस कार्यक्रम**

"खाद्य पदार्थमा स्वच्छताः विज्ञानको अपरिहार्यता" भन्ने नारासहित विश्व खाद्य स्वच्छता दिवस देशभरि सप्ताहव्यापीरूपमा जुन १ देखि ७, २०२५ सम्म खाद्य स्वच्छता सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी मनाइएको ।

**खाद्य स्वच्छता तथा गुणस्तर सचेतना कार्यक्रम**

आर्थिक वर्ष २०८१/८२ मा होमस्टे/होटल रेस्टुरेन्ट/क्यान्टिन सञ्चालकहरूलाई खाद्य स्वच्छता सम्बन्धी तालिम ३४ पटक सम्पन्न गरिएको र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया ९० पटक सम्पन्न गरिएको।

**होटल लोगो स्तरीकरण**

- विभाग तथा मातहतका कार्यालयहरूबाट खाद्य स्वच्छताको आधारमा होटल रेष्टुरेण्ट स्तरीकरण निर्देशिका, २०७४ बमोजिम देशव्यापीरूपमा होटेल लोगो स्तरीकरण सम्बन्धी कार्यक्रम सञ्चालन हुँदै आएको।
- आ.व. २०८१/८२ मा ३५ पटकमा २१४ वटा होटल रेस्टुरेन्टको स्तरीकरण गरी लोगो वितरण गरिएको। स्तरीकरण कार्यक्रम अन्तर्गत ४१ वटा अति उत्तम, ५९ वटा उत्तम, ६१ वटा सतोषजनक, ३१ वटा सामान्य समूहमा होटल रेस्टुरेन्ट स्तरीकरण भएका र २२ वटा स्तरीकरणमा नपरेका होटेल/रेष्टुरेन्टहरूलाई सुधारका लागि आवश्यक निर्देशन दिइएको।

### ३.२.१.९ नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना (बजेट उप-शीर्षक नं. ३१२००१०७-३/४)

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना विश्व बैंकको (आ.डि.ए.) ४३ मिलियन अमेरिकी डलर (दोस्रो पुनर्संरचनाबाट) ऋण सहयोगसहित कूल ७५.०५ मिलियन अमेरिकी डलरको लागतमा नेपालको पशु सेवालाई सुदृढीकरण गर्दै नवीन प्रविधिको माध्यमबाट उत्पादन र उत्पादकत्वको वृद्धि, मूल्य शृङ्खलाको विकासको साथै जलवायु अनुकूलन प्रविधिहरूको विकास र उपयोग गर्ने गरी तयार गरिएको आयोजना हो। यस आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयनमा आएको छ। आयोजनाले २८ वटा जिल्लाका २८९ वटा पालिकाहरूमा आफ्ना सेवाहरू सञ्चालन र विस्तार गरेको छ।

यस आयोजनामा चारवटा सम्भाग र आठवटा उप-सम्भागहरू रहेका छन् र यस आयोजनाबाट उपलब्ध गराउने अनुदान वित्तीय संस्थामार्फत गराउने नविनतम प्रयासको सुरूवात गरिएको छ। यस आयोजनामार्फत बाख्राको मूल्य शृङ्खला विकास, दुग्ध मूल्य शृङ्खला विकास र च्याङ्ग्रा मूल्य शृङ्खला विकासमा बीस प्रतिशत कृषकतर्फबाट स्वलगानी, तीस प्रतिशत वित्तीय संस्थामार्फत ऋण प्रवाह र बाँकी पचास प्रतिशत आयोजनाको तर्फबाट अधिकतम एक करोडसम्म अनुदान दिने व्यवस्था गरिएको छ। छनौट गरिएका मूल्य शृङ्खलामध्ये बाख्रा र दुग्ध आयात प्रतिस्थापन र पश्मिनाले निर्यात प्रर्वद्धनमा सहयोग पुर्याउने लक्ष्य लिइएको छ। आ.व. २०८०/८१ मा सम्पन्न भएका क्रियाकलापहरू तपसिल बमोजिम रहेको छ।

बुढानीलकण्ठमा BSL+2 or above प्रयोगशाला १ वटा FMD Lab निर्माण, राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाको लागि UV-VIS Spectrophotometer १ वटा खरिद, राष्ट्रिय पशु आहारा तथा लाईभष्टक गुण व्यवस्थापन प्रयोगशालाको लागि HPLC water generator १ वटा, घाँसेबाली आनुवांशिक स्रोत केन्द्र, रन्जितपुर, सर्लाहीमा विद्युतीय लाईन जडान (Extending of Electric Line with Transformer), VSDRL को प्रयोगशाला सुधार, NLBO नेपालगञ्जको प्रयोगशाला कक्षको सुधार, धुलो दूध कारखाना विराटनगरको लागि खरिद भएका सामग्रीको भुक्तानी, FMD Vaccine-३३ लाख डोज र LSD Vaccine ११ लाख डोज खरिद तथा वितरण एवम् आयोजना समापन गोष्ठी सञ्चालन गरिएको छ। यस आयोजनाको हालसम्मका प्रमुख उपलब्धिहरू सम्भागअनुसार निम्नानुसार रहेको छः

**सम्भाग कः संस्थागत तथा आवश्यक नियामक क्षमता सवलीकरण**

नीति, रणनीति, ऐन तयार गर्नेः मन्त्रिपरिषद्बाट राष्ट्रिय पशु स्वास्थ्य नीति, राष्ट्रिय पशु प्रजनन् नीति स्वीकृत भएको, पशु सेवा विभागबाट पशु सेवामा सूचना प्रविधि प्रयोग रणनीति स्वीकृत, पशु आहारा रणनीति, पशु पहिचान रणनीति स्वीकृतिको प्रक्रियामा रहेको, मन्त्रिपरिषद्बाट संक्रामक पशु रोग नियन्त्रण ऐन र पशु कल्याण ऐन तर्जुमा गर्ने सैद्धान्तिक सहमति प्राप्त भई ऐन तयार हुने क्रममा रहेको। खोरेत र पी.पी.आर. नियन्त्रण मार्ग चित्र स्वीकृति हुने प्रक्रियामा रहेको। One health action plan, Emergency Preparedness Plan र Animal Nutrition Strategy को मस्यौदा तयार भएको।

**सम्भाग खः पशु सेवा क्षेत्रमा नविनता प्रवर्द्धन तथा सेवा प्रवाह आधुनिकीकरण**

- समूह, सहकारी परिचालनतर्फ १०५२ समूह र ३०४ सहकारी संस्थाहरू गरी जम्मा १३५९ संस्थाका ८७८९२ कृषक परिवारहरू प्रत्यक्ष लाभान्वित भएको।
- खोरेत रोग नियन्त्रणको लागि १ करोड ६०६० लाख ६९ हजार मात्रा खोप तथा आवश्यक खोप सामग्री खरिद भई पशु सेवा विभागमा हस्तान्तरण भएको।

- पी.पी.आर. रोग नियन्त्रणका लागि खोप उत्पादन प्रयोगशालालाई उपकरणहरू उपलब्ध गराएको (Lyophilizer, Double Door Horizontal Autoclave, Incinerator, Cross flow filtration system, Refrigerated Centrifuge, Deep freezer, Roller Culture System, Spectrophotometer with ELISA Reader) खोप भण्डारण सुविधातर्फ प्रिफ्याब कोल्ड रूम ठुलो ७ (वटा) विराटनगर, जनकपुर, पोखरा, सुर्खेत, चितवन, काठमाडौं र बाँके, (प्रिफ्याब कोल्ड रूम) सानो १४ (वटा) कञ्चनपुर, दाङ, पर्सा, पाँचथर, झापा, सुनसरी, उदयपुर, धनकुटा, नवलपरासी पश्चिम, पाल्पा, स्याङ्जा, तनहुँ, कपिलवस्तु, र काभ्रेपलान्चोक, विभिन्न पालिकाहरू तथा क्वारेन्टाइन चेकपोष्टहरूका लागि १०० वटा फ्रिजिङ कम्पार्टमेन्ट सहितको रेफ्रिजेरेटर, भेटेरिनरी अस्पताल र पालिका पशु सेवा शाखाहरू पशु क्वोरेन्टाइन चेकपोष्टहरूका लागि २३३२ वटा खोप ढुवानी गर्ने कूल बक्स खरिद तथा निर्माण कार्य सम्पन्न भएको।
- नश्ल सुधार गर्न कृत्रिम गर्भाधान कार्यक्रमका लागि कृत्रिम गर्भाधान सामग्री (LN२ कन्टेनर, सिमेन रेफ्री, गन आदि) सहयोग, राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा र लहानमा बुल तथा बुल मदर सेड निर्माण भएको। Semen sealing filling and printing मेसिन खरिद तथा जडान (रा.प. प्रजनन् कार्यालय, लहान र बाँके),संयुक्त राज्य अमेरिकाबाट Jersey (४) र Holstein (२) साँढे खरिद भएको तथा आधुनिक सिमेन प्रशोधन प्रयोगशाला निर्माण (रा.प. प्रजनन् कार्यालय, लहान) गरिएको।
- नश्ल सुधारको लागि वंशावलीमा आधारित अभिलेख प्रणाली अन्तर्गत ९६ वटा हर्डहरूमा करिब ५४४७ (गाई तथा भैंसी) अभिलेख प्रणालीमा समावेश भई ३५५१ वटा पशुहरूको दूधको तथ्याङ्क सङ्कलन भइरहेको साथै दूधको नमुना परीक्षणको लागि २० Milk Analyzer वितरण गरेको
- दुग्ध मूल्य शृङ्खला अभिवृद्धि कार्यक्रमको लागि सहयोगतर्फ विराटनगर र लुम्बिनीका दुग्ध विकास संस्थानहरूको सुदृढीकरण गरिएको, दूध सङ्कलन केन्द्र निर्माण ७ वटा तथा दुग्ध सहकारीको लागि ६७ वटा चिलिङ भ्याट (५००/१००० लि. वितरण भएको।
- मासु मूल्य शृङ्खलाको लागि ३ वटा खसी बोका सङ्कलन केन्द्र निर्माण गरिएको।
- क्षमता अभिवृद्धि तालिम अन्तर्ग तप्राविधिकतर्फ संघ, प्रदेश र स्थानीय तहका ४९४४ कर्मचारीलाई १७२ पटक तालिम सञ्चालन गरी क्षमता अभिवृद्धि गरिएको, ८८७० कृषक/व्यवसायीहरूलाई ३२७ पटक तालिम आयोजना गरी क्षमता विकास गरिएको।
- पशु आहारा सुधारका लागि २५ नर्सरी स्थापनाबाट १७ लाख बिरूवा उत्पादन भई २८१० हेक्टरमा लगाइएको, सर्लाहीको रञ्जितपुरमा २ टन/घण्टा प्रशोधन हुने घाँसको बीउ प्रशोधन केन्द्र निर्माण भएको, हिउँदे तथा वर्षे घाँस ८८५० हेक्टर क्षेत्रफलमा लगाइएको, घाँसको बीउ उत्पादनको लागि करिब ८०० हे. मा करार खेती गरी ८२६ मे. टन घाँसको बीउ उत्पादन भएको, सहकारी संस्थालाई ३३ वटा साइलेज बनाउने मेसिन वितरण, सहकारी संस्थालाई २ वटा मिनरल मिश्रण बनाउने प्लाण्ट तथा ४ वटा साना Seed Processing Plant (नवलपुर, सुनसरी, तुलसीपुर, राइजोवियम तथा घाँसेबाली बीउबिजन केन्द्र, धनुषा) वितरण भएको।
- पशु सेवा आधुनिकीकरणको लागि २८ वटा पशु सेवा केन्द्र भवन निर्माण, बुढानिलकण्ठमा BSL 2 + प्रयोगशाला निर्माण, सुर्खेतमा प्रादेशिक पशु सेवा तालिम केन्द्र निर्माण, नेपाल भेटेरिनरी काउन्सिल भवन निर्माण, रञ्जितपुर, सर्लाही र दुहबी, सुनसरीमा तालिम केन्द्र भवन निर्माण गरिएको।

- भेटेरिनरी अस्पताल र प्रयोगशालाहरूलाई विभिन्न उपकरण) Digital X-ray Machine,8- Portable Color Doppler Ultrasound Machine-37, Fully Automated Hematology Analyzer-23, Fully Automated Biochemical Analyzer-5, Semen Straw filling, sealing & printing machine-1 ,Semen Straw Counting and Packing Machine-1 ,DUMAS System-1 ,Biosafety Cabinet-7 ,Refrigerated Centrifuge-1, Cross Flow Filtration System-2, Automatic Bacteria Identification Machine-1 ,Cow Lifter-10, Hoof Trimmer-16 (सहयोग गरिएको।

**सम्भाग ग. पशुजन्य उत्पादनमा समावेशी मूल्य शृङ्खला प्रवर्द्धन**

- पुरक अनुदान कार्यक्रम अन्तर्गत समूह/सहकारी/संघ/निजी फार्म तथा कम्पनीहरूसँग निम्न अनुदान रकमको सम्झौता भएको।
- सम्झौता भएका उप-आयोजनाहरूको सङ्ख्या-६०१, स्वलगानीः ९३ करोड ४४ लाख ८० हजार
- वित्तीय संस्थाबाट ऋण लगानीः २ अरब १ करोड ७७ लाख ८० हजार
- पूरक अनुदानः २ अर्ब ८८ करोड ९६ लाख ६० हजार
- जम्मा लगानीः ५ अर्ब ८३ करोड ९६ लाख २० हजार

समूह/सहकारी/संघ/निजी फार्म तथा कम्पनीहरूसँग सम्झौता भएकोमा निम्नानुसार कार्य सम्पन्न भएकोः

- कार्य सम्पन्न भएको उप-आयोजनाहरूको सङ्ख्या-४४६
- स्वलगानीः ७७ करोड २० लाख
- वित्तीय संस्थाबाट ऋण लगानीः १ अरब ६४ करोड २ लाख
- पूरक अनुदानः १ अर्ब ९२ करोड ३६ लाख
- जम्मा लगानीः ४ अर्ब ३३ करोड ५८ लाख
- पशु हाटबजारको निर्माणतर्फ रङ्गेली मोरङ, रत्ननगर चितवन, सियारी रूपन्देही तथा बर्दियामा ४ वटा पशु हाटबजार निर्माण भएको।

**सम्भाग घ. आयोजना व्यवस्थापन तथा ज्ञान सम्वर्द्धन**

आयोजनाको आवधिक IPR तयार, जलवायु मैत्री पशुपालन अभ्यासहरू पुस्तिका प्रकाशन, सफलताका कथाहरू प्रकाशन, भिडियो डकुमेन्ट्रि निर्माण तथा प्रसारण, साइलेज प्रविधि, मूल्य शृङ्खला अनुसारका असल अभ्यासहरू, पशुपन्छी बजार व्यवस्थापन, पशु प्रजनन् नीति र राष्ट्रिय पशु स्वास्थ्य नीति प्रकाशन, चौमासिक बुलेटिन प्रकाशन, किसानसँग NLSIP Television कार्यक्रम, खाद्य स्वच्छता सम्बन्धी ब्रोसरहरू, महामारीजन्य पशु रोगको लिफ्लेट, कृषक पाठशाला सञ्चालन प्रक्रिया पुस्तिका (जलवायुमैत्री दूध उत्पादन र मासु उत्पादन कृषक पाठशाला), साइलेज उत्पादन र असल उत्पादन अभ्यासको Toolkit प्रकाशन, गुणस्तरीय पश्मिनाका लागि असल उत्पादन अभ्यासहरू, गुनासो व्यवस्थापन कार्यविधि, उप-आयोजना सञ्चालन मार्गदर्शन, भेटेरिनरी प्रयोगशाला प्रविधि, पशु सेवा प्रविधि, पशु पोषणमा खनिज तत्वको महत्त्व र मिश्रण बनाउने विधि, पश्मिना उत्पादन असल अभ्यास तथा उप-आयोजनाहरूको सङ्गालो (Sub-Project Compendium) प्रकाशन तथा वितरण गरिएको।

### ३.१.१.१० कृषि क्षेत्र विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०९३/४)

**पृष्ठभूमि (Background)**

कृषि क्षेत्र विकास कार्यक्रम (ASDP) कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) को आर्थिक सहयोगमा सञ्चालित कार्यक्रम हो। IFAD को आर्थिक सहयोगमा सञ्चालित उच्च मूल्य कृषि वस्तु विकास आयोजना (HVAP) र नेपालमा अन्य सरकारी तथा दातृ निकायको सहयोगमा सञ्चालित बजारमूखी कार्यक्रमहरूका अनुभव, सफलता र सिकाईहरूमा आधारित भई कृषि विकास रणनीतिका सिद्धान्तहरूलाई अवलम्बन गरी यो कार्यक्रम निर्माण गरिएको हो। गत ४ जुन २०१८ मा नेपाल सरकार र IFAD बीच हस्ताक्षर भई यो कार्यक्रम सञ्चालनमा आएको हो। कृषि तथा पशुपन्छी विकास मन्त्रालय यस कार्यक्रमको प्रमुख कार्यान्वयन संस्था हो। सात वर्ष अवधि रहेको यो कार्यक्रम आ.व. २०७५/७६ देखि सञ्चालनमा रही आ.व. २०८२/८३ को पौष १६ गते सम्पन्न हुनेछ।

**लक्ष्य (Goal)**

कर्णाली प्रदेशका पहाडी तथा उच्चपहाडी क्षेत्रमा बसोवास गरेका जनताहरूको गरिबी तथा पोषण असुरक्षा न्यूनीकरण गरी नेपालको दिगो विकास लक्ष्य (लक्ष्य १-शून्य गरिबी र लक्ष्य २-शून्य भोकमरी) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको लक्ष्य रहेको छ।

**उद्देश्य (Purpose)**

छानिएका उच्च मूल्य जाने कृषि मूल्य शृङ्खला (बाली/वस्तु) हरूको व्यवसायउन्मूख उत्पादन र बजारीकरण प्रणालीमा संलग्न साना किसान तथा पिछडिएका ग्रामीण समूहहरू (दलित, जनजाती, मुसलमान, युवा, भूमिहिन र अन्य समूहहरू) को आय र खाद्य सुरक्षामा दिगो सुधार ल्याई नेपालको दिगो विकास लक्ष्य-९ (उत्पादनशील रोजगार तथा सम्मानजनक काम) प्राप्तिमा योगदान पुर्याउनु यस कार्यक्रमको उद्देश्य रहेको छ।

**प्रमुख उपलब्धि सूचकहरू (Outcome Indicators)**

- लाभग्राही सङ्ख्याः प्रत्यक्षः ३५ हजार घरपरिवारहरू (दुई तिहाई महिला र एक चौथाई सीमान्तकृत वर्ग-दलित, जनजाती, मुसलमान, युवा तथा सुकुम्बासी र अन्य)।
- सार्वजनिक पूर्वाधार, वित्तीय सेवा र कृषि प्रसार सेवाको विकासबाट थप ४० हजार घरपरिवार अप्रत्यक्षरूपमा लाभान्वित हुने।

**कार्यक्रम क्षेत्र (Program Area)**

कर्णाली प्रदेश अन्तर्गत छिन्चु, जाजरकोट, डोल्पा, सुर्खेत, कालिकोट, जुम्ला, मुगु, सुर्खेत, दैलेख, सल्यान, रुकुम (पश्चिम) सडक खण्ड र मध्यपहाडी राजमार्ग वरिपरिका सबै १० जिल्लाहरू (सुर्खेत, दैलेख, सल्यान, जाजरकोट, कालिकोट, जुम्ला, मुगु, डोल्पा, हुम्ला र पश्चिम रुकुम) मा यो कार्यक्रम सञ्चालन गरिनेछ।

**आ.व. २०८१/८२ को प्रगति विवरण**

आर्थिक वर्ष २०८१/८२ को लागि यस कार्यक्रमको कूल बजेट रू. ६९,३३, ७१,०००।-रहेको थियो जसमा चालुतर्फ रू. ६९,२४, ५१,००० र पूँजीगततर्फ रू. ९, २०,००० विनियोजन भएको थियो। वार्षिक खर्चतर्फ चालुमा रू. ३८,८५,८९,००० (५६.१%) खर्च भएको र पूँजीगततर्फ रू. ६,२०,५०० (६७.४%) खर्च भई कूल खर्च रू. ३८,९२,०९,५०० (५६.१%) भएको देखिन्छ। उल्लेखित खर्चबाट वार्षिक लक्ष्यको तुलनामा भारित प्रगति ७५.०% भएको देखिन्छ। सत वर्ष अवधि रहेको यो कार्यक्रम शुरु आ.व. २०७५/७६

देखि २०८१/८२ सम्म कूल विनियोजन भएको बजेटको ५९.७ प्रतिशत खर्च भएको छ भने यस आ.व. २०८१/८२ मा मात्र कूल विनियोजन भएको बजेटको १० प्रतिशत खर्च भएको छ।

**कार्यक्रमका सम्भागहरू अनुसारको प्रगति (Components)**

यस कार्यक्रमका दुईवटा सम्भागहरू रहेका छन्।

१) मूल्य शृङखला विकास,

२) कार्यक्रम व्यवस्थापन र समन्वय

**सम्भाग १ : मूल्य शृङ्खला विकास (Value Chain Development)**

मूल्य शृङ्खला विकास

यस सम्भाग अन्तर्गत ४ वटा सह-सम्भागहरू (sub-components) आयोजनाको असरहरूको रूपमा रहेका छन्।

**सह-सम्भाग (असर) १ः विस्तारित एवम् विविधिकृत-समावेशी र दिगो कृषि मूल्य शृङ्खला**

- यस सह-सम्भागमा कृषि व्यवसायीहरूका लागि प्रतिस्पर्धात्मक मूल्य शृङ्खला सहलगानी (W1) खण्ड 'क' र मूल्य शृङ्खला विकासका लागि कृषक समूह/सहकारीलाई सहलगानी (W2) खण्ड 'ख' गरी दुई प्रकारका कार्यक्रम सञ्चालनमा रहेका छन्। खण्ड 'क' तर्फ ११ वटा सेवा प्रदायक/व्यवसायीहरूलाई १३ किस्तामा रू. ५० लाख १६ हजार भुक्तानी भएको जसमा वातावरण सुधार सहकारीले सामग्रीमा सहलगानी गरी कोल्ड स्टोर १, चिलिङ भ्याट ५०० लि. १ थान, क्रिम सेपेरेटर १ थान, दूध क्यान ४० लि. १६ थान, क्यारेट २० वटा, जेनेरेटर ४०KVA १ थान, दूध क्यान ३० लि. ५ थान खरिद गरेको छ।
- पौडेल ट्रेडर्स, भेरिगंगा १२, छिन्चु, सुर्खेतमा तरकारी मूल्य शृङ्खला अन्तर्गत १२ टन क्षमताको शित भण्डारण च्याम्बर सहितको सङ्कलन केन्द्र निर्माण सम्पन्न भएको।
- धिताल अर्गानिक फलफूल तथा तरकारी पसल चन्दननाथ जुम्लाले ३० प्रतिशत अनुदान सहयोगमा सिङ्गल क्याब पिकअप गाडी खरिद गरेको।
- खण्ड 'ख' तर्फ १५७ वटा समूह/सहकारीहरूलाई मूल्य शृङ्खला विकासमा २१४ किस्तामार्फत रू. ९ करोड ७८ लाख ७४ हजार सहलगानी भएको छ जसमध्ये ४० वटा दुग्ध, १२२ वटा बाख्रा, १२ वटा रैथाने बाली र ४० वटा बेमौसमी तरकारी मूल्य शृङ्खलामा सहलगानी देखिन्छ। सहलगानीबाट ५५९ वटा भैंसी गोठको थलो निर्माण भएको, ७०० वटा बाख्राको खोर निर्माण भएको र ७०० वटा बासको प्लाष्टिक घर निर्माण भएका छन्।
- सह-सम्भाग (असर) २ः क्रियाशील-बजारमूखी सार्वजनिक तथा सामुदायिक पूर्वाधार।
- सामुदायिक पूर्वाधारतर्फ ६६ वटा समूह/सहकारीहरूलाई ६६ वटा सिँचाइ संरचना निर्माण गर्न ६६ किस्तामार्फत रू. ८ करोड ८७ लाख ३५ हजार सहलगानी भएको छ।
- यस सह सम्भाग अन्तर्गत ४३ वटा समूहहरूमा २१,३६५ मिटर सिँचाइ कूलो निर्माण भएको, २३ वटा समूहहरूमा १६९९.७६ घन मिटर सिँचाइ पोखरी संरचना निर्माण सम्पन्न भएको छ जसबाट कूल ६८९ हे. क्षेत्र थप सिञ्चित भएको देखिन्छ।

**सहसम्भाग (असर) ३: मूल्य शृङ्खला विकासका लागि-सुदृढ ग्रामीण वित्तीय सेवा**

- यस सहसम्भाग अन्तर्गत महिला कृषकहरूका लागि Financial education and business literacy (FEBL) तालिम कार्यक्रम अन्तर्गत १७१ नयाँ समूहहरूमा FEBL कक्षा सञ्चालनका भएको। वित्तीय शिक्षा तथा व्यवसाय साक्षरता कक्षाबाट लाभान्वित महिला सङ्ख्या ४२७५ रहेको।
- FEBL सहजकर्ताहरूलाई पूनर्ताजगी तालिम ३ वटा सम्पन्न जसबाट कूल ६२ महिला सहजकर्ताहरू सहभागी रहेको।
- ग्रामीण वित्तीय सेवा सहजकर्ताका लागि वित्तीय शिक्षा तथा व्यावसायिक शाक्षरता (FEBL) TOT तालिम ३ वटा सम्पन्न जसबाट कूल ५९ महिला सहजकर्ताहरू तयार भई कृषक समूहका महिलाहरूलाई FEBL कक्षा सञ्चालनका गरेको।

**कृषकहरूका लागि पोषण स्कूल सञ्चालन**

- १७१ समूह/सहकारीमा पोषण तालिम सञ्चालन भई पोषण तालिमबाट लाभान्वित महिला सङ्ख्या ४२७५ रहेको।

**सह-सम्भाग (असर) ४: मूल्य शृङ्खला विकास र नविनताको लागि-दिगो कृषि सेवा सहयोग**

- पालिका तहका कृषि तथा पशुपन्छी विकास शाखाका कर्मचारी तथा कृषि विकास समितिका सदस्यहरूलाई क्षमता अभिवृद्धि सम्बन्धी २ वटा तालिम सम्पन्न भई २ जना महिला र २४ जना पुरुष कर्मचारीको क्षमता अभिवृद्धि भएको।
- पोषण सहजकर्ताहरूका लागि TOT तालिम २ वटा सम्पन्न भई ३९ जना महिला पोषण सहजकर्ता तयार भई समूह/सहकारीमा पोषण तालिम सञ्चालन गरेको।
- समूहको नेतृत्व गर्ने सदस्यहरूका लागि नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम १२ वटा सम्पन्न भई ११८ जना पुरुष र १७९ जना महिला गरी कूल २९७ जनाले नेतृत्व विकास तालिम प्राप्त गरेको।

**महिला कृषकहरूको कार्यबोझ घटाउने (drudgery reduction) उपकरण तथा मेसिनरी सहयोग**

- १५ वटा समूह/सहकारीका महिला कृषकहरूलाई कार्यबोझ घटाउने मेसिनरी औजार खरिदमा १००% अनुदान उपलब्ध गराई कूल ३६१ वटा विभिन्न कृषि औजार वितरण भएको। Mini tiller 19, Combined mill 20, corn sheller 32, Brush cutter 41, Multi crop thresher 10, chaff cutter 7, Winnower 17, Jab planter 7, Mini weeder 7, Secateur 45, Ridge maker 4, Sprayer 25, Wheelbarrow 42, Fork 45, Digital weighing 5, Ladder 9, Gloves 25.

**सम्भाग २ : कार्यक्रम समन्वय (Program Management and Coordination)**

कार्यक्रमको समग्र व्यवस्थापनको लागि वीरेन्द्रनगर, सुर्खेतमा आयोजना समन्वय कार्यालय (PCO) रहको छ। यस कार्यालयले केही क्रियाकलापहरू (जस्तै ग्रामीण वित्त) प्रत्यक्ष आफैंले र अन्य कार्यहरू निजी तथा सार्वजनिक क्षेत्रका सम्बन्धित संघ/संस्थाहरू (जस्तै एमएसपी, पालिकाहरू, पाकृविसहरू (MADCs), साकृप्रसेकेहरू (CAESC), एग्रोभेटहरू र स्थानीय स्रोत व्यक्तिहरू) मार्फत कार्यान्वयन हुनमा सहजीकरण गरिरहेको छ। यस सम्भागले समग्र कार्यक्रमको योजना तर्जुमा, नियमित अनुगमन तथा मूल्याङ्कन, सिकाई तथा ज्ञान व्यवस्थापन कार्यहरूको संयोजन एवम् सहजीकरण गरेको छ।

### ३.१.१.११ नेपाल कृषि बजार विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००११२३/४)

**डेरीको क्षेत्रमा भएको प्रगति समीक्षा**

- आधुनिक नेपाल डेरीले गौड र चेडार चिज, रीतिका डेरीले बटर स्कच (Butter Scotch) र केशर फ्लेवर मिल्क तथा गोरस डेरीले २ वटा फ्लेबर लस्सी उत्पादन र बिक्री गरिरहेको।
- सूर्योदय मिल्क एण्ड बेभरेज इनड्सट्रिजले डेरी ह्वाईटनर (dairy whitner) प्रशोधनका लागि मेसिन खरिद तथा जडानपश्चात समग्री उत्पादन गरी trial गरिरहेको छ।
- डेलिश डेरीले डेरी खाद्यको विविधिकरण प्रवर्द्धन गर्न सामग्री खरिद तथा जडान गरी मोजरेला चिज उत्पादनपश्चात समग्री trial गरिरहेको छ।
- नेसनल सर्टिफिकेसन एण्ड म्यानेजमेन्ट नेपालले परामर्शदातामार्फत रीतिका डेरीलाई ISO 22000:2018 सर्टिफिकेसन सेवा प्रदान।
- बेल्ज इन्स्ट्रुमेन्ट नेपाल प्रा.लि. ले कोशी प्रदेशको ४७ कृषि उद्यमी तथा २५५ किसानलाई सरसफाई तथा स्वच्छता तालिम प्रदान तथा (Formulated detergent) प्रयोग सम्बन्धी अन साइट (on-site) तालिम प्रदान।

**नविनतम उत्पादन**

- प्लानेटियर इनोभेटिभ एण्ड रिसर्च कन्सल्टेन्सी; मोरिंगा मिश्रित मोही (दुग्धजन्य) र किनेमा मिश्रित मकैको कुकिज।
- होलिस्टिक प्रपोज ग्रुप नेपाल प्रा.लि.-गुलाबजामुन मिक्स, खिर मिक्स र हाई प्रोटिन पाउडर।
- सहज च्यालेन्ज फन्ड २ अन्तर्गतको बिजेता डेरी उद्यमीहरूको उत्पादित डेरी खाद्य वस्तुको टेस्टीङ र प्रवर्द्धनको विन्ड मिलद्वारा टेष्टिङ र प्रवर्द्धन कार्यक्रम आयोजना।

**यन्त्रिकरण सेवाको प्रगति समीक्षा**

- सवल साना किसान सहकारीसँगको स्केल अप साझेदारी अन्तर्गत ६२ जना किसानलाई आधुनिक खेती मोबाइल एप सम्बन्धी ३ ओटा अभिमूखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ।
- सवल साना किसान सहकारीको डिजिटाइजेसन तथा कृषि सेवा विस्तार अन्तर्गत ११ जना किसान तथा एजेन्टहरूलाई आधुनिक खेतीसम्बन्धी तालिम प्रदान गरिएको छ।
- आधुनिक खेती मोबाइल एपमार्फत मेसिनरी भाडामा लिने, बुकिङ प्रक्रियाको भिडियो सामग्री निर्माण गरी सामाजिक सञ्जालमार्फत प्रवर्द्धन। हालसम्म उक्त प्रचार सामग्री २,१४,५९३ प्रयोगकर्ताहरू (पोस्ट पहुँच) द्वारा हेरिएको छ। हालसम्म उक्त मोबाइल एप ४१९ जनाले एप प्रयोग गरी सेवा लिएको छन्।

**सङ्कलन, भण्डारण र उत्पादन उपरान्त (Post Harvest Technology) सेवा**

- पुष्पा खाद्यान्नले DFTQC बाट प्रमाणीकरण लिई पशुको दाना उत्पादन गरी ५० के.जी. को प्याकेजिङ बोराहरू डिजाइन गरी प्याकेजिङ र बजारीकरण, हालसम्म ५०० बोरा बिक्री।
- सवल साना किसान सहकारीले गोदामघर सुधार अन्तर्गत ५०० थान काठको प्लेट खरिद गरी उपयोग गरेको छ, साथै ६ ओटा टर्बो फ्यान खरिद गरी जडान गरिएको छ। साथै, सवल सहकारीसँगको साझेदारी अन्तर्गत २ कर्मचारी नियुक्ति गरी नयाँ रोजगारी सिर्जना गरिएको छ।
- सगुन कृषि सहकारीले लगानी वृद्धि गरी कम्बाइन हारभेस्टर (Combined Harvester) सेवासमेत प्रदान गरिरहेको छ।

**व्यवसाय विकास सेवा**

- तपस्या बिजनेस म्यानेजमेन्टले कोशी प्रदेशको विभिन्न ५ स्थान स्थानीय सरकारसँग समन्वयमा कर, लेखा तथा व्यवसाय दर्तासँग सम्बन्धित अभिमूखीकरण प्रदान जसमा १७५ जना कृषि उद्यमी सहभागी।
- राष्ट्रिय उर्जा दक्षता केन्द्रले २ वटा डेरी व्यवसायी र ४ वटा गैह्र कृषि व्यवसायको उर्जा परीक्षण (energy audit) परीक्षणपश्चात व्यवसायहरू १५ देखि ३०% सम्मको उर्जा लागत कम गर्न सफल।
- उपाय बिजनेस शोलूसनले FNCCI कोशीसँग साझेदारी गरी कोशी प्रदेशमा व्यवसाय वृद्धि केन्द्र (Business Growth Centre) सञ्चालनमा ल्याएको, हालसम्म उक्त केन्द्रबाट ४ व्यवसायलाई सेवा प्रदान गरिसकेको छ।

**बैंकिङ सेवा**

- ट्रु नर्थ एशोशिएटले कृषि ऋण सम्बन्धी म्यान्युअल २०२५ तयार गरी सार्वजनिक रूपमा उपलब्ध गराएको छ।
- जलवायु सम्बन्धी जोखिम घटाउन बीमा उपकरणको प्रभावकारिता तथा बीमा माग र आपूर्तिबीचको अन्तरलाई विश्लेषण गर्न ट्रु नर्थ एशोसिएटसँग परामर्श सेवा सम्झौता।
- बीमा सेवाको पहुँच विस्तार गर्न ई-सेवाले कोशी प्रदेशमा बीमा सम्बन्धी ४ वटा अभिमूखीकरण कार्यक्रमहरू आयोजना (पुरुषः ७९, महिलाः ५ (सहभागी कृषि व्यवसाय मात्र नभई साना तथा मझौला उद्यमी रहेको।
- प्रभु बैंकले कोशी प्रदेशमा ४ वटा प्रादेशिक तालिम सञ्चालन गरी १८५ जना कर्मचारीलाई कृषि ऋण सम्बन्धी क्षमता विकास गराएको छ।

**मेसिनरी डिजाइन र निर्माण सेवा**

- कामक्ष्य इन्जिनियरिंङद्वारा गोलाकार तरकारी तथा फलफूललाई ग्रेडिङ गर्ने ग्रेडिङ मेसिनको निर्माण, आ.व. २०८२/८३ मा १६ ग्रेडिङ मेसिन बिक्री।
- सिंहबाहिनीले निर्माण गरेको मोडुलर ड्रायर हालसम्म ३०० वटा बिक्री।
- डी एण्ड सन्स इन्जिनियरिङले पहाडी क्षेत्रको लागि उपयुक्त मकै प्रशोधन मेसिनरीको २ वटा डिजाइन र निर्माणको काम सम्पन्न भई परीक्षणको तयारीमा रहेको।
- प्रदेश सरकारको लगानीमा आदर्श एग्रोले बोइलर सिस्टममा रहेको मकै सुकाउने प्रविधिलाई विद्युतीय ड्रायरमा परिमार्जन गरी सञ्चालनमा ल्याउने तयारीमा रहेको छ, साथै निर्माणको चरणमा रहेको गोदाम सेट निर्माण कार्य सम्पन्न भई सञ्चालनमा रहेको।

**जल उपभोक्ता समूहहरूको बजारीकरण**

- साना सिंचाइ कार्यक्रम सम्पन्न, कार्यक्रम अवधिको उपलब्धिहरू,
- साना सिंचाइ कार्यक्रममार्फत २४ कृषि अधिकृत र २० स्थानीय स्रोत व्यक्तिहरूलाई तरकारी उत्पादन, परिचालन र बजार व्यवस्थापनसम्बन्धी प्रशिक्षक प्रशिक्षण।
- २३७ जल उपभोक्ता समूहहरूलाई किसानको आवश्यकता अनुरूप उत्पादन योजना निर्माणमा सहयोग।
- कोशी प्रदेशका १७७ जल उपभोक्ता समूहको २५२६ किसानद्वारा तरकारी बिक्री सुरुवात, कार्यक्रम अवधिमा रू. ७२ लाख बराबरको १९१४.६४ मे. टन तरकारी बिक्री।
- उद्योग, कृषि तथा सहकारी मन्त्रालयद्वारा सार्वजनिक, कोशी प्रदेशका ६ र अन्य प्रदेशका ३ बजारमा मूल्य अध्यावधिक। १,२०,००० जना फेसबुक, ९००० वेबसाइट, र २१७७ एसएमएस प्रयोगकर्ता लाभान्वित।

- साना सिँचाइ कार्यक्रममार्फत ८ जिल्लाका ३१७ किसान (महिला-१३८, पुरुष-१७९) लाई तरकारी उत्पादन, परिचालन र बजार व्यवस्थापनसम्बन्धी तालिम। तालिमपछि व्यावसायिक तरकारी उत्पादन सुरु, सङ्कलकहरूसँग सम्पर्क र बजार विस्तार।

**सार्वजनिक-निजी-साझेदारी अन्तर्गतको प्रगतिहरू**

- नीति अवरोधहरूको पहिचानपश्चात नीति अवरोध समाधानको लागि नीति, कार्यविधि तथा रणनीतिक योजना निर्माणको कार्यहरू सञ्चालन भइरहेको।
  - प्रादेशिक स्टार्ट अप नीतिको अन्तिम मस्यौदा।
  - प्रादेशिक कृषि व्यापार प्रवर्द्धन सम्बन्धी मस्यौदा मन्त्रालयमा पेश।
  - खोरेत रोग नियन्त्रण प्रादेशिक रणनीतिक मस्यौदा।
  - प्रादेशिक सार्वजनिक निजी साझेदारी कार्यविधि निर्माणका लागि लगानीका प्रारूपहरू निर्माण।
- कोशी प्रदेश ४ स्थानीय तहको निर्वाचित पदाधिकारी, व्यापारी, सहकारी प्रतिनिधिहरू, कर्मचारीहरू, तथा बजार व्यवस्थापन समितिका पदाधिकारीहरू लाई नेपालको प्रमुख कृषि बजारहरूमा ७ दिने अध्ययन अवलोकन भ्रमण (विर्तामोड नगरपालिका, हलेसी तुवाचुङ नगरपालिका तथा सिद्धिचरण नगरपालिका)।
- हलेसी तुवाचुङ नगरपालिकामा कोल्डस्टोरेज सञ्चालन साथै कोल्डस्टोरेज सञ्चालनका लागि प्राविधिक तालिम प्रदान।
- खोरेत खोपको प्रयोग, खोपको हेरचाह तथा भण्डारण सम्बन्धी ३५ दिने तालिम २३ जनालाई प्रदान गरिएको छ।
- साथै, भारतको महाराष्ट्र तथा कर्नाटक राज्यमा खोरेत रोग नियन्त्रणमा भइरहेको कार्यक्रमहरूको ७ दिने अवलोकन भ्रमण कार्यक्रम सम्पन्न गरिएको छ।
- कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल, पशु सेवा विज्ञ केन्द्र तथा सम्बन्धित सरोकारवालाहरूको उपस्थितिमा १४ वटा जिल्लाहरूमा सहुलियतपूर्ण ब्याजदर सहयोग कार्यक्रम अन्तर्गत १ दिने फिल्ड स्तरको अभिमूखीकरण कार्यक्रम सम्पन्न।

### ३.१.१.१२ ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना (बजेट उप-शीर्षक नं. १२००११८-३/४)

आयोजनाले आ.व. २०८१/८२ को वार्षिक अवधिमा हासिल गरेका उपलब्धिहरू देहायबमोजिम कार्यालय अनुसार प्रस्तुत गरिएको छ।

उत्पादनशील साझेदारीमार्फत साना किसानहरूको लागि बजार सम्बन्धन विकास कार्यक्रमः खरिदकर्ताको माग बमोजिमका कृषि तथा पशुजन्य उपजको उत्पादन तथा प्रशोधन गर्ने कृषक समूह, सहकारी तथा उत्पादक संस्थामा आवद्ध किसानलाई स्टार्टअप अनुदान सहयोग कार्यक्रम (आयोजनाको सम्भाग १) अन्तर्गत यस अवधीमा सम्झौता भएका २९८ वटा उप आयोजनाहरूमध्ये १८७ वटा सञ्चालनमा आएका कार्यान्वयनमा रहेकामध्ये पहिलो कोशेढुङ्गा अन्तर्गतका क्रियाकलापहरू सम्पन्न गरेका १६६ वटा उत्पादक संस्थाहरूलाई रू. ४० करोड २ लाख ३२ हजार स्टार्ट अप अनुदान रकम उपलब्ध गराई सकिएको। सम्झौता भएका उप आयोजनाहरूमा जम्मा ८७३८ जना कृषक आवद्ध भएका जसमा महिला ४२२८ (४८.३९%) रहेका। कृषक समूह १८७, सहकारी ११० र उत्पादक संघ १ गरी २९८ वटा उत्पादक संस्थाहरू लाभान्वित रहेका।

**सङ्घीय संरचनामा उद्यमशीलताको वातावरण सुदृढ बनाउनेः** आयोजनाको सम्भाग २ क अन्तर्गत आयोजना कार्यक्षेत्र भएका स्थानीय तहका कृषि/पशुपन्छी प्रसार सम्बन्धी प्राविधिकहरू विभिन्न विषयमा क्षमता विकासका कार्यक्रमहरू

सञ्चालन गर्नका लागि यस आ.व. का लागि स्वीकृत कूल १२ वटा तालिमको लक्ष्य रहेकोमा १२ वटा तालिम कार्यक्रमहरू सम्पन्न भएको। हालसम्म जम्मा १०६ वटा तालिम कार्यक्रमहरू सञ्चालन गरिएकोमा २१२३ जना लाभान्वित रहेका।

**उद्यमशील वातावरण निर्माणका लागि कार्यक्रम सञ्चालनः** आयोजनाको सम्भाग २ ख अन्तर्गत साना तथा मझौला उद्यमीहरूको लागि Business Incubation सञ्चालनका Pilot Phase को रूपमा Small and Medium Scale Enterprises (SMEs) लाई Business Coaching र Growth Potential २५ जना SMEs लाई In-depth Business Incubation गर्ने र यस Pilot Phase को प्रभावकारिताका आधारमा Scale-up कार्यक्रम सञ्चालन गर्ने गरी Design भएको। जसअनुसार पहिलो चरणमा Pilot Phase का लागि छनौट भएको परामर्शदाता फर्म Development Vision Nepal Pvt. Ltd. ले कास्की जिल्लामा २५ जना SMEs हरूलाई In-depth Business Incubation गरी कार्य सम्पन्न गरिसकेको अवस्था छ र Pilot Phase को रिपोर्ट अनुसार यो कार्यक्रम निकै प्रभावकारी भएको र यस कार्यक्रममा SMEs हरूको उत्साहजनक र सक्रिय सहभागिता रहेको पाइयो।

**पालिकास्तरीय कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माणः** उत्पादनमा संलग्न कृषकहरू लक्षित सेवा कृषि तथा पशुपन्छी सम्बन्धी रोग कीरा व्यवस्थापन, उपचार सेवा, उत्पादकत्व सुधार लगायतका सेवा पालिका तहमा नै सुनिश्चित गर्न आवस्यक उपकरण जडित कृषि प्रयोगशाला, पशुपन्छी अस्पताल तथा प्रशिक्षण हलको सुविधा सहितको एकीकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र निर्माण गरी स्थानीय तहलाई हस्तान्तरण गर्ने कार्यक्रम अन्तर्गत (आयोजनाको सम्भाग ३) आयोजनाको कार्यक्षेत्र रहेका स्थानीय तहहरूमा पालिकास्तर कृषि तथा पशुपन्छी सेवा केन्द्र स्थापनाको लागि ६४ वटा निर्माण सम्पन्न भई ३४ वटा हस्तान्तरण भई सञ्चालनमा समेत आएको तथा ३० वटा हस्तान्तरणको चरणमा रहेको तथा १० वटा निर्माणाधीन रहेको।

**प्रचार सामग्रीहरू तयारीः** आयोजनाको विशेषत सम्भाग १ का बारेमा लाभग्राहीहरूलाई जानकारी उपलब्ध गराउनका लागि प्रभावकारी सञ्चार अभियान सञ्चालनका लागि आवश्यक प्रचार-प्रसारका सामग्रीहरू जस्तै आयोजनाको भिडियो डकुमेन्ट्रीका साथै आयोजनाको जानकारीमूलक हाते पुस्तिकाहरू तयारीको कार्यहरू सम्पन्न भएको।

### ३.१.१.१३ रानीजमरा कुलरिया सिँचाइ आयोजना (बजेट उप-शीर्षक नं. ३१२०११०७-३/४)

रानी जमरा कुलरिया सिँचाइ आयोजना मूलतः कैलाली जिल्लाको टीकापुर नगरपालिका, जानकी गाउँपालिका, लम्कीचुहा नगरपालिका (वडा नं.-३ को तल्लोभुरुवा र व्यवस्थितनगर, वडा नं.-५ को थापापुर र वडा नं.-७ को हरदहनी र चाँगावारी) मा हाल कर्णाली नदीबाट भइरहेको परम्परागत प्रणालीमा सुधार गरी सिँचाइ सुविधा विस्तार गर्ने उद्देश्यले विश्व बैंकको सहयोगमा सञ्चालनमा रहेको छ। यस प्रणालीले टीकापुर नगरपालिका, जानकी गाउँपालिका र लम्कीचुहा नगरपालिका (वडा नं.-३ को तल्लोभुरुवा र व्यवस्थितनगर, वडा नं.-५ को थापापुर र वडा नं.-७ को हरदहनी र चाँगावारी) को करिब ११,००० हेक्टर जमिनमा सिँचाइ सुविधा उपलब्ध गराउँदै आएको छ। यस सिँचाइ प्रणालीमा कमाण्ड एरियाको दक्षिणी भागमा सिँचाइ गर्न रानी सिँचाइ प्रणाली, मध्य भागमा जमरा सिँचाइ प्रणाली र उत्तरी भागमा कुलरीया सिँचाइ प्रणाली रहेको छ। आयोजनाको प्रभाव क्षेत्रमा आधुनिक तरिकाबाट कृषि व्यवसाय सञ्चालको लागि कम्पोनेन्ट कृषि उत्पादन सहयोग कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ। यस आयोजना अन्तर्गत २०८१/८२ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू देहाएका बमोजिम रहेको छ।

- १९० जना कृषकको सहभागितामा माटो व्यवस्थापन, माटो जाँच, रोग कीरा व्यवस्थापन, तथा पशु सम्बन्धी आन्तरिक तथा बाह्य परजीवी नियन्त्रण, रोग कीराको पहिचान तथा समयमा उपचार, भएको कारणले कृषकको उत्पादनमा भएको।
- आलु क्षेत्र विस्तार सहयोग कार्यक्रम १८३ जना कृषकहरूले ८४.२ हेक्टरमा आलु खेती गरी उत्पादन गरेका। खाद्यान्न बाली (चैते धान र वसन्ते मकै) क्षेत्र विस्तार कार्यक्रम, ९.२७ हे. क्षेत्रफ़लमा चैते धान तथा ७८.३० हे. मा वसन्ते मकैको खेती विस्तार भएको हुँदा मकै तथा चैते धानको उत्पादनमा वृद्धि भएको।
- ३०९ जना कृषक/कृषक समूह/सहकारीहरूले हिउँदे सिजनमा २७ हे. र वसन्ते सिजनमा ३१ हे. गरी जम्मा ५८ हे. क्षेत्रफलमा कृषकहरूले मौसमी/बेमौसमी तरकारी बाली उत्पादन तथा बिक्री गरेको। साथै ९ जना तरकारी बेर्ना उत्पादक फर्मलाई सहयोग गरी सञ्चालनमा रहेको।
- १३ जना लाभग्राहीले १८२४ क्वी. कन्ये च्याउ उत्पादन गरी बिक्रीवितरण गरेका।
- मुक्तकमैया र दलित कृषकका लागि तरकारी, च्याउ र अन्य लगायतका उत्पादन सहयोग कार्यक्रममा ४६ जना पिछडिएका समुदायको खाद्य सुरक्षा तथा आयस्तरमा टेवा पुगेको।
- १५ वटा सहकारी/समूहहरूमार्फत धान/गहुँको बीउ ३६० हेक्टरमा उत्पादन भएको र धानको ११४० टन, तथा गहुँको १३२० टन बीउको कारोबार भएको र सहकारी/समूहसँग बीउ उत्पादनमा आवद्ध ११२० जना कृषक लाभान्वित भएका।
- ६५ जना कृषकहरूको सहभागितामा ५६ हेक्टर क्षेत्रफ़ल केरा खेती विस्तार भएको छ, जसले समग्रमा केराको उत्पादन वृद्धि भएको।
- १४७ जना कृषकको सहभागितामा तरकारीको पोष्ट-हार्भेष्ट प्रविधि, ग्रेडिङ, टमाटरको केचअप् बनाउने, मकै, चैते धानको प्रशोधन, भण्डारण, बजारीकरण तथा पशुपालनको सफा दूध उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी क्षमता अभिवृद्धि भएको कारणले कृषकहरूलाई उत्पादित वस्तु विविधिकरण तथा बजारीकरण गर्न सहज भएको।
- १००० मे. टन क्षमताको शीतभण्डारण गृह निर्माण कार्यान्वयनमा रही BoQ बमोजिम ९५% सम्पन्न भएको।
- १० जान कृषकले २३.६ हेक्टर क्षेत्रफ़लमा ढैंचा खेती विस्तार गरी जमिनको उर्वराशक्ति व्यवस्थापन गर्दै धानको उत्पादकत्व तथा उत्पादनमा वृद्धि गरेका।
- ५० जना कृषकको सहभागितामा लहरे तरकारीमा कृषक पाठशाला सम्पन्न हुदा, कृषकहरू लहरे तरकारीको रोग कीरा नियन्त्रण गर्न एकीकृत शत्रु जीव व्यवस्थापन प्रविधिको प्रयोग तथा जैविक विषादी, जैविक मलको प्रयोग गरी तरकारी उत्पादन गररेका छन्। जसले रासायनिक विषादीको प्रयोग कम भएको।
- ४ जना कृषकहरूले लिची, आँप तथा कागती खेती, १.५ हेक्टर क्षेत्रफ़लमा विस्तार भएको।
- बाली कटानी सर्वेक्षण आलु, धान, तथा गहुँ बालीमा गरिएकोमा धानको उत्पादकत्व ४.४७ मे. टन/हे., आलुको उत्पादकत्व २२ मे. टन/हे.) तथा गहुँको उत्पादकत्व ४.३८ मे. टन/हे. रहेको र समग्रमा उत्पादकत्व वृद्धि भएको।

- अत्तरिया कृषि थोकबजारमा ४ वटा स्टलका साथै महिला तथा अपांग मैत्री शौचालय निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको।
- ६३ जना कृषकहरूले २२९ हे. क्षेत्रफलमा उन्नत घाँस (वर्षिम, जै, भेज, टियोसेन्टी, बाजरा, सुडान लगायतका) उत्पादन गरी पशु पोषणमा सुधार गर्दै उत्पादनमा वृद्धि भएको।
- १५ वटा फर्म/समूहलाई प्रजननको लागि उन्नत जात (बोयर क्रस ७५%) बोका तथा ४६ वटा फर्म /सहकारी समूहमा पशु वस्तुको लागि जुका औषधी/मिनरल/भिटामिन/क्यालसियम आदि सहयोगबाट नश्ल सुधार तथा पशु स्वास्थ्यमा सुधार हुँदै उत्पादनमा वृद्धि भई कृषकको आयआर्जनमा टेवा पुगेको।
- १४७ जना कृषकहरूले बाख्रा, भैंसी तथा बङ्गुरपालन फर्म/समूहमा गोठ/खोर सुधारबाट पशु वस्तुको स्वस्थ्य भई उत्पादनमा वृद्धि भएको।
- २८ जना कृषकहरू सहभागीहरूले उत्पादन प्रविधि, सङ्कलन केन्द्र, हाट बजारहरू अवलोकन गर्ने, र उत्पादन, बजारीकरण प्राक्रियाको बारेमा जानकरी प्राप्त गरी ब्यापारीहरूसँग सहकार्य गर्न सम्बन्ध स्थापित गरेकोले प्रविधि विस्तार हुँदा उत्पादनमा वृद्धि साथै बज़ारीकरणको लागि सहज भएको।
- १५ जना विभिन्न सञ्चार माध्यमका सहभागीहरू सम्मिलित अवलोकन भ्रमण आयोजनागरी उत्कृष्ठ र सफल क्रियाकलापको उपलब्धिहरूको अवलोकन गरी प्रचारप्रसार गर्दै अन्य क्षेत्रको कृषकहरूले उन्नत प्रविधि, यन्त्रीकरण तथा बजारीकरणको प्रक्रिया अनुसरण गर्न सहयोग पुगेको ।

### ३.१.१.१४ बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०३-३/४)

देशभर बीउको गुणस्तर नियन्त्रण र नियमन पद्धति कार्यान्वयन गरी सर्वसाधारण कृषकहरूलाई गुणस्तरयुक्त बीउ उपलब्ध गराई खाधान्न उत्पादनमा वृद्धि गर्ने, गुणस्तरीय बीउबिजन उत्पादन गरी कृषकको आयआर्जनमा वृद्धि गर्न सहयोग गर्ने, बीउबिजनको आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धन गर्ने उद्देश्यअनुरूप सञ्चालन गरिएको यस केन्द्रबाट आ.व. २०८१/८२ मा सञ्चालन भएको वार्षिक स्वीकृत कार्यक्रमको मुख्य उपलब्धि तपसिल बमोजिम रहेको छ।

**क. नीति, नियम तथा मापदण्डमा सुधार तथा कार्यान्वयन**

- ➢ बीउबिजन नियमावली, २०८१ स्वीकृत भई कार्यान्वयनको चरणमा रहेको।
- ➢ गुणस्तर निर्धारण तथा व्यवस्था उप-समिति तथा कार्यदलको विभिन्न मितिमा बसेको बैठक तथा राष्ट्रिय बीउबिजन समितिको ७४औं बैठकबाट अध्ययन तथा सुझावको लागि प्रदेशस्तरमा पठाउने निर्णय भएको।
    - बीउ प्रमाणीकरण मापदण्ड, २०८२
    - बीउबिजन परीक्षण मापदण्ड, २०८२
    - बीउ नमुना सङ्कलन मापदण्ड, २०८२
    - बीउबिजनको जफत तथा व्यवस्थापन मापदण्ड, २०८२
    - नेपालमा विकास हुने तथा आयातित तरकारीका बीउबिजनको अध्ययन परीक्षण मापदण्ड, २०८२
- ➢ राष्ट्रिय बीउबिजन समितिको ६ पटकको बैठकबाट भएका महत्त्वपूर्ण नीतिगत निर्णयहरू
    - बीउबिजन ऐन, २०४५ को दफा १६ को उपदफा (१) र बीउबिजन नियमावली, २०८१ को नियम २५ को उपनियम (४) बमोजिम बीउबिजन निरीक्षक तथा विश्लेषकको नियुक्तीका लागि

परीक्षा सञ्चालन गर्न आवश्यक पाठ्यक्रम, परीक्षाको किसिम/प्रश्नपत्र निर्माण, उत्तरपुस्तिका जाँच तथा नतिजा प्रकाशन सम्बन्धी व्यवस्था।

- समितिले सञ्चालन गर्ने बीउबिजन व्यवसायी/उद्यमीका लागि बीउबिजन उत्पादन तथा व्यवस्थापन तालिमको परीक्षाको पाठ्यक्रम, परीक्षामा सहभागी हुने व्यक्तिको न्यूनतम योग्यता, परीक्षाको किसिम तथा सञ्चालन प्रक्रिया र विवरण अनुमोदनको लागि समितिमा पेश गर्ने।
- बीउबिजन नियमावली, २०८१ को नियम २८ को उपनियम (२) बमोजिम कार्य गर्ने निजीस्तरका बीउबिजन निरीक्षकको सेवा शुल्क स्वीकृत गरेको।
- बीउबिजन नियमावली, २०८१ को नियम २१ को उपनियम (१) को खण्ड (क) को व्यवस्थाअनुसार निजीस्तरमा खाद्यान्न बालीको मूल वा स्रोत बीउ उत्पादन गर्न चाहने व्यक्ती वा संस्थालाई मूल वा स्रोत बीउ उत्पादनका लागि अनुमति पत्र प्रदान प्राविधिक मापदण्ड स्वीकृत गरेको।
- बीउबिजन ऐन, २०४५ तथा बीउबिजन नियमावली, २०८१ बमोजिम पञ्जीकृत हुने स्थानीय बालीका बीउबिजनका किसिम वा जातको पञ्जीकरणका लागि नियमावलीको नियम ९ को उपनियम (१) को खण्ड (ङ) बमोजिम समितिबाट स्थानीय बालीका बीउबिजनका किसिम वा जात दर्ताका लागि प्रस्ताव पेश गर्न सक्ने निकायहरू तोकिएको।

**ख. कृषकमाँझ जातीय पहुँच वृद्धिका लागि जात अनुमोदन, उन्मोचन तथा पञ्जीकरण**

➢ कृषकमाँझ जातीय पहुँच वृद्धिका लागि आ.व. २०८१/८२ मा विभिन्न मितिमा भएको विभिन्न उपसमितिहरू तथा राष्ट्रिय बीउबिजन समितिको निर्णयबाट स्वीकृत भई जात अनुमोदन, उन्मोचन तथा पञ्जीकरण भएका धानबालीको नेपालमा विकास गरिएको १ वटा, आयातित दर्ता ३ वटा र वर्णशङ्कर आयातित दर्ता ५ वटा गरी जम्मा ९ वटा जातहरू, मकैबालीको वर्णशङ्कर आयातित दर्ता ९ वटा, स्याउको नेपालमा विकास गरिएको ३ वटा, स्थानीय ४ वटा र आयातित दर्ता १८ वटा गरी जम्मा २५ वटा जातहरू, सुन्तला नेपालमा विकास गरिएको १ वटा जात, एभोकाडो स्थानीय दर्ता ३ वटा जात, मेकाडेमिया स्थानीय दर्ता १ वटा जात, निमुवा नेपालमा विकास गरिएको १ वटा जात, ओखर आयातित दर्ता ४ वटा जात, मेवा आयातित दर्ता ५ वटा जात, भेडे खुर्सानी वर्णशङ्कर कस्टम दर्ता ३ वटा जात, गोलभेडा वर्णशङ्कर कस्टम दर्ता १५ वटा जात, काक्रो वर्णशङ्कर कस्टम दर्ता ९ वटा जात, भण्टा खुलासेचित कस्टम दर्ता १ वटा जात, तरबुजा वर्णशङ्कर कस्टम दर्ता ३ वटा जात, स्कवास वर्णशङ्कर कस्टम दर्ता ३ वटा जात, पुष्प खुलासेचित आयातित दर्ता ९१ वटा जात र पुष्प वर्णशङ्कर आयातित दर्ता ३०८ वटा जात गरी जम्मा ३९९ वटा जातहरू, धाँस खुलासेचित आयातित दर्ता ३ वटा जात र वर्णशङ्कर आयातित दर्ता ४० वटा जातहरू गरी जम्मा ४३ वटा जातहरू र कूल जम्मा नेपालमा विकास गरिएको उन्मोचित जात १ वटा, नेपालमा विकास गरिएको खुलासेचित जात ५ वटा, स्थानीय खुलासेचित जात ८ वटा, खुलासेचित आयातित दर्ता १२४ वटा, खुलासेचित कस्टम दर्ता १ वटा, वर्णशङ्कर आयातित दर्ता ३६२ वटा र वर्णशङ्कर कस्टम दर्ता ३३ वटा गरी कूल जम्मा ५३४ वटा जातहरू अनुमोदन, उन्मोचन तथा पञ्जीकरण गरिएको।

**ग. अनुमतिपत्र प्रदान**

यस केन्द्रबाट आ.व. २०८१/८२ मा जातीय विकास तथा सम्वर्द्धन ५ वटा र हालसम्म ८ वटा, वर्णशङ्कर बीउ उत्पादन ६ वटा र हालसम्म ११ वटा, मूल/स्रोत बीउ उत्पादन १२ वटा र हालसम्म ७५ वटा र बीउबिजन कारखाना नम्बर १९ वटा र हालसम्म १०४ वटा गरी कूल हालसम्म १९८ वटा संघ/संस्थाहरूलाई अनुमतिपत्र प्रदान गरिएको।

**घ. क्षमता अभिवृद्धि**

- **बीउबिजन नियमावली, २०८१ को अभिमूखीकरण कार्यक्रम**
  - ६ प्रदेशका ३५८ जनालाई बीउबिजन निमयावलीमा भएका व्यवस्थाहरूको सम्बन्धमा दक्षता अभिवृद्धि गरिएको।
- **बीउबिजन प्रमाणीकरणसँग सम्बन्धी क्षमता अभिवृद्धि तालिम सञ्चालन**
  - बीउबिजन प्रयोगशालामा कार्यरत ३० जना कृषि प्राविधिकहरूको दक्षता अभिवृद्धि गरिएको।

**ङ. गुणस्तरीय बीउमा किसानको पहुँच वृद्धि**

- **बीउ बाली खेत निरीक्षण (Field Inspection) : ११४३८.११ हेक्टर**
  - **बीउबिजन परीक्षणः** कूल ६४७९ वटा नमुना सङ्कलन गरी बीउ परीक्षण गरिएको।
  - **बीउबिजन प्रमाणीकरणः** यस केन्द्रबाट ५५९५ थान मूल र १९१६६ थान प्रमाणित गरी जम्मा ५४७६१ थान बीउको टयाग वितरण भई कूल स्रोत बीउ २८२५.५८७ मे. टन प्रमाणीकरण गरिएको।
  - **आलुबालीको बीउबिजन परीक्षण तथा बीउबिजन प्रमाणीकरण**
  - आलुको पूर्वमूल बीउ उत्पादन अनुमतिपत्र लिएका ४ वटा संस्थाहरूको स्क्रिन हाउस र तन्तु प्रजनन् प्रयोगशालाको Growth room बाट लिएका ५१ वटा नमुनाहरूको DAS ELISA परीक्षण।
  - राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटारको समन्वयमा बीउबिजन प्रमाणीकरण निर्देशिका, २०७४ को व्यवस्थाहरूको अधिनमा रही उक्त नमुनाहरूसँग सम्बन्धित जातहरूको २५९६७२ पिबिएस दानाको प्रमाणीकरण।

**च. वासलात तयार तथा स्रोत बीउमा सुनिश्चतता**

- आलुबालीको ७ वटा संस्थाहरूको मागअनुसार १४ वटा जातहरूका १५२ जार Mother culture को वासलात तयार पारी आलुबाली बीउको पिविएस दाना (प्रजननस्तर स्रोत बीउ) उत्पादनमा सुनिश्चितता पुगेका।
- खाद्यान्न बाली बीउबिजन वासलात तयार गरिएको।
  - विभिन्न खाद्यान्न बालीको कूल ११७५ मे. टन बीउ प्रमाणीकरण भई धान बालीको ६९६८ हे., गहुँ बालीको ७३६१ हे., मसुरो बालीको १४८ हे. र तोरी बालीको ८८५ हे. गरी कूल १५३६२ हे. क्षेत्रमा बीउबिजनको स्रोत सुनिश्चितता हुन पुगेको।

**छ. निर्यात/आयात अनुमतिपत्र जारी**

- निर्यात अनुमतिपत्र जारी

नेपालमा सूचीकृत गरिएका तरकारी बालीको १६० के. जी. (रू. १६,६१,१२५ मूल्यको)

- आयात अनुमतिपत्र जारी।

- खाद्यान्न बालीको ६७५५.१६ मे. टन।
- तरकारी बालीको ८६१.८७ मे. टन र
- घाँसे बालीको ४०८.० मे. टन गरी
- कूल ११९९.६८८ मे. टन तथा
- फलफूल बालीको बिरूवा ६६२६०२ सङ्ख्या र
- फलफूलको बीउ ४.३१९ के.जी. गरी

कूल ११९९.६७२ मे. टन (रू. ४२५.६४९६ करोड मूल्यको)

**ज. बीउबिजन नियमन**

- ➢ बीउ उत्पादनको प्राविधिक परीक्षण संस्थाहरूको ४ पटक अनुगमन।
- ➢ बीउ बजार अनुमगन २२ पटक।
- ➢ बीउ बाली खेत निरीक्षण ४ पटक।
- ➢ आलुबालीको पि.वि.एस. (प्रजनन्) बीउ नमुना सङ्कलन तथा प्रमाणीकारण ७ पटक गरी कूल ३३ पटक अनुगमन गरिएको।
- ➢ कृषकहरूको बीउबिजन निरीक्षण, परीक्षण तथा प्रमाणीकरण कार्यमा सहजता पुर्याउन संघ, प्रदेश र स्थानीय तहमा सरकारी सेवामा कार्यरत स्थायी प्राविधिक कर्मचारीहरूको लागि मिति २०८२ जेठ ३१ गते लिएको बीउबिजन निरीक्षक तथा बीउबिजन विश्लेषकको लिएको परीक्षामा उत्तीर्ण भएका २४७ जना प्रशिक्षार्थीहरूमध्ये ९४ जना प्रशिक्षार्थीहरूलाई तालिम प्रदान गरिएको।

**झ. बीउबिजन व्यवसाय सञ्चालनमा सहयोग**

- ➢ बिजन व्यवसाय सञ्चालन गरी बीउबिजन क्षेत्रमा कृषकहरूमा गुणस्तरीय बीउबिजन उपलब्धतामा सहयोग पुर्याउन तथा बीउबिजन कारोबार मर्यादित गराउन केन्द्रको कार्यक्रमबाट ४ पटकमा जम्मा १४७ जना र विभिन्न कार्यालयहरूको सहयोग तथा समन्वयमा २५ पटकमा ७२७ जना गरी जम्मा २९ पटकमा ८७४ जना बीउबिजन व्यवसायी/उद्यमीहरूलाई बीउबिजन उत्पादन तथा व्यवस्थापन तालिम सञ्चालन प्रदान भएको।

**ञ. अन्तर्राष्ट्रिय बीउ सम्मेलन आयोजना।**

- ➢ MoALD, NARC, CIMMYT/NSAF र नेपाल बीउ व्यवसायी संघको समन्वयमा बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले भाद्र ६ देखि ८ गतेसम्म काठमाडौंमा आयोजना।
    - Research and Development को मार्गचित्र तय भएको।
    - Custom Seed Production को औपचारिक शुरूवात भएको।
    - Seed Technology को Cutting Edge Technology मा जानकारी प्राप्त भएको।

**ट. Seed Digitization**

- ➢ DESIS 2.0 को २०८१/१०/७ गते Official launching भएको ।
- ➢ कार्यान्वयनमा रहेका प्रणालीहरू
    - Seed Inspector/Analystlicense System.
    - Seed Balance Sheet System.
    - Seed Import System.
    - Seed Catalog System.

- सुधार गरी कार्यन्वयनमा जाने क्रममा रहेका प्रणालीहरू
    - Seed Certification and Tracking System.
    - Varietal Seed Registration System.

**ठ. Custom Seed Production को शुरूवात**

- SSSC, Thankot & Frontier Seed Company-भेडेखुर्सानीको वर्णशङ्कर जात।
- Annapurna Beej Bhandar&Naamdhari Seeds-स्क्वास तथा खरबुजा।
- Karma Seeds & CP Seeds, Thailand-मकै बाली (CP808)।
- CG Seeds & Lal Teer Bangladesh-भण्टा, काउली, भिण्डी।

**ड. किसानको क्षतिपूर्ति पाउने अधिकारको सुनिश्चतता**

- धादिङ (थाक्रे गाँउपालिका)-मकै बालीको नक्कली CP808 को कारणबाट-रू. १६ लाख क्षतिपूर्ति दिलाउन पहल भएको।
- धादिङ (खानीखोला)-काउली बालीमा गलत सूचनाका कारण-रू. ३ लाख क्षतिपूर्ति दिलाएको।
- मकवानपुर जिल्लामा-सूचीकृत नभएको जातमा दाना नलाग्दा रू. ५०,००० क्षतिपूर्ति दिलाएको।
- महारानी झोडा साना किसान कृषि सहकारी संस्था लि. मार्फत रू. १,७८,५०० क्षतिपूर्ति दिलाएको।

## ३.१.१.१५ प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०४-३/४)

**आ.व २०८१/८२ को अवधिमा सम्पादन गरिएका मुख्य क्रियाकलापहरू**

प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र अन्तर्गत आ.व. २०८१/८२ को कूल वार्षिक बजेट १७ करोड ८६ हजार रहेकोमा सञ्चालित कार्यक्रमहरूको समग्र वित्तीय प्रगति ६८.४१ र भारित प्रगति ८०.८२ रहेको थियो। यस केन्द्रबाट सञ्चालित विभिन्न कार्यक्रमहरूबाट आ.व. २०८१/८२ को वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिम रहेको छ।

**१. विषादी व्यवस्थापन तथा पञ्जीकरणतर्फ सम्पादन गरिएका कार्यको समग्र उपलब्धि**

- क्लोरोपाईरिफस तथा पाराक्वाट डाइक्लोराइड जीवनाशक विषादीहरूको प्रयोग, ओसारपसार, बिक्रीवितरण तथा आयात/निर्यातमा प्रतिबन्ध लगाउने गरी २ वर्षको लागि ग्रेस अवधि दिई मिति २०८१/०८/२० को नेपाल राजपत्रमा सूचना प्रकाशन गरिएको।
- जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र नियमावली, २०८१ कार्यान्वयनका लागि जीवनाशक विषादीको व्यावसायिक इजाजत पत्रका लागि तालिम सञ्चालन कार्यविधि, २०८१ मन्त्रालयबाट तथा जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा कार्यविधि, २०८१ केन्द्रबाट स्वीकृत भई कार्यान्वयनमा आएको।
- उष्ण प्रदेशीय बागवानी केन्द्र, नवलपुर, सर्लाहीमा म्याद नाघेका र प्रयोग गर्न नमिल्ने जीवनाशक विषादीको भण्डारण गृह निर्माणका लागि DPR तयार पारिएको।
- यस अवधिमा १८० जना विषादी आयातकर्ताहरूलाई प्रमाणपत्र वितरण तथा १२० वटा विषादी भण्डारण कक्षको अनुगमन गरी ८० जनालाई इजाजतपत्र वितरण गरिएको।
- यस अवधिमा विभिन्न प्रदेशका ४ वटा जिल्लाहरूः मकवानपुर, दाङ, धनुषा, काभ्रेमा विषादी सम्बन्धी सरोकारवालाहरूबीच सचेतनामूलक अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरिएको।

- विषादी पञ्जिकरण तथा व्यवस्थापन सम्बन्धी प्रोटोकल/मापदण्ड प्रमाणीकरणका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- खुद्रा विषादी विक्रेताको इजाजतपत्र र प्रमाणपत्रको अभिलेखसम्बन्धी विवरण जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ बमोजिम मधेश प्रदेशमा प्रमाणित प्रतिलिपि हस्तातरण गरिएको।
- प्रदेश जीवनाशक विषादी समितिको कानुन निर्माण तथा कार्यान्वयनका लागि सातै प्रदेशका सम्बन्धित निकायहरूबीच छलफल गरी आवश्यक सहजीकरण गरिएको।
- प्रदेश जीवनाशक विषादी समबन्धी कानुन कार्यान्वयन क्षमता विकासका लागि नमुना पाठ्यक्रम लगायत स्रोत सामग्रीको मस्यौदा तयारी गरी पठाइएको।
- विषादीजन्य दुर्घटनाको सर्भे सर्भिलेन्स-चारपटक (तनहुँ, रामेछाप र काभ्रे) मा सम्पन्न गरिएको।
- तनहुँ जिल्लामा संयुक्त अनुगमन गरी ऐन विपरित कार्य गर्ने २ व्यवसायीलाई कारबाही गरिएको।
- गोरखा जिल्ला गण्डकी गाँउपालिकामा विषादीको दुरुपयोग सम्बन्धी अध्ययन-विभिन्न पत्रपत्रिकामा गण्डकी गाउँपालिकाका ६१ जना तरकारी खेतीमा आवद्ध किसानमा क्यान्सर, १५ जनाको मृगौला फेल जस्ता समाचार प्रकाशन भएको सन्दर्भमा मिति २०८१/०५/११ गते कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री रामनाथ अधिकारीज्यूको समुपस्थितिमा बसेको आकस्मिक बैठकको निर्णय अनुसार केन्द्रका वरिष्ठ बाली संरक्षण अधिकृतको संयोजकत्वमा गठित कार्यदलले गण्डकी गाउँपालिका, गोरखामा देखिएको विषादी दुरुपयोग सम्बन्धी समस्याको बारेमा अध्ययन गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्रतिवेदन पेश गरिएको।
- २४१ विषादी सुरक्षित भण्डारण तथा प्रयोग तालिमको प्रमाणपत्र जारी गरिएको, ७६२ विषादी खुद्रा विक्रेता इजाजत पत्रहरू नवीकरण गरिएको, NNSW मार्फत ९९३७ जीवनाशक विषादी भन्सार महशुल छुट सिफारिस पत्र जारी गरिएको।

**२. प्लाण्ट क्वारेन्टाइनतर्फ सम्पादन गरिएका कार्यको संक्षिप्त उपलब्धि**

- ९७७६६ प्रवेश अनुमतिपत्र (EP) र १८६६२ बिरूवा स्वस्थताको प्रमाणपत्र वितरण (PC) वितरण भई आयातनिर्यात सहजीकरणमा सहयोग तथा ५ करोड १५ लाख १ हजार दुई सय सरचालिस रूपैयाँ राजश्व सङ्कलन भएको।
- मिति २०८१/८/१७ मा बसेको प्लाण्ट क्वारेन्टाइन समितिको बैठकको निर्णयानुसार १६ वटा विभिन्न बालीहरू (स्याउ, सुन्तलाजात फलफूल, कफी, केरा, आलु, अदुवा, लसुन, फर्सी, काँक्रो, करेला, मूला, कार्नेसन, बन्दा, काउली, खुर्सानी र चिया) मा पूर्ण शत्रुजीवको जोखिम विश्लेषणबाट थप हुन आएका नियमित क्वारेन्टाइन शत्रुजीवहरूको सूची साथै धान, मकै, कोदो, मुसुरो, सयपत्री, सुपारी, ओखर, किवी, साकुरा र गुलाबका क्वारेन्टाइन शत्रुजीवहरूलाई WTO/SPS Notification गरिएको।
- मिति २०८१/०८/१७ को प्लाण्ट क्वारेन्टाइन समितिको निर्णयबमोजिम बिरूवा तथा बिरूवाजन्य उपजहरूको अन्तर्राष्ट्रिय व्यापारको क्रममा बाह्य देशहरूबाट नेपालमा बिरूवाका हानिकारक शत्रुजीवहरूको सम्भावित प्रवेशलाई रोक्न अन्तर्राष्ट्रिय बिरूवा स्वस्थता मापदण्ड साथै प्रचलित बिरूवा क्वारेन्टाइन तथा संरक्षण ऐन २०६४ बमोजिम हालसम्म ५० भन्दा बढी देशहरूबाट नेपालमा आयातहुने विभिन्न बिरूवा तथा बिरूवाजन्य उपजहरूको लागि १५८ वटाभन्दा बढी शत्रुजीव जोखिम विश्लेषण गरी सो बमोजिम जैविक सुरक्षाका उपायहरू अपनाई आयात सहजीकरण गरिएको।

- नेपाल र चीनबीच भएको द्विपक्षीय सम्झौताबमोजिम हेलेज/साइलेज तथा जडीवुटीहरूको निर्यात सहजीकरणको लागि हेलेजका १५ वटा क्वारेन्टाइन शत्रुजीवहरू तथा जडिबुटीका ४ वटा क्वारेन्टाइन शत्रुजीवहरूको सर्भे प्रोटोकल तथा साथै केही बालीहरू (रातो च्याउ) को सर्भे योजना स्वीकृत गरी लागू भई प्रोटोकलबमोजिम हेलेज/साइलेज तथा जडीवुटीहरूको निर्यात भइरहेको।
- नेपालबाट चीन निकासी गर्न लागिएको रातो च्याउ (Ganoderma lucidem) को स्वीकृत सर्भे प्रोटोकल तथा सर्भे योजनाअनुसार भण्डारण स्थलको अवलोकन तथा निरीक्षण गरी क्वारेन्टाइन शत्रुजीवहरूको चेकजाँचपश्चात शत्रुजीव मुक्त यकीन गरी निर्यात सहजीकरण भएको।
- नेपालबाट चीन निकासी गर्ने हेलेजको क्वारेन्टाइन शत्रुजीवहरूको सर्भे प्रोटोकलको मस्यौदाबारेमा छलफल तथा रायसुझाब दिने उद्देश्यले मिति १५ जनवरी २०२५ मा चितवनमा सम्बन्धित विज्ञ तथा सरोकारवालाहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको।
- नेपालमा पहिलोपटक अष्ट्रेलियन सरकारको Department of Agriculture, Fisheries, and Forestry को सहयोगमा मिति २०८१/६/७ गते Methyl Bromide Fumigation Training सम्पन्न भई उक्त तालिममा सहभागी भएका १९ जना प्राविधिकहरूलाई Fumigation expert को मान्यता प्राप्त भएको।
- कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०८१/०७/०८ गतेको निर्णयानुसार (सचिवस्तर) कीर्तिपुरमा रहेको Fumigation Chamber बाट धुम्रीकरण उपचार सेवा सञ्चालन गर्न प्रारम्भिक वातावरणीय परीक्षणको प्रतिवेदन भई तत्पश्चात यस आ.व. को नेपाल व्यापार एकीकृत रणनीति कार्यक्रमबाट नेपालमा सरकारी तवरबाट प्रथमपटक ४१६ पाउण्ड मिथाइल ब्रोमाइड खरिद भई निर्यात सहजीकरणको लागि तयारी गरिएको।
- भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल साथै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट क्वारेन्टाइन सेवा सञ्चालन गर्न क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टको सङ्गठन संरचना र दरबन्दी तेहरीज मन्त्रिपरिषद्बाट मिति २०८१/१२/११ मा स्वीकृत भई कार्यान्वयनमा आएको।
- नेपालबाट भारतमा निकासी सम्भावना भएका स्कुसको भारत सरकारको Plant Quarantine Order २००३ मा सूचीकृत भएको छ। यसका साथै, स्याउ, जटामसी, दालचिनी, स्क्वासको बीउको बजार पहुँको निरन्तर प्रयास भइरहेको।

### ३.१.१.१६ कृषि सूचना तथा प्रशिक्षण कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२००१०५-३/४)

कृषि सूचना तथा प्रशिक्षण केन्द्रको आ.व. २०८१/८२ को वार्षिक स्वीकृत बजेट रू. १० करोड ६० लाख ३७ हजारमध्ये रू. ८ करोड ३० लाख १४ हजार रकम खर्च भई वित्तीय प्रगति ७८.२९% र भारित प्रगति ९५.७९% रहेको थियो। यस केन्द्रबाट सञ्चालित विभिन्न कार्यक्रमहरूबाट आ.व. २०८१/८२ को वार्षिक उपलब्धिहरूको विवरण तपसिल बमोजिम रहेको छ।

- यस कृषि सूचना तथा प्रशिक्षण केन्द्रको उत्पादनमा रेडियो नेपाल र नेपाल टेलिभिजनबाट प्रत्येक साँझ ६:४०-६:५५ सम्म समयसापेक्ष कृषि प्रविधियुक्त जानकारीहरू समावेश गरिएको कृषि कार्यक्रमबाट किसानहरू लाभान्वित भएका छन्।
- कृषि तालिम अन्तर्गत राजपत्राङ्कित तृतीय आधारभूत सेवाकालीन तालिम (२० जना सहभागी), IPM MTOT तालिम (१९ जना सहभागी), Procurement Management तालिम स्थानीयस्तरका प्राविधिकहरूका लागि (३९ जना सहभागी) अधिकृतस्तर सेवा प्रवेश तालिम-१ महिना (९ जना

सहभागी), अधिकृतस्तर Procurement Management तालिम (२१ जना सहभागी), अधिकृतस्तर सुन्तलाजात बगैंचा व्यस्थापन तालिम (२ वटा) र अधिकृतस्तर National E-Government Procurement तालिम सम्पन्न भयो। त्यसैगरी पशुपन्छी तालिम अन्तर्गत अधिकृतस्तर पशुपालन असल अभ्यास मूल्याङ्कन (TOT) तालिम १ हप्ते (२४ जना सहभागी) अधिकृतस्तर Field Epidemiology Training Program for Veterinarians (१३ जना सहभागी), अधिकृतस्तर Meat Inspection तालिम २ हप्ते (१९ जना सहभागी), सहायकस्तर पशुपालन असल अभ्यास तालिम (२४ जना सहभागी), सहायकस्तर प्रयोगशाला प्रविधि तालिम २हप्ते (१२ जना सहभागी) र अधिकृतस्तर GIS तालिम १ हप्ते (१८ जना सहभागी) मार्फत क्षमता अभिवृद्धि भएको छ।

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गतका निकायहरूबाट तथ्याङ्क एवम् विवरण सङ्कलन गरी १२,००० सङ्ख्यामा कृषि डायरी प्रकाशन गरी वितरण गरियो। कृषि पशुपन्छी र मत्स्य क्षेत्रका विज्ञहरूबाट अध्ययन अनुसन्धान रिपोर्ट एवम् लेख सङ्कलन गरी कृषि त्रैमासिक पत्रिका (५००० थान), प्राविधिक पुस्तिका (१२००० थान) साथै Journal of Agriculture Development (२०० थान) प्रकाशन गरी वितरण भएको छ।
- किसान कल सेन्टरमार्फत प्रत्येक हप्ताको आइतबारदेखि शुक्रबारसम्म बिहान ११ बजेदेखि दिउँसो ४ बजेसम्म आ.व. २०८१/८२ मा ५२१ जना कृषकहरूले विभिन्न विषयमा राखेका जिज्ञासा एवम् कृषिमा भोगिरहेका समस्याहरूको सम्बोधन भएको छ।
- NTC सँगको सहकार्यमा कृषिसँग सम्बन्धित विभिन्न उपयोगी जानकारीहरू (कृषि प्रविधि तथा मौसम सम्बन्धी जानकारी) Mobile SMS मार्फत २८,००० कृषकहरूलाई १९ लाख पटक SMS मार्फत सूचना प्रवाह भएको छ।
- आ.व. २०८१/८२ को अन्त्यसम्म २३ लाख ७६ हजार किसानहरूको किसान सूचीकरण कार्य सम्पन्न भएको छ।
- प्रदेशस्तरमा किसान सूचीकरण सम्बन्धी समन्वय गोष्ठी (७) र स्थानीयस्तरमा किसान सूचीकरण सम्बन्धी तालिम सञ्चालन (सङ्ख्या १२) भएको छ।

### ३.१.१.१७ राष्ट्रिय किसान आयोग (बजेट उप-शीर्षक नं. ३१२२१०११-३/४)

राष्ट्रिय किसान आयोगको बजेट उपशीर्षक नं. ३१२२१०११ अन्तर्गत आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको स्रोतबाट चालुतर्फ रू. ३ करोड ९० लाख ९० हजार बजेट विनियोजन रहेकोमा जम्मा रू. ३ करोड ८ लाख ८७ हजार रकम खर्च भई वित्तीय प्रगति जम्मा ७९.०२ प्रतिशत र एकमुष्ट भारित प्रगति जम्मा ८७.६० प्रतिशत हासिल भएको। आर्थिक वर्ष २०८१/८२ मा सञ्चालन भएका मुख्य कार्यक्रम र उपलब्धिहरू देहायअनुसार रहेका छन्।

- नेपाल सरकारले सञ्चालन गरेको किसान सूचीकरण कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन हुन र आर्थिक वर्ष २०८१/८२ मा किसानहरू सूचीकरण गर्ने कार्य सम्पन्न गर्नका लागि आयोगबाट विशेष अभियानका रूपमा स्थानीय तहका जनप्रतिनिधि लगायत अन्य सरोकारवाला निकायहरूसँग प्रत्येक प्रदेशमा २ स्थानसहित सातै प्रदेशमा १४ वटा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरी स्थानीय तहलाई किसान सूचीकरण कार्य यथाशिघ्र सम्पन्न गर्नका लागि समन्वयात्मक भूमिका निर्वाह गरिएको। हालसम्म ५० प्रतिशत किसान घरपरिवार सूचीकरणका लागि सफ्टवेयरमा विवरण प्रविष्टी भएको।

- किसान हकहित र सामाजिक सुरक्षाका विषय कृषि विधेयकमा समावेशका लागि प्रत्यक्ष किसान लगायत अन्य सरोकारवाला निकायहरूसँग अन्तरक्रिया गरी तयार गरिएको सुझाव समावेशका लागि आयोगको सिफारिससहित कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- कृषि यान्त्रीकरण प्रवर्द्धन नीति, २०७१ को मस्यौदामा विभिन्न संघ/सङ्गठन/सञ्जाल लगायत सरोकारवाला निकायसँग अन्तरक्रिया गरी प्राप्त सुझावलाई समेत समेटी आयोगको सिफारिससहित सुझाव समावेशका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- बागमती प्रदेशको मकवानपुर जिल्लामा जनप्रतिनिधि, प्रदेशस्थित शिक्षा, स्वास्थ्य तथा कृषि समितिका सभापति, प्रमुख राजनीतिक दलका प्रदेश प्रमुख सचेतक, जिल्ला समन्वय समिति कार्यालयका प्रमुख, स्थानीयतहका प्रमुख, प्रदेश सचिव, सङ्घीय कार्यालयका प्रमुखहरू, किसान संघ/सङ्गठन/सञ्जाल, उत्पादक किसान लगायत सरोकारवाला निकायहरूसँग किसान हकहित र सामाजिक सुरक्षा विषयक बहस कार्यक्रम भव्यताका साथ सम्पन्न गरी प्राप्त पृष्ठपोषणहरू समावेशका लागि सम्बन्धित निकायमा पठाइएको।
- नेपाल सरकारबाट निर्धारण गरिएको धानको न्यूनतम समर्थन मूल्यको प्रभावकारी कार्यान्वयन अवस्थाका सम्बन्धमा फिल्ड अनुगमनबाट प्राप्त सुझावलाई समेटी आयोगको सिफारिससहित सुझाव कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- आयोगको स्थापना दिवसका अवसरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको प्रमुख आतिथ्यतामा किसान हकहित र सामाजिक सुरक्षा विषयक विचार गोष्ठी सञ्चालन गरी आयोगबाट हालसम्म भएका कार्यक्रम तथा उपलब्धिहरूबारे जानकारी गराउनुका साथै किसान संघ/सङ्गठन/सञ्जाल, उत्पादक किसान लगायत सरोकारवाला निकायहरूबाट पृष्ठपोषण सङ्कलन गरी स्थापना दिवस भव्यताका साथ मनाइएको।
- किसानले उत्पादित वस्तुको उचित मूल्य नपाएका कारण सडक तथा खेतबारीमै कृषि वस्तु नष्ट गरेको समाचारहरूप्रति आयोगको ध्यानाकर्षण भई कृषि उपजहरूको लागत र बजार मूल्यका सम्बन्धमा अन्तरक्रियात्मक छलफल कार्यक्रम सम्पन्न गरी प्राप्त सुझावहरू आयोगमा छलफल गरी सुझाव कार्यान्वयनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा पठाइएको।
- २०८१ साल असोज १०-१२ गते भएको अविरल वर्षा तथा पहिरोका कारण कृषि क्षेत्रमा भएको क्षति आँकलन गरी पीडित किसानहरूलाई यथाशिघ्र राहत तथा क्षतिपूर्तिको व्यवस्थाका लागि सरोकारवाला निकाय लगायत नेपाल सरकारको ध्यानाकर्षण गराइएको। यसका साथै आयोगका अध्यक्ष तथा सदस्यहरू गरी जम्मा ६ जनाको, प्रत्येकको ७/७ दिनको पारिश्रमिक कट्टा गरी प्रधानमन्त्री विपद् तथा दैवी प्रकोप कोषमा रकम जम्मा गरिएको।
- आयोगको ८औं वार्षिक प्रतिवेदन तयार गरी माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूलाई बुझाइएको।

## ३.१.१.१८ राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०१-३/४)

आ.व. २०८१/८२ मा सम्पन्न राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र लगायत मातहतका फार्म केन्द्रबाट सम्पादित मुख्य-मुख्य क्रियाकलापहरू तपसिल बमोजिम रहेको छ।

**राष्ट्रिय आलु, तरकारी तथा मसला विकास कार्यक्रम, कीर्तिपुर**

पी.बी.एस. बीउ आलु उत्पादन तथा प्रमाणीकरणसँग सम्बन्धित सरोकारवालाहरूको केन्द्रस्तर अन्तरक्रिया कार्यक्रम, उच्च प्रविधि प्रयोग गरी संरक्षित संरचनामा तरकारी उत्पादन सम्बन्धी हुने प्राविधिकहरूको लागि अधिकृतस्तर तालिम, तरकारी बाली निरीक्षक तालिम, Nepal Horticulture Society सँगको सहकार्यमा बागवानी सम्बन्धी राष्ट्रिय कार्यशाला गोष्ठी, तरकारी बीउ उत्पादन तथा प्रमाणीकरणसँग सम्बन्धित सरोकारवालाहरूको केन्द्रस्तर अन्तरक्रिया कार्यक्रम, फार्म केन्द्रहरूमा उत्पादित तरकारी बीउ सम्बन्धी राष्ट्रियस्तर गोष्ठी, तरकारी तथा मसला बाली खेती प्रविधि, अलैंचीको बगान डढान समस्याको समाधान सम्बन्धी लगायतका प्राविधिक पुस्तिका प्रकाशन तथा वितरण, मुख्य-मुख्य तरकारीको प्रजनन् मूल तथा उन्नत बीउको उत्पादन तथा आवश्यकता अध्ययन, Organic Inspection सम्बन्धी अधिकृतस्तरीय तालिम तथा बीउबिजन प्रमाणीकरणका लागि बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र, राष्ट्रिय आलु तरकारी तथा मसला बाली विकास केन्द्र र राष्ट्रिय कृषि अनुसन्धान परिषद्को फार्म केन्द्रमा संयुक्त अनुगमन गरिएको।

**आलु बाली विकास केन्द्र, निगाले**

आलुको पि.बि.एस. १ लाख ८ हजार २०० दाना, बेसिक आलु बीउ २०.१० मे. टन र टि.पि. एस. १९.५ के.जी. उत्पादन भएको, केन्द्रको टिस्यु कल्चर प्रयोगशालामा तयार भएका करिब ४,५०० विभिन्न जातका Invitro जारहरू बिक्री तथा केन्द्रमा पि.बि.एस. उत्पादन गर्न प्रयोग भएको। यस फार्ममा चाइनिज जातहरू Long potato-7, Long potato-10, Long potato-14, LK-99, Yun potato-105, Yun potato-603, Ziyun-1, Mira, Qing potato-9, Emma-1, Emma-2 आदि जातहरूको अनुसन्धान भइराखेको तथा अन्य जातहरू निगाले सेलेक्शन, आरू आलु, ल्याण्ठे, रोजिटा, शैलुङ्-१, शैलुङ्-२, छोइताङे स्थानीय, हेलम्बु स्थानीय, शैलुङ् सेतो, ब्रिटिस, कोट स्थानीय, जिरी सेतो, शैलुङ् निलो, किर्ने रातो, डाँडापाखर सेतो, एन.पी.आई.-१०६, निलप्रसाद सेतो, गाँजल, मिरा, जिरी चक्रे, तुने लोकल, मुस्ताङ् लोकल सेतो, थोतेकाली खिम्ती, धुन्चेडाँडा स्थानीय, पेरीकोली, खुमल रातो, निलप्रसाद रातो, मेलुङ् सेतो, लाप्चाने रातो, निगाले सेतो, विगु लोकल, कार्डिनल जातका जर्मप्लाजम संरक्षण गरिएको।

**अलैंची बाली विकास केन्द्र, इलाम**

तन्तु प्रजनन् प्रयोगशाला सञ्चालनमा रहेको, रामसाई, गोलसाई, भर्लाङे, जिर्मले जातका २ लाख बेर्नाहरू उत्पादन तथा बिक्रीवितरण भएको, तन्तु प्रजनन् विधिबाट १०,००० बेर्ना उत्पादन भएको, DAS ELIZA माध्यमद्वारा भाइरस परीक्षणको लागि कीट खरिद, तन्तु प्रजनन् प्रयोगशालाको स्तरोन्नतीको कार्यहरू भएको, अलैंची खेती सम्बन्धी कृषकस्तरीय तालिम सञ्चालन गरिएको, अलैंचीका रामशाई, गोलशाई, भर्लाङे, जिर्मले, डम्बरशाई, साउने जातहरू तथा अन्य मसला बाली जस्तै अदुवा, अकबरे खुर्सानीको जर्मप्लाज्म फार्ममा संरक्षण गरिएको।

**तरकारी बाली विकास केन्द्र, खुमलटार**

विभिन्न तरकारी बालीहरूका ३६ लाख ७५ हजार ९७९ बेर्ना उत्पादन गरी बिक्रीवितरण गरिएको, १६.१४ के.जी. सिर्जना जातको गोलभेंडाको वर्णशङ्कर बीउ उत्पादन गरी बिक्री गरिएको, ६५४५ जना सेवाग्राहीहरूलाई प्रत्यक्षरूपमा बीउ बेर्ना तथा प्राविधिक सेवाटेवा लगायतका सेवाहरू उपलब्ध गराइएको तथा १७३ जना कृषकहरू तालिममार्फत लाभान्वित भएको।

**तरकारी बीउ उत्पादन केन्द्र, रूकुम**

काउली (काठमाडौं लोकल), मूला (मिनो अर्ली), रायो (खुमल चौडा पात), केराउ (सिक्कीमे), केराउ (आर्केल), प्याज (रेड क्रियोल), सिमी (चौमासे), सलगम (काठमाडौं रातो), काँक्रो (भक्तपुर लोकल) लगायत तरकारी बालीहरूको कूल १९९१.५४ के.जी. मूल बीउ उत्पादन भएको। सिमी (त्रिशुली), भिण्डी, बोडी (मालेपाटन), धनिया (स्थानीय), चम्सुर (स्थानीय), स्वीसचार्ड (फोर्डहुक जायन्ट), सीमी (कन्टेण्डर), गोलभेंडा (मनप्रेकस) लगायत तरकारी बालीहरूको कूल ७८२.२५ के.जी. उन्नत बीउ उत्पादन भएको, १६०० के.जी. गानो प्याँज उत्पादन तथा भण्डारण गरिएको, गोलभेंडाको वर्णशङ्कर जात सिर्जनाको २.५ के.जी. बीउ उत्पादन भएको छ।

### ३.१.१.१९ राष्ट्रिय फलफूल विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०२-३/४)

राष्ट्रिय फलफूल विकास कार्यक्रमअन्तर्गतका सञ्चालित मुख्य क्रियाकलापहरू तथा मुख्य उपलब्धि तपसिल बमोजिम रहेका छन्।

**राष्ट्रिय फलफूल विकास केन्द्र**

५ वटा मुख्य फलफूल बालीहरू (आँप, लिची, केरा, मेवा, अम्बा) को Training Manual र ७ वटा मुख्य फलफूल बालीहरू (जुनार, सुन्तला, कागती, आँप, केरा, किवी, एभोकाडो) को Postharvest मापदण्ड तयार गरिएको। ६ वटा मुख्य फलफूल बालीको (स्याउ, सुन्तला, किवी, ओखर, एभोकाडो र केरा) प्राविधिक पुस्तक अद्यावधिक गरी प्रकाशन गरिएको छ। गत आ.व. मा PCR परीक्षणमा पोजेटिभ नतिजा आएका सिन्धुली, गोर्खा, रामेछाप, नवलपरासी गरी जम्मा १० वटा नर्सरीहरूलाई स्वस्थ्य माउबोटसहित नर्सरी सुद्धिकरण प्याकेज सहयोग कार्यक्रम सम्पन्न भयो साथै सुन्तलाजात फलफूलको विभिन्न नर्सरीहरूबाट जालीघरभित्रका जम्मा ४०० वटा नमूना सङ्कलन गरी citrus greening परीक्षण गरिएकोमा ४९ वटा नमूनामा पोजेटिभ नतिजा पाइयो। २० जना नर्सरी धनीहरूलाई ओखरको कलमी बिरूवा उत्पादन तथा व्यवस्थापन तालिम सञ्चालन गरियो। Geographic Indications का लागि चिउरी र लप्सी बाली छनौट गरी चिउरीको लागि चितवन (कालिका न.पा. १०, ११) र मकवानपुर (राक्सिराङ् गा.पा.) साथै लप्सीको दक्षिणकाली न.पा.-८, ९ मा तथ्याङ्क सङ्कलन तथा सर्वेक्षणको काम सम्पन्न गरी सो सम्बन्धी पुस्तक प्रकाशन गरियो। Fruit Variety Characterization: Knowledge and Database Sharing Workshop सम्पन्न गरी फलफूलको जातीय दर्ताका लागि आवश्यक विवरण सङ्कलन भयो।

**समशीतोष्ण बागवानी केन्द्र, कीर्तिपुर**

आ.व. २०८१/८२ मा हिउँदे तथा सुन्तलाजात फलफूलको ५१,३९० वटा बेर्ना उत्पादन भई ५६,७९८ वटा बेर्ना बिक्रीवितरण भएको (अघिल्लो आ.व. को १३,०३४ मौजुदा थियो) छ। तीनपाते सुन्तलाको बीउ ३१७ कि.ग्रा., फल १,००० कि.ग्रा. बिक्रीवितरण भएको। फलफूल ९,८४७ कि.ग्रा. तथा तरकारी १,५३२ कि.ग्रा. बिक्री भएको। विभिन्न प्रदेश तथा स्थानीयस्तरका २५ जना कृषि प्राविधिकहरूलाई फलफूल

बगैंचा तथा नर्सरी व्यवस्थापन सम्बन्धी तालिम प्रदान गरिएको। टिस्यु कल्चर ल्याब सञ्चालन तथा व्यवस्थापन गरी PCR परीक्षण कार्य नियमितरूपमा भइरहेको। यस अवधिमा देशभरीबाट सुन्तलाजात फलफूलको Citrus Greening रोग पहिचानका लागि ४७९ वटा PCR परीक्षण गरिएकोमा ११९ वटा पोजिटिभ र CTV पहिचानका लागि १९४ ELISA परीक्षण गरिएकोमा ६ वटा पोजिटिभ नतिजा प्राप्त भयो।

**उष्ण प्रदेशीय बागवानी केन्द्र, नवलपुर**

यस आ.व. मा जम्मा १७१,६०० वर्षे फलफूल बिरूवा उत्पादन भएकोमा ४४,०९४ बिरूवा बिक्रीवितरण भयो। २५,२०० आलङ्कारिक बिरूवा उत्पादन भई १६,४७२ बिरूवा बिक्रीवितरण भयो ५४०.६ के.जी. तरकारी बीउ, ३०३,५०० तरकारी बेर्ना उत्पादन तथा ३०२,८८३ तरकारी बेर्ना बिक्रीवितरण गरियो। जम्मा रू. १,२०,०९,३३६ राजश्व सङ्कलन गरियो।

**शीतोष्ण बागवानी विकास केन्द्र, मार्फा**

यो आ.व. मा १८,८८७ हिउदे फलफूल बिरूवा उत्पादन भई १४,८९२ वटा बिक्रीवितरण भयो। ४३४,९३८ तरकारी बिरूवा उत्पादन भई ४३३,७१२ वटा बिक्रीवितरण गरियो। ६६९ (के.जी.) तरकारी बीउ उत्पादन भई ६४५ (के.जी.) बिक्री भएको र २४ (के.जी.) मौज्दात रहेको। ६१८० (के.जी.) आलुको बेसिक बीउ उत्पादन भई ६०९९.२७ के.जी. बिक्रीवितरण भएको र ८१ के.जी. मौज्दात रहेको। फलफूल प्रशोधनशाला सञ्चालन गरी (ब्राण्डी, साइडर, वाईन उत्पादन तथा बिक्री) ३,४२४ लि. बिक्रीवितरण गरिएको। ताजा फलफूल ३६,४५४.२ के.जी. उत्पादन गरी बिक्रीवितरण गरिएको कृषि पर्यटन प्रवर्द्दनको लागि स्याउ टिप्ने खाने १ हप्ते मेला सञ्चालन गरिएको। फार्म दिवस मनाउने तथा उत्कृष्ट कर्मचारी र कृषकलाई पुरष्कृत गर्ने कार्यक्रम भएको छ। स्याउका ४ वटा जात दर्ता हुनुका साथै नास्पातीको ५ र हलुवावेदका ३ गरी जम्मा ८ वटा जातहरू दर्ता गर्नको लागि आवश्यक अध्ययन अनुसन्धान भइरहेको। फाइल SQCC मा पुगिसकेको छ।

**सुन्तलाजात फलफूल विकास केन्द्र, तानसेन**

चालु आ.व. मा सुन्तला र कागतीका २०,००० विजु बिरूवा तथा ४५,७०० कलमी बिरूवा उत्पादन। कूल ३८,४८९ बिरूवा बिक्रीवितरण भएको। वितरित बिरूवा रोपणबाट ७६ हेक्टर क्षेत्रफलमा सुन्तलाजात फलफूल बगैंचा स्थापना भई क्षेत्र विस्तार भएको विभिन्न ठाउँमा पहिरो नियन्त्रणको लागि ७७ मिटर रिटेनिङ बाल निर्माण भएको। फार्म परिसरमा १४५ मिटर सिँचाइ कुलो निर्माण भई सिँचाइ सुविधा भएको। प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा पाल्पा, अर्घाखाँची, पर्वत, म्याग्दी र बागलुङ जिल्लाका २३ जना स्थानीय तहमा कार्यरत प्राविधिकहरूलाई सुन्तलाजात बगैंचा व्यवस्थापन तथा नर्सरी सम्बन्धी तालिम सम्पन्न गरिएको। पि.सी.आर. विधिबाट सिट्रस ग्रिनिङ रोग लक्षित ५०० भन्दा बढी नमुना परीक्षण तन्तु प्रजनन् प्रयोगशालाको स्तरोन्नतीको लागि औजार उपकरण खरिद तथा तन्तु प्रजनन् प्रयोगशाला सञ्चालन। ७ स्थानमा १३५ जना लाभान्वित हुने गरी स्थलगत तालिम सञ्चालन, ८ स्थानमा सुन्तला बगैंचा सुदृढीकरण कार्यक्रम सञ्चालन गरी ९ हेक्टर बगैंचा सुदृढीकरणमा सहयोग, आगामी आ.व. को लागि १ लाख ५० हजार रुटस्टक बिरूवा उत्पादन, सुन्तलाजात फलफूलको फिल्ड जिन बैंक स्थापना गरी २७ भन्दा बढी प्रजातीको संरक्षण तथा सम्वर्द्धन कार्य भएको छ।

**कफी विकास केन्द्र, गुल्मी**

कफी विकास केन्द्रको लागि थप ५ रोपनी जग्गा प्राप्त। सामुदायिक वन वा सार्वजनिक जमिनमा कफी बिरूवा लगाई Agro-forestry model को स्थापना गर्ने कार्यक्रम अन्तर्गत ५०% अनुदानमा करिब १० रोपनीमा बिरूवा रोपी बगैंचा स्थापना गरिएको। २ हेक्टर भेराइटल ब्लकमा कफी बगैंचा व्यवस्थापन गरिएको, अपुरो प्रशासनिक भवन निर्माण कार्य सम्पन्न, करिब ३६४ मि. सिँचाइ कुलो निर्माण गरिएको, ५२ मि. रिटेन्सन बाल निर्माण, ४२ मि. उकालो बाटो ढलान गर्ने कार्य सम्पन्न गरिएको। करिब ८०,००० बिरूवा उत्पादनको लागि दोस्रो नर्सरीमा बेर्ना सारिएको, कफी बगैंचा, भेराइटल ब्लक. कफी नर्सरी हाउस लगायतमा छहारीका लागि ग्रीन जाली ५५ थान खरिद गरिएको। अगुवा कृषकलाई कफी खेती विषयक तालिम ४ वटा तालिम सम्पन्न गरिएको, विभिन्न जिल्लाका स्थानीय तहमा कार्यरत २० जना कृषि प्राविधिकहरूलाई पाँच दिने कफी तालिम सम्पन्न गरिएको। चालु आ.व. मा ६४ के.जी कफीको बीउ र ५८,६२५ बिरूवा सङ्ख्या बिक्रीवितरण गरिएको छ।

### ३.१.१.२० बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०४-३/४)

बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालनका लागि बाली विकास तथा कृषि जैविक विविधता संरक्षण केन्द्र र यस केन्द्रअन्तर्गतका दुईवटा फार्म कृषि विकास फार्म, चन्द्रडाँगी र कृषि विकास फार्म, सुन्दरपुर गरी जम्मा तीन कार्यालयमा आ.व. २०८१/८२ मा वार्षिक रू. १५ करोड २५ लाख १ हजार बजेट विनियोजन भएकोमा ८ करोड १४ लाख ४५ हजार खर्च भई एकमुष्ठ भारित प्रगति ७०.७५ प्रतिशत र एकमुष्ठ वित्तीय प्रगति ५३.४१ प्रतिशत रहेको छ। आ.व. २०८१/८२ मा केन्द्र तथा फार्महरूबाट सम्पादित प्रमुख उपलब्धिहरू निम्नानुसार रहेका छन्।

- गहुँको स्रोत बीउ (मूल तथा प्रमाणित) उत्पादकहरूलाई गहुँको बीउ बिक्रीको आधारमा प्रोत्साहन अनुदानको लागि कूल १४.९७९ मे. टन बीउका लागि रू. ३४४,५१७/(तीन लाख चौवालिस हजार पाँच सय सत्र) भुक्तानी गरिएको।
- आ.व. २०८१/८२ मा २१९ वटा स्थानीय तहमा २४६ वटा कार्यक्रमका लागि १७ करोड ८७ लाख बजेट यस केन्द्रबाट सङ्घीय शसर्त वित्तीय हस्तान्तरण भई कार्यक्रमहरू सञ्चालन भएका थिए। स्थानीय तहका कृषि प्राविधिक तथा कृषकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न तालिम कार्यक्रमहरू (मूल तथा प्रमाणित बीउ उत्पादकको लागि गुणस्तरीय बीउ उत्पादन, भण्डारण तथा बजारीकरण सम्बन्धी तालिम, धान गहुँ र मकै बालीका स्रोत संरक्षण प्रविधि सम्बन्धी तालिम र दलहन बाली उत्पादन प्रविधिसम्बन्धी तालिम) सञ्चालन गरिएको।
- मकै लगायतका बालीहरूमा Aflatoxin उपस्थिति र सम्भावित नकरात्मक असरबारे सचेतना, कृषि जैविक विविधता संरक्षणबारे सचेतना कार्यक्रम, रैथाने तथा कोदोजन्य बालीहरूको महत्त्वबारे सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- व्यावसायिक मकै खेती क्षेत्र विस्तार र बजार प्रवर्द्धनबारेमा उत्पादक, दाना उद्योग र सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम, बीउ चक्र सुदृढीकरणका लागि बीउ व्यवसायी तथा सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम, सामुदायिक बीउ बैंक संघ नेपालसँगको समन्वयमा सामुदायिक बीउ बैंकहरूका प्रयास, उपलब्धि तथा आगामी कार्यदिशा सम्बन्धी कार्यशाला गोष्ठी, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका बाली सम्वद्ध जोन तथा सुपरजोन इकाईहरूसँग फिल्ड तहमा पहिचान भएका समस्याहरू तथा सिकाइ आदानप्रदान सम्बन्धी कार्यशाला गोष्ठी सञ्चालन गरिएको।

- वनस्पति प्रजननमा संलग्न प्रजनक, बागमती प्रदेशअन्तर्गतका सामुदायिक बीउमा आवद्ध वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषकहरूबीच अन्तरक्रिया गोष्ठी तथा बृहत छलफल गराई प्राप्त सुझावहरूलाई विधेयकको ड्राफ्टमा संलग्न गराउने, कृषि जैविक विविधता तथा रैथाने जात संरक्षणमा संलग्न कृषकहरूलाई कृषक अधिकारको बारेमा जनचेतना जगाउने, वनस्पति प्रजननमा संलग्न प्रजनक र सामुदायिक बीउमा आवद्ध वा कृषि जैविक विविधता संरक्षणमा संलग्न कृषकहरूबीच वनस्पतिको जात संरक्षण र कृषकको अधिकार सम्बन्धमा बुझाइमा एकरूपता ल्याउने उद्देश्यले Plant Breeding and Genetics Society of Nepal (PBAGSoN) सँगको सहकार्यमा plant variety protection and farmers' right बारे सचेतना कार्यक्रम सञ्चालन गरिएको।
- स्थानीय तहमा कार्यरत कृषि प्राविधिक कर्मचारीहरूमा कृषि जैविक विविधता सर्भेक्षण तथा अभिलेखीकरण सम्बन्धी ज्ञान तथा दक्षता अभिवृद्धि गर्दै कृषि जैविक विविधता संरक्षण कार्यक्रमलाई प्रभावकारी बनाउने तथा जैविक विविधता सम्बन्धी रेकर्ड सङ्कलन गर्ने सीप क्षमतामा वृद्धि गर्ने उद्देश्यअनुरूप कृषि जैविक विविधता सर्भेक्षण तथा अभिलेखीकरण तालिम सञ्चालन गरिएको।
- तेस्रो राष्ट्रिय कृषि जैविक विविधता दिवस २०८१ मनाउने सन्दर्भमा "स्वस्थ जीवन र पर्यावरणका लागि कृषि जैविक विविधता" भन्ने नाराका साथ कृषि विभाग, हरिहरभवन, ललितपुर परिसरमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्री श्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्यतामा मिति २०८१/१०/०२ मा मूल समारोह कार्यक्रम सञ्चालन गरिएको थियो भने मिति २०८१/१०/०२ र ०३ गते कृषि जैविक विविधता तथा रैथाने बालीको उपज प्रदर्शनी कार्यक्रम सञ्चालन गरिएको। उक्त प्रदर्शनी कार्यक्रममा २५ वटा स्टलहरूमा सातै प्रदेशका सामुदायिक बीउ बैंकहरू, विभिन्न रैथाने संघ/संस्थाहरू, जिन बैंक र रैथाने बाली, प्रविधिहरूको प्रदर्शनी तथा अवलोकन र बिक्रीवितरण गरिएको थियो। माघको पहिलो हप्ताभर कृषि जैविक विविधता संरक्षण र दिगो उपयोगबारे जनचेतनामूलक कार्यक्रमहरू आयोजना गरी मनाइएको। साथै सातै प्रदेशबाट छनौट भएका १/१ जना कृषि जैविक विविधता संरक्षण र प्रवर्द्धनको क्षेत्रमा योगदान पुर्याएका कृषक/कृषक समूह/सहकारी/सामुदायिक बीउ बैंक/संघ/संस्था, गैरसरकारी संघ/संस्था वा होटेल/रेष्टुरेण्ट र विद्यालयलाई सम्मान तथा पुरस्कृत गरिएको।
- प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ बारे जानकारी दिने, प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम अन्तर्गत गत आ.व. तथा चालु आ.व. मा सञ्चालित क्रियाकलापहरूको प्रगति सङ्कलन गर्ने कार्यक्रम सञ्चालनको क्रममा देखा परेका समस्याहरूबारे छलफल गरी सुझावहरू सङ्कलन गर्ने उद्देश्य अनुरूप सङ्घीय सशर्त वित्तीय हस्तान्तरण भएका कार्यक्रमहरूको समीक्षा तथा अभिमूखीकरण गोष्ठी सञ्चालन गरिएको थियो।
- "धान बालीमा सघनता, खाद्यसुरक्षा र आत्मनिर्भरता" भन्ने नाराका साथ २०८२/०३/१५ गते २२औं राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सव माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री श्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्यतामा बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार, ललितपुरको परिसरमा मनाइएको थियो। साथै मिति २०८२/३/१३ गते पत्रकार सम्मेलन, राष्ट्रियस्तरका मिडियामार्फत धान क्षेत्रका विज्ञसँग TV Talk Show कार्यक्रम, २०८२/०३/१५ गतेका दिन राष्ट्रियस्तरको पत्रिका

गोरखापत्रमा प्राविधिक उपसमितिले तयार गरेको सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यू, कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवज्यू र कृषि विभागका महानिर्देशकज्यूको राष्ट्रलाई सम्बोधन गरिएको शुभकामना सन्देश प्रकाशन गरिएको थियो। धान खेतीको उत्पादन, उत्पादकत्व तथा धानको समग्र मूल्य शृङ्खला विकासमा महत्त्वपूर्ण योगदान पुर्‍याएबापत रैथाने धानको संरक्षक र प्रवर्द्धक कृषक/कृषक समूह/सहकारी संस्था, चैते धान उत्पादक कृषक, धानको सामुदायिक नर्सरी कृषक/कृषक समूह/सहकारी संस्था, धान मूल्य शृङ्खलामा उल्लेख्य योगदान गरेको मिल, धान बालीमा उत्कृष्ट योगदान गरेको वैज्ञानिक तथा धान मूल्य शृङ्खलामा उत्कृष्ट कार्यसम्पादन गरेको जोन/सुपरजोन गरी ६ वटा विधामा पुरस्कार र कदर पत्रका साथ सम्मान गरिएको थियो।

- कृषि विकास फार्म, चन्द्रडाँगीमा वर्षे धान २५ हेक्टर, चैते धान ५ हेक्टर र हाईब्रिड धान १ हेक्टर गरी जम्मा ३१ हेक्टरमा धानको स्रोत बीउ उत्पादन गरिएकोमा ३५.३० मे. टन बिक्रीवितरण गरिएको। १० हेक्टरमा ११.९२ मे. टन गहुँको बीउ उत्पादन गरिएको। ११ हेक्टरमा १८.२६ मे. टन १३.७१ मे. टन प्रशोधित बीउ, ४ मे. टन खायन र ५५० के.जी हाइब्रिड बीउ मकै उत्पादन गरी प्रशोधन गरिएको। यसै गरी १ हे. मा दलहन, २ हे. मा तेलहन तथा २ हे. मा ढैंचाको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरिएको। २.५ हेक्टरमा खायन माछा उत्पादन गरी बिक्री गरिएको। फार्मको १३० मीटर लामो घेराबार निर्माण गरी फार्ममा रहेको सार्वजनिक सम्पति/बाली पशु चौपाया तथा अतिक्रमणबाट सुरक्षित गरिएको छ। फार्मको बालीवस्तु तथा सार्वजनिक सम्पती नदी कटान तथा डुबान हुनबाट जोगाउन तटबन्धन (लम्बाईः १३० मिटर, उचाईः ४.५ मिटर, चौडाईः ६ मिटर) निर्माण गरी सुरक्षित गरिएको छ। फार्मभित्र १९८ मिटर लामो सिँचाइ कुलो RCC गरेर मर्मत गरिएको। Center of excellence कार्यक्रमअन्तर्गतका बीउ उत्पादन थप व्यवस्थित, कृषि मेसिनरी औजार सञ्चालनमा थप सहयोग तथा यस कृषि विकास फार्मको उद्देश्य लक्ष्य पूर्ति गर्ने हेतुले १२२ मिटर बाटो ढलान, सिँचाइ कुलो १५५.८५ मिटर RCC गरी निर्माण, २०० किलो भण्डारण क्षमता भएको सिड ड्रम ४० वटा, भण्डारणका लागि २५ वटा काठको पिर्का, भण्डारण कक्षमा Aeration को लागि २५ वटा Fan खरिद एवम् फार्मभित्र बगैंचा व्यवस्थापन गरिएको थियो।
- कृषि विकास फार्म, सुन्दरपुरमा धान स्रोत बीउ उत्पादन ३८.२ मे. टन बीउ उत्पादन गरी उत्पादित सबै बीउ बिक्री गरिएकोमा ७६३ हेक्टरमा स्रोत बीउ उपलब्ध हुने, गहुँ स्रोत बीउ उत्पादनतर्फ २९.८९ मे. टन बीउ उत्पादनमा उत्पादित सबै बीउ बिक्री गरिएकोमा २१३ हेक्टरमा स्रोत बीउ उपलब्ध हुने, मकै स्रोत बीउ उत्पादनतर्फ १.६ मे. टन बीउ उत्पादनमा उत्पादित सबै बीउ बिक्री गरिएकोमा ५४ हेक्टरमा स्रोत बीउ उपलब्ध हुने, मसुरोको स्रोत बीउ उत्पादनतर्फ १.४ मे. टन बिक्री गरिएकोमा ३५ हेक्टरमा स्रोत बीउ उपलब्ध हुने र तोरी बीउ उत्पादनतर्फ ०.५३ मे. टन स्रोत बीउ बिक्री गरिएकोमा ५३ हेक्टरमा स्रोत बीउ उपलब्ध हुने। फार्म वरिपरि निर्माणाधीन २२५ मिटर लामो पक्की पर्खाल निर्माण कार्य सम्पन्न गरिएको जसले फार्मको सुरक्षा र संरक्षण हुनेछ। गोठेमल खरिद, हरियो मल उत्पादन तथा माटो सुधार कार्यक्रम, बीउ उत्पादन सम्बन्धी घुम्ति स्थलगत तालिम, बीउ उत्पादन सम्बन्धी आवासिय तालिम, रैथाने बाली प्रर्वनद्धनका लागि सचेतनामूलक तालिम, फार्म वरपरका स्थानहरूमा नयाँ प्रविधि/बीउबिजन सहयोग कार्यक्रम/सिडकीट वितरण चैते धानको नविनतम नर्सरी व्यवस्थापन र उत्पादन प्रविधि प्रदर्शनी तथा उन्नत प्रविधि प्रदर्शन कार्यक्रम सञ्चालन गरिएको।

### ३.१.१.२१ कृषि पूर्वाधार विकास तथा कृषि यान्त्रीकरण प्रवर्द्धन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०६-३/४)

यस कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- ९ वटा डीप वोरिङको जडान कार्य र ११ वटा डिपट्युवेल, पम्प हाउस, विद्युतीकरण तथा पम्प जडान कार्य सम्पन्न भएको।
- सङ्घीय बजारहरू सुर्खेत, कोहलपुर, पोखरामा बजार स्तरउन्तीको कार्य भएको।
- सङ्घीय कृषि थोकबजार पोखरामा बजार बाटो निर्माण कार्य गरिएको तथा मोरङको रङ्गेली र बुढानिलकण्ठमा बजार निर्माणको काम ८० प्रतिशत सम्पन्न।

### ३.१.१.२२ मत्स्य विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०२१०१-३/४)

- मत्स्यजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी मूलुकलाई मत्स्यजन्य पदार्थमा आत्मनिर्भर गराउन यस आर्थिक वर्षमा ४ करोड ७६ लाख भुरा उत्पादन लक्ष्य रहेकोमा शुद्ध नश्ल मत्स्य विजतर्फ १ करोड ४४ लाख, साधारण मत्स्य विजतर्फ ३ करोड ८० लाख र सौन्दर्य मत्स्यतर्फ ५८ हजार गरी कूल ५ करोड २५ लाख माछाको भूरा उत्पादन भई कृषकहरू माझ बिक्रीतरण गरिएको।
- शुद्ध नश्लका माउ माछा उत्पादन तथा शुद्ध जातको माछाका भुरा बिक्रीवितरणलाई व्यवस्थित गर्न २७८८ वटा ट्यागसहितको भावी माउ वितरण गरिएको।
- राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम (तात्कालीन प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, PMAMP) अन्तर्गतका जोन तथा सुपरजोन र सङ्घीय मत्स्य फार्म केन्द्रसँगको समन्वयमा अन्तरक्रियात्मक कार्यक्रम सम्पन्न भई फार्म केन्द्र तथा जोन सुपरजोनले गर्दै आएका कार्यक्रम, अपनाएका प्रविधि लगायतबारे प्राविधिक वार्तालाप भई दिगो मत्स्य विकास सम्बन्धी कार्यमा समन्वय र सहकार्य भएको।
- ८० जना मत्स्य प्राविधिकलाई आधुनिक मत्स्यपालन र प्राकृतिक जलाशय संरक्षण तथा प्रवर्द्धन, २० जना मत्स्य ह्याचरी/नर्सरीकर्तालाई शुद्ध नश्लका माउमाछा व्यवस्थापन र ११३ जना कृषक तथा व्यवसायीलाई परिकार विविधिकरण, मत्स्य रोग तथा पानीको गुणस्तर व्यवस्थापन र रेन्बो ट्राउटपालन सम्बन्धी ज्ञान सीप प्रदान गरी क्षमता अभिवृद्धि गरिएको।
- प्राकृतिक जलाशय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, हेटौंडामा नेपालमा पाइने विभिन्न प्रजातिका जलीय वनस्पति जस्तैः कमल, सिंगढ़ा, मखाना लगायतका बिरूवा सङ्कलन गरी जलीय वनस्पतिको प्रोफाइल तयार गर्नुका साथै १३ वटा स्थानीय जातका माछा सङ्कलन गरी संरक्षण गरी राखिएको।
- तमोर नदी प्रणालीमा गरिएको अध्ययनमा ६ प्रजातिका माछा प्रत्यक्षरूपमा जालमा परेको पाइएको र करिब ३२५ घरधुरी बसोबास गर्ने बस्तीमा माझीहरूसँग छलफल गर्दा ऋतुअनुसार ४५ प्रजातिसम्मका माछा पाइने गरेको जानकारी प्राप्त भएको।
- मत्स्य प्रवर्द्धन तथा विकास कार्यक्रम अन्तर्गत १३७ वटा बिक्रीवितरणका लागि राखिएका माछा दानाको नमुना सङ्कलन गरी जेलडाल विधिबाट कच्चा प्रोटिन परीक्षण गरी दाना उद्योग तथा कृषकलाई र बारा, पर्सा, चितवन, नुवाकोट, मकवानपुर लगायतका जिल्लाहरूबाट मत्स्य रोगका ९६ वटा नमुनाहरू सङ्कलन तथा परीक्षण गरी कृषकलाई प्राविधिक परामर्श उपलब्ध गराएको।
- मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरमा प्रविधि परीक्षण कार्यक्रम अन्तर्गत Live Feed Culture (Moina) प्रविधिको परीक्षण गरिएको।

- पङ्गासियस माछाको दिगो मूल्य शृङ्खला विकास सम्बन्धी प्राविधिक समन्वय कार्यक्रम (Technical Cooperation Program) अन्तर्गत खाद्य तथा कृषि सङ्गठन, नेपालको प्राविधिक सहयोगमा केन्द्रीय मत्स्य प्रवर्द्धन तथा संरक्षण केन्द्र, बालाजुले थाइल्याण्डबाट ४,००० वटा शुद्ध नश्लका पङ्गासियस माछाको भावी माउ आयात गरी मत्स्य मानव संसाधन विकास तथा प्रविधि परीक्षण केन्द्र, जनकपुरमा संरक्षण गरिएको। साथै उक्त कार्यक्रम अन्तर्गत २०/२० जना अधिकृत र ह्याचरीकर्ता एवम् कृषकहरूलाई पङ्गासियस माछाको प्रजननसम्बन्धी तालिम तथा २०/२० जना अधिकृत र दाना उद्योग व्यवसायी एवम् कृषकहरूलाई गुणस्तरीय दाना उत्पादन सम्बन्धी तालिम प्रदान गरिएको।

### ३.१.१.२३ पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०२१०२-३/४)

पशु स्वास्थ्य रोग अन्वेषण सेवा तथा क्वारेन्टाइन कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धीहरू तपसिल बमोजिम रहेका छन्।

- विगतदेखि नै राष्ट्रिय खोप उत्पादन प्रयोगशालामा जम्मा ११ प्रकारका पशुपन्छीका संक्रामक तथा महामारी रोग विरुद्धका खोपहरू उत्पादन भइरहेकोमा यस आर्थिक वर्षमा भेडाबाख्रामा लाग्ने इन्टेरोटक्सिमिया रोग विरुद्धको खोपको ट्रायल ब्याच उत्पादन गरी आन्तरिक गुण नियन्त्रण परीक्षण गरिएको र बाह्य गुण नियन्त्रण परीक्षणका लागि पहल गरिएको।
- राष्ट्रिय रोग नियन्त्रण कार्यक्रमअन्तर्गत यस आर्थिक वर्षमा जम्मा ४ करोड ३४ लाख ५ सय ७० डोज विभिन्न किसिमका खोपहरू उत्पादन भई सातै प्रदेशस्थित पशु सेवा सम्वद्ध निकाय तथा भ्याक्सिन बैंकहरूमा जम्मा १ करोड ४३ लाख ५२ हजार २ सय ८० डोज खोप ढुवानी भएको। तहाँबाट अभियानमूखी खोप कार्यक्रम सञ्चालनार्थ विभिन्न स्थानीय तहलाई खोप वितरण भई पशुपन्छीमा लाग्ने संक्रामक तथा महामारी रोगको रोकथाम तथा नियन्त्रणमा टेवा पुगेको।
- यस आर्थिक वर्षमा राष्ट्रिय खोप उत्पादन प्रयोगशालाबाट उत्पादित विभिन्न खोपहरूको Harvest, Ready-to-fill र Final गरी ३ चरणमा जम्मा १६५ पटक आन्तरिक गुण नियन्त्रण परीक्षण र प्रभावकारिता सुनिश्चितताका लागि ५४ पटक फिल्ड ट्रायल सम्पन्न गरिएको।
- सन् २०३० सम्म शून्य मानव रेविज अभियानलाई सफल पार्न एक स्वास्थ्य रणनीतिको अवधारणाअनुरूप सामुदायिक कुकुरको सङ्ख्या नियन्त्रण गर्न जम्मा ४०० वटा कुकुरहरूको बन्ध्याकरण गरिएको र राष्ट्रिय खोप उत्पादन प्रयोगशालाबाट उत्पादित कूल १,५३,७०० डोज रेविज विरुद्धको खोपमध्ये जम्मा ८४,७०० डोज निःशुल्क वितरण गरिएको।
- केन्द्रीय रिफरल पशु चिकित्सालयबाट गाई, भैंसी, कुकुर, बिरालो लगायतका जनावरहरूमा विशिष्टकृत पशु चिकित्सा सेवा प्रदान गर्दै आइएकोमा यस आर्थिक वर्षमा जम्मा १२ हजार पटक पशु चिकित्सा सेवा प्रदान गर्ने लक्ष्य रहेकोमा कूल २१ हजार ८ सय ५८ पटक उक्त सेवा उपलब्ध गराई सोको अभिलेखीकरण गरिएको।
- पशुहरूमा देखा पर्ने खोरेत, पि.पि.आर., अफ्रिकन स्वईन फिवर, लम्पी स्किन रोग, भ्यागुते, चरचरे जस्ता संक्रामक रोगहरूको अन्वेषण, पहिचान, रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारीरूपमा सञ्चालन गर्न रोग निदानको लागि यस आर्थिक वर्षभर देशका विभिन्न स्थानहरूबाट ८१ हजार ९ सयभन्दा बढी नमुना सङ्कलन गरी तथा प्रयोगशाला परीक्षण गरिएको र सोको नतिजा अभिलेखीकरण गरिएको।

- नेपाल सरकारको डिजिटल नेपाल अभियान अनुरूप मिति २०८१/०७/०१ देखि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, त्रिपुरेश्वर, ५ वटा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरू (विराटनगर, जनकपुर, पोखरा सुर्खेत, धनगढी) र राष्ट्रिय पन्छी रोग अन्वेषण प्रयोगशाला, चितवन गरी जम्मा ७ वटा पशुपन्छी रोग अन्वेषण प्रयोगशालाहरूमा नमुना दर्ता गर्न तथा परीक्षणपश्चात किसानहरूले अनलाइनबाटै परीक्षण प्रतिवेदन प्राप्त गर्न सक्ने गरी प्रयोगशाला सूचना व्यवस्थापन प्रणाली (Laboratory Information Management System, LMIS) सुचारू भएको।
- भेटेरिनरी गुणस्तर तथा औषधी नियमन प्रयोगशालाबाट देशभित्र उत्पादित तथा आयातित ३५२ वटा पशुपन्छी रोग विरुद्धका खोप तथा पशुपन्छीका औषधीहरूको बाह्य गुण नियन्त्रण परीक्षणका गरिएको। सङ्कलित ८२ वटा विभिन्न खोपको नमुनामध्ये ५० वटा नमुनाको Antibody Titer परीक्षण गरी खोपको गुणस्तर मापन गरिएको र सङ्कलित ३०२ वटा औषधीहरूको विभिन्न परीक्षण विधिद्वारा गुणस्तर मापन गरिएको।
- प्रति जैविक पदार्थको अनुचित उपयोगलाई निरुत्साहित गर्दै पशुपन्छीजन्य पदार्थमा प्रति जैविक पदार्थको अवशेष न्यूनीकरण गर्न पृष्ठपोषण गर्ने हेतुले १ हजार ६ सय ७६ वटा दूध तथा मासुका नमुनाहरू सङ्कलन गरी अवशेष परीक्षण भएको।
- जनचेतना अभिवृद्धि गर्ने हेतुले विश्व पशुपन्छी दिवस, प्रति जैविक सप्ताह, विश्व रेविज दिवस, तथा विश्व भेटेरिनरी दिवस लगायतका अवसर पारेर विभिन्न कार्यक्रमहरूको आयोजना भई जनउपयोगी सूचना प्रवाह भएको।
- विभाग मातहतका प्रयोगशालाहरूको परीक्षणलाई अन्तराष्ट्रियस्तरमा विश्वनियता प्रदान गर्नको लागि अन्तर्गतका प्रयोगशालाहरूलाई प्रत्यायन गर्ने योजनाअनुरूप केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र राष्ट्रिय खोप उत्पादन प्रयोगशाला लगायतमा प्रयोग हुने मेसिनरी औजारहरूको आन्तरिक तथा बाह्य क्यालिब्रेशन गर्ने, दस्तावेज तयारी गर्ने, प्रोफिसेन्सी टेष्टिङ (Proficiency Testing) लगायतका कार्य सम्पन्न भएको।
- पशुपन्छी रोग अन्वेषण प्रयोगशाला, धनगढीलाई रेबिज रोगको रिफरल प्रयोगशालाको रूपमा विकास गर्ने योजनाअनुरूप रेबिज रोग निदानका लागि विशिष्टकृत प्रयोगशाला सेवा प्रधान गर्ने कार्यको शुरुवात भएको।
- यस आर्थिक वर्षको अवधि भरमा पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को दफा १७ अनुसारको प्राविधिक समितिको बैठक जम्मा ३६ पटक बसेको जसबाट देहायअनुसार सिफारिस/अनुमति अनुमोदन भएको।
    - ३ वटा कुखुराको ब्रिडिङ फार्म स्थापना सिफारिस भएको।
    - ३० वटा ब्रिडिङ फार्महरूको अनुगमन निरीक्षण भएको।
    - ६४ हजार ५ सय ६४ वटा कव ५०० र रोस जातका ब्रोइलर कुखुराको ग्रान्ड प्यारेन्ट चल्ला आयात सिफारिस भई मूलुकमा प्यारेन्ट चल्लाको उत्पादन वृद्धि हुँदा प्यारेन्ट चल्ला आयात क्रमश घट्दै गएको।
    - २ लाख ७० हजार २७८ वटा ब्रोइलर प्यारेन्ट चल्ला, १ लाख ४४ हजार ४ सय ६० वटा लेयर्स प्यारेन्ट चल्ला र २० हजार ६ सय ४० वटा कलर ब्रोइलर्स प्यारेन्ट चल्ला गरी कूल ४ लाख ३५ हजार ३ सय ७८ वटा प्यारेन्ट चल्ला आयात सिफारिस भएको।

- मूलुकमा सञ्चालनमा रहेका ३ वटा ग्रान्ड प्यारेन्ट फार्महरूबाट उत्पादित जम्मा १३ लाख ४० हजार ४ सयवटा प्यारेन्ट चल्ला बिक्रीवितरणका लागि अनुमति प्रदान गरिएको।
- ६०,००० एस.पि.एफ. अण्डा र ६० लिटर Foetal Bovine Serum आयात सिफारिस भई मूलुकमा नै खोप उत्पादन गर्न सहजीकरण भएको। आन्तरिक उत्पादनबाट नपुग भएका विभिन्न पशुपन्छीका रोग विरुद्धका १ अर्ब ४८ करोड डोज खोप आयातका लागि सिफारिस भई पशुपन्छीको रोग रोकथाम तथा नियन्त्रणमा टेवा पुगेको।
- मूलुकमा नै उत्पादित जैविक पदार्थको निर्यात प्रवर्द्धनार्थ ९,६०० मिलिग्राम Goat Polyclonal Antibody र २३२ लिटर PPR Antigen Serum निर्यातका लागि सिफारिस भएको।
- आयात सिफारिस लिई अन्तराष्ट्रिय सीमा नाकामा ल्याइएका करिब ३ लाख १० हजार कुखुराको प्यारेन्ट चल्ला, २ लाख ६५ हजार एक्वारियम माछा, ४८ हजार गोटा एस.पि.एफ. अण्डा र ४८ करोड २० लाख ५९ हजार डोज वायोलोजिकल्सको क्वारेन्टाइन जाँच भई उत्पादनशील पशु तथा गुणस्तरीय पशु उत्पादन सामग्री र पशुजन्य पदार्थको उपलब्धता सुनिश्चित भएको।

- खोरेत रोग नियन्त्रण कार्यक्रम अन्तर्गत खोरेत रोग अन्वेषण तथा निदानको लागि देशका विभिन्न स्थानबाट ५ हजार १ सय ६४ वटा नमुना सङ्कलन भई प्रयोगशाला परीक्षण भएको। साथै खोरेत रोग नियन्त्रणका लागि खोरेत रोग विरुद्ध लगाइएको खोपको सिरोमनिटरिङ कार्यक्रम अन्तर्गत ११ हजार १ सय १९ वटा नमुना सङ्कलन, परीक्षण तथा नतिजा अभिलेखीकरण भई खोप कार्यको प्रभावकारिताको मूल्याङ्कन भएको।
- पञ्चवर्षीय महागढीमाई मेला-२०८१ मा ६ वटा अस्थायी निःशुल्क पशु उपचार केन्द्रको स्थापना गरी बलिका लागि ल्याइएका सबै अर्थात् ८,६२९ वटा पशुहरूको स्वास्थ्य चेकजाँच गरी फिड सप्लिमेन्ट खुवाइएको, ४१६ वटा जनावरको उपचार गरिएको, कान काटेर छोडिएका १,५०० वटा पाडाहरूको उद्धार गरी उपचारपश्चात स्थानीय गौशालामा हस्तान्तरण गरिएको र बलिपश्चात बलिस्थललाई ३ चरणमा सरसफाई तथा निसंक्रमण गरिएको।
- सरकारी तथा गैरसरकारी निकायमा कार्यरत पशु सेवाकर्मी, Chief Veterinary Officers, Ex-Chief Veterinary Officers लगायतको सहभागितामा एक स्वास्थ्य (पशु स्वास्थ्य, मानव स्वास्थ्य र वातावरण स्वास्थ्य), भेटेरिनरी जनस्वास्थ्य, जुनोटिक रोग, पशु सेवामा अनुसन्धान र प्रचारप्रसार लगायतका विषयमा अन्तरक्रियात्मक छलफल सम्पन्न भई भावी कार्यदिशा बोध भएको।

### ३.१.१.२४ पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यक्रम (बजेट उप-शीर्षक नम्बर ३१२०२१०३-३/४)

- नश्ल सुधार कार्यक्रम अन्तर्गत गाई, भैंसी, बाख्रा र बङ्गुरमा कृत्रिम गर्भाधानको लागि कूल १२ लाख ८७ हजार डोज जमेको वीर्य र ४ लाख १५ हजार ६८० लिटर तरल नाइट्रोजन उत्पादन भई प्रदेश तथा स्थानीय तहमा कार्यरत दर्तावाल कृत्रिम गर्भाधानकर्ताहरूलाई सहुलियत दरमा वितरण भएको। आर्थिक वर्षको अन्त्यसम्म ७१ जिल्लाको ४७४ स्थानीय तहहरूमा कृत्रिम गर्भाधान सेवा विस्तार भई कूल ७ लाख ५३ हजार पटकमा कृत्रिम गर्भाधान कार्य सम्पन्न भएको।
- Pedigree Performance Recording System (PPRS) कार्यक्रम निरन्तर सञ्चालन भएकोमा उक्त हर्डहरूबाटै उच्च प्रजनन्मान भएका राँग, साँढेहरूको उपलब्धता सुनिश्चित हुदाँ वीर्य उत्पादनको लागि विदेशबाट राँग,

साँढे आयात गर्नुपर्ने बाध्यता नरहेको। साथै भ्रुण प्रत्यारोपण (Embryo Transfer) प्रविधिबाट हालसम्म जन्मेका कूल १६ वटा बाच्छाबाच्छी वीर्य उत्पादन र बुल मदर फार्ममा प्रतिस्थापन गर्ने योजना रहेको।

- स्थानीय पशुपन्छीको आनुवांशिक स्रोत संरक्षणका साथै दिगो उपयोगका लागि उन्नत जातका पशुपन्छी उत्पादन गर्नका पशुपन्छी स्रोत केन्द्रहरूमा जम्मा १,८६८ सङ्ख्यामा गाई, भैंसी, भेडा, बाख्रा, याक, बङ्गुर, च्याङ्ग्रा लगायतको न्यूक्लियस हर्ड कायम गरिएको। यससाथै यस आर्थिक वर्षमा १,२०९ वटा शुद्ध नश्लका पशु र ३० हजार ४ सय ६७ वटा डुअल परपोज चल्ला उत्पादन भई व्यावसायिक फार्महरूलाई बिक्रीवितरण भएको।
- पशु कल्याण प्रवर्द्धन कार्यक्रम अन्तर्गत २०८१ असोज महिनामा अविरल वर्षा र बाढीबाट प्रभावित कृषकहरूको पुनर्स्थापनाका लागि पशु आहारा, औषधी तथा अस्थाई गोठ निर्माणका लागि आवश्यक सामग्री वितरण भएको।
- पशुपालन असल अभ्यास निर्देशिका कार्यान्वयनका लागि कृषक सचेतना कार्यक्रम तथा प्राविधिक परिक्षक (अडिटर) को लागि अभिमूखीकरण सम्पन्न भएको।
- गाई आनुवांशिक केन्द्र, जिरीलाई गाई तथा बङ्गुरपालनका लागि Excellence Center को रूपमा विकास गर्ने कार्यको थालनी भएको। भेडा आनुवांशिक स्रोत केन्द्र, पानसयखोला र घाँसेबाली आनुवांशिक स्रोत केन्द्र, रंजितपुरको Landscaping and Mapping सम्पन्न भई सो स्रोत केन्द्रहरूको सुदृढीकरण कार्ययोजना तयार भएको।
- घाँस आनुवांशिक स्रोत केन्द्र तथा विभाग अन्तर्गतका फार्म केन्द्रहरूबाट ७१३.८४ क्विण्टल हिउँदे, वर्षे तथा बहुवर्षे घाँसको बीउ र ६ लाख ८९ हजार बहुवर्षीय घाँस (डाले घाँस/भुइँ घाँस) को सेट, स्लिप, बेर्ना आदि उत्पादन भई सहुलियत दरमा कृषकहरूलाई उपलब्ध गराइएको।

### ३.१.१.२५ पशु आहारा तथा लाईभस्टक गुण व्यवस्थापन कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०२१०-३/४)

- दाना, कच्चापदार्थ, घाँस, हेलेज, साइलेज, फिड सप्लिमेन्ट लगायतको जम्मा ३३३२ वटा नमुना सङ्कलन तथा परीक्षण भई गुणस्तर सुधारका लागि पृष्ठपोषण गरिएको। साथै कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेश गरी जम्मा ५ वटा प्रदेशमा घुम्ति शिविरबाट दाना, कच्चापदार्थ तथा दूधको नमुना सङ्कलन तथा परीक्षण भई असल पशुपालनबाट गुणस्तरीय दूध तथा मासु उत्पादन गर्न प्रोत्साहन गरिएको।
- प्रयोगशालाको परीक्षणलाई अन्तराष्ट्रियस्तरमा विश्वनियता प्रदान गर्नको लागि प्रयोगशालालाई प्रत्यायन गर्ने योजनाअनुरूप प्रयोगशालामा प्रयोग हुने मेसिनरी औजारहरूको आन्तरिक तथा बाह्य क्यालिब्रेशन गर्ने, दस्तावेज तयारी गर्ने, प्रोफिसेन्सी टेष्टिङ् सेवा उपलब्ध गराउने मान्यताप्राप्त सेवा प्रदायकहरू (Certified Proficiency Testing Providers) सँगको समन्वयमा प्रोफिसेन्सी टेष्टिङ् (Proficiency Testing) गर्ने, कर्मचारीको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम सञ्चालन गर्ने लगायतका कार्य सम्पन्न भएको।
- दाना, कच्चापदार्थ तथा दूधमा विषादीको अवशेष जाँचमा प्रयोगशालाको क्षमता विस्तार गर्दै जनस्वास्थ्यमा टेवा पुर्याउने हेतुले प्रयोगशालाका कर्मचारीको क्षमता अभिवृद्धिका लागि Determination of Pesticide residue in Animal feed and feed ingredients सम्बन्धी तालिम सञ्चालन भएको।
- राष्ट्रियरूपमा नेपालबाट पेट फुड (Pet Food) वा डग च्यू (Dog Chew) को रूपमा निर्यात हुने गरेको छुर्पिको गुणस्तर मापन र अभिलेखीकरण अन्तर्गत कुकुरलाई खुवाउने छुर्पीको राष्ट्रिय मापदण्डको मस्यौदा तयार भएको।

- नापतौल तथा गुणस्तर विभागसँगको सहकार्यमा Milk Analysis सम्बन्धी कार्यक्रम अन्तर्गत दूधको गुणस्तर परीक्षणमा प्रयोग गरिने उपकरण तथा दूधको परीक्षण विधिको Standard Operating Protocol तयार भएको।
- कृषि तथा वन विश्वविद्यालय, चितवनको Centre for Biotechnology सँगको सहकार्यमा कृत्रिम गर्भाधानका लागि वीर्य उत्पादन प्रयोजनार्थ राष्ट्रिय पशु प्रजनन् कार्यालयहरूमा रहेका जम्मा ६४ वटा साँढेहरूको आनुवांशिक गुण नियन्त्रण परीक्षण अन्तर्गत Genetic Disorder Screening को लागि PCR-RFLP विधिबाट परीक्षण गरिएको।
- राष्ट्रियस्तरमा पशु आहाराको उपलब्धता र आपूर्ति अवस्था सम्बन्धमा अध्ययन सम्पन्न भई सोको वासलात (National Livestock Feed Balance Sheet) लाई वेबसाइटमार्फत सार्वजनिकरण गरिएको।
- बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रसँगको सहकार्यमा घाँसेबाली स्रोत केन्द्रहरूका लागि व्यवसाय दर्ता सम्बन्धी तालिम सम्पन्न भई १८ जना कृषक तथा घाँसेबाली उद्यमीहरूको क्षमता अभिवृद्धि भएको।
- विराटनगर र विरगञ्जका दुग्ध सहकारीहरूमा Feed Literacy Program सञ्चालन गरी स्वच्छ र स्वस्थ्य पशुजन्य पदार्थ उत्पादनको लागि असल पोषण व्यवस्थापन, उत्पादन लागत कम गर्न Precision Feeding को अवलम्बन लगायतका विषयमा प्राविधिक परामर्शमार्फत जनचेतना अभिवृद्धि भएको। साथै कैलाली र काठमाडौंमा गुणस्तरीय दाना सम्बन्धमा सरोकारवाला निकायहरूसँग अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको।
- सरोकारवाला निकायहरूको सहभागितामा मधेश प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशस्थित दाना उद्योग, फिड सप्लिमेन्ट उत्पादक उद्योग लगायतको संयुक्त अनुगमन मूल्याङ्कन गरी गुणस्तरीय दाना, फिड सप्लिमेन्ट लगायतको उत्पादन, भण्डारण, गुण व्यवस्थापन, बिक्रीवितरण आदि सम्बन्धमा पृष्ठपोषण भएको।

### ३.१.१.२६ कृषि अनुसन्धान कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२४११०१-३/४)

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ मार्फत स्थापित नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) कृषि तथा पशुपन्छी विकास मन्त्रालयको संरचनाभित्र रहेको एक महत्त्वपूर्ण स्वायत्त संस्था हो। कृषि विकासका प्रमुख आधार स्तम्भ मानिने अनुसन्धान, शिक्षा र प्रसारमध्ये मूलतः कृषि अनुसन्धानको लागि जिम्मेवार यस संस्थाले आधुनिक अनुसन्धान तथा नवप्रवर्तन कार्यमा राष्ट्रिय तथा अन्तराष्ट्रिय शैक्षिक एवम् अनुसन्धान संस्थाहरूसँग सहकार्य गर्दै संघदेखि स्थानीयस्तरमा क्रियाशील कृषि प्रसार निकायहरूमार्फत विकसित प्रविधि कृषक तथा कृषि उद्यमीहरू समक्ष पुर्याउँदै आएको छ।

ऐनले निर्धारण गरेअनुसार नार्कका उद्देश्यहरू निम्नबमोजिम रहेका छन्

१. कृषि सम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने-गराउने।
२. कृषि क्षेत्रका समस्याहरूको निराकरणका उपायहरू पत्ता लगाउने।
३. कृषिसम्बन्धी नीति तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग गर्ने।

उल्लेखित उद्देश्यहरू हासिल गर्न विभिन्न भौगोलिक तथा कृषि पारिस्थितिकीय अवस्थित ६३ कार्यालयहरूले निर्दिष्ट कार्यदेश अनुसार आधारभूत, व्यवहारिक र कृषि नीति सम्बन्धी अनुसन्धान परियोजनाहरू सञ्चालन गर्दछन्। यी परियोजनाहरूमार्फत निम्नबमोजिमका उपलब्धिहरू हासिल हुने गरेका छन्

१. कृषि प्रविधि विकास,
२. कृषि आनुवांशिक स्रोत संरक्षण,
३. स्रोत सामग्री उत्पादन,

४. प्रविधि हस्तान्तरण तथा सेवा,
५. सामाजिक-आर्थिक तथा नीतिगत सुझाव।

विगतका वर्षहरूमा सञ्चालित अनुसन्धान परियोजनाहरूबाट आर्थिक वर्ष २०८१/८२ मा निम्नबमोजिमका प्रतिफलहरू हासिल भएका थिए।

**१. जातीय/नश्ल विकास**

आर्थिक वर्ष २०८१/८२ मा राष्ट्रिय बीउबिजन समितिद्वारा धानको खुमल-१८, स्याउको स्टार क्रिमसन, ब्राइट एण्ड अर्ली र स्टार्क स्पर गोल्ड, एभोकाडोको ह्यास, रीड र इटिन्गर, मेकडेमिया नटको मालेपाटन मेकडेमिया नट, सुन्तलाको पारिपात्ले अगौटे सुन्तला-२, जुनारको सिन्धुली स्थानीय जुनार र कागतीको पारिपात्ले सुनौलो गरी जम्मा ११ वटा उन्नत जातहरू सिफारिस भएका छन्। त्यसैगरी, मकैका ९ वटा र धानको १ गरी जम्मा १० वटा बहुराष्ट्रिय कम्पनीका वर्णशङ्कर जातहरू पनि पञ्जीकृत भएका छन्।

सोही वर्ष उन्मोचन तथा पञ्जीकरणका लागि प्रस्तावना पेश गरिएका २३ वटा जातहरूमा धानको खुमल-१५, मकैको TLBR507F6, BGBY POP र भिमनगर लोकल (मुरली मकै); कोदोको KLE-१५८, जुनारको पाइनापल, भ्यालेन्सिया लेट, धनकुटा स्थानीय र वाशिङ्टन नाभेल, सुन्तलाको सिक्किमे, चनाको खजुरा चना-१, रायोको HRDBLM-०१० र HRDBLM-००४, मुलाको ओकुरा र मायाशिगे, स्याउको टप रेड र रेड स्पर, कफीको एलो कटुरा, गुल्मी लोकल र सेलेक्सन-१०, च्याउको खुमल कन्ये च्याउ-१ र बहुराष्ट्रिय कम्पनीका धानका २ वटा वर्णशङ्कर जातहरू रहेका छन्। त्यसैगरी, उखुको जितपुर-१० र जितपुर-११, जै घाँसको NZA३/१८ र Qinghai-४४४ तथा स्थानीय जातहरू थारु आलु (कैलाली), सेतो सिमी (ओखलढुंगा) र सेतो कोदो (उदयपुर) गरी ७ वटा जातहरूको उन्मोचन तथा पञ्जीकरणका लागि प्रस्तावना तयार भई पेश हुने अवस्थामा रहेका छन्। सोही आर्थिक वर्षमा विभिन्न बालीनालीका ८२ वटा पाइपलाइन जातहरू छनौट गरिएका छन्। यी जातहरूको आवश्यक परीक्षणहरू पूरा गरी आगामी वर्षमा उन्मोचन वा पञ्जीकरणका लागि प्रस्ताव प्रस्तुत गरिने अपेक्षा गरिएको छ।

**२. कृषि प्रविधि विकास**

आर्थिक वर्ष २०८१/८२ मा प्रविधि विकासतर्फ जम्मा ७५ वटा प्रतिफल हासिल हुने अपेक्षा राखिएकोमा जम्मा ९३ वटा प्रतिफल हासिल भए। जसमध्ये बालीसम्बन्धी २३, बागवानीसम्बन्धी ३२, पशुपन्छीसम्बन्धी १९, मत्स्यसम्बन्धी १०, खाद्य प्रविधिसम्बन्धी ५ र कृषि यन्त्रीकरणसम्बन्धी ४ वटा प्रतिफलहरू निम्नबमोजिम रहेका छन्:

**३.१.२.१ बाली अनुसन्धानका मुख्य प्रतिफलहरू**

- उखुमा झारपात तथा खाद्यतत्व व्यवस्थापन,
- कम लागतको उखु रोप्ने विधि,
- टिस्यु कल्चरबाट उखुको बेर्ना उत्पादन,
- कोदोमा मलखाद व्यवस्थापन,
- कोदो लगाउने उपयुक्त समय,
- तोरी खेतीको प्याकेज अफ प्राक्टिस,
- तोरीमा लाही कीरा व्यवस्थापन,

- मध्यपहाडी क्षेत्रको लागि धानखेतीमा झार व्यवस्थापन,
- वर्षे धानमा ब्लास्ट रोग व्यवस्थापन,
- चैतेधानको नर्सरी व्यवस्थापन,
- धानमा ब्राउन प्लाण्ट हुपर नियन्त्रण,
- फापरमा मलखाद व्यवस्थापन,
- भटमास खेतीको प्याकेज अफ प्राक्टिस,
- भटमासमा झारपात व्यवस्थापन,
- मकैको गबारो व्यवस्थापन,
- भण्डारणमा लाग्ने कीराहरूको एकीकृत व्यवस्थापन,
- मकैको भण्डारणमा घुन नियन्त्रण,
- मकैमा फल आर्मी वर्मको जैविक नियन्त्रण,
- मुसुरोमा झारपात व्यवस्थापन,
- मसुरोको ओइलाउने तथा जरा कुहिने रोग (root rot of lentil) व्यवस्थापन,
- मास खेतीको प्याकेज अफ प्राक्टिस,
- काभ्रेपलाञ्चोक जिल्लाको मौरी चरन पात्रो (floral calendar),
- मौरी घारमा माइट नियन्त्रण।

**३.१.२.२ बागवानी अनुसन्धानका मुख्य प्रतिफलहरू**

- अदुवाको गानो कुहिने रोग व्यवस्थापन,
- अदुवामा मलखाद व्यवस्थापन,
- अलैंची सुकाउने प्रविधि,
- बेमौसमी आँप उत्पादन,
- आँपको पुरानो बगैंचा व्यवस्थापन,
- आँपको पात बेर्ने कीरा व्यवस्थापन,
- उच्च तथा मध्यपहाडको लागि आलु खेतीमा मलखाद व्यस्थापन,
- तराईमा आलुखेतीको लागि प्लाष्टिक मल्चिङ तथा सिँचाइ व्यवस्थापन,
- नाइट्रोजनजन्य मलको प्रभावकारिता वृद्धि,
- आलु बालीमा लाग्ने डढुवा रोग व्यवस्थापन,
- एभोकाडोमा कलमी,
- ओखरको वानस्पतिक प्रसारण,
- कफीमा जैविक मलमार्फत खाधतत्व व्यवस्थापन,
- तन्तु प्रविधिमार्फत द्रुत गतिमा केराको TR4 अवरोधी जातको बिरूवा उत्पादन,
- प्लाष्टिक घरभित्र खुलासेचित गोलभेंडा,
- गोलभेडाको डाठ सडन् (Pith necrosis) रोग व्यवस्थापन,
- चियाको ट्विग डाइब्याक रोग व्यस्थापन,
- जुनारको सुलसुलेको प्राङ्गारिक व्यवस्थापन,

- भ्यालेन्सिया लेट जुनार टिप्ने उपयुक्त समय,
- वाशिङ्टन नाभेल जुनार टिप्ने उपयुक्त समय,
- फलफूलमा बिटल कीरा नियन्त्रण,
- मेकाडेमिया नटमा खाद्यतत्व व्यवस्थापन,
- मेकाडेमिया नटको प्रसारण,
- तन्तु प्रविधिमार्फत मेवाको एक लिङ्गीय बिरूवाको द्रुत गतिमा उत्पादन,
- लिचीको फल झर्ने समस्या व्यवस्थापन,
- लिचीको सुलसुले व्यवस्थापन,
- उच्च घनत्व सुन्तला बगैंचा व्यवस्थापन,
- सुन्तलाजातको फल चुस्ने सुंढे मोथ व्यवस्थापन,
- सुन्तालाजात फलफूलमा पात खन्ने भुँडी कीरा (Leaf mining beetle) नियन्त्रण,
- सुन्तलाजात फलफूलमा माटोजन्य रोग व्यवस्थापनको लागि Anaerobic soil Disinfestation,
- तन्तु प्रविधिमार्फत द्रुत गतिमा स्याउको रुटस्टक उत्पादन,
- उच्च घनत्व बगैंचाको लागि स्याउको फिदर ब्रान्च बिरूवा उत्पादन।

**३.१.२.३ पशुपन्छी अनुसन्धानका मुख्य प्रतिफलहरू**

- नानो पारटिकल ट्रेस मिनरल प्रयोग गरी कुखुरा उत्पादन,
- स्थानीय स्रोत-सामग्रीमा आधारित कुखुराको आहारा व्यवस्थापन,
- बिएसएफमा आधारित कम लागतको कुखुराको आहारा व्यवस्थापन,
- दुध दिने गाईमा आहारा व्यवस्थापन,
- गाईमा प्रोवायोटिक आहारा व्यवस्थापन,
- साइलेज बनाउन उपयुक्त मकैको जात,
- उच्चपहाडी/हिमाली क्षेत्रमा स्ट्याण्डिङ हे. (गाँजो) को पौष्टिकता वृद्धि गर्ने,
- मिस्रित घाँस खेती,
- जै घाँस र बीउ उत्पादन,
- टर्कीमा कृत्रिम गर्भाधान,
- कम लागतको बङ्गुरको आहारा व्यवस्थापन,
- हिउँदमा बाख्राको पाठापाठी व्यवस्थापन,
- बोर बाख्राको आहारा व्यवस्थापन,
- बोर क्रसको दानामा डक विड इन्टिग्रेसन,
- बाख्रामा सङ्क्रमणकालीन आहारा व्यस्थापन,
- बोर र सानन क्रसको उपयुक्त ब्लड लेभल,
- बाख्रामा भिडिओ एक्सरेद्वारा गर्भ परीक्षण,
- भैंसीको पाडीमा ढिलो बाली जाने समस्या व्यवस्थापन,
- भैंसीको सुसुप्त ऋतुकाल व्यवस्थापन।

### ३.१.२.४ मत्स्य अनुसन्धानका मुख्य प्रतिफलहरू

- ग्रास कार्पको ह्याचलिङ मृत्युदर कम गर्ने विधि,
- केजमा माछा उत्पादन,
- कार्प माछापालनमा आहारा व्यवस्थापन,
- ब्याकटेरिया कन्सर्टिया प्रयोग गरी माछापालन,
- पाङ्गास माछाको रेड स्पट रोग रोकथाम तथा नियन्त्रण,
- ट्राउट माछाको दानामा मोरिंगाको प्रयोग,
- ट्राउट माछाको भुराको दानामा बिएसएफको प्रयोग,
- दानामा एलो भेरा पाउडर प्रयोग गरी ट्राउट माछाको ढुसीजन्य रोग व्यवस्थापन,
- ट्राउट माछाको दानामा प्रोवायोटिकको प्रयोग,
- पङ्गास माछाको फिस सस उत्पादन।

### ३.१.२.५ इन्जिनियरिङ र खाद्य अनुसन्धानका मुख्य प्रतिफलहरू

- पानीको आवश्यकता मापन गर्न ड्रेनेज लाइसीमिटरको प्रयोग,
- वायोचर उत्पादन गर्न सुधारिएको ड्रम,
- मिनीटिलरबाट चल्ने आलुको ड्याङ्ग बनाउने तथा प्लाष्टिक मल्चर मेसिन,
- स्वचालित सिँचाइ व्यवस्थापन,
- सानन बाख्राको नरम तथा कडा चिज उत्पादन,
- सानन बाख्राको दुधबाट प्रोवायोटिक दहि उत्पादन,
- मासुको वैकल्पिक, सस्तो र पोषणयुक्त भट्मासको एक्सट्रूडेड प्रोडक्ट,
- बायोडीग्रेडेबल प्लाष्टिक,
- कोदोको माल्ट एक्सट्र्याक्ट उत्पादन।

### ३. कृषि आनुवांशिक स्रोत संरक्षण

नार्कले कृषि आनुवांशिक स्रोत संरक्षणमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ। जिन बैंकमा हालसम्म ३०० भन्दा बढी बालीका १८,००० भन्दा बढी जिनोटाइप संरक्षण गरिएको छ जसलाई १०० वर्षसम्म पुन प्रयोग गर्ने गरी भण्डारण गर्न सकिन्छ। हालसम्म संरक्षित सङ्ख्यामा यस आर्थिक वर्षमा बालीनालीतर्फ १२६७ प्रजाति बीउ बैंकमा, ६१ प्रजाति तन्तु बैंकमा र २६४ प्रजाति डी.एन.ए. बैंकमा थप गरिएको छ। त्यसैगरी, २,००० भन्दा बढी बालीको पासपोर्ट डेटा तयार पारिएको छ भने ५३ वटा इलाइट लाइन पहिचान गरिएको छ। साथै, जीवित जिन बैंकको अवधारणा अन्तर्गत गाई, भैंसी, बाख्रा, भेडा र कुखुराका स्थानीय जातहरूको संरक्षण र सम्वर्द्धन प्रभावकारीरूपमा भइरहेको छ।

### ४. स्रोत सामग्री उत्पादन

आर्थिक वर्ष २०८१/८२ मा स्रोत सामग्री उत्पादनको क्षेत्रमा महत्त्वपूर्ण प्रगति हासिल भएको छ। यस अवधिमा बालीनालीको बीउ उत्पादनमा ९०० मेट्रिक टनको लक्ष्यको तुलनामा १२३ प्रतिशत उपलब्धि हासिल भयो। त्यसैगरी, फलफूल तथा तरकारीका बेर्ना/बिरूवाको उत्पादनमा ५ लाखको लक्ष्य रहेकोमा १७५ प्रतिशत प्रगति भयो। पशुवस्तु उत्पादनमा पनि १,२०० को लक्ष्यको तुलनामा १३३ प्रतिशत प्रगति भएको छ भने माछाको भुरा उत्पादनमा २ करोडको लक्ष्यको ९५ प्रतिशत प्रगति हासिल भएको छ। यद्यपि, केही क्षेत्रमा

अपेक्षित प्रगति हुन सकेन। आलुको प्रि-बेसिक बीउ उत्पादनमा १ लाख दानाको लक्ष्य रहेकोमा ८० प्रतिशत मात्र उपलब्धि भयो। त्यसैगरी, कुखुराको चल्ला उत्पादनमा ७५ हजारको लक्ष्य रहेकोमा ४४ प्रतिशत मात्र प्रगति हासिल भयो। यस आर्थिक वर्षमा स्रोत सामग्रीको बिक्रीबाट रू. १७.३७ करोड आम्दानी भएको छ, जुन अघिल्लो आर्थिक वर्षको रू. १५.४१ करोडको तुलनामा उल्लेखनीयरूपमा बढी हो।

**५. प्रविधि हस्तान्तरण तथा सेवा**

किसान तथा अन्य सरोकारवालाहरूलाई विकसित कृषि प्रविधि हस्तान्तरण तथा सूचना सम्प्रेषण गर्न विभिन्न माध्यमहरूको प्रयोग हुँदै आएका छन्। रेडियो र टेलिभिजन कार्यक्रममार्फत नियमित सूचना सम्प्रेषण हुँदै आएको छ। यस आर्थिक वर्षमा मात्रै आवासीय तथा अन्य प्रकृतिका कृषि तालिममार्फत ३,४३२ जना किसान र प्राविधिकले सीप र ज्ञान हासिल गरेका थिए भने २९ जिल्लामा ११९ वटा उच्च प्रजनन् क्षमताका पाठोपाठी वितरण गरिएको थियो। त्यसैगरी, १०,५०० किसानलाई एसएमएस परामर्श दिइएको छ भने टोल-फ्री नम्बर ११३२ मार्फत सञ्चालित किसान कलसेन्टरले ६७६ जनालाई प्रत्यक्ष परामर्श सेवा प्रदान गरिएको थियो। कृषि मौसम सल्लाह बुलेटिनलाई साप्ताहिकरूपमा प्रकाशित गर्दै नार्क कृषि मोबाइल एप र ७५३ स्थानीय निकायमा पठाएर सूचना प्रवाह व्यवस्थित गरिएको थियो। साथै, ४ वटा नार्क प्रविधि गाउँ र ११० वटा बाह्य अनुसन्धान कार्यक्रमहरूले पनि कृषि प्रविधि हस्तान्तरण कार्यमा उल्लेखनीय योगदान पुर्याएका छन्।

नार्कले मानव स्रोत विकास र ज्ञान प्रवाहमा पनि महत्त्वपूर्ण योगदान पुर्याएको छ। यस आर्थिक वर्षमा नार्कअन्तर्गतक विभिन्न कार्यालयमा १,१३४ जनाले इन्टर्नशिप वा ओजेटी कार्यक्रममा सहभागिता जनाएका थिए। त्यस्तै, २,७०७ जनाले प्रयोगशाला सेवा लिएका थिए भने १,१६३ जनाले विभिन्न विषयमा परामर्श सेवा प्राप्त गरेका छन्। अनुसन्धानका नतिजाहरूलाई सम्बन्धित सरोकारवालासम्म पुर्याउन ११४ वटा जर्नल पेपर र २६५ वटा अन्य प्रकाशनहरू गरिएको थियो। साथै, कृषि प्रविधि सञ्चारलाई सेवाग्राहीमैत्री बनाउन थारू भाषामा ४२ वटा रेडियो कार्यक्रम प्रसारण गरिएको थियो।

आर्थिक वर्ष २०८१/८२ मा डिजिटल सोइल म्यापलाई करिब १५,००० थप नमुना विश्लेषणको तथ्याङ्कसहित अध्यावधिक गरिएको थियो। हाल म्यापमा सबै ७७ जिल्लाका जम्मा करिब ३९,००० नमुना समावेश गरिएका छन्। यसैगरी, कृषि क्षेत्रमा जलवायुजन्य जोखिम र अनुकूलन सम्बन्धी जानकारी प्राप्त हुने जलवायु अनुकूलन एटलास प्रकाशन गरिएको थियो। कृषि उत्पादनको मूल्य प्रवर्द्धन तथा उन्नतजातको अनुसरणमा वृद्धि हुने अपेक्षासहित हर्दिनाथ-६ धानको नामबाट चामलको बोरामा ब्याण्डिङ पनि गरिएको थियो।

### ३.१.१.२७ पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (बजेट उप-शीर्षक नं. ३१२०१११३-३/४)

- नेपालका मध्यपहाडी क्षेत्रमा फलफूल बालीको बगैंचा विस्तार गरी फलफूल तथा काष्ठफलको उत्पादन वृद्धि गर्दै मूल्य शृङ्खला प्रवर्द्धनमार्फत ग्रामीण रोजगारी सिर्जना गर्दै कृषकहरूको आयस्तर वृद्धि गर्ने उद्देश्यका साथ नेपाल सरकार, एसियाली विकास बैंकको सहुलियतपूर्ण ऋण तथा अनुदान सहयोग, विश्व कृषि तथा खाद्य कार्यक्रमको अनुदान सहयोग र नेपाल सरकारको सहलागानीमा आ.व. २०७९/८० देखि २०८६/८७ सम्म सञ्चालन हुने गरी पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts and Fruits in Hilly Areas Project-NAFHA) लागू भएको छ। यस आ.व. मा आयोजनाको ८.६५ प्रतिशत भारित प्रगति तथा ८.१८ प्रतिशत वित्तीय प्रगति भएको थियो। यस आयोजनाबाट आ.व. २०८१/८२ मा सम्पन्न भएका क्रियापलापहरू तपसिलअनुसार रहेको छ।

- गुनासो व्यवस्थापन कार्यविधि, २०८०, कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूका लागि अनुदान व्यवस्थापन कार्यविधि, २०८१, निजी फलफूल नर्सरी सुदृढीकरण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१, फलफूल बिरूवा उत्पादन तथा व्यवस्थापन प्राविधिक मापदण्डसम्बन्धी मार्गदर्शन, २०८१ तथा अगुवा कृषक परिचालन कार्यविधि २०८१ स्वीकृत भएको।
- ५ वटा प्रदेशबाट छुट्टाछुट्टै Farmers group and cooperative facilitation परामर्श सेवा खरिदको कार्य सम्पन्न भई आयोजना लागू भएका १०० वटै स्थानीय तहमा कृषक सहजकर्ता तथा सामाजिक परिचालक परिचालन भएको।
- केन्द्रीय आयोजना व्यवस्थापन एकाइबाट Project Implementation Support Consultant खरिद सम्झौता भई परिचालन गरिएको।
- पहिलो र दोस्रो ब्याचमा कृषक समूह, सहकारी तथा कृषि उद्यमीहरूबाट फलफूल बालीको नयाँ बगैंचा स्थापना तथा विस्तारको लागि १०५९ हेक्टरमा सम्झौता भई २०८२ असार मसान्तसम्म २५९ हेक्टरमा बगैंचा स्थापना भएको।
- आयोजनाको प्रतिफल ३ अन्तर्गत मूल्य शृङ्खला विकास कार्यअन्तर्गत स्किम ३, स्किम ४ र स्किम ५ सञ्चालन कार्यविधिको मस्यौदा तयार गरी स्वीकृतिको क्रममा रहेको।
- आयोजना लक्षित फलफूल बालीहरूको Package of Practice (PoP) तयारीको लागि विज्ञहरूको परिचालन गरी आयोजना लक्षित १० वटा फलफूलबालीको Package of Practice (PoP) तयार गरिएको।
- आयोजना लक्षित १० वटा फलफूल बालीहरूको Pest Risk Analysis (PRA) तयारीको लागि विज्ञहरूको परिचालन गरी दस्तावेज तयारीको क्रममा रहेको।

### ३.१.१.२८ पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद् (बजेट उप-शीर्षक नं. ३१२४११०२-३/४)

यस परिषद्बाट आ.व. २०८१/८२ सम्पन्न भएका क्रियाकलापहरू तपसिलअनुसार रहेको छ।

- परिषद्को Software निर्माण गरी पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायीहरूको Online दर्ता प्रक्रियामार्फत हालसम्म १४,९८३ जना पशु स्वास्थ्य तथा सेवा व्यवसायी र १,१७३ जना ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरू दर्ता भएको।
- पशु स्वास्थ्य तथा पशु सेवा व्यवसायी परिषद्को मिति २०८१ माघ १८ गते प्रथम निर्वाचन सम्पन्न भई उपाध्यक्षसहित १२ जना पदाधिकारी ४ वर्षको लागि निर्वाचित भएको साथै नेपाल सरकारबाट अध्यक्ष, रजिष्ट्रार र दुईजना सदस्य मनोनित भई परिषद्ले पूर्णता पाएको।
- परिषद्को भवन निर्माणका लागि पशु सेवा विभागबाट जग्गाको स्वीकृति लिई नयाँ भवनको लागि बोलपत्र आह्वान गरी बोलपत्र छनौट तथा स्वीकृत भई परिषद्ले प्रयोगमा ल्याएको पुरानो भवन भत्काउने र नयाँ निर्माण कार्य शुभारम्भ भएको।
- व्यवसायीहरूको आचारसंहिता, निरन्तर शिक्षाको पाठ्यक्रम र शैक्षिक संस्थाहरूको मापदण्डको प्रारम्भिक मस्यौदा भई आवश्यक निर्णयका लागि प्रक्रिया अगाडि बढाउने चरणमा रहेको।
- परिषद्को लागि आवश्यक सवारी, साधन तथा उपकरण खरिद भई कार्य सम्पादनमा सहज वातावरण निर्माण भएको।

- प्रदेश र स्थानीय तहमा कार्यरत व्यवसायीका लागि ७ पटक अभिमूखीकरण कार्यक्रममार्फत ९६७ जना सहभागी भई लाभान्वित भएका र नयाँ दर्ता हुने व्यवसायीका लागि ३ पटक अभिमूखीकरण सञ्चालन गरी २५१ जना लाभान्वित भएका छन जसका कारण प्रदेश र स्थानीय तहसँग समन्वय गर्न सहज भएको छ।

## ३.१.२ दोस्रो प्राथमिकता प्राप्त कार्यक्रम/आयोजना र उपलब्धिहरू P2

### ३.१.२.१ कपास विकास समिति (बजेट उप-शीर्षक नं. ३१२८१०११-३/४)

कपास विकास समितिमार्फत आ.व. २०८१/८२ मा सम्पन्न मुख्य-मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- Ginning, Delinting and Baling तर्फ दाङ र बाँके जिल्लाका २१५ जना कपास खेतीमा संलग्न कृषक परिवारहरूबाट ४३.५८५ मे. टन बीउसहितको कपास (Seed cotton) खरिद भएको जसबाट प्रशोधन (Ginning and delinting) पश्चात १४.७७ टन कपास रेशा (Fibre), २७० के.जी. फज (Fuzz) कपास र २७.४८ टन बीयाँ (अप्रशिधत बीउ) र १.५ मेटन प्रशोधित बीउ प्राप्त गरिएको छ। हाल १४.७७ मे. टन नै कपास रेशा बेलिङ भएको। साथै रेसा कपास र अप्रशोधित कपास बीउ बिक्रीका लागि मूल्य निर्धारण गर्न फाइल तयार भएको।
- १५० हेक्टरको कपास खेतीको लागि २५० भन्दा बढी कृषकहरू माझ १००० के.जी. कपास बीउ ५० प्रतिशत अनुदान उपलब्ध गराइएको।
- विषादी तथा सुक्ष्मतत्व करिब १५०० लिटर र स्प्रेयर टंकी ३३ थान ५० प्रतिशत अनुदानमा वितरण भएको।
- आ.व.२०८१/०८२ मा अनमोल जात-१.५ हे. (स्थानः जमुनी फार्मऽ बर्दिया) र सुफलम जात १.५ हेक्टरमा बीउ उत्पादन गरिएको।

### ३.१.२.२ नेपाल पशु चिकित्सा परिषद् (बजेट उप-शीर्षक नं. ३१२४१०११-३/४)

नेपाल पशु चिकित्सा परिषद्मार्फत आ.व. २०८०/८१ मा सम्पन्न मुख्य-मुख्य उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- ३६५ जना पशु चिकित्सक (भेटेरिनरी डाक्टर) को लिखित परीक्षा सञ्चालन गरी उत्तिर्ण भएका १५२ जनाको दर्ता किताबमा नाम दर्ता गरिएको।
- २-१५२ जना नयाँ दर्तावाल पशु चिकित्सकलाई अभिमूखीकरण गरिएको।
- ३४ जना विशेषज्ञ पशु चिकित्सकको र १ जना विदेशी पशु चिकित्सकको नाम दर्ता गरिएको।
- सबै प्रदेशमा दर्तावाल पशु चिकित्सकको आचारसंहिता कार्यान्वयन सम्बन्धी अन्तरक्रिया कार्यक्रम गरिएको।
- भेटेरिनरी गाईड कानुनी संस्करणको पुस्तिका प्रकाशन गरिएको।
- परिषद्को आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रगति पुस्तिका प्रकाशन गरिएको।
- परिषद्को न्यूनतम मापदण्ड कार्यान्वयनको लागि भेटेरिनरी शिक्षण संस्थाहरूमा ८ पटक अनुगमन निरीक्षण गरिएको।
- दर्तावाल पशु चिकित्सकको आचारसंहिता उल्लङ्घन सम्बन्धी प्राप्त उजुरीहरूको छानवीन तथा आवश्यकतानुसार कार्यान्वयनको लागि स्थलगत अनुगमन गरिएको।

### ३.१.२.३ राष्ट्रिय चिया तथा कफी विकास बोर्ड (बजेट उप-शीर्षक नं. ३१२३१०११-३/४)

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड अन्तर्गत आ.व. २०८१/८२ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- मध्यपहाडी लोकमार्ग केन्द्रित कफी डेमोसट्रेसन प्लट (१० रोपनीको नमुना कफी बगैंचा) निर्माण सहयोग कार्यक्रम अन्तर्गत विभिन्न ४६ वटा स्थानमा ४६० रोपनी क्षेत्रफ़लमा कफी क्षेत्र विस्तार भएको।
- लुम्बिनी प्रदेशका ८ स्थानमा कफी डेमोसट्रेसन् प्लट स्थापना गरिएको र ८० रोपनी क्षेत्रमा कफी विस्तार भएको।
- २०८१ सालको चैत्र २१ देखि २३ सम्म नेपाल कफी व्यवसायी महासंघको आयोजना र राष्ट्रिय चिया तथा कफी विकास बोर्डको सहकार्यमा राष्ट्रिय कफी सम्मेलन तथा च्याम्पियनसीप सम्पन्न भएको। उक्त सम्मेलनमा कफी उत्पादनसँग सम्बन्धित विभिन्न स्टलहरू, स्वाद परीक्षण र कफीसँग सम्बन्धित नयाँ प्रविधिहरूको प्रदर्शन गरिएको साथै, कफी व्यवसायमा आवद्ध उद्यमीहरू र उपभोक्ताबीच प्रत्यक्ष अन्तरक्रिया हुने अवसर मिलाइएको।
- २०८१/०५/११ गते १ दिने “Nepal tea challenge २०२४”, Tea Station Inc को आयोजना तथा राष्ट्रिय चिया तथा कफी विकास बोर्डको अभिभावकत्व र माननीय कृषि मन्त्री रामनाथ अधिकारी ज्युको प्रमुख आतिथ्यतामा सम्पन्न गरिएको।
- २०८१ मङ्सिरदेखि लागू हुने गरी फ्रेश चेरी, पार्चमेन्ट र ग्रिन बिन कफीको मूल्य निर्धारण गरिएको फेश चेरी (ग्रेड ए रू. १०५, ग्रेड बि रू. ९५) पार्चमेन्ट (ग्रेड ए रू. ५३५, ग्रेड बि रू. ४८२) ड्राइ चेरी (ग्रेड ए रू. २८०, ग्रेड बि रू. २४७)
- ५० रोपनी जग्गा चक्लाबन्दी गरी कफी क्षेत्र विस्तार गर्ने फर्मलाई र ५० हजार कफी बिरूवा उत्पादनका लागि नर्सरी निर्माण गर्ने कार्यक्रम अन्तर्गत ९ वटा स्थानमा कार्यक्रम सञ्चालन भएको र उक्त कार्यक्रमबाट ४५० रोपनी क्षेत्रफलमा कफी विस्तार भएको छ भने १ वटा नर्सरीलाई सहयोग गरी ५०,००० कफी बिरूवा तयार गरिएको छ।
- १३ वटा व्यावसायिक कफी नर्सरीहरूलाई बिरूवा उत्पादनका लागि कफी बीउ, पोलिपट तथा अन्य नर्सरी सामग्री सहयोग प्रदान गरिएको।
- अर्थोडक्स चियामा विषादीको प्रयोगबारे अध्ययन तथा व्यवस्थापन कार्यक्रम इलाम जिल्लाको सूर्योदय न.पा. का विभिन्न १६ स्थानमा तथा झापा जिल्लाका विभिन्न स्थानमा सम्पन्न गरिएको।
- "स्वास्थ्य चिया, दिगो बजार, सम्वृद्ध नेपालको आधार" भन्ने मूल नाराका साथ माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्यतामा २९औं राष्ट्रिय चिया दिवस २०८२ वैशाख १५ गते कृषि विभाग, हरिहरभवन, ललितपुर नेपाली चियाको प्रदर्शनी, टेष्टिङ र विशेष सम्मान कार्यक्रमसहित सम्पन्न गरिएको।
- झापा जिल्लाका चिया उयोग तथा टि मेकरलाई भारतको विभिन्न कारखानामा लगेर चियाको गुणस्तरीय प्रशोधन सम्वन्धी प्रयोगात्मक तालिम दिइएको, चिया कृषकहरूहरूको सहभागितामा ६ स्थानमा व्यावसायिक चिया उत्पादन प्रविधि सम्बन्धी २ दिने तालिम सम्पन्न गरिएको, चिया रोपण भएका विभिन्न जिल्लाहरूमा चियाको काँटछाट, हरियो पत्ती टिपाई, पत्ती ग्रेडिङ सम्बन्धी फिल्डस्तरीय तालिम

३५ स्थानमा सम्पन्न गरिएको, Process Improvement through Lean Management training for Tea Industry (2+2 days)-२० Tea industry manager आन्तरिक नियन्त्रण सम्बन्धी ३ वटा २ दिने तालिमहरू सम्पन्न गरिएको।

- कफी बगैंचा सुधार तथा व्यवस्थापनसम्बन्धी प्रयोगात्मक जनचेतनामूलक तालिम ४३ स्थानमा सम्पन्न गरिएको, कफी कृषकहरूहरूको सहभागितामा, प्राङ्गारिक कफी चक्र प्रविधि तालिम २ दिने तालिम १४ स्थानमा सम्पन्न भएको, स्थानीय सरकारको सहभागीतामा कफीको सम्भावना तथा रोपण सम्बन्धी १ दिने उत्प्रेरणात्मक तालिम २२ स्थानमा सम्पन्न भएको, कफी नर्सरी स्थापना तथा व्यवस्थापन सम्बन्धी ३ दिने तालिम डुम्रीबोट, कास्कीमा सम्पन्न गरिएको।
- "नेपाली कफी अर्गानिक अरबिका, गुणस्तरीय उत्पादन वृद्धिमा हाम्रो प्रतिवद्धता" भन्ने मूल नाराका साथ माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीज्यूको प्रमुख आतिथ्यतामा २०औं राष्ट्रिय कफी दिवस कीर्तिपुरमा नेपाली स्पेसियालिटी कफीको प्रदर्शनी, कफी ब्रुविंग, टेष्टिङग/कपिङ, विशेष सम्मान कार्यक्रमसहित सम्पन्न भयो।
- आ.व. २०८१/८२ को वार्षिक प्रगति समीक्षा गोष्ठी मिति २०८२/०४/०७ र ०८ गते राष्ट्रिय चिया तथा कफी विकास बोर्ड मातहतका सम्पूर्ण कार्यालय प्रमुखको उपस्थितिमा आ. व. २०८१/८२ मा सम्पन्न कार्यक्रमहरूको समीक्षा गरियो।
- झापा तथा इलामका चिया सरोकारवालासँग चिया बजारीकरण तथा FSSAI को मापदण्डबारे छलफल तथा अन्तरक्रिया।
- चिया उद्योगका लागि गुणस्तरीय चिया प्रशोधन मेसिनरीमा ५०% अनुदान सहयोग कार्यक्रम अन्तर्गत इलामको तीनजुरे चिया सहकारी र बागलुङको गोल्डेन टि स्टेट प्रा.लि. लाई चिया प्रशोधन मेसिन सहयोग गरिएको ५०% अनुदानमा मेसिनरी औजार खरिद तथा सामग्री सहयोग कार्यक्रम अन्तर्गत २८ वटा प्रशोधन केन्द्रलाई कफीको पल्पर मेसिन अनुदानमा वितरण गरिएको छ।
- बागलुङ, नुवाकोट, इलाम जिल्लाहरूमा ५०% अनुदानमा नर्सरी स्थापना, बिरूवा रोपण तथा मेसिनरी औजार सहयोग गरी चिया विस्तार कार्यक्रम सञ्चालन गरिएको छ।
- बोर्डका निर्देशकज्यू सहितको टोलिले, लन्डन मा भएको International coffee organization (ICO)को १३८ औं बैठकमा सहभागी भई नेपाली कफीलाई अन्तर्राष्ट्रियस्तरमा चिनाउने कार्य भएको

### ३.१.२.४ व्यावसायिक कीट विकास कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०३-३/४)

व्यावसायिक कीट विकास कार्यक्रम आ.व. २०८१/८२ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- **क्षमता अभिवृद्धि तथा प्राविधिक तालिमः** च्याउ, मौरी तथा रेशम उत्पादन, प्रशोधन र बजारीकरण सम्बन्धी तालिम कृषि प्रसारकर्ता, कृषक तथा व्यवसायीहरूलाई प्रदान गरी सार्वजनिक तथा निजी क्षेत्रको प्राविधिक क्षमता अभिवृद्धि गरिएको।
- **अनुसन्धान, अनुगमन तथा गुणस्तर नियन्त्रणः** देशभरका ३९ वटा च्याउ बीउ उत्पादन प्रयोगशालाहरूको अनुगमन गरी नमुना परीक्षण परिणामअनुसार ११ वटा प्रयोगशालालाई सचेत गराइएको। महको गुणस्तर परीक्षणका लागि खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागसँग समन्वय गरी परीक्षण कार्य

सम्पन्न गरिएको तथा जङ्गली च्याउको माइसिलियम सङ्कलन गरी उत्पादन प्रविधि परीक्षण कार्य सञ्चालनमा रहेको।

- **प्रवर्द्धन, प्रदर्शनी तथा जनचेतना विस्तारः** काठमाडौंको भृकुटीमण्डपमा आयोजना गरिएको मह मेला र च्याउ मेलामार्फत नवप्रविधि, विविध प्रजाति तथा उत्पादनहरूको प्रदर्शन गरी जनचेतना अभिवृद्धि गरिएको। स्वदेशी महको बजार प्रवर्द्धनका लागि भिडियो क्लिप निर्माण गरी १५० भन्दा बढी रेडियो स्टेशनहरूमार्फत सूचना प्रसारण गरिएको।
- **नीति संवाद तथा कार्यान्वयनः** मौरी चरन व्यवस्थापनसम्बन्धी सरोकारवालाबीच अन्तरक्रिया कार्यक्रम आयोजना गरी प्राप्त सुझावहरू केन्द्रीय तहमा छलफल भई मौरी वंश सुधार, रैथाने प्रजातिको संरक्षण, उत्पादन विविधीकरण, मह गुणस्तर नियमन, निर्यात सहजीकरण लगायतका विषयमा नीतिगत निर्णय कार्यान्वयनमा ल्याइएका साथै च्याउ, मौरी तथा रेशमसम्बन्धी ६०० थान प्राविधिक पुस्तक प्रकाशन गरिएको।
    - स्वदेशी महको बजारीकरण लगायत समग्र मौरीपालन क्षेत्रको समस्या तथा समाधानका उपायहरू, महको नेपाल गुणस्तर अद्यावधिक, मह प्रशोधन, अनुसन्धानका प्राथमिकताका क्षेत्रहरू र मह गुणस्तर नियमन जस्ता विषयहरू लगायत महको उत्पादन लागतसमेत तयार गरी विस्तृत प्राविधिक प्रतिबेदन तयार गरिएको।
- **रेशम विकास तथा मूल्य शृङ्खला प्रवर्द्धनः** रेशम विकास फार्म खोपासीमार्फत ३३ जातका मातृ स्रोतहरूको संरक्षण, ७०० बाकस रेशम फुल उत्पादन, २२ जातका किम्बुको जर्मप्लाज्म संरक्षण तथा मूल्य शृङ्खलामा आधारित रेशम खेती कार्यक्रमको प्रारम्भ गरिएको।
- **मौरी चरन स्रोतको अध्ययन तथा प्रतिवेदन तयारीः** सर्लाही जिल्लामा मौरी चरन स्रोतको सर्वेक्षण कार्य सम्पन्न गरी मौरी चरन भार क्षमताको उपलब्धता सम्बन्धी प्रतिवेदन तयार पारिएको, जसले मौरीपालक कृषकहरूलाई मौरी व्यवस्थापनमा सहजता प्रदान गरेको।
- **भिर मौरी संरक्षण तथा सम्वर्द्धनः** लमजुङ जिल्लामा भिर मौरीको दिगो संरक्षणका लागि विशेष कार्यक्रम सम्पन्न गरी आचारसंहिता (Code of Conduct) को प्रारूप तयार गरिएको र अत्याधिक मह सङ्कलन (Over-Harvesting) घटाई मौरी संरक्षण तथा सम्वर्द्धनमा योगदान पुर्याइएको।

### ३.१.२.५ केन्द्रीय कृषि प्रयोगशाला कार्यक्रम (बजेट उप-शीर्षक नं. ३१२०११०५-३/४)

केन्द्रीय कृषि प्रयोगशाला कृषि विभाग अन्तर्गतको प्रयोगशाला हो र यसअन्तर्गत १२ वटा विषादी अवशेष द्रुत विश्लेषण प्रयोगशाला एकाइहरू (विर्तामोड, झापा; नवलपुर, सर्लाही, कालिमाटी, काठमाडौं, पोखरा, कास्की, बुटवल, रूपन्देही, नेपालगञ्ज, बाँके, अत्तरिया, कैलाली, धरान, सुनसरी, ढल्केवर, धनुषा, सिन्धुलीमाढी, सिन्धुली, कावासोती, नवलपरासी (ब.सु.पू) र वीरेन्द्रनगर, सुर्खेत) रहेका छन्। यस कार्यक्रम अन्तर्गत आ.व. २०८१/८२ मा सञ्चालन भएका मुख्य क्रियाकलाप तथा उपलब्धिहरू तपसिल बमोजिम रहेका छन्।

- मिति २०८१/०४/२८ देखि ३२ गतेसम्म FAO को संयुक्त आयोजनामा "Mass production of biopesticides and their use in agricultural pest management" सम्बन्धी तालिम विभिन्न प्रादेशिक प्रयोगशालाहरूको सहभागितामा सञ्चालन गरिएको र सो तालिममा उत्पादन गरिएको सुक्ष्म जीवहरूको Mother culture प्रादेशिक प्रयोगशालाहरूमा कार्यरत कर्मचारीहरूलाई आफ्नो क्षेत्रमा उत्पादन गर्न आवश्यकताअनुसार उपलब्ध गरिएको।

- प्रादेशिक प्रयोगशालामा कार्यरत ८ जना प्राविधिक कर्मचारीहरूलाई बाली संरक्षण प्रयोगशाला सञ्चालन तालिममा Trichoderma को Mother culture, तथा Sub-Culture तयार गर्ने सम्बन्धी प्रविधि विस्तार गरिएको तथा Mother culture उपलब्ध गराइएको।
- Trichoderma को Mass culture production को लागि २०kg,१०kg,१०kg, Substrate medium कोदो, गहुँ, मकैबाट ५३ पाकेट Mass culture production गरियो, जसमध्ये Trichoderma को pure culture चितवनको आइ.पि.एम. स्रोत केन्द्रमा, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, सिन्धुलीमा अदुवा बालीमा Trichoderma को प्रभावकारिता अध्ययनका लागि ३,३ प्याकेट Mass Culture गरिएको Trichoderma उपलब्ध गराइएको एवम् काभ्रेको खोपासीमा कृषि सूचना तथा प्रशिक्षण केन्द्रद्वारा सञ्चालित IPM ToT तालिमको लागि १५ प्याकेट Mass Culture गरिएको Trichoderma उपलब्ध गराइएको।
- Trichoderma को pure culture काभ्रे तथा सिन्धुपाल्चोक जिल्लाबाट माटोको नमुना सङ्कलन गरी TSM Media मा Extract गरी ३८ अटा Petri plate मा Mother culture उत्पादन गरी संरक्षण गरिएको।
- सङ्घीय थोकबजारहरूमा रहेको विषादी अवशेष द्रुत परीक्षण प्रयोगशालाहरूद्वारा ताजा तरकारी तथा फलफूलमा RBPR (द्रुत विषादी परीक्षण विधि) प्रयोग गरी विषादी अवशेष परीक्षण आ.व. २०८१/८२ मा २९५८९ वटा तरकारी तथा फलफूलको नमुनामा कार्वामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीहरूको अवशेष परीक्षण गरिएकोमा २८३३६ वटा नमुनाहरू उपभोग योग्य देखिएको, ८३ वटा नमुनाहरू क्वारेन्टिन गर्नुपर्ने र १७० वटा नमुनाहरू उपभोग अयोग्य देखिएकोले नष्ट गरिएको।
- केन्द्रीय कृषि प्रयोगशालामार्फत आ.व. २०८१/८२ मा २७९ वटा माटोका नमुनाहरूमा विभिन्न तत्वहरू (प्राङ्गारिक पदार्थ, पिएच, नाइट्रोजन, फस्फोरस, पोटासियम) विश्लेषण कार्य सम्पन्न गरिएको। यसै गरी ३२ वटा रासायनिक मल (जसमध्ये कृषि सामग्री कम्पनी लि. बाट प्राप्त ६ वटा युरिया, ३ वटा डिएपी तथा १ वटा पोटास मलको नमुनाको गुणस्तर परीक्षण), ३२ वटा प्राङ्गारिक मल, ९ वटा सुक्ष्म तत्वयुक्त मल र ४ वटा कृषि चुनको गुणस्तर परीक्षण गरिएको र १०३ वटा माटोका नमुनाहरूमा सुक्ष्म खाद्यतत्त्व (जीङ्क, आईरन, कपर, म्याग्निज) विश्लेषण कार्य सम्पन्न भएको। त्यसैगरी घुम्ति माटो परीक्षण शिविरमार्फत धुनिवेशी नगरपालिकामा ६२ वटा नमुना तथा कीर्तिपुर नगरपालिकामा २०१ वटा नमुना परीक्षण गरिएको। साथै ७७७ वटा बीउ नमुना परीक्षण भएकोमा क्रसचेक परीक्षण जम्मा ५११ वटा नमुना, १६० वटा सेवाग्राही नमुना परीक्षण, Trend Analysis अन्तर्गत ३० वटा नमुना परीक्षण, ISTA बाट प्राप्त मध्यस्थ नमुना १५ वटा, विभिन्न प्रयोगशालहरूबाट प्राप्त मध्यस्थ नमुना ९ वटा परीक्षण. अनुगमनबाट प्राप्त २५ वटा नमुना परीक्षण, मूल बीउमा १३ वटा नमुनामा भिगर परीक्षण र १४ वटा प्रमाणीकरण प्रयोजनका लागि नमुना परीक्षण कार्य सम्पन्न गरिएको। विभिन्न सङ्घीय, प्रादेशिक तथा स्थानीय निकायहरूलाई आवश्यकताअनुसार Trichoderma को mass culture उपलब्ध गरिएको र प्रयोगशालामा प्राप्त २६ वटा नमुनाहरूमा रोग निदानका लागि आवश्यक प्राविधिक सेवा उपलब्ध गरिएको। त्यसैगरी बाह्रवटा विषादी अवशेष द्रुत विशेषण प्रयोगशाला एकाइ (RBPR) हरूबाट २९५८९ वटा ताजा तरकारी तथा फलफूलका नमुनाहरूमा कार्वामेट र अर्गानोफस्फेट समूहका कीटनाशक विषादीहरूको अवशेष परीक्षण गरिएकोमा २८३३६ वटा नमुनाहरू उपभोग योग्य देखिएको, ८३ वटा नमुनाहरू क्वारेन्टिन गर्नुपर्ने र १७० वटा नमुनाहरू उपभोग अयोग्य देखिएकोले नष्ट गरिएको छ।

### ३.१.२.६ राष्ट्रिय दुग्ध विकास बोर्ड (बजेट उप-शीर्षक नं. ३१२१७५-३/४)

बोर्डले आ.व. २०८१/८२ मा सम्पन्न गरेका मुख्य-मुख्य कार्यहरू देहायबमोजिम रहेका छन्।

**Cold-storage for butter storage निर्माण सहयोग (२०० मे. टन)**

देशमा वढ्दै गएको दूध उत्पादनलाई मध्येनजर गरी हाल देशमा ७ वटा धुलो दूध कारखाना स्थापनासँग सँगै बटर उत्पादन वृद्धिका कारण बटर भण्डारणमा समस्या भई प्राइभेट कोल्डस्टोरमा धेरै नै स्टक रहँदा बढी भण्डारण चार्ज तिरिरहनु परेको साथै सिजनल उत्पादनमा फरक धेरै नहुँदा स्टकमा बढी रहेको कारण समस्या समाधानार्थ राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०८१/८२ वार्षिक कार्यक्रममा Cold-storage for butter storage २०० मे. टन क्षमताको निर्माणका लागि बजेट विनियोजन भएकोमा दुग्ध विकास संस्थानको बालाजु दुग्ध वितरण आयोजनाको परिसरभित्र स्थापना भएको छ। उक्त कोल्ड स्टोर स्थापनाका लागि आवश्यक पर्ने टहरा निर्माणका लागि रकम दुग्ध विकास संस्थान कै परिचालन भएको थियो भने २०० मे. टनको कोल्ड स्टोरको सम्पूर्ण खर्च बोर्डले व्यहोरेको थियो।

**कोहलपुरमा Powdered Milk Plant स्थापनाको लागि DPR तथा प्रारम्भिक कार्य तयारी**

देशको लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशमा हालसम्म एउटा पनि धुलो दूध कारखाना नरहेको त्यस प्रदेशको दूध उत्पादन बढी हुँदा दुग्ध विकास संस्थानले चितवन तथा पोखरासम्म पुर्याउनु पर्ने बाध्यताले ढुवानीमा खर्च धेरै नै भएको दुग्ध विकास संस्थानको गुनासो रहेको साथै केन्द्रीय दुग्ध सहकारी संघको पनि माग रहेको हुँदा कोहलपुरमा राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०८१/०८२ वार्षिक कार्यक्रमअनुसार Powdered Milk Plant स्थापनाको लागि DPR तथा प्रारम्भिक कार्य तयारीका लागि बजेट विनियोजन भएकोमा अध्ययन गर्दा कोहलपुरमा ५ मे. टन प्रति दिन क्षमताको Powdered Milk Plant स्थापनाको लागि ने.रू. ५६६१८७०३५ लागत अनुमान गरिएको र स्थापना अगाडि वातावरणीय प्रभावबारे अध्ययन हुनुपर्ने उल्लेख भएको पाइयो।

**सीप विकास तालिमको विश्लेषण**

राष्ट्रिय दुग्ध विकास बोर्डले सरोकारवाला निकायहरू केन्द्रीय दूग्ध सहकारी संघ र केन्द्रीय पशुपन्छी मत्स्य सहकारी संघ लिमिटेडसँग सम्झौता गरी ८०% वोर्डको र २०% सम्बन्धित संघको तर्फबाट खर्च गर्ने गरी दूध उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न व्यावसायिक पशुपालनमा जोड दिने उद्देश्यले कृषकस्तरमा सहकार्यमा दुधालु गाई, भैंसीको आहारा एवम् व्यवस्थापन ५ दिने तालिम २ पटक दिइयो। यस तालिमबाट धनुषामा ३० र निजगढ बारामा ३१ जना गरी जम्मा ६१ जना कृषकहरू लाभान्वित भए। त्यस्तैगरी मिल्क एनालाइजर बढेअनुरूप दक्ष प्राविधिकहरू नरहेको सञ्चालनका क्रममा मिल्क एनालाइजरमा विभिन्न प्रकारका समस्या आउने, बिग्रिने साथै समय-समयमा गर्नुपर्ने calibration नगरिदा दूधको गुणस्तर ठीकसँग जाँच्न नसकिने जस्ता अनेकौं समस्याहरूको पहिचान गरी सोको निराकरणका लागि ३ पटक सहकार्यमा मिल्क एनालाइजर सञ्चालन तथा मर्मत तालिम काभ्रेमा २८ जना चितवनमा ३६ जना र रामेछापमा २५ जना गरी ३ पटकमा जम्मा ८९ जना विभिन्न सहकारी संस्था एवम् डेरी उद्योगका कर्मचारीहरूलाई सहकार्यमा मिल्क एनालाइजर सञ्चालन तथा मर्मत तालिम दिइयो।

दूध उत्पादक सहकारी संस्था चिलिङ सेन्टर दुग्ध उद्योगहरूमा सञ्चालित चिलिङ भ्याटमा प्रायजसो पार्टपूर्जा खिइने, नचल्नेजस्ता देखिने समस्याहरूको पहिचान आफैंले मर्मत गर्न नसक्ने अवस्थामा समस्याको बारे सम्बन्धित विज्ञ प्राविधिकलाई अवगत गरी समयमै मर्मत गरी दूधलाई संरक्षण गर्न सक्षम बनाउने उद्देश्यले ५ दिने चिलिङ भ्याट सञ्चालन, मर्मत तथा तालिम सिन्धुली र तनहुँमा सञ्चालन गरिएको थियो। उक्त तालिमबाट विभिन्न जिल्लाहरूका गरी ३० जना प्राविधिकहरू लाभान्वित हुनुभएको छ।

आ.व. २०८१/८२ मा बोर्डबाट सञ्चालित तालिममा कूल १८० जना सहभागीहरूलाई प्रशिक्षित गराएको थियो। लैङ्गिक आधारमा महिलाको सहभागिता करिब १७.२ प्रतिशत रहेको थियो भने बाँकी ८२.८ प्रतिशत पुरुषहरू रहेका थिए। जनजातिमा १२.२२, मधेशीमूलका १५ र अन्य ७२.७ प्रतिशत रहेका थिए।

**प्रशोधित पाकेट दूधको गुणस्तर परीक्षण**

उद्योगबाट उत्पादित दूध तथा दुग्ध पदार्थको गुणस्तर नेपाल सरकारले तोकेको गुणस्तर मापदण्ड बमोजिम हुनु पर्दछ। बोर्डले यस आ.व. मा उपत्यकाका ३० वटा दुग्ध उद्योगहरूको गरी जम्मा १५१२ वटा प्रशोधित स्ट्याण्डर्ड दूधको गुणस्तर परीक्षण गरेको थियो।

जसमध्ये तोकेको मापदण्डलाई आधार मान्दा ५०० मि.लि. मात्रा मिलेको नमुना १,००७ (६६.६० प्रतिशत), चिल्लो पदार्थ ३.०० प्रतिशत भएको ९१६ (६०.५८ प्रतिशत) र एस.एन.एफ. ८.०० प्रतिशत भएको ४३४ नमुना (२८.७ प्रतिशत) रहेको थियो। यसका साथै गाईको ८७ भैंसीको ९२ र मिक्सको ९० वटा गरी जम्मा २६९ वटा खुल्ला दूधको नमुना पनि ल्याव परीक्षण गरिएको थियो जसमा दूध तथा दुग्ध पदार्थको स्वच्छता एवम् गुणस्तर निर्देशिका २०७५ ले तोकेको गाईको कच्चा दूधको न्यूनतमगुणस्तर फ्याट ३.५% र एसएनएफ ७.५% पुगेको ७९.३% र ८१.६% मात्र मापदण्डभित्र परेको देखियो। भैंसीको कच्चा दूधको न्यूनतमगुणस्तर फ्याट ५% र एस एन एफ ८% पुगेको २२.८% र ५१.१% मात्र मापदण्डभित्र परेको देखियो। त्यस्तै गरी मिक्स कच्चा दूधको न्यूनतमगुणस्तर फ्याट ४% र एस एन एफ ८% पुगेको ८१.१% र ३६.७% मात्र मापदण्डभित्र परेको ल्याबको प्रतिवेदनमा उल्लेख भएको छ।

**अनुगमन कार्यक्रमहरू**

दूध उत्पादन तथा विविधकरणमा जोड दिनुका साथै संस्थागत विकास गर्न दुग्ध विकास कोष ऋण लगानी, क्षमता विकास कार्यक्रम, अवलोकन, प्रविधि विकास इत्यादि बोर्डबाट गर्दै आएका नियमित क्रियाकलापहरू बोर्डको उद्देश्य एवम् लक्ष्यबमोजिम कार्यक्रम प्रभावकारी भए/नभए अनुगमन गरिएको थियो। यस आ.व. मा जम्मा १३ पटक बोर्डले गरेको ऋण लगानी उद्देश्यअनुरूप कार्य सञ्चालन भएनभएको सम्बन्धमा गरेको अनुगमन प्रतिवेदनबाट अधिकांश संघ/संस्था तथा उद्योगहरूले उद्देश्यअनुरूप दुग्ध व्यवसाय सञ्चालन गरी स्थानीयस्तरमा दूध तथा दुग्ध पदार्थ बिक्री गरी मुनाफा आर्जन गरेको देखिन्छ। यस आ.व. मा जम्मा १५ पटक काठमाडौं, भक्तपुर, काभ्रे, ललितपुर लगायतका जिल्लाहरूमा दुग्ध उद्योगहरूमा व्यवहारिक संहिता लागू भएनभएको अनुगमन गरी दुग्ध उद्योगहरूलाई आवश्यक सल्लाह सुझाव दिइएको थियो।

बजारमा बिक्रीका लागि पठाइएको प्रशोधित प्याकेट दूध पूर्णरूपमा बिक्री नभई उद्योगमा फिर्ता भएमा उक्त दूधलाई पुनः प्रशोधन गर्नुपर्दा दुग्ध उद्योगहरूको प्रशोधन लागत बढ्नुका साथै फिर्ता दूधको गुणस्तरमा ह्रास आउने र सोको सेवनले मानव स्वास्थ्यमासमेत प्रतिकूल असर पर्ने देखिन्छ। त्यसैले दुग्ध क्षेत्रका सम्बन्धित सरोकारवालाहरूको आपसी समझदारीमा समय-समयमा No-Return System को अनुगमन गर्ने गरिएको थियो। यस आ.व. मा जम्मा १६ पटक काठमाडौं, भक्तपुर, काभ्रे, ललितपुर लगायतका जिल्लाहरूमा No-Return System को अनुगमन गरिएकोमा केही दुग्ध उद्योगहरूले प्याकेट दूध फाट्टफुट्ट फिर्ता गरेको पाइएको हुनाले सो कार्य नगर्न स्थलगत निर्देशनसमेत दिइएको थियो।

## अध्ययन अनुसन्धानका कार्यक्रमहरू

### दूधको मूल्य निर्धारणका लागि दूधको उत्पादन लागत तथा बजार मूल्यको अध्ययन गरी वैज्ञानिक आधार तयार गर्ने

राष्ट्रिय दुग्ध विकास बोर्डको आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रमबमोजिम दूधको मूल्य निर्धारणका लागि दूधको उत्पादन लागत तथा बजार मूल्यको अध्ययन गरी वैज्ञानिक आधार तयार गर्ने सम्बन्धी अध्ययन कार्य सम्पन्न भएको छ। अध्ययनमा सातै प्रदेशबाट करिब २१ जिल्लाका साना, मझौला र ठूला गरी करिब १,११३ फर्महरूबाट उत्पादन लागत सम्बन्धी प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी प्रादेशिक उत्पादन लागत प्रस्तुत गरिएको छ। जसअनुसार कोशी, मधेश, बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशको औसत दूध उत्पादन लागत क्रमशः रू. ५९.५८, ५९.५७, ५९.०६, ५५.७२, ५६.०८, ५५.८८ र ५५.९३ रहेको छ। अध्ययनले घाँसमा आधारित पशु आहरा एवम् उच्च नश्लका पशुपालन प्रणालीको विकास, अनुत्पादक गाई तथा गोरूको नीतिगत व्यवस्थापन, करारमा आधारित दूध खरिद प्रणाली अवलम्बनलाई उत्पादन लागत घटाउने सुझावको रूपमा अगाडि सारेको छ। यसका साथै अध्ययनले तथ्याङ्क व्यवस्थापन र कच्चा दूधको मूल्य निर्धारणका सम्बन्धमा पनि सुझाव गरेको छ।

### दुग्ध सूचना प्रणाली (Apps) प्रयोगबारे अभिमूखीकरण कार्यक्रम

दुग्ध उद्योग एवम् सहकारी संस्थाहरूले सङ्कलन गर्ने तथा बिक्री गर्ने दूधको तथ्याङ्क रजिष्टरमा राखे तापनि डाटावेश (Apps) मा हालसम्म व्यवस्था गर्न नसकेको सन्दर्भमा बोर्डले डाटावेश एप्स तयार गरी आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार सहकार्यमा दुग्ध सहकारी तथा उद्योगहरूलाई प्रदेशस्तरीय राष्ट्रिय सूचना प्रणाली (Apps) प्रयोगको बारेमा अभिमूखीकरण कार्यक्रम रूपन्देहीमा वि.सं. २०८१ पुस २४ गते र मकवानपुर जिल्लाको हेटौंडामा मिति २०८१ माघ १५ गते सम्पन्न गरिएको छ। कार्यक्रममा सहकारी संस्था, फर्म र उद्योगबाट ८६ जना सहभागी थिए।

### दूध ढुवानी साधनमा प्रयोग हुने प्रतिक चिन्ह (लोगो ) को प्रयोगबारे अन्तरक्रिया

राष्ट्रिय दुग्ध विकास बोर्डले दूध तथा दुग्धजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनमा प्रतिक चिन्ह (लोगो) प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७७ जारी गरेको छ। लोगोको प्रयोग गरी बिना रोकटोक एम्बुलेन्स सरह प्राप्त अधिकारलाई दुग्ध उद्योगहरूले प्रयोग गर्न उद्योगहरूबीच एक दिने गोष्ठी ५० जना सरोकारवाला निकायहरूबीच रूपन्देहीको बुटवलमा सम्पन्न गरेको छ।

### अनौपचारिक क्षेत्रका दूध औपचारिक क्षेत्रमा ल्याउन अभिमूखीकरण कार्यक्रम

राष्ट्रिय दुग्ध विकास नीति, २०७८ मा औपचारिक क्षेत्रले सङ्कलन, प्रशोधन तथा बिक्री गर्ने १७ प्रतिशत दूधलाई अबको २० वर्षमा ६० प्रतिशत (वि.सं. २१००) पुर्याउने लक्ष्य लिइएको छ। त्यसअनुरूप कार्यान्वयनका लागि बोर्डले अनौपचारिकतर्फको दूध औपचारिकतर्फ ल्याउन ललितपुरमा ५० जना तथा पोखरामा ७४ जना गरी जम्मा १२४ जना सरोकारवाला निकायहरूका सहभागीहरूबीच अभिमूखीकरण अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको थियो।

### असल दूध उपभोगको लागि जनचेतनामूलक विज्ञापन

उपभोक्ता वर्गमा दूधको महत्त्व, गुणस्तर तथा स्वच्छ दूधको प्रयोग गर्न बोर्डले ३० सेकेण्डको जनचेतनामूलक विज्ञापन तयार पारी सर्वसाधारणसम्म पुर्याउन टेलिभिजन, एफएम तथा रेडियोमार्फत प्रचार-प्रसार गर्ने गरेको छ।

**विश्व दूध दिवस, २०८२**

यस वर्षको विश्व दूध दिवस कार्यक्रम "दूधको खपत बढाऔं, अर्थतन्त्रलाई सवल बनाऔं" नारासहित बोर्डका कार्यकारी निर्देशक डा. राजेन्द्रप्रसाद यादवको अध्यक्षता एवम् कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकरीज्यूको प्रमुख आतिथ्यमा मूल समारोहका साथ विभिन्न कार्यक्रमहरू गरी सम्पन्न भएको छ। राष्ट्रिय दुग्ध विकास बोर्डले सरोकारवाला निकायहरू मिली वर्षौंदेखि मनाउँदै आइरहेको यो दिवस यसपटक प्रदेश दुग्ध विकास बोर्ड बागमतीको समेतको आयोजनामा मकवानपुर जिल्लाको हेटौंडामा कृषि तथा सहकारी मन्त्रालय, बागमती प्रदेशका दुग्ध उत्पादक कृषकहरू, सहकारी संघ संस्थाहरू, उद्योगी एवम् दुग्ध व्यवसायीहरूको संलग्नतामा भव्यताका साथ मनाइएको थियो।

**कृषक तथा उद्योगीहरूलाई सम्बन्धित क्षेत्रको विभिन्न स्थानहरूमा अवलोकन भ्रमण**

राष्ट्रिय दुग्ध विकास बोर्डले पशु फार्म, घाँस खेती, दुग्ध उद्योग तथा दुग्ध सहकारी संस्थाहरूमा प्रयोगमा आएका नविनतम प्रविधिहरू तथा दुग्ध पदार्थ विविधिकरणका नौलो आयामहरूको जानकारी दिने उद्देश्यले आ.व. २०८१/८२ मा एकवटा कृषकस्तरको (२१ जना) र एक वटा उद्योगस्तरका (२२ जना) गरी जम्मा ४३ जनालाई दुईवटा अवलोकन भ्रमण कार्यक्रम सम्पन्न भयो।

# ३.२ अन्य संस्थान समितिहरू

## ३.२.१ दुग्ध विकास संस्थान

दुग्ध विकास संस्थानको आ.व. २०८१/८२ को वार्षिक लक्ष्य तथा प्रगति विवरण तपसिल बमोजिम रहेको छ।

**आ.व. २०८१/८२ को वार्षिक लक्ष्य तथा प्रगति** **(हजारमा)**

| क्र. सं. | विवरण | इकाई | वार्षिक लक्ष्य | वार्षिक प्रगति | लक्ष्य अनुरूपको प्रगति % | गत आ.व. को सोही को प्रगति | गत आ.व. को तुलनामा घटी/बढी % |
|---|---|---|---|---|---|---|---|
| १ | कच्चा दूध सङ्कलन | लाख लि. | ४९४.३२ | ३२७.७३ | ६७ | ४५१.८४ | -२७ |
| २ | प्रशोधित दूध बिक्री | लाख लि. | २५६.७ | २६५.२५ | ९९ | २६२.२५ | +२ |
| ३ | धुलो दूध उत्पादन | मे. टन | ६३९ | १२१३ | १८९ | १३५३ | -११ |
| ४ | मखखन उत्पादन | मे. टन | १३६५ | ८९४ | ६६ | १०९४ | -१८ |
| ५ | पनिर उत्पादन | मे. टन | २४५ | १२७.४ | ५२.९१ | ११७.४ | +८.५ |
| ६ | याक चिज उत्पादन | लाख लि. | ६६ | ५३.३ | ८१.७६ | ६० | -११.१७ |
| ७ | कंचन चिज उत्पादन | लाख लि. | ८२ | ५९.५ | ७२ | ५६ | +६.२५ |
| ८ | Dogchew छेना बिक्री | मे. टन | - | ३४.१६ | - | - | - |
| ९ | घ्यू बिक्री | मे. टन | ५८६ | ३२४ | ५५ | २९१.६ | ९ |
| १० | पशु आहारा दाना बिक्री | मे. टन | ३५२० | ४९४७ | १४० | ४०११ | +१९ |
| ११ | दही बिक्री | लाख लि. | २९.६० | १५.३६ | ५२ | १६.२२ | -५ |

## ३.२.२ कालिमाटी फलफूल तथा तरकारी बजार विकास समिति

**आ.व. २०८१/८२ प्रगति सूचकहरू**

- वार्षिक अवधिको भारित प्रगति स्थिति ७१.७१ प्रतिशत रहेको।
- वार्षिक अवधिको वित्तीय प्रगति स्थिति ५३.२३ प्रतिशत रहेको।

**बेरुजूतर्फ**

- २०८१ असार मसान्तसम्म कूल बाँकी बेरुजु रकम रू. ५१,१७,८२९.६९ कायम भएको।
- आ.व. २०८०/८१ को अन्तिम लेखा परीक्षण कार्य सम्पन्न भएको।
- बेरुजु फछ्र्यौटको लागि प्रमाण सङ्कलनको काम भएको र केही समयपश्चात म.ले.प. को सर्भर खुलेपछि फछ्र्यौटका लागि पेश गरिएको।

**प्रमुख उपलब्धिहरू**

- **आम्दानी तथा खर्च स्थिति**
  - आम्दानीतर्फः वार्षिक अवधिमा रू. २३,९७,५३,०००.०० अनुमान गरिएकोमा रू. २३,२३,४१,६०७.२८ आम्दानी भएको।
  - खर्चतर्फः वार्षिक अवधिमा रू. २२,२५,२७,०००.०० अनुमान गरिएकोमा रू. ११,८४,५३,५२६.०१ खर्च भएको।
- **बजार आगमन स्थितिः**
  - समितिको कालिमाटी बजार क्षेत्रभित्र वार्षिक अवधिमा कूल २,४९,४६९ मे. टन कृषि उपजहरू भित्रिई कारोबार भएको।
- **लिलामी कार्यक्रम, सुरक्षा सेवा खरिद र मोटरसाइकल पार्किङ सेवा, प्रवेश शुल्क सङ्कलन, भोजनालय, कालिमाटी र बालाजु बजारका सटरहरूको बोलपत्र**
  - समितिको स्टोरमा र मातहतको बजारभित्र रहेको काम नलाग्ने सामग्री र कवाडी सामानहरू लिलामीका लागि र सुरक्षा सेवा खरिद गर्न, प्रवेश शुल्क सङ्कलन, मोटरसाइकल पार्किङ, भोजनालय, कालिमाटी र बालाजु बजारका सटरहरू सञ्चालन गर्न बोलपत्र आह्वान भई बोलपत्रदाता/सञ्चालकको चयन कार्य सम्पन्न भएको।
- **कार्यविधि परिमार्जन**
  - समिति अन्तर्गत स्टलहरू वितरण सम्बन्धी स्टल वितरण कार्यविधि २०७५ परिमार्जनका लागि गठित उपसमितिले प्रतिवेदन पेश गरेको।
- **सङ्गठन संरचना निर्माण तयारी**
  - समितिको कर्मचारी सेवा शर्त नियमावली २०८० बमोजिम समितिको सङ्गठन संरचना (O&M) निर्माणका लागि परामर्शदाताबाट प्रतिवेदन प्राप्त भई समितिबाट मन्त्रालयसमक्ष स्वीकृतिको लागि पठाइएको।
- **संरचना निर्माण सुधार**
  - समिति अन्तर्गतको Block B मा ४६ जना व्यवसायी कार्यरत सेड निर्माण सुधारको कार्य सम्पन्न भएको र अन्य आवश्यकता अनुसारका निर्माण सुधार र मर्मत कार्यहरू सम्पन्न भएको।

- **बजार सरसफाई**
  - समितिको कालिमाटी तथा बालाजु बजारमा दैनिक तथा नियमितरूपमा बजार सरसफाई कार्यलाई निरन्तरता दिइएको। बजार सरसफाई र स्वच्छता सम्बन्धी सचेतना तथा अन्तरक्रिया कार्यक्रमहरू सञ्चालन भएको।
- **द्रुत विषादी अवशेष परीक्षण**
  - प्रयोगशालामा परीक्षणका क्रममा वार्षिक अवधिमा ४,१८७ वटा नमुना परीक्षण गरिएकोमा वार्षिक अवधिमा ६० वटा उपभोग अयोग्य देखिएका उपजहरू नष्ट गरिएको र सम्बन्धित कृषि ज्ञान केन्द्र र कृषकलाई सचेतताको जानकारी गराइएको।
- **बजार सूचना सेवा**
  - समितिको कालिमाटी बजार क्षेत्रभित्र आगमन भई कारोबार भएका कृषि उपजहरूको दैनिक सूचना सङ्कलन र समितिको वेबसाइट, Apps लगायत विभिन्न आम सञ्चारका माध्यमबाट प्रवाह कार्यलाई निरन्तरता दिइएको।
- **वैदेशिक अध्ययन भ्रमण**
  - समितिका पदाधिकारी, मन्त्रालयका प्रतिनिधि, व्यवसायी प्रतिनिधि र कर्मचारीहरू सम्मिलित २२ जना को २ वटा टोलीबाट इण्डोनेशियाको विभिन्न कृषि उपज बजार र उत्पादन पकेटको अध्ययन अवलोकन कार्यक्रम सम्पन्न भएको।
- **वार्षिक पुस्तिका प्रकाशन**
  - समितिको परिचयात्मक विषय वस्तु, कार्यक्रम बजेट, प्रगति, आर्थिक विवरण, मूल्य तथा आगमन सम्बन्धी तथ्याङ्क समितिका पदाधिकारी कर्मचारी र व्यवसायीहरूको विवरण समावेश भएको वार्षिक पुस्तिका २०८०/८१ प्रकाशन भएको।
- **समितिको बारेमा अध्ययन अवलोकन**
  - भुटानी अधिराज्यका कृषि मन्त्री तथा भुटानको खाद्य तथा कृषि बजार विभागका पदाधिकारीहरूबाट समितिको कालिमाटी बजारको अध्ययन अवलोकनका साथै कार्यरत पदाधिकारी तथा व्यवसायीहरूसँग अन्तरक्रिया भएको।
- **पदपूर्ति**
  - समितिलाई आवश्यक इञ्जिनियर, कृषि अर्थविज्ञ, बाली संरक्षण अधिकृत, तथ्याङ्क सङ्कलक, सवारी चालक र कार्यालय सहयोगी गरी जम्मा ९ जना कर्मचारीहरू करारमा पदपूर्ति गर्ने कार्य सम्पन्न भएको।

# परिच्छेद-४

# ४. बेरूजु फछ्र्यौटको प्रगति अवस्था

## ४.१ आ.व. २०८१/८२ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूको एकमुष्ठ बेरुजु फछर्यौटको प्रगति अवस्था

आ.व. २०८१/८२ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र मन्त्रालय अन्तर्गतका निकायहरूको एकमुष्ठ बेरुजु फछर्यौटको प्रगति अवस्था यस प्रकार रहेको छ।

**रकम रू. हजारमा**

| निकाय | कूल बेरुजु (रू. हजारमा) | फछर्यौट रकम (रू. हजारमा) | फछर्यौट प्रतिशत | फछर्यौट बाँकी | फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरुजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरुजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|
| सरकारी निकायतर्फ | ९०,०६,८२३ | ३३,९७,९०१ | ३७.७३ | ५६,०८,९२२ | | |
| समितितर्फ | १,८९,४२६ | ३७,३०९ | १९.७० | १,५२,११७ | | |
| **जम्मा** | **९१,९६,२४९** | **३४,३५,२१०** | **३७.३५** | **५७,६१,०३९** | | |

## ४.२ सरकारी निकायतर्फको बेरुजु र बेरुजु फछर्यौट विवरण

आ.व. २०८१/८२ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय र अन्तर्गत रहेका सरकारी निकायहरूको एकमुष्ठ बेरुजु रकम, बेरुजु फछर्यौट रकम तथा बेरुजु फछर्यौट प्रतिशत यस प्रकार रहेको छ।

**रकम रू. हजारमा**

| क्र. सं. | सरकारी निकायको नाम | २०८२ आषाढ मसान्तसम्मको बेरुजुको प्रगति | | | | फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरुजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरुजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| १ | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | ६०,०८,४६८ | २७,३६,४८१ | ४५.५४ | ३२,७१,९८७ | | |
| २ | कृषि तथा खाद्य सुरक्षा आयोजना | १,८२,६७८ | ० | ०.०० | १,८२,६७८ | | |
| ३ | व्यावसायिक कृषि तथा व्यापार आयोजना PACT | १,८०,५६३ | ० | ०.०० | १,८०,५६३ | | |
| ४ | किसानका लागि उन्नत बीउबिजन कार्यक्रम KUBK | २,६७,६४९ | ० | ०.०० | २,६७,६४९ | | |
| ५ | कृषि विभाग | १,४०,०१४ | ४५,१८६ | ३२.२७ | ९४,८२८ | | |
| ६ | पशु सेवा विभाग | ८,३२,९१८ | ३,४५,१२० | ४१.४४ | ४,८७,७९८ | | |
| ७ | खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | १,६३,९११ | २,९११ | १.७८ | १,६१,००० | | |
| ८ | कृषि सूचना तथा प्रशिक्षण केन्द्र* | २५,८१३ | ० | ०.०० | २५,८१३ | | |

| क्र. सं. | सरकारी निकायको नाम | २०८२ आषाढ मसान्तसम्मको बेरुजुको प्रगति | | | | फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरुजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरुजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| ९ | कृषि क्षेत्र विकास कार्यक्रम ASDP | ८१,७९९ | १,६३४ | २.०० | ८०,१६५ | | |
| १० | नेपाल लाइभस्टक सेक्टर इनोभेशन आयोजना NLSIP | १,९२,०२८ | ० | ०.०० | १,९२,०२८ | | |
| ११ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना PMAMP | ७,४०,७२९ | २,३१,०४७ | ३१.१९ | ५,०९,६८२ | | |
| १२ | राष्ट्रिय किसान आयोग | ० | ० | ०.०० | ० | | |
| १३ | बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण केन्द्र | १५० | ४७ | ३१.३३ | १०३ | | |
| १४ | प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्र | ३०१८ | १५७ | ५.२० | २,८६१ | | |
| १५ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना FANSEP | १,८१,०१० | ३०,८९८ | १७.०१ | १,५०,११२ | | |
| १६ | ग्रामीण उद्यम तथा आर्थिक विकास आयोजना REED | ६०७५ | ४,४२० | ७२.७६ | १,६५५ | | |
| | **जम्मा** | **९००६८२३** | **३३९७९०१** | **३७.७३** | **५६०८९२२** | | |

## ४.३ समितितर्फको बेरुजु र बेरुजु फछर्यौट विवरण

आ.व. २०८१/८२ को वार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत रहेका विभिन्न परिषद् समिति, बोर्ड, कम्पनी, कोषतर्फको एकमुष्ठ बेरुजु रकम, बेरुजु फछर्यौट रकम तथा बेरुजु फछर्यौट प्रतिशत यस प्रकार रहेको छ।

**रकम रू. हजारमा**

| क्र. सं. | समिति तर्फ | २०८२ आषाढ मसान्तसम्मको बेरुजुको प्रगति | | | | फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरुजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरुजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| १ | कपास विकास समिति | ४,८३२ | ० | ०.०० | ४,८३२ | | |
| २ | नेपाल कृषि अनुसन्धान परिषद् | १,३६,४३९ | ३२०७६ | २३.५१ | १,०४,३६३ | | |
| ३ | कालिमाटी फलफूल तथा तरकारी विकास समिति | ५,११८ | ० | ०.०० | ५,११८ | | |
| ४ | राष्ट्रिय चिया तथा कफी विकास बोर्ड | १२,३०० | ५२३३ | ४२.५४ | ७,०६७ | | |
| ५ | चन्द्रडाँगी बीउबिजन तथा दुग्ध उत्पादन समिति | २,५६९ | ० | ०.०० | २,५६९ | | |

| क्र.सं. | समिति तर्फ | २०८२ आषाढ मसान्तसम्मको बेरुजुको प्रगति | | | | फछर्यौटका लागि तयारी अवस्थामा रहेको बेरुजु अङ्क | फछर्यौटको लागि तयारी अवस्थामा रहेको बेरुजु फछर्यौट भएमा हुने फछर्यौट प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | लगत अङ्क | फछर्यौट अङ्क | फछर्यौट प्रतिशत | बाँकी | | |
| ५ | नेपाल उखु तथा चिनी विकास समिति | १७५ | ० | ०.०० | १७५ | | |
| ६ | कमर्सियल एलायन्स | २,६४१ | ० | ०.०० | २,६४१ | | |
| ७ | राष्ट्रिय दुग्ध विकास बोर्ड | २,४६१ | ० | ०.०० | २,४६१ | | |
| ९ | पशु विकास फार्म (दो.मा.व्या.) | ७०३ | ० | ०.०० | ७०३ | | |
| १० | मत्स्य विकास केन्द्र (दो.मा.व्य.स.) हेटौंडा | १६ | ० | ०.०० | १६ | | |
| ११ | कृषि चुन उद्योग | १४,०६३ | ० | ०.०० | १४,०६३ | | |
| १२ | कृषि औंजार कारखाना | ८,१०९ | ० | ०.०० | ८,१०९ | | |
| | **जम्मा** | **१,८९,४२६** | **३७,३०९** | **१९.७०** | **१,५२,११७** | | |
| | **कूल जम्मा सरकारी निकाय र समिति समेत** | **९१,९६,२४९** | **३४,३५,२१०** | **३७.३५** | **५७,६१,०३९** | | |

# परिच्छेद-५

# ५. बजेट वक्तव्यमा समावेश भएका कृषि क्षेत्रसँग सम्बन्धित बुँदाहरूको प्रगति विवरण

## ५.१ नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा समावेश भएका मुख्य-मुख्य नीति तथा कार्यक्रमहरूको प्रगति

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ३१ | राष्ट्रिय कृषिको व्यावसायीकरण र आधुनिकीकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ। सरकारी, निजी, सहकारी तथा विकास साझेदारबाट कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्न विक्रम सम्वत् २०८१ देखि २०९१ सम्मको अवधिलाई कृषिमा लगानी दशक घोषणा गरिएको छ। भूगोल, बजार सम्भाव्यता एवम् पारिस्थितिकीय विशिष्टता अनुकूल संघ, प्रदेश र स्थानीय तहबाट कृषि उपजको विशेष क्षेत्र पहिचान गरी उत्पादन प्रवर्द्धन गरिनेछ। | • कृषिमा लगानी दशकको सोचपत्र तयार भएको।<br>• आर्थिक वर्ष २०८१/८२ बाट सुरुवात गरिएको लगानी दशकका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयको रूपान्तरणकारी योजनाका रूपमा रहेको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट परियोजनामार्फत समूह, सहकारी, निजी फर्महरूको लागत साझेदारीमा लगानी आकर्षण गर्न विभिन्न उद्यमशीलता विकास कार्यक्रमहरू सञ्चालन भएको।<br>• प्रधानमन्त्री कृषि आधुनीकीकरण परियोजनामार्फत हालसम्म विभिन्न बाली र वस्तुका २१ सुपरजोन, २ सय ०६ जोन, १ हजार ६ सय ६४ ब्लक र ९ हजार १ सय ६२ पकेटहरू निर्धारण भई विशेष क्षेत्र पहिचान भई कार्यक्रम सञ्चालन भएको। | |
| ३२ | कृषि उपजको उचित मूल्य र बजार सुनिश्चित गर्न सरकार, किसान र व्यवसायी सहभागी हुने गरी करार खेती प्रवर्द्धन गरिनेछ। कृषि उपज सङ्कलन, प्रशोधन र निर्यात गर्ने फर्मले स्थानीय कृषकलाई आवश्यक पर्ने मल, बीउ तथा अन्य सामग्री प्रदान गरी कृषि उत्पादन खरिद गर्ने सुनिश्चित गरेमा उत्पादित उपजको परिमाणको आधारमा मल, बीउ, कृषि प्रसार सेवा र कर्जामा ब्याज अनुदान प्रदान गरिनेछ। | • तीन तहकै सरकारहरूबाट कृषि उपजको मूल्य निर्धारणमा सहकार्य भई बजार संरचनाहरूसमेत निर्माण भएको। समितिमार्फत बजारहरू सञ्चालनमा रहेको। निजी क्षेत्र अनलाइन बजार र प्रविधिको समेत उपयोगबाट बजारीकरणमा सहजीकरण भएको।<br>• आर्थिक वर्ष २०८१/८२ का लागि धानको न्यूनतम समर्थन मूल्य (मोटा धानः रू. ३४१०.५१, मध्यम धानः रू. ३५८०.६२ र चैते धानः रू. २८००.६९/-प्रति क्विण्टल तोकिएको।<br>• उखुको खरिद मूल्य रू. ५८५ प्रति क्विण्टल तोकिएको।<br>• गहुँको न्यूनतमसमर्थन मूल्य रू. ३८६७ प्रति क्विण्टल तोकिएको।<br>• आर्थिक वर्ष २०८०/८१ मा क्रसिङ भएको उखु बापतको रू. ७० प्रति क्विण्टलका दरले रू. १ अर्ब ४४ करोड ९२ लाख ३८ हजार रकम प्रोत्साहन अनुदान रकम उपलब्ध गराइएको।<br>• खाद्य व्यवस्था तथा व्यापार कम्पनीमार्फत न्यूनतमसमर्थन मूल्यमा ११ हजार ७ सय मे. टन धान खरिद भएको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ३३ | सरकारी, सार्वजनिक, नदी उकास र निजी स्वामित्वमा रहेको बाँझो जमिन स्थानीय तहमा अभिलेखीकरण गरी कृषिबाली, फलफूल, तरकारी, घाँसेबाली, जडिबुटी, पशुपन्छीपालन र मत्स्यपालनमा उपयोग गर्न सक्ने व्यवस्था मिलाइनेछ। सामूहिक खेती प्रवर्द्धन गर्न सरकारी जमिन लिजमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। | • बाँझो जमिनलाई सदुपयोग गर्दै चाक्लाबन्दी खेतीलाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत Land Consolidation र Crop Pooling गरी आर्थिक वर्ष २०८१/८२ मा थप ८४० हेक्टर जमिनमा चक्लाबन्दी थप भई हालसम्म करिब ७ हजार ८ सय ४० हेक्टरमा चक्लाबन्दी खेती विस्तार भएको छ।<br>• मध्यपहाडी लोकमार्ग केन्द्रित कफी डेमोसट्रेसन प्लट, लुम्बिनी प्रदेशका कफी उत्पादन हुने सम्भावित जिल्लाहरूमा कफी डेमोसट्रेसन् प्लट र चक्लाबन्दी गरी ९९० रोपनी क्षेत्रफलमा कफी क्षेत्र विस्तार गरिएको। | |
| ३४ | हिमाल र पहाडमा ५० रोपनी र तराईमा १० विघाभन्दा बढी जमिन एकीकरण र चक्लाबन्दी गरी व्यावसायिकरूपमा सामूहिक खेती, पशुपन्छीपालन एवम् जडिबुटी खेती गर्ने व्यक्ति, फर्म तथा सहकारीलाई ब्याज अनुदान, प्राविधिक सहयोग र मेसिनरी आयातमा कर छुट प्रदान गरिनेछ। | • भूगोल सुहाउँदो विभिन्न बालीहरू र पशुपालनका लागि उपयुक्त क्षेत्रहरूमा सुपरजोन र जोन कार्यालयहरूमार्फत कार्यक्रम सञ्चालन भइरहेका १००० हेक्टरका सुपरजोन २१ वटा, ५०० हेक्टरका जोन २०६ वटा, १०० हेक्टरका ब्लक १६६४ वटा, १० हेक्टरका पकेट ९१६२ वटा सञ्चालनमा रहेका छन्।<br>• ९६ सङ्ख्यामा विभिन्न बालीको चक्लाबन्दी खेती सञ्चालन गर्ने माइलस्टोन रहेकोमा ७२ वटा चक्लाबन्दी खेतीबाट ८४० हेक्टरमा विभिन्न बालीको उत्पादन कार्य गरिएको।<br>• ब्याज अनुदान, प्राविधिक सहयोग, मेसिनरी वितरण, कष्टम हायरिङ सेवा र मेसिनरी आयातमा कर छुट सम्बन्धित निकायहरूबाट सेवा प्रदान गरिएको। | |
| ३५ | मसिनो तथा वासनादार धान, उखु, मकै, दूध, माछा, मासु, कफी, चिया, अदुवा, बेसार, अकबरे खुर्सानी, प्याज, आलु लगायतका कृषि बालीको उत्पादन प्रवर्द्धन गर्न उन्नत बीउ, सिँचाइ लगायतमा अनुदान उपलब्ध गराई उत्पादित उपजको बजार सुनिश्चित गरिनेछ। चैते धान र हिउँदे मकै विस्तारका साथै रैथाने बालीको उत्पादन तथा उपभोग प्रवर्द्धनका लागि आवश्यक रकम विनियोजन गरेको छु। | • अनुमति प्राप्त स्रोत बीउ उत्पादकहरूलाई बीउ बिक्रीको आधारमा प्रोत्साहन अनुदान (धान २०० मेट्रिक टन, गहुँ ३०० मेट्रिक टन, मकै ५० मेट्रिक टन) कार्यक्रमअन्तर्गत-५ वटा बीउ उत्पादक संस्थाहरूलाई बीउ बिक्रीको आधारमा कूल १४.९७९ मेट्रिक टन बीउका लागि रू. ३,४४,५१७ भुक्तानी गरिएको।<br>• सङ्घीय सशर्त अनुदानतर्फ चालु आ.व. मा चैते धान विस्तार कार्यक्रमको लागि ४ प्रदेशका ३७ स्थानीय तहमा प्रति पालिका रू. १० लाखका दरले, मसिना तथा बास्नादार धान विस्तार कार्यक्रमको लागि ७ प्रदेशका ३३ पालिकामा प्रति पालिका रू. १० लाखका दरले, हिउँदे मकै विस्तार कार्यक्रमको लागि ५ प्रदेशका २५ स्थानीय तहमा प्रति पालिका रू. ७ लाखका दरले, रैथाने बाली प्रवर्द्धन लागि ७ प्रदेशका ७१ स्थानीय तहमा प्रति पालिका रू. ६ लाखका दरले, बजेट विनियोजन गरिएको र स्थानीय तहहरूमार्फत कार्यक्रम सञ्चालन भएको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| | | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत चालु आ.व २०८१/८२ को स्वीकृत कार्यक्रमबमोजिम विभिन्न जिल्लामा ५९८९ हेक्टरमा चैते धान खेती विस्तार भई करिब २०००० मेट्रिक टन थप धान उत्पादन भएको, धान १३१४ हेक्टर, मकै ११२५ हेक्टर, गहुँ ६६४ हेक्टर, क्षेत्र विस्तार भएको यसका साथै स्याउ, ओखर, सुन्तला लगायतका फलफूल बालीको थप ६९४ हेक्टर नयाँ बगैंचा स्थापना भएको ३४८ हेक्टरमा आलु खेती विस्तार भएको र ३३३.८४ हेक्टरमा तरकारी खेतीबाट ५६६१० मेट्रिक टन तरकारी उत्पादन भई कृषकको आय वृद्धिमा सहयोग पुगेको। उक्त खेती तथा क्षेत्र विस्तारमा टेवा पुर्याउन आर्थिक वर्ष २०८१/८२ मा २८४१ वटा साना सिँचाइ निर्माण गरी ४२६० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा विस्तार गर्ने लक्ष्य रहेकोमा ३५५८ वटा साना सिँचाइ निर्माणबाट ६०३८हेक्टर र कृषि क्षेत्र विकास कार्यक्रम, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना सहितका कार्यक्रमहरूबाट जम्मा ६८२८ हेक्टर क्षेत्रमा सिँचाइ सुविधा विस्तार भएको। | |
| ३६ | एक सय विघाभन्दा ठूला चक्लामा वासनादार धान खेती गर्ने सात नमुना परियोजनालाई सहज रूपमा मल, बीउ, प्राविधिक सेवा तथा सहुलियतपूर्ण कर्जा उपलब्ध गराउने र बीमा प्रिमियममा छुट दिने व्यवस्था मिलाएको छु। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको लागि रू. २ अर्ब ९८ करोड विनियोजन गरेको छु। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत विभिन्न बाली र वस्तुका २१ सुपरजोन, २ सय ०६ जोन, १ हजार ६ सय ६४ ब्लक र ९ हजार १ सय ६२ पकेटहरू निर्धारण भई कार्यक्रम सञ्चालन भइरहेको छ।<br>• परियोजनामार्फत Land Consolidation र Crop Pooling गरी चालु आर्थिक वर्ष २०८१/८२ मा थप ८४० हेक्टर जमिनमा चक्लाबन्दी थप भई हालसम्म करिब ७ हजार ८ सय ४० हेक्टरमा चक्लाबन्दी खेती विस्तार भएको। आर्थिक वर्ष २०८१/८२ मा खाद्यान्न बालीहरूको क्षेत्रफल ९०५० हेक्टरले विस्तार भई ४००४२ हेक्टर पुगेको।<br>• वार्षिक लक्ष्य ८० वटा नर्सरी स्रोत केन्द्र स्थापना गर्ने रहेकोमा ८४ वटा सम्पन्न भएको र ५ वटा कष्टम हायरिङ सेन्टर स्थापना भएको। | |
| ३७ | पहाडी र उच्चपहाडी क्षेत्रका दुई हजार हेक्टर जग्गामा फलफूल खेती विस्तार गरिनेछ। आगामी आर्थिक वर्ष फलफूलको कम्तिमा सात लाख गुणस्तरीय बिरूवा उत्पादन गर्ने गरी चौध सरकारी फर्मको क्षमता विस्तार गरिनेछ। टिस्यु कल्चर प्रविधिद्वारा बिरूवा उत्पादन गर्न अत्याधुनिक प्रयोगशाला स्थापना गरिनेछ। फलफूल क्षेत्र विकासका लागि रू. १ अर्ब ४४ करोड विनियोजन गरेको छु। | • सुदूरपश्चिम, कर्णाली, गण्डकी प्रदेशका आयोजना कार्यान्वयन एकाइबाट सम्झौता भई स्याउ ओखर र किवीको बगैंचा स्थापना कार्यक्रम भएको। २५९.०५ हेक्टरमा नयाँ बगैंचा स्थापना भएको १०६७.५५ हेक्टरका लागि सम्झौता भई कार्यान्वयनका क्रममा रहेको।<br>• सरकारी फार्म केन्द्रहरू र निजी क्षेत्रका नर्सरीहरूबाट समेत गरी करिब ३ लाख ३६ बिरूवा उत्पादन भएको छ।<br>• आर्थिक वर्ष २०८१/८२ मा संघ/प्रदेश/नेपाल कृषि अनुसन्धान केन्द्र अन्तर्गतका १२ वटा सरकारी फार्म/स्रोत केन्द्रहरूको भौतिक पूर्वाधारहरूको सुदृढीकरण एवम् प्राविधिक क्षमता विकास भएको। ५ वटा तन्तु प्रजनन् प्रयोगशालाहरूबाट विभिन्न बालीहरूको निरोगी बीउ/बिरूवा उत्पादन भइरहेको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ३८ | संघ, प्रदेश र स्थानीय तहको सहकार्यमा मध्यपहाडमा राष्ट्रिय फल सुन्तला, हिमाल र उच्चपहाडमा स्याउ तथा तराई-मधेशमा आँप र केराको उत्पादन तथा निर्यात प्रवर्द्धनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। | • उच्चपहाडमा स्याउ, मध्यपहाडमा सुन्तला र तराई मधेशमा आँप र केरा उत्पादनका लागि कूल ७७ वटा स्थानीय तहहरूमा सङ्घीय सशर्त अनुदानका कार्यक्रम सञ्चालन भएको।<br>• आ.व. २०८१/८२ मा सुन्तालाजात फलफूल ३८४ हेक्टर, स्याउ १६० हेक्टर, उच्च घनत्व स्याउ २.६२ हेक्टर, ओखर १४८.२ हेक्टर आँप/लिची ८० र केरा ४० हेक्टर क्षेत्र विस्तार कार्यक्रम सञ्चालन हुनुका साथै १५७ वटा साना कृषि उद्यम स्थापना भई सञ्चालनमा आएको।<br>• निर्यात प्रवर्द्धनका लागि सुन्तलाजात फलफूलमा लाग्ने सिट्रस ग्रिनिङ रोगको पहिचान र नियन्त्रणका लागि नमुना सङ्कलन तथा ल्याब परीक्षण र नर्सरी सुदृढीकरण गरिएको।<br>• केरा मूल्य शृङ्खला प्रवर्द्धनका लागि १ सुपरजोन र ४ जोनमार्फत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामार्फत चक्लाबन्दी खेती, साना सिँचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार, उन्नत प्रविधिसहित क्षेत्र विस्तार, राइपेनिङ च्याम्बर निर्माण, कृषि यन्त्र औजार उपकरण सहयोग, टिस्यु कल्चर बिरूवा उत्पादन तथा वितरण सहयोग जस्ता कार्यक्रम सञ्चालन भएको। | |
| ३९ | कृषिको व्यावसायीकरणका लागि राजमार्ग केन्द्रित तीन सय उत्पादक संस्थालाई शुरूवाती पूँजी उपलब्ध गराउने र उत्पादित वस्तुको बजार सुनिश्चित हुने व्यवस्था मिलाएको छु। यसका लागि रू. १ अर्ब १२ करोड विनियोजन गरेको छु।<br>कृषकलाई समयमै मलखाद आपूर्ति सुनिश्चित गर्न अनुदानको लागि रू. २७ अर्ब ९५ करोड विनियोजन गरेको छु। | • बजार प्रर्वद्धनका लागि राजमार्ग केन्द्रित ३०० उत्पादक संस्थाहरूलाई Start-up Grant अनुदान उपलब्ध गराउने सन्दर्भमा २९८ वटा उपआयोजना कार्यान्वयनका लागि सम्झौता सम्पन्न भएकोमा १८७ वटा सञ्चालन भएको र सम्झौता भएका उप आयोजनाहरूबाट जम्मा ८,७३८ जना कृषकहरू लाभान्वित भएकोमा सञ्चालित उपआयोजनाहरूबाट कूल १५,२५३ रोजगारी सृजनासमेत भएको।<br>• बालीको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि बाली लगाउने समयमा रासायनिक मलको उपलब्धता सुनिश्चित गरिएको छ। ५ लाख ५० हजार मे. टन रासायनिक मल खरिदका लागि वार्षिक बजेट कूल २७ अर्ब ९५ करोड विनियोजन भएकोमा दुग्ध विकास संस्थानलाई ५९ करोड ऋण प्रवाहपश्चात् कायम भएको २७ अर्ब ३६ करोडमध्ये करिब ९८% बजेट खर्च भई ४ लाख ८८ हजार ७ सय ३७ मे. टन आयात, करिब ४ लाख ४१ हजार मे. टन मल बिक्रीवितरण भई करिब ७८ हजार मे. टन मल हाल मौज्दात रहेको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ४० | जैविक एवम् प्राङ्गारिक मलको उत्पादन तथा उपयोगलाई प्रवर्द्धन गरिनेछ। रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गरिनेछ। | • मिति २०८१/०४/२८ देखि ३२ गते FAO को संयुक्त आयोजनामा "Mass production of biopesticides and their use in agricultural pest management" सम्बन्धी तालिम विभिन्न प्रादेशिक प्रयोगशालाहरूको सहभागितामा सञ्चालन गरिएको र सो तालिममा उत्पादन गरिएको सुक्ष्म जीवहरूको Mother culture प्रादेशिक प्रयोगशालाहरूमा कार्यरत कर्मचारीहरूलाई आफ्नो क्षेत्रमा उत्पादन गर्न आवश्यकताअनुसार उपलब्ध गराइएको।<br>• जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र नियमावली, २०८१ कार्यान्वयनका लागि जीवनाशक विषादीको व्यावसायिक इजाजत पत्रका लागि तालिम सञ्चालन कार्यविधि, २०८१ मन्त्रालयबाट तथा जीवनाशक विषादीको पञ्जीकरण गर्ने प्रक्रिया तथा कार्यविधि, २०८१ केन्द्रबाट स्वीकृत भई कार्यान्वयनमा आएको।<br>• जीवनाशक विषादी व्यवस्थापन ऐन, २०७६ र जीवनाशक विषादी व्यवस्थापन नियमावली, २०८१ बमोजिम नेपालमा उत्पादित घरेलु, वनस्पतिजन्य र जैविक विषादीको पञ्जीकरण प्रक्रिया सरलीकृत गरिएको तथा पञ्जीकरणमा दस्तुर नलाग्ने व्यवस्था गरिएको।<br>• नेपाल राष्ट्रिय एकद्वार प्रणालीमार्फत जीवनाशक विषादीको आयात व्यवस्थापन गरी नेपालमा पञ्जीकृत जीवनाशक विषादीको आयातलाई प्रभावकारी नियमन गरिएको ।जीवनाशक विषादी व्यवस्थापन नियमावली २०८१ अनुसार यस अवधिमा १८० जना विषादी आयातकर्ताहरूलाई प्रमाणपत्र वितरण तथा १२० वटा विषादी भण्डारण कक्षको अनुगमन गरी ८० जनालाई इजाजतपत्र वितरण गरिएको।<br>• खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र केन्द्रीय कृषि प्रयोगशालाबाट करिब ९५ हजार नमुना परीक्षण गरी तरकारी, फलफूलमा देखिएको विषादीको अवशेष न्यूनीकरणमा पहल गर्ने कार्य गरिएको।<br>• प्राङ्गारिक तथा जीवाणु निर्देशिका, २०७८ को व्यवस्थाअनुसार, वार्षिक उत्पादन क्षमताको आधारमा स्थानीय तह र प्रदेश मन्त्रालयमा सूचीकृत हुने एवम् नियमन गर्ने व्यवस्था गरिएको र विभिन्न प्रदेश मन्त्रालयबाट अनुदानमा प्राङ्गारिक मल प्रयोग वितरणका कार्यक्रमहरू सञ्चालन भएको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ४१ | प्रमुख व्यापारिक शहरमा सरकारी र निजी क्षेत्रको सहकार्यमा कृषि बाली, प्रमुख व्यापारिक शहरमा सरकारी र निजी क्षेत्रको सहकार्यमा कृषि बाली, पशुपन्छी र फलफूलको अक्सन सेन्टर स्थापना गरिनेछ। कृषि बजार क्षेत्रमा निश्चित प्रतिशत स्थान किसानका लागि होल्डिङ यार्ड सञ्चालन गर्न उपलब्ध गराइनेछ। | • यस कार्यका लागि कुनै पनि बजेट तथा कार्यक्रम नभएकोले कार्य प्रगति हुन नसकेको। तर कृषि बजार क्षेत्रमा निश्चित प्रतिशत स्थान किसानका लागि होल्डिङ यार्ड अर्थात किसान बजारको लागि स्थान भने उपलब्ध गराई बजार सञ्चालन भएको। | |
| ४२ | कृषि उपजको निर्यात प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय र प्रमुख आन्तरिक विमानस्थलमा शीत भण्डार स्थापना गरिनेछ। निर्यात गरिने कृषि उपजको प्रमाणीकरण र प्रयोगशाला परीक्षण शुल्कमा सहजीकरण गरिनेछ। | • खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागअन्तर्गत राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला अन्तर्राष्ट्रिय मान्यता प्राप्त ISO/IEC १७०२५: २०१७ बाट प्रमाणिकृत भई निर्यातजन्य खाद्य पदार्थ विशेष गरी छुर्पी, तयारी चाउचाउ, फ्रुटजुस, चिया, अचार, भेली (Molasses), मुसुरोको दाल, डेरी घ्यू, महलगायत कृषिजन्य खाद्य पदार्थको गुणस्तर परीक्षण तथा प्रमाणीकरण कार्य प्राथमिकताका साथ अन्तर्राष्ट्रिय प्रयोगशाला तथा निजी प्रयोगशालाहरूभन्दा सहुलियत दररेटमा गरी सहजीकरण गरिएको।<br>• भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल साथै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलबाट क्वारेन्टाइन सेवा सञ्चालन गर्न क्वारेन्टाइन कार्यालय तथा चेकपोष्टको सङ्गठन संरचना र दरबन्दी तेरिज मन्त्रिपरिषद्बाट मिति २०८१/१२/११ मा स्वीकृत भई कार्यान्वयनमा आएको।<br>• ISO/IEC १७०२५: २०१७ बाट अन्तर्राष्ट्रिय मान्यता प्राप्त राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशालाको एक्रिडिटेशन क्षेत्र विस्तार गरी ३०९ पारामिटरबाट ८६० भन्दा बढी पारामिटरको लागि एक्रिडिटेशन तथा Integrated Laboratory Assessment कार्य सम्पन्न भएको। | |
| ४३ | कृषि उपजको धितोमा समेत सहजरूपमा कर्जा प्रवाह हुने व्यवस्था मिलाइनेछ। प्रतिफल प्राप्त हुन लामो अवधि लाग्ने कृषि तथा फलफूल व्यवसायमा उत्पादन पूर्वको अवधिको कर्जाको ब्याजमा अनुदान दिने व्यवस्था मिलाएको छ। | • स्वीकृत कार्यविधिअनुसार नेपाल राष्ट्र बैंकबाट कर्जाको ब्याजमा अनुदान प्रवाहमा सहजीकरण भई वितरण भएको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ४४ | प्रदेश, स्थानीय तह र निजी क्षेत्रसमेतको सहकार्यमा सबै प्रदेशमा गाईभैंसीपालन स्रोत केन्द्रको विकास गरिनेछ। स्वदेशमा नै बढी उत्पादन क्षमता भएका दुधालु पशु उत्पादन गर्न गाई र भैंसीमा नश्ल सुधारका लागि रू. ३८ करोड विनियोजन गरेको छु। | • राष्ट्रिय पशु प्रजनन् कार्यालय कास्की, लहान, नेपालगन्जबाट करिब १२ लाख ८७ हजार डोज जमेको वीर्य उत्पादन, खरिद तथा वितरण भएको, करिब ७ लाख ५३ हजार ३ सय ६० गाई, भैंसी र बाख्रामा सफल कृत्रिम गर्भाधान भएको।<br>• ५०१ वटा स्थानीय तहहरूमा नश्ल सुधार कार्यक्रम सञ्चालन गर्न ७ करोड ४ लाख विनियोजन भएको छ १२ वटा स्थानीय तहहरूमा गाईभैंसी स्रोत केन्द्र स्थापनाका लागत साझेदारी कार्यक्रमका लागि रू. ६१ लाख ८० हजार बजेट विनियोजन भएको। | |
| ४५ | पशुपन्छीको महामारी रोग नियन्त्रणका लागि आगामी वर्ष पाँच करोड डोज खोप उत्पादन गरिनेछ। आगामी तीन वर्षभित्र पि.पि.आर. र क्लासिकल स्वाईन फिवर रोग उन्मूलन गर्ने गरी निःशुल्क खोप अभियान सञ्चालन गरिनेछ। खोरेत रोग नियन्त्रण गर्न सघन खोप कार्यक्रम सञ्चालन गरिनेछ। खोप उत्पादन तथा सेवा सञ्चालनका लागि रू. ४० करोड व्यवस्था गरेको छु। | • पशु सेवा विभाग मातहतको राष्ट्रिय खोप उत्पादन प्रयोगशाला, त्रिपुरेश्वरबाट ४ करोड ३५ लाख डोज पशुपन्छीको खोप उत्पादन भएको।<br>• आर्थिक वर्ष २०८१/८२ मंसिर १ गतेदेखि केन्द्रीय पशुपन्छी रोग अन्वेषण प्रयोगशाला र पाँच वटा पशुपन्छी रोग अन्वेषण प्रयोगशालामा ल्याबरेटोरी ईन्फ्रमेसन म्यानेजमेन्ट सिस्टम (LIMS-Laboratory Information Management System) सञ्चालनमा आएको।<br>• सङ्घीय सरकार र प्रदेश सरकारको संयुक्त पहलमा कोशी प्रदेशको इलाम जिल्लाका ३ वटा क्षेत्रमा खोरेत रोग मुक्त क्षेत्र घोषणाका लागि जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन भएको। चीन सरकारसँग राँगाभैंसीको मासु निर्यातका लागि भएको सम्झौताअनुसार उत्पादन वृद्धि गर्न बागमती प्रदेशका सिन्धुली र मकवानपुर जिल्लाका केही स्थानीय तहहरूमा समेत खोरेत रोग मुक्त क्षेत्र घोषणाका लागि जोनिङ तथा कम्पार्टमेन्टलाइजेसन कार्य बागमती प्रदेश सरकारको समन्वयमा चार किल्ला घोषणा भएको।<br>• पि.पि.आर., क्लासिकल स्वाइन फिवर र भ्यागुते/चरचरे रोग विरुद्ध १ करोड ३८ लाख ७० हजार ४८१ डोज खोप प्रदेश र स्थानीय तहहरूसँग समन्वय गरी निःशुल्क रूपमा लगाउने कार्य भएको। | |
| ४६ | निजी क्षेत्र र स्थानीय समुदायको सहभागितामा म्याग्दी, मुस्ताङ, मनाङ, गोरखा र धादिङ जिल्लाको हिमाली क्षेत्रमा कस्तुरी मृग लगायतका वन्यजन्तु पालन गर्ने व्यावसायिक फार्म स्थापना गरिनेछ। | • कस्तुरी मृग लगायतका वन्यजन्तु पालन प्रविधि अध्ययन कार्यहरू भएको र कुनै पनि व्यवसायीले हालसम्म कस्तुरी मृग पालनको अनुमति नलिएको। | |

| बुँदा नं. | बजेट वक्तव्यको संक्षिप्त विवरण | भौतिक प्रगतिको अवस्था (इकाई/परिमाण र प्रगति प्रतिशत) | कैफियत |
|---|---|---|---|
| ४७ | उखुखेती प्रवर्द्धनका लागि किसानलाई प्रोत्साहन गर्न रू. २ अर्ब २५ करोड विनियोजन गरेको छु।<br>साना किसानको बाली तथा पशुपन्छी बीमाको प्रिमियममा अनुदान प्रदान गर्न रू. १ अर्ब ६५ करोड छुट्टयाएको छु। | • आर्थिक वर्ष २०८०/८१ मा क्रसिङ भएको उखु कृषकहरूलाई अनुदान बापत रू. ७० प्रति क्विण्टलका दरले रू. १ अर्ब ४४ करोड ९२ लाख ३८ हजार रकम प्रोत्साहन अनुदान रकम उपलब्ध गराइएको।<br>• बाली तथा पशुधन बीमाको प्रिमियममा दिइने अनुदानबापत रू. १ अर्ब ६० करोड १६ लाख ७७ हजार ९ सय ४४ रकम नेपाल बीमा प्राधिकरणमार्फत बीमा कम्पनीहरूलाई भुक्तानी गरिएको। बाली तथा पशुधन बीमालाई वैज्ञानिक, व्यवस्थित र रियलटाइममा आधारित बनाउने सफ्टवेयर निर्माण भएको। बालीतर्फ १ हजार ६ सय चौतीस र पशुतर्फ १ लाख ६६ हजार ७ सय गरी कूल १ लाख ६८ हजार ३ सय पैतालीस बाली तथा पशुधन बीमालेख जारी भएको छ। बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने कार्यविधि, २०८१ स्वीकृत भई २०८१ कार्तिक १ बाट कार्यान्वयनमा आएको। | |
| ४८ | कृषि अनुसन्धानमा संलग्न कृषि अनुसन्धान परिषद् लगायतका निकायको क्षमता अभिवृद्धि गरिनेछ। आगामी आर्थिक वर्ष थप ७५ कृषि प्रविधिको विकास गरिनेछ। कृषि अनुसन्धान तथा विकासतर्फ रू. ३ अर्ब ५२ करोड विनियोजन गरेको छु। | • जातीय विकास उपलब्धिको सन्दर्भमा विभिन बालीहरूका जातहरू धान-१, स्याउ-३, एभोकाडो ३, मेकाडेमिया नट-१, भण्टा-१, स्थानीय स्याउ ३ र रैथाने जातहरू ८ वटा (धान-४, रायो-२, काँक्रो-१, अकबरे खुर्सानी-१ गरी २० वटा जातहरू सूचित (सूचीकृत १)/पञ्जीकृत (१९ वटा) तथा पञ्जीकरण भएको।<br>• कृषि प्रविधि विकास कार्यक्रमअन्तर्गत अन्नबालीको २३, बागवानीको २५, पशुपालनको १२, मत्स्यपालनको ८, खाद्यको ४ र कृषि यान्त्रीकरणको ३ गरी जम्मा ७५ प्रविधि विकास भएको।<br>• पशु सेवा विभागमार्फत र नेपाल कृषि अनुसन्धान परिषद्बाट ७ करोड ८१ लाख माछा भुरा उत्पादन तथा वितरण भएको।<br>• स्रोत सामग्री उत्पादन कार्यक्रमअन्तर्गत आर्थिक वर्ष २०८१/८२ मा विभिन्न बालीनालीका स्रोत बीउ (प्रजनन् र मूल) उत्पादन लक्ष्य ९०० मेट्रिक टन रहेकोमा ३१७ मेट्रिक टन स्टोर दाखिला भइसकेको छ। | |
| ४९ | औषधीय प्रयोजनको लागि गाँजाको व्यावसायिक उत्पादन गर्न कानुनी व्यवस्था मिलाइनेछ। | • गृह मन्त्रालयको सहसचिवको नेतृत्वमा गाजा खेती एवम् यसको उपयोग सम्बन्धमा कार्यदल गठन गरी यसको सम्भाव्यता सम्बन्धी प्रतिवेदन तयार भएको। | - |
| ५० | कृषि तथा पशुपन्छी विकास मन्त्रालयको लागि रू. ५७ अर्ब २९ करोड विनियोजन गरेको छु। | • सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०८१/८२ मा चालु तथा पूँजीगत खर्चको लागि जम्मा रू. ४९ अर्ब ६९ करोड ७० लाख ५२ हजार विनियोजन भएकोमा चालुतर्फ ८५.०३ प्रतिशत तथा पूँजीगततर्फ ६५.४६ प्रतिशत खर्च भई जम्मा ८४.५५ प्रतिशत खर्च भएको। | |

## ५.२ बजेट वक्तव्य २०८१/८२ को अनुसूची १४ मा उल्लेखित मन्त्रालयसँग सम्बन्धित बजेटका अपेक्षित उपलब्धिको सूचकहरूको प्रगति विवरण

| क्र.सं. | क्षेत्रगत कार्यक्रम | उपक्षेत्रगत कार्यक्रम | इकाई | आ.व. २०८१/८२ को लक्ष्य | आ.व. २०८१/८२ को प्रगति | आ.व. २०८१/८२ सम्मको प्रगति |
|---|---|---|---|---|---|---|
| १ | कृषि | प्रमुख खाद्यान्न उत्पादन | मे. टन हजारमा | ११,०४५ | ११,२३९ | ११,२३९ |
| | | धान | मे. टन हजारमा | ५,७३५ | ५,९५५ | ५,९५५ |
| | | मकै | मे. टन हजारमा | ३,०९५ | ३,१९९ | ३,१९९ |
| | | गहुँ | मे. टन हजारमा | २,२१५ | २,०८५ | २,०८५ |
| | | आलु | मे. टन हजारमा | ३,६७५ | ३,५७७ | ३,५७७ |
| २ | पशुपन्छी | दूध | लिटर हजारमा | २,६४३ | २,७५१ | २,७५१ |
| | | माछा | मे. टन | १२४ | १२६ | १२६ |
| | | मासु | मे. टन हजारमा | ४३४ | ४६४ | ४६४ |

# परिच्छेद-६

# ६. कृषि विकास रणनीति कार्यान्वयन संक्षिप्त प्रगति विवरण

कृषि विकास रणनीति ई.सं. २०१५ देखि २०३५ सम्मका लागि नेपालको समग्र कृषि क्षेत्रका कार्यक्रमहरूलाई मार्गनिर्देश गर्ने गरी नेपाल सरकारबाट सन् २०१५ मा स्वीकृत भई लागू भएको दस्तावेज हो। यस रणनीतिले कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर १० वर्षे कार्ययोजना र मार्गचित्रसहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ। "आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने र खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मूख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" कृषि विकास रणनीतिको दुरदृष्टि रहेको छ। सुशासन, उच्च उत्पादकत्व, नाफामूखी व्यावसायीकरण र प्रतिस्पर्धा वृद्धि जस्ता ४ वटा सम्भागहरू, ३५ वटा प्रतिफल सूचक र २३२ वटा क्रियाकलापहरू कृषि विकास रणनीतिमा समावेश गरिएका छन्। यस विकास रणनीतिमा फ्ल्यागसीप कार्यक्रम, आधार कार्यक्रमहरू र अन्य कार्यक्रमहरू गरी ३ प्रकारका कार्यक्रमहरू रहेका छन्।

## ६.१ कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् परिमार्जन

कृषि विकास रणनीतिमा नियमित अनुगमन र आवधिक पुनरावलोकन तथा मूल्याङ्कनमार्फत निरन्तर रूपमा विकास तथा सुधार गर्ने प्रावधान रहेको छ। साथै प्रत्येक ५ वर्षमा आवधिक समीक्षा गर्ने नीतिगत प्रावधानसमेत रहेको छ। देशमा सङ्घीयता लागू हुनु अघि स्वीकृत भएको यस दस्तावेजलाई बदलिदो सङ्घीय संरचनामा अन्तर सरकार समन्वयलाई प्रभावकारी बनाई समग्र कृषि क्षेत्रको विकास गर्नुको साथै खाद्य तथा कृषि प्रणालीमा पछिल्ला समय देखिएका समस्याहरूको सम्बोधनका लागि समयसापेक्ष परिमार्जन गर्न आवश्यक देखिन्छ। यही आवश्यकतालाई मध्यनजन गरी रणनीतिको प्रावधानअनुसार रणनीतिको कार्यान्वयन समीक्षा गर्नुका साथै पुनरावलोकन तथा पुनर्लेखन गरी रणनीतिलाई प्रदेशस्तरमा समेत कार्यान्वयन योग्य बनाउने उद्देश्यले कृषि तथा पशुपन्छी विकास मन्त्रालयले आ.व. २०८०/८१ देखि कृषि विकास रणनीति (२०१५-३५) को समीक्षा एवम् परिमार्जन कार्यक्रम सुरुवात गरेको छ। साथै यसबीच रणनीतिको मूल मर्मलाई आत्मसात् गर्दै खाद्य तथा कृषि प्रणालीको वर्तमान अवस्था र प्रादेशिक विशेषतासमेतलाई समेट्दै सातै प्रदेशमा प्रादेशिक कृषि विकास रणनीति (PADS) तयार भइरहेको छ। हालसम्म सुदूरपश्चिम प्रदेश, लुम्बिनी र कर्णाली प्रदेशमा स्वीकृत भइसकेको छ र अन्य प्रदेशमा क्रमशः स्वीकृतिको चरणमा रहेको छ।

कृषि तथा पशुपन्छी विकास मन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समितिको २०७९/०३/२४ र २०८०/१२/०९ को बैठकको अन्तराष्ट्रिय विकास साझेदार निकायहरू (DPs) सँगको सहकार्यमा कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् समयानुकूल परिमार्जन गर्ने निर्णय एवम् नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८०/१०/०५ को विकास साझेदारहरूको प्राविधिक सहायता परिचालनका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयलाई प्रदान गरेको सहमतिअनुरूप नेपालको कृषि विकासको क्षेत्रमा कार्यरत पाँच विकास साझेदारहरूको प्राविधिक सहयोगमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले कृषि विकास रणनीतिको कार्यान्वयन समीक्षा एवम् समयानुकूल परिमार्जन कार्य अगाडि बढाएको थियो। यस कार्यमा Asian Development Bank (ADB), Food and Agriculture Organization of the United Nations (FAO), International Fund for Agriculture Development (IFAD), United Nations Development Programme (UNDP), र U.S. Agency for International Development (USAID) ले आ-आफ्नो कार्यक्षेत्रगत

विशिष्टीकरणअनुसार प्राविधिक एवम् विशेषज्ञ सहयोग प्रदान गरेका थिए। रणनीतको कार्यान्वयन समीक्षा एवम् परिमार्जन कार्यक्रमअन्तर्गत आ.व. २०८१/८२ मा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको नेतृत्वमा पाँच विकास साझेदार निकायहरू (FAO, USAID, ADB, IFAD, UNDP) समेतको सहयोगमा सम्बन्धित क्षेत्रका १२ जना विषय विशेषज्ञमार्फत सातवटै प्रदेशमा स्थानीय तहलगायत सम्बन्धित सरोकारवाला निकायहरू समेतको संलग्नतामा प्रादेशिक अन्तरक्रिया एवम् छलफल कार्यक्रमहरू सञ्चालन गर्नुका साथै राष्ट्रियस्तरमा समेत विभिन्न सरोकारवाला निकायहरूको सहभागितामा राष्ट्रिय अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिएको थियो। यसका अलावा विभिन्न स्रोत सामग्री र प्रतिवेदनहरूको अध्ययन गरी तयार गरिएको कृषि विकास रणनीति समीक्षा एवम् परिमार्जनाको मस्यौदा प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा प्राप्त भएको छ।

## ६.२ कृषि विकास रणनीति (ADS) ले राखेको परिकल्पनाका सूचक अनुसार लक्ष्यहरू तर्फको प्रवृत्ति र प्रगति

नेपालको कृषि क्षेत्रलाई मार्गनिर्देश गर्नका लागि २० वर्षको दीर्घकालीन सोच र १० वर्षे कार्ययोजनासहित स्वीकृत भएको कृषि विकास रणनीति, २०७२ कार्यान्वयनले आ.व. २०८१/८२ मा नौ आर्थिक वर्ष पूरा गरिसकेको छ। "आर्थिक वृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मूख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र" भन्ने परिकल्पनाका सूचकअनुसार लक्ष्यहरूको प्रवृति र प्रगति तालिका १ मा प्रस्तुत गरिएको छ।

**तालिका १: ADS सूचकहरूको हालको प्रगति अवस्था**

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८१/८२) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| आत्मनिर्भरता (Self-reliant) | खाद्यान्नमा आत्मनिर्भरता | खाद्यान्नमा १६% व्यापार घाटा | ०% व्यापार घाटा | आ.व. २०८१/८२ मा रू. ६०.७८ अर्ब बराबरको खाद्यान्न आयात भएको देखिन्छ भने ९.७४ करोड बराबरको निर्यात भएको देखिन्छ। खाद्यान्न निर्यातको अंश आयातको ०.५ प्रतिशतभन्दा कम छ। | भन्सार विभाग (https://customs.gov.np/content/10/statistics-a--and-2081-82/) |
| दिगोपन (Sustainable) | वर्षैभरि सिँचाइ (Year Round Irrigation) | २५.२०% | ३५% | २५% (२०७९/८०) | National Planning Commission, सोह्रौं योजना (आ.व २०८१/८२-२०८५/८६) |

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८१/८२) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| | माटोमा प्राङ्गारिक पदार्थ (Soil organic matter) | १.९६% | ३% | ३.४०% (२०८०/८१) | Nepal Digital Soil Map http//soil.narc.gov.np/ soilmap |
| | हैसियत बिग्रिएको जमिन (Degraded land) | ३.७२ मिलियन हेक्टर | २.८८ मिलियन हेक्टर | आ.व. २०७४/७५ मा १५,४६० हे. २०७५/७६ मा २०,८८२ हे. जमिनको पुनस्थापना | वन तथा वातावरण मन्त्रालयको रेकर्ड, २०१९ (unpublished) Government of Nepal, Second Nationally Determined Contributions, submitted to UNFCCC. 2020. |
| | जङ्गलले ढाकेको क्षेत्रफल (Forest Coverage) | ४४.७% | ४४.७% | कूल भू-भागको ४३.३८% वन र २.७०% झाडी तथा बुट्यान क्षेत्रले ओगटेकोले समग्रमा वनको कूल क्षेत्रफल ४६.०८% रहेको। (आ.व. २०८१/८२) | आर्थिक सर्वेक्षण २०८१/८२ |
| | जमिनको उत्पादकत्व (Agricultural land productivity) (AGDP/हे.) | ३२७८ अमेरिकी डलर | ४१८४ अमेरिकी डलर | ४१४३ अमेरिकी डलर (आ.व. २०७८/७९) | राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय कृषि गणना २०७८/७९ को कृषिका लागि भूमि प्रयोग (२१२२००० हे.) र सोही वर्षको औसत विनिमय दरलाई ध्यानमा राखेर कृषि Gross Value Added (GVA) मा आधारित रही गरिएको अनुमान। |

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८१/८२) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| | कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको योगदान (Agribusiness as % GDP) | ८% | ९% | ९.७९% (आ.व. २०७७/७८) | चिया, तरकारी, दुध, कुखुरा, मासु र अण्डाको AGDP शेयरमा आधारित रही गरिएको अनुमान। AGDP को स्रोत अर्थ मन्त्रालयबाट प्रकाशित आर्थिक सर्वेक्षण, २०७७/७८ |
| प्रतिस्पर्धी (Competitive) | कृषि व्यापार सन्तुलन (Agriculture trade balance) | व्यापार घाटा ११२३ मि.अमेरिकी डलर | व्यापार घाटा १०७३ मि.अमेरिकी डलर | आ.व. २०८१/८२ मा व्यापार घाटा २ खर्ब ४ अर्ब। कृषिजन्य वस्तुको निर्यात: १ खर्ब ५६ अर्ब, कृषिजन्य वस्तुको आयात: रू. ३ खर्ब ६० अर्ब | भन्सार विभाग (https://customs.gov.np/content/10/statistics-a--and-2081-82/) (१ देखि २१ सम्मको HS code प्रयोग गरी निकालिएको) |
| | कृषिजन्य निर्यात (Agricultural Export) | २२५ मि.अमेरिकी डलर | ४५६ मि.अमेरिकी डलर | १ खर्ब ५६ अर्ब, (आ.व. २०८१/८२) | भन्सार विभाग (https://customs.gov.np/content/10/statistics-a--and-2081-82/) |
| समावेशी (Inclusive) | महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत (% of farm land owned by women or joint ownership) | १६% | २०% | २३.८% | राष्ट्रिय कृषि गणना २०७८ |
| | कृषि कार्यक्रमको पहुँचभित्रका कृषक प्रतिशत (% of farmers reached by agriculture programs) | १८.२% | २२% | २०% | कृषि विभागले गरेको अनुमानअनुसार आ.व. २०७४/७५ मा लगभग २० % पुगेको र त्यसपछिको लागि कुनै तथ्याङ्क फेला नपरेको। |

| सोच सम्भागहरू | सूचकहरू | आधार तथ्याङ्क (आ.व. २०७२/७३) | अल्पकालीन लक्ष्य (पहिलो ५ वर्ष) | हालसम्मको प्रगति (आ.व. २०८१/८२) | सूचकका स्रोतहरू |
|---|---|---|---|---|---|
| वृद्धि (Growth) | कृषि क्षेत्रको कूल गाहर्थ्य उत्पादनको औसत वृद्धिदर (Average annual growth of AGDP) | २.२३% | ४% | आ.व.२०८०/८१ मा ३.३५% रहेको र आ.व. २०८१/८२ मा ३.२८% रहने अनुमान गरिएको। | आर्थिक सर्वेक्षण २०८१/८२ |
| जीविकोपार्जन | कृषि क्षेत्रको कूल गाहर्थ्य उत्पादन/कृषि श्रमिक (AGDP/ Agricultural labor) | ८३५ अमेरिकी डलर | १,०२९ अमेरिकी डलर | १,०२४ अमेरिकी डलर | राष्ट्रिय कृषि गणना २०७८ को १० वर्ष माथिका कृषिमा संलग्न जनसङ्ख्या (५७.३ प्रतिशत) र सोही वर्षको कृषि क्षेत्रको Gross Value Addition (GVA) र औसत विनिमय दरका आधारमा अनुमान गरिएको। |
| | ग्रामीण गरिबी (Poverty in rural areas) | २४.३% | १९% | २४.६६% | चौथो राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण २०२२/२३ |
| खाद्य तथा पोषण सुरक्षा | खाद्य जनित गरिबी (Food Poverty) | २७.६% | १९% | १७.३% | राष्ट्रिय तथ्याङ्क कार्यालयले विज्ञलाई छलफलका क्रममा उपलब्ध गराएको तथ्याङ्कमा आधारित |
| | पोषण: | | | | |
| | पुड्कोपन-५ वर्षमुनि | ३७.४% | २९% | २५% | नेपाल जनसाङ्खिक र स्वास्थ्य सर्वेक्षण २०२२ |
| | कम तौल-५ वर्ष मुनि % | ३०.१% | २०% | १९% | |
| | सुकेनास-५ वर्षमुनि % | ११.३% | ५% | ८% | |
| | BMI-१८.५ भन्दा कम भएका महिला % | १८.१% | १५% | १०% | |

## सम्भाग १: आत्मनिर्भरता

यस सम्भागअन्तर्गत खाद्यान्नमा आत्मनिर्भरता एक मात्र सूचक रहेको छ। यो सूचक खाद्यान्नमा रहेको व्यापार घाटा न्यूनीकरणसँग सम्बन्धित छ। आधार वर्ष आ.व. २०७२/७३ मा १६% रहेको खाद्यान्नको व्यापार घाटा आ.व. २०७७/७८ सम्ममा शून्यमा झार्ने यस सूचकको लक्ष्य रहेकोमा हालका वर्षहरूमा खाद्यान्न उत्पादनमा वृद्धि भए तापनि उपलब्ध तथ्याङ्कले खाद्यान्नको व्यापार घाटा देखाउँछ।

आ.व. २०७२/७३ मा रू. ३९.०२ अर्ब बराबरको खाद्यान्न आयात भएको थियो भने रू. १.६ करोड बराबरको निर्यात भएको थियो। आ.व. २०८१/८२ मा रू. ६०.७८ अर्ब बराबरको आयात भएको देखिन्छ भने निर्यात ९.७४ करोड बराबरको निर्यात भएको देखिन्छ। उपलब्ध तथ्याङ्कलाई हेर्दा विगत ९ वर्षहरूमा खाद्यान्नको निर्यातको अंश आयातको ०.५ प्रतिशतभन्दा कम देखिन्छ।

बढ्दो खाद्यान्न आयातको प्रमुख कारणका रूपमा उपभोक्ताहरूको क्रयशक्तिमा भएको वृद्धिसँगै खाने बानीमा आएको परिवर्तन र स्थानीय खाद्यान्नहरूभन्दा आयातित चामल र अन्य खाद्य पदार्थहरूमा बढ्दो आकर्षकलाई लिन सकिन्छ। खाद्यान्न आयात बढ्नुका अन्य कारणहरूमा जलवायु परिवर्तनका कारण मनसुनमा हुने उतारचढावबाट खाद्यान्न उत्पादनमा हुने ह्रास, उत्पादन सामग्रीहरू आपूर्ति र वितरण व्यवस्था सुव्यवस्थित नहुनु, र धान उत्पादक कृषक र निर्यात गर्ने व्यापारी बीचमा अनौपचारिकरूपमा हुने कारोबार राष्ट्रिय तथ्याङ्कमा समेटिनसमेत नसक्दा खाद्यान्न आयात चुलिदो र निर्यात घट्दो देखिन्छ।

## सम्भाग २: दिगोपन

यस सम्भागअन्तर्गत वर्षैभरि सिँचाइ, माटोमा प्राङ्गारिक पदार्थ, हैसियत बिग्रिएको जमिन, जङ्गलले ढाकेको क्षेत्रफल, जमिनको उत्पादकत्व र कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको प्रतिशत गरी ६ वटा सूचकहरू रहेका छन्।

**वर्षैभरी सिँचाइः** वर्षैभरी सिँचाइ हुने क्षेत्रफलमा वृद्धि दिगोपना सम्भागको प्रमुख सूचकहरूमध्ये एक हो। यस रणनीतिले रणनीति कार्यान्वयनको पाँच वर्षमा वर्षभरी सिँञ्चित क्षेत्रफल प्रतिशत २५.२ बाट ३५ पुर्याउने लक्ष्य लिएको छ। राष्ट्रिय योजना आयोगबाट प्रकाशित १६औं आवधिक योजना अनुसार आ.व. २०७९/८० सम्ममा देशको कूल कृषि योग्य जमिनको २५% क्षेत्रमा बाहै महिना सिँचाइ सुविधा पुगेको छ।

**माटोमा प्राङ्गारिक पदार्थको वृद्धिः** माटोमा प्राङ्गारिक पदार्थको वृद्धि दिगोपना सम्भागअन्तर्गत अर्को महत्त्वपूण सूचक हो। राष्ट्रिय योजना आयोगबाट प्रकाशित १६ औं आवधिक योजनाअनुसार आ.व. २०७९/८० मा नेपालको माटोमा प्राङ्गारिक पदार्थको मात्रा १.९६ प्रतिशत रहेको छ। त्यस्तै नेपाल कृषि अनुसन्धान परिषद्को माटो अनुसन्धान महाशाखाले नेपालका ७७ जिल्लाका ३०,५४८ नमुनाका आधारमा तयार गरिएको digital soil map २०२१/२२ ले नेपालको माटोमा ३.४ प्रतिशत प्राङ्गारिक पदार्थ रहेको देखाउछ। यसले आ.व. २०७२/७३ मा १.९६% को आधारभूत रेखाबाट पहिलो पाँच वर्षको ADS लक्ष्य पूरा गरेको छ। वार्षिकरूपमा प्रगति आकलन गर्ने कुनै संयन्त्र नभएकाले यस सूचकको वार्षिक रूपमा अध्यावधिक प्रगति विवरण पाउन समस्या रहेको छ।

**हैसियत बिग्रिएको जमिनः** हैसियत बिग्रिएको जमिन सूचकमा वार्षिक रूपमा परिवर्तन अनुगमन गर्ने कुनै प्रणाली नभएकाले आ.व २०७२/७३ को आधारभूत तथ्याङ्क ३७.२ लाख हेक्टरबाट आ.व. २०७७/७८ सम्म यस्तो

जमिनको तथ्याङ्क अध्यावधिक हुन सकेको छैन। आ.व. २०७४/७५ र आ.व. २०७५/७६ मा क्रमशः १५ हजार ४६० हेक्टर र २० हजार ८८२ हेक्टर जमिन पुनस्थापना भएको वन तथा वातावरण मन्त्रालयको तथ्याङ्कले देखाउँछ।

**जङ्गलले ढाकेको क्षेत्रफलः** जङ्गलले ढाकेको क्षेत्रफल सूचकअन्तर्गत आ.व. २०७२/७३ को वनजङ्गलले ढाकेको ४४.७% क्षेत्रफल व्यवस्थापन गर्ने लक्ष्य रहेको छ। यस अवधिमा वनले ढाकेको क्षेत्रफलमा सुधार भई आ.व २०८१/८२ सम्म नेपालको कूल भू-भागको ४३.३८% वन र २.७०% झाडी तथा बुट्यान क्षेत्रले ओगटेकोले देखिन्छ र समग्रमा नेपालको ४६.०८% जमिन वनले ढाकेको देखाउँछ।

**जमिनको उत्पादकत्व** (Agricultural land productivity) (AGDP/हे.)ः जमिनको उत्पादकत्व सूचक अन्तर्गत आधार वर्ष आ.व. २०७२/७३ को जमिनको उत्पादकत्व ३२७८ अमेरिकी डलर थियो र ५ वर्षमा ४१८४ अमेरिकी डलर पुर्याउने लक्ष्य राखिएको थियो। आ.व. २०७८/७९ मा कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन प्रति हेक्टर ४१४३ अमेरिकी डलर भएको अनुमान गरिएको छ, जुन लक्ष्यको नजिक रहेको छ। यो अनुमान राष्ट्रिय तथ्याङ्क कार्यालयको राष्ट्रिय कृषि गणना २०७८/७९ (NSCA 2021/22) को कृषिका लागि लागि भूमि प्रयोग (२१२२००० हेक्टर) र सोही वर्षको औसत विनिमय दरलाई ध्यानमा राखेर कृषि Gross Value Added (GVA) मा आधारित छ।

**कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको योगदान**ः कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको योगदानमा सकारात्मक प्रवृत्ति देखिएको छ। ADSJSR टोलीले कूल गार्हस्थ उत्पादनमा कृषि व्यवसायको हिस्सा आ.व. २०७२/७३ मा ८% को आधार रेखाबाट बढेर आ.व. २०७७/७८ मा ९.७९% प्रतिशत पुगेको अनुमान गरेको छ। तथापि GDP मा कृषि व्यवसायको योगदान अनुमान गर्ने आधार/प्रक्रिया स्पष्ट छैन।

## सम्भाग ३ः प्रतिस्पर्धी

**कृषि व्यापार सन्तुलनः** पछिल्ला वर्षहरूमा कृषि व्यापार घाटा निरन्तर बढ्दै गएकाले कृषि व्यापार सन्तुलन सूचकको प्रगति सन्तोषजनक देखिएको छैन। कृषि व्यापार घाटा आधार वर्ष आ.व. २०७२/७३ मा १,१२३ मि. अमेरिकी डलर रहेको थियो र ५ वर्षमा १,०७३ मि. अमेरिकी डलरमा झार्ने लक्ष्य लिइएको थियो। कृषि व्यापार घाटा आ.व. २०८१/८२ मा रू. २ खर्ब ४ अर्ब पुगेको छ। भन्सार विभागको तथ्याङ्कअनुसार आ.व. २०८१/८२ मा रू. ३ खर्ब ६० अर्ब बराबरको कृषिजन्य वस्तु आयात भएको छ भने रू. १ खर्ब ५६ अर्ब बराबरको निर्यात भएको छ। आ.व. २०८१/८२ को व्यापार घाटा आ.व. २०७२/७३ को आधारभूत तथ्याङ्कको तुलनामा उल्लेखनीय वृद्धि हो।

**कृषिजन्य निर्यातः** आ.व. २०१५/१६ को आधार रेखा २५५ मिलियन अमेरिकी डलरबाट आ.व. २०७७/७८ मा निर्यात आम्दानी ४५६ मिलियन अमेरिकी डलर पुर्याउने यस सूचकको लक्ष्य रहेको छ। कृषिजन्य वस्तुको निर्यात आ.व. २०८१/८२ मा १ खर्ब ५६ अर्ब पुगेको भन्सार विभागको तथ्याङ्कले देखाउँछ। आधार वर्षको तुलनामा यो उल्लेख्य वृद्धि हो।

### सम्भाग ४: समावेशीकरण

महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषि योग्य जग्गा प्रतिशत र कृषि कार्यक्रमको पहुँच भित्रका कृषक प्रतिशत समावेशीकरण सम्भागका सूचकहरू हुन्।

महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशतः महिलाको वा संयुक्त स्वामित्वमा रहेको कृषियोग्य जग्गा प्रतिशत आ.व. २०७२/७३ को १६% बाट २० % पुर्याउने लक्ष्य रहेको छ। संयुक्त स्वामित्वसम्बन्धी तथ्याङ्क उपलब्ध हुन सकेनन् तथापि उपलब्ध तथ्याङ्कले महिलाको नाममा भूमिको स्वामित्व सम्बन्धी सूचकको प्रगति सन्तोषजनकरूपमा अघि बढिरहेको देखाउँछ। राष्ट्रिय कृषि गणना २०७८ अनुसार महिलाको स्वामित्वमा रहेको घर वा जग्गा वा दुवैको प्रतिशत २३.८ पुगेको देखिन्छ।

**कृषि प्रसार कार्यक्रममा किसानको पहुँच**ः मूल्याङ्कन गर्ने र सङ्घीय प्रणाली अन्तर्गतको प्रगति रिपोर्ट गर्ने कुनै संयन्त्र छैन। नगरपालिका, कृषि ज्ञान केन्द्र र भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र जस्ता कृषि प्रसार गर्ने निकायहरूमा कृषि प्राविधिक कर्मचारीको अभावका कारण आ.व. २०७४/७५ पछि कृषि प्रसार कार्यक्रममा कृषकको पहुँच घटेको अनुमान गरिएको छ। सरकारको कृषिप्रसार सेवाहरूमा पहुँच आ.व. २०७२/७३ मा १८.२% को आधारभूत रेखाको तुलनामा आ.व. २०७४/७५ मा करिब २०% किसानसम्म पुगेको अनुमान गरिएको छ।

### सम्भाग ५: कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन (AGDP) वृद्धि

कृषि कूल गार्हस्थ उत्पादन (AGDP) आर्थिक वर्ष २०७७/७८ मा २.६४ प्रतिशत, आर्थिक वर्ष २०७८/७९ मा २.२४ प्रतिशत, आ.व. २०७९/८० मा २.७६ प्रतिशत, आ.व. २०८०/८१ मा ३.३५% ले वृद्धि भएको देखिन्छ भने आ.व. २०८१/८२ मा यो वृद्धि ३.२८% प्रतिशत पुग्ने अनुमान गरिएको। हालका वर्षहरूमा देखिएका यी सबै वृद्धि दर रणनीतिको वार्षिक AGDP लक्ष्य ४% भन्दा कम छ।

### सम्भाग ६: जीविकोपार्जन

कृषि श्रमिकको उत्पादकत्व र ग्रामीण गरिबी जीविकोपार्जन सम्भाग अन्तर्गतका सूचकहरू हुन्।

**कृषि श्रमिकको उत्पादकत्व**ः कृषि क्षेत्रको कूल गार्हस्थ उत्पादन (AGDP) को आधारमा श्रमिकको उत्पादकत्व सूचकलाई वार्षिकरूपमा अनुगमन गर्दा आ.व. २०७२/७३ को ८३५ अमेरिकी डलरको आधारभूत रेखाबाट बढेर आ.व. २०७८/७९ मा १०२४ अमेरिकी डलर पुगेको देखिन्छ, यद्यपि अझै पनि आ.व. २०७७/७८ को लागि लक्षित १,०२९ अमेरिकी डलरभन्दा कम नै रहेको छ। धेरै उत्पादनशील युवाहरू हरेक वर्ष रोजगारीका लागि विदेश पलायन हुने हुँदा कामदारको अभावका कारण पछिल्लो समयमा कृषि ज्यालामा उल्लेखनीय वृद्धि भएको भएता पनि कृषि क्षेत्रको श्रमिकको उत्पादकत्व अन्य क्षेत्रको भन्दा कम नै देखिन्छ। कृषि क्षेत्रमा श्रम उत्पादकत्व नेपालको बाँकी अर्थतन्त्रको करिब एक चौथाइ मात्र छ। गैर-कृषि क्षेत्रको श्रम उत्पादकताको अनुमान अमेरिकी डलर ४७१२ रहेको छ जुन कृषि श्रम उत्पादकत्वभन्दा ४.६ गुणा बढी हो।

**ग्रामीण गरिबीको प्रतिशतः** जीविकोपार्जन सम्भागअन्तर्गत अर्को सूचक ग्रामीण गरिबीको प्रतिशतको वार्षिक गणना गर्ने कुनै संयन्त्र छैन। राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशन गरेको चौथो राष्ट्रिय जनसङ्ख्या तथा घरधुरी सर्वेक्षण २०२२/२३ (NLSS IV) अनुसार नेपालमा समग्र गरिबी २०.३ प्रतिशत भए पनि ग्रामीण क्षेत्रमा गरिबी आधार वर्ष (२४.३ प्रतिशत) र २०२०/२१ को लक्ष्य (१९ प्रतिशत) को तुलनामा बढेर २४.६६ प्रतिशत पुगेको छ।

## सम्भाग ७: खाद्य तथा पोषण सुरक्षा

खाद्य तथा पोषण सुरक्षा सम्भाग अन्तर्गत खाद्य जडित गरिबी प्रतिशत र पोषण सम्बन्धी ४ वटा सूचकहरू रहेका छन्।

**खाद्य जडित गरिबी प्रतिशतः** केही अन्य सूचकहरूमा जस्तैः खाद्य जडित गरिबी सूचकको प्रगति मूल्याङ्कन गर्ने कुनै संयन्त्र छैन। वि.स. २०७३ मा कूल जनसङ्ख्याको लगभग १०% गम्भीररूपमा खाद्य असुरक्षित रहेको र २२% मध्यम असुरक्षित रहेको तथ्याङ्कले देखाउँछ। यसबाहेक उपलब्ध तथ्याङ्कले आ.व. २०७५/७६ मा जनसङ्ख्याको १७.९% गम्भीररूपमा खाद्य असुरक्षित र कुपोषणको शिकार भएको देखाउँछ, जसले खाद्यान्नमा आधारित गरिबी पनि आ.व. २०७२/७३ को आधारभूत रेखा २७.६% बाट घटेको हुनुपर्छ भन्ने आधार प्रदान गर्दछ। विज्ञ टोलीलाई राष्ट्रिय तथ्याङ्क कार्यालयले छलफलका क्रममा उपलब्ध गराएको तथ्याङ्कअनुसार खाद्य जडित गरिबी प्रतिशत १७.३% मा झरेको छ।

**पोषणः** पोषण सम्बन्धी सूचकअन्तर्गत ५ वर्षमुनिका बालबालिकामा पुड्कोपना प्रतिशत, ५ वर्षमुनिका बालबालिकामा कम तौल प्रतिशत, ५ वर्षमुनिका बालबालिकामा सुकेनास प्रतिशत र BMI १८.५ भन्दा कम भएका महिलाको प्रतिशत गरी ४ वटा सूचकहरू रहेका छन्।

नेपाल जनसाङ्खिक र स्वास्थ्य सर्वेक्षण २०२२ को तथ्याङ्कले पुड्कोपन (५ वर्षमुनिका बालबालिका) २५%, कम तौल १९% र ख्याउटेपन ८% मा झरेको देखिन्छ। यसैगरी BMI (१८.५ वा कम भएका महिला) को प्रतिशत १०% मा झरेको देखाउँछ।

# परिच्छेद-७

# ७. समस्या, निर्णय र कार्यान्वयन अवस्था

## ७.१ आ.व. २०८१/८२ को प्रथम त्रैमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक (२०८१/०९/०५)

**निर्णयहरू**

१. आ.व. २०८१/८२ को प्रथम त्रैमासिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायहरूबाट सम्पादित कार्यक्रम, उपलब्धि तथा प्रगतिको समीक्षा गरियो। समीक्षा क्रममा मन्त्रालयको प्रथम त्रैमासिक अवधिको एकमुष्ठ भारित र वित्तीय प्रगति क्रमशः ८२.९६ र ५४.४५ प्रतिशत रहेको पाइयो।

२. चालु आ.व. २०८१/८२ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार कार्यान्वयन हुन बाँकी रहेका लक्षित क्रियाकलापहरू समयमा नै सम्पन्न गर्न मन्त्रालय मातहतका सबै निकायहरूले कार्यालयको कार्ययोजनाबमोजिम तदारूकताका साथ कार्यान्वयन गर्ने।

३. बेरूजु फछ्र्यौटको प्रगति न्यून देखिएकाले मन्त्रालय मातहतका सबै निकायहरूले कार्ययोजना बनाई तदारूकताका साथ बेरूजु फछ्र्यौट कार्य अघि बढाउने।

४. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भएका तपसिलअनुसारका समस्याहरूलाई मन्त्रालय मातहतका निकायहरूबाट नै समाधान गर्न पहल गर्ने र सो को कार्यप्रगति विवरण आगामी मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश गर्ने।

| क्र. सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| १ | राष्ट्रिय महत्त्व र प्राथमिकता प्राप्त फलफूल, बाली, पुष्प, च्याउ, मौरी च्याङ्ग्रा यान्त्रिकीकरण प्रवर्द्धन सम्बन्धी कृषि विकास कार्यक्रमहरू सञ्चालनमा समस्या देखिएको। | प्रादेशिक एवम् भौगोलिकरूपमा सन्तुलन हुने गरी राष्ट्रिय महत्त्व र प्राथमिकता प्राप्त बाली/वस्तुका सङ्घीय फार्म/केन्द्रहरूको व्यवस्था हुन नसक्दा उत्पादन सामग्रीको सहज उपलब्धता, प्रविधि हस्तान्तरण र कृषि विकास कार्यक्रम सञ्चालन गर्न कठिनाई भएको। | प्रादेशिक एवम् भौगोलिकरूपमा सन्तुलन हुने गरी अति आवश्यक र राष्ट्रिय महत्त्व एवम् प्राथमिकता प्राप्त बाली/वस्तुका सङ्घीय फार्म/केन्द्रहरूको स्थापनाका लागि O&M survey मा प्रस्ताव गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | कृषि विभाग, पशु सेवा विभाग |

| क्र. सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| २ | विगतमा मन्त्रालय मातहतका विभाग र आयोजनाहरूबाट निर्माण भएका कृषि/पशु बजारहरूको सञ्चालन तथा व्यवस्थापनमा समस्या देखिएको। | विगतमा मन्त्रालय मातहतका विभाग र आयोजनाहरूबाट निर्मित कृषि/पशु बजारहरूको कार्यक्षेत्र, सञ्चालनको अधिकार तथा सञ्चालन मोडालिटी र स्वामित्व सम्बन्धमा संघ, प्रदेश र स्थानीय तह तथा बजार समितिहरूबीच दुविधा र विवाद हुने गरेको। | कृषि विभागले अन्य विभाग र प्रादेशिक मन्त्रालयहरूसँग आवश्यक समन्वय गरी विगतमा निर्माण भएका र आगामी दिनमा निर्माण हुने कृषि बजारहरूको कार्यक्षेत्र, कृषि उपज तथा बजारको स्वच्छता, बजार सञ्चालनको अधिकार र मोडालिटी एवम् स्वामित्वका विषयमा स्पष्ट प्रावधानहरूसमेत समेटी कृषि बजार विकास तथा सञ्चालनसम्बन्धी निर्देशिकाको प्रस्ताव तयार गरी मन्त्रालयमा पेश गर्ने। | कृषि विभाग | प्रदेश मन्त्रालयहरू, पशु सेवा विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, वाणिज्य तथा आपूर्ति विभाग र स्थानीय तहहरू |
| ३ | माछा तथा मत्स्य पदार्थहरूको आयातमा समस्या देखिएको। | माछा तथा मत्स्य पदार्थहरूको आयातका लागि अलग-अलग HS code भएकोले क्वारेन्टाइन सर्टिफिकेट जाँच तथा आयात प्रक्रियामा समस्या आउने गरेको। | Chilled, Frozen लगायत विभिन्न किसिमका माछा तथा मत्स्य सामग्रीहरूको आयातका लागि एउटै HS code को व्यवस्था गर्न सकिने/नसकिने र सो को असर/प्रभाव सम्बन्धमा भन्सार विभागसँग आवश्यक समन्वय गरी नीतिगत तथा प्रक्रियागत सुधार सम्बन्धी सुझाव पेश गर्ने। | पशु सेवा विभाग | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखा |
| ४ | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनामार्फत सञ्चालन हुने बाख्रा विकास कार्यक्रममा बोयर बोकाको माग अनुरूप स्रोत केन्द्रबाट उपलब्ध हुन नसकेको। | खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनामार्फत सञ्चालन हुने बाख्रा विकास कार्यक्रमका शत-प्रतिशत शुद्धता भएको कम्तिमा ६० गोटा बोयर बोकाको आवश्यकता भएकोमा मन्त्रालय मातहतका बाख्रा स्रोत केन्द्रहरूबाट सहज रूपमा बोयर बोका उपलब्ध हुन नसकेको। | मन्लालय मातहतका राष्ट्रिय पशु प्रजनन् कार्यालय, पोखरा र बाख्रा आनुवांशिक स्रोत केन्द्र, बुढीतोला, कैलाली र नेपाल कृषि अनुसन्धान परिषद मातहतका बाख्रा अनुसन्धान केन्द्रले मन्त्रालय मातहतको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनालाई प्राथमिकता दिई माग अनुरूपको बोयर बोका उपलब्ध गराउने। | पशु सेवा विभाग र नेपाल कृषि अनुसन्धान परिषद् | पशु सेवा विभाग र नार्क मातहतका केन्द्रहरू, खाद्य तथा पोषण सुरक्षा सुधार आयोजना |

| क्र. सं. | बैठकमा पेश भएका समस्या सम्बन्धी प्रस्ताव | समस्या देखापर्नुको कारण | समस्या समाधान सम्बन्धमा भएको निर्णय | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|
| ५ | कपास विकास समितिमार्फत वार्षिकरूपमा सम्पादन हुने कार्यहरूको प्रभावकारी कार्य सम्पादनमा समस्या रहेको। | कपास विकास समितिमा विगत लामो समयदेखि पदपूर्ति हुन नसकेको र अधिकांश प्राविधिक दरबन्दी रिक्त रहेको। | कपास विकास समितिमा रिक्त रहेका दरबन्दीमा पदपूर्तिका लागि आवश्यक प्रक्रिया अघि बढाउने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, प्रशासन महाशाखा | कपास विकास समिति |
| ६ | नेपाल सरकारको नीति तथा कार्यक्रम एवम् प्राथमिकतामा रहेको सहकारीमार्फत वा सामूहिकरूपमा करार तथा कबुलियती खेती (Lease hold Farming) एवम् चक्लाबन्दीमा आधारित खेती सम्बन्धी कार्यक्रम कार्यान्वयमा समस्या देखिएको। | करार, चक्लाबन्दी तथा कबुलियती खेती कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्थाको अभाव रहेको। | कृषि विभागको संयोजकत्वमा मन्त्रालय, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, कृषि ज्ञान केन्द्र, ललितपुर र विभाग अन्तर्गतका केन्द्रबाट प्रतिनिधिसहितको कार्यदल बनाई करार, चक्लाबन्दी तथा कबुलियती खेती सञ्चालन सम्बन्धमा कानुनी तथा सञ्चालन प्रक्रियासम्बन्धी विभिन्न पक्षको अध्ययन गरी सुझाव सहितको प्रतिवेदन पेश गर्ने। | कृषि विभाग र प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | मन्त्रालय, विभाग अन्तर्गतका केन्द्रहरू, कृषि ज्ञान केन्द्र |
| ७ | सिँचाइ सुविधा विस्तार र चैते धान खेती प्रवर्द्धनमा समस्या देखिएको। | कैलाली लगायतका विभिन्न जिल्लाका ग्रामीण क्षेत्रमा विद्युत लाइन विस्तार हुन नसकेको र न्यून विद्युत भोल्टेजका कारण सिँचाइ सुविधा विस्तार हुन नसकी चैते धान खेती प्रवर्द्धनमा कठिनाई भएको। | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले प्रादेशिक कृषि मन्त्रालयको समन्वयमा चैते धान खेती हुने सम्भाव्य क्षेत्रहरूको (जिल्ला, स्थानीय तह, क्षेत्रफल, सिँचाइको उपलब्धताको अवस्था, विद्युतीय सिँचाइ सञ्चालनका लागि विद्युत लाइन विस्तार भए/नभएको र भोल्टेजको अवस्था) एकीकृत विवरण तयार गरी चैते धान र विद्युतीय सिँचाइ प्रणाली विस्तारका लागि विद्युतीय लाइन विस्तार गर्न अति आवश्यक क्षेत्रहरूको विवरण मन्त्रालयमा पेश गर्ने र सो का आधारमा मन्त्रालयले उक्त क्षेत्रहरूमा विद्युतीय लाइन विस्तार र भोल्टेज व्यवस्थापनका लागि उर्जा, सिँचाइ तथा जलस्रोत मन्त्रालयमा अनुरोध र समन्वय गर्ने। | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना | कृषि विभाग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास महाशाखा |

५. विगत र यस मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा पेश भएका तपसिल अनुसारका समस्याहरू राष्ट्रिय विकास समस्या समाधान उप-समिति (Pre-NDAC) को बैठकमा समाधानार्थ पेश गर्ने।

| क्र. सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| १ | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा भएका खरिदसम्बन्धी प्रावधानअनुसार रासायनिक मल खरिद तथा आयात गर्दा समय बढी लाग्ने गरेकोले समयमै सहजरूपमा प्रयाप्त मल आपूर्ति तथा व्यवस्थापनमा समस्या आई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि प्रभावित भएको। | • सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा अन्तरराष्ट्रिय बोलपत्र आव्हानका लागि ४५ दिन, पुनः बोलपत्र आव्हानका लागि २१ दिन, बोलपत्र खरिद सम्झौताको लागि १५ दिन लगायतका समयावधिसम्बन्धी प्रावधानका कारण बोलपत्र आव्हान, मूल्याङ्कन, खरिद सम्झौता र मल खरिद गरी नेपालभित्र आयात हुँदासम्म न्यूनतम २२६ दिनको समय लाग्ने गरेको।<br>• प्रचलित कानुनबमोजिम मल खरिद तथा आपूर्तिमा लाग्ने लामो समयावधि, अन्तरराष्ट्रिय बजारमा साप्ताहिकरूपमा रासायनिक मलको मूल्यमा भइरहने उतारचढाव तथा आयात र भुक्तानी प्रक्रियामा ढिलाई लगायतका कारणले मल आपूर्ति तथा व्यवस्थापनमा कठिनाई हुने गरेको। | कृषिजन्य बालीको उत्पादन वृद्धि, खाद्य सुरक्षा र आम किसानको हितजस्तो सार्वजनिक महत्त्व र राज्यका लागि essential good का रूपमा रहेको रासायनिक मलको खरिद तथा आपूर्तिलाई सहज बनाउन सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ का हालका प्रावधानहरूमा गर्नुपर्ने संशोधनको मस्यौदा तयारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा परिक्षकको कार्यालयबाट प्रतिनिधित्व रहेको समितिले संशोधन सम्बन्धी प्रस्ताव तयार गरी संशोधनसम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन उपयुक्त हुने। |
| २ | खेतीपाती गर्ने वास्तविक कृषकहरूलाई सहुलियत ब्याजदरमा उपलब्ध हुने कृषि ऋण सुविधामा सहज पँहुच हुन नसकेको तथा प्रक्रियागत समस्या झेल्नुपरेको। | • नेपाल राष्ट्र बैंकबाट जारी हुने मौद्रिक नीतिमा कृषि कर्जा व्यवस्थापन सम्बन्धमा समयसापेक्ष संशोधन हुन नसकी हाल बैंकहरूबाट कृषि क्षेत्रमा गर्ने लगानीको दायरा कम रहेको, साना तथा मध्यमस्तरका कृषकमा सहुलियत ब्याजदरको कृषि ऋण सुविधाको पहुँच नभएको तथा कृषि तथा पशुपन्छी क्षेत्रमा कार्यरत निकायहरूको प्राविधिक सिफारिस बिना कृषि ऋण प्रवाह हुने गरेको। | सहुलियत ब्याजदरमा उपलब्ध हुने कृषि कर्जाको दायरा विस्तार गर्न तथा कर्जा प्रवाह प्रक्रियालाई सरल, वस्तुनिष्ठ र प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा प्रक्रियागत सुधार सम्बन्धमा अर्थ मन्त्रालय वा नेपाल राष्ट्र बैंकको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास बैंकबाट प्रतिनिधि रहने समितिले अध्ययन गरी प्रतिवेदन पेश गर्न एवम् सुझाव कार्यान्वयन हुन उपयुक्त हुने। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| ३ | कृषि क्षेत्रका लागि हानिकारक वन्यजन्तुहरूबाट कृषिजन्य बाली/वस्तु तथा उपजहरूको क्षति हुन गई कृषि उत्पादनको संरक्षण, उत्पादकत्व वृद्धि र कृषि पेशाको प्रवर्द्धन तथा संरक्षण चुनौतीपूर्ण हुँदै गएको। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावली लगायतका कानुनी व्यवस्थाका कारण प्रदेश, स्थानीय तह, कृषक वर्ग र समुदायले वन्यजन्तुको अतिक्रमण रोकथाम तथा नियन्त्रण सम्बन्धी कार्य गर्न नसकेको। | प्रदेश र स्थानीय तहहरूले समेत वन्यजन्तुको अतिक्रमण रोकथाम तथा नियन्त्रणको कार्य गर्न सक्ने व्यवस्था मिलाउनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीमा भएको हालको कानुनी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जनको कार्य अघि बढाउनका लागि वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिन उपयुक्त हुने। |
| ४ | कृषि योग्य जग्गाको संरक्षण र सही सदुपयोगको विषय<br>• बर्दियास्थित राजापुर क्षेत्र विगतदेखि नै धानखेतीका लागि उर्बर र उपयुक्त क्षेत्रका रूपमा रहेको र सो क्षेत्रमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विगत ८ वर्षदेखि धान सुपरजोन स्थापना गरी खाद्य सुरक्षाका लागि महत्त्वपूर्ण धानबाली प्रणालीलाई प्रवर्द्धन गरिरहेको हाल सो क्षेत्रमा चिनी मिल स्थापनाको कार्य अघि बढिरहेकोले प्राविधिकरूपमा धानखेतीका लागि उपयुक्त क्षेत्रमा उखुबाली प्रवर्द्धन हुँदा विगतमा धान सुपरजोन कार्यक्रममार्फत भएको लगानी तथा प्राप्त प्रतिफलहरू प्रभावित हुने र सो क्षेत्रमा धानको उत्पादनमा कमी आई खाद्य सुरक्षाको स्थिति प्रभावित हुन सक्ने।<br>• धनुषास्थित ८० विघाको आँप बगैंचा हटाई खेतीयोग्य जग्गामा सोलार प्लाण्ट स्थापनाको तयारी भइरहेको। | • कृषियोग्य जग्गा संरक्षण र कृषि प्रयोजनमा मात्र उपयोग गर्ने सम्बन्धमा बाध्यकारी कानुनी नियन्त्रणको व्यवस्था र कृषियोग्य जग्गा संरक्षण तथा सदुपयोग सम्बन्धमा नीतिगत स्पष्टता हुन नसक्नु।<br>• उर्जा मन्त्रालय र उद्योग मन्त्रालयबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग आवश्यक समन्वय बिना उद्योग स्थापना तथा सोलार प्लाण्ट स्थापनाको सहमति दिइएको। | • कृषियोग्य जग्गाको संरक्षण तथा प्राविधिकरूपमा सही सदुपयोग सम्बन्धमा आवश्यक कानुनी व्यवस्था कायम गर्न अन्तर मन्त्रालय तहबाट अध्ययन हुनुपर्ने।<br>• कृषियोग्य जग्गामा ठूला प्रकृतिका विकासमूलक कार्य, आयोजना सञ्चालन तथा उद्योग स्थापनापूर्व कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा मातहतका निकायहरबाट सहमति लिनुपर्ने नीतिगत व्यवस्था गरी सो अनुसारको निर्देशन पालनाका लागि सम्बन्धित मन्त्रालय वा निकायहरूलाई निर्देशन दिइनुपर्ने। |

| क्र. सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| ५ | डेरी उद्योग र कोल्ड स्टोरहरूलाई दिइदै आएको विद्युत महसुलमा छुट सम्बन्धी व्यवस्था हाल कार्यान्वयन हुन नसकेको र विगतको छुट सुविधाको रकमसमेत वक्यौता रहेको। | नेपाल विद्युत प्राधिकरणको मिति २०७९/११/२७ को निर्णयबाट डेरी उद्योग र कोल्ड स्टोरहरूलाई दिइदै आएको विद्युत महसुलमा ५०% छुटसम्बन्धी अनुदान रोक्का गरिएको र विगतको वक्यौता भुक्तानी गर्न प्रक्रियागत जटिलता र बजेट विनियोजन नभएको। | विद्युत महसुलमा दिइदै आएको ५०% छुटसम्बन्धी व्यवस्थाको निरन्तरता तथा वक्यौता भुक्तानी सम्बन्धमा उर्जा मन्त्रालय, अर्थ मन्त्रालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल विद्युत प्राधिकरणको समन्वयमा नीतिगत निर्देशन हुन आवश्यक रहेको। |
| ६ | अन्तरतह स्तरबाट अनुदान प्रवाह गरी सञ्चालन हुने कृषि विकास कार्यक्रमहरूबाट प्रदान गरिने अनुदान दरमा एकरुपता हुन नसकी कार्यक्रम सञ्चालन प्रभावकरी हुन नसकेको। | संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कृषि विकास कार्यक्रममार्फत प्रदान गरिने अनुदान दरमा एकरुपता हुन नसक्नु ( हाल ५० देखि ८० प्रतिशतसम्म रहेको) र कार्यक्रम सञ्चालन तथा लाभग्राहीको सेवा प्रवाह प्रतीको आम बुझाईमा कठिनाई देखापरेको। | राष्ट्रिय योजना आयोग नेतृत्वमा तयार भएको अनुदानसम्बन्धी अध्ययन कार्यदलको प्रतिवेदन २०८० को सिफारिशबमोजिम अनुदान वितरणसम्बन्धी एकीकृत ऐन तर्जुमा तथा सो को आधारमा क्षेत्रगत मापदण्ड तयारीका लागि आवश्यक पहल तथा निर्देशन आवश्यक रहेको। |

**मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमिति (Pre-MDAC) बैठक (२०८१/१०/२८)**

**निर्णयहरू**

१. मिति २०८१/१०/२० देखि २०८१/१०/२५ सम्ममा मन्त्रालय मातहतका विभाग तथा केन्द्रीयस्तरका कार्यालय र आयोजनाहरूको चालु आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधिको प्रगति समीक्षा गर्ने अधिकांश निकायहरूको भारित तथा वित्तीय प्रगति मध्यम स्तरको पाइएकोले चालु आ.व.को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने लक्षित क्रियाकलापहरूको कार्यान्वयनमा तदारुकता दिने।

२. आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधिको प्रगति समीक्षामा न्यून प्रगति देखिएका निकायहरूका सम्बन्धमा सम्बन्धित विभाग तथा सुपरिवेक्षण गर्ने निकायहरूले थप सघन समीक्षा तथा विश्लेषण गरी समस्या समाधान गर्ने र आगामी दिनमा स्वीकृत कार्यक्रम बमोजिमका क्रियाकलाप समयमै सम्पन्न गर्न निर्देशन दिने। मन्त्रालयबाट समाधान गरिनुपर्ने समस्याहरू भएमा मन्त्रालयमा यथाशीघ्र जानकारी गराउने।
बेरूजु फछ्यौंटको प्रगति न्यून देखिएकाले मन्त्रालय मातहतका सबै निकायहरूले बेरूजु फछ्यौंट कार्यलाई तदारूकताका साथ अघि बढाउने।

३. विभागीय तथा केन्द्रीयस्तरको समीक्षामा उठान भएका तपसिल अनुसारका समस्या तथा सवालहरू यस बैठकको निर्णयबमोजिम आन्तरिकरूपमा समाधान गर्ने र मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने गरी निर्णय भएका समस्याहरू मिति २०८१/११/०१ गते आयोजना गरिने मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने।

| क्र.सं. | प्रमुख समस्या/सवाल | समस्या समाधान सम्बन्धमा भएको निर्णय |
|---|---|---|
| १ | नेपाली कृषकहरूमाँझ लोकप्रिय केराको जात G-9 र William Hybrid को गुणस्तरीय बेर्नाको अभाव रहेको विषय। | • नेपालमा पञ्जीकृत केरा बालीको G-9 र William Hybrid जातको गुणस्तरीय बेर्नाको उपलब्धताका लागि नेपाल कृषि अनुसन्धान परिषद्ले उक्त जातहरूको प्रमाणित Mother Culture निजी क्षेत्रका तन्तु प्रजनन् प्रयोगशालालाई उपलब्ध गराई स्वदेशमा नै गुणस्तरीय बेर्ना उपलब्धताका लागि सहजीकरण गर्ने,<br>• तत्कालका लागि उक्त जातको गुणस्तरीय बेर्नाको सुनिश्चतताका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत केरा बालीमा सञ्चालित सुपरजोन, जोन, ब्लक तथा पकेट विकास कार्यक्रमसँग आवद्ध भएका निकायको सिफारिसमा आयात अनुमति जारी गर्न बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रले सहजीकरण गर्ने। |
| २ | PBS आलुको certification र हाल सञ्चालनमा रहेका tissue culture lab हरूको प्राविधिक अनुगमन तथा निरीक्षणको आवश्यकता रहेको विषय। | • कृषि विभागले कृषि विभागका उपमहानिर्देशकको संयोजकत्वमा नार्क, बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र र मन्त्रालयको प्रतिनिधि रहने गरी प्रावधिक कार्यदल गठन गर्ने र tissue culture lab हरूको प्राविधिक अनुगमन तथा निरीक्षण गर्ने र PBS आलु को Mother culture certification र PMAMP बाट स्थापना तथा प्रवर्द्धन गरिएका Screen house मा उत्पादित PBS आलुको certification तथा बजारीकरणलाई सहजीकरण गर्ने सन्दर्भमा अध्ययन गरी सुझावसहितको प्रतिवेदन चैत्र १५ गतेभित्र मन्त्रालयमा पेश गर्ने। |
| ३ | Asexually propagated हुने बिरूवाका बेर्नाहरूको आन्तरिक उत्पादन, आयात र बिक्रीवितरण सहजीकरण सम्बन्धी विषय। | • किसानहरूबाट फलफूल बगैंचा स्थापनाका लागि माग हुने गरेका विभिन्न Asexually propagated हुने बिरूवाका बेर्नाहरूको सहज उपलब्धताका लागि नार्क, कृषि विभाग र निजी नर्सरीहरूमा स्वस्थ बिरूवा उत्पादन प्रणालीलाई सुदृढ र सक्षम बनाउदै लैजाने र आन्तरिक उत्पादनबाट माग नभएको अवस्थामा प्रचलित कानुनी प्रकिया पूरा गरी बिरूवाको आयात तथा बिक्रीवितरण कार्यमा राष्ट्रिय फलफूल विकास केन्द्रले कार्य योजना तयार गरी सहजीकरण गर्ने। |
| ४ | तरकारी बालीको प्रजनन् बीउ प्रमाणीकरणको कार्य हुन नसकेको विषय। | • नेपाल कृषि अनुसन्धान परिषद्ले बीउबिजन गुणस्तर नियन्त्रण केन्द्र र कृषि विभाग अन्तर्गतको राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्रसँग समन्वय गरी तरकारीका selected and competitive variety हरूको प्रजनन् बीउको व्यवस्थापन तथा प्रमाणीकरणका लागि नार्क र कृषि विभागका निश्चित फार्महरूको चयन गरी सो फार्ममा तोकिएका तरकारी बाली/जातको प्रजनन् बीउको प्रमाणीकरण तथा व्यवस्थापन कार्यअघि बढाउने। |

| क्र.सं. | प्रमुख समस्या/सवाल | समस्या समाधान सम्बन्धमा भएको निर्णय |
|---|---|---|
| ५ | Private sector बाट हुने varietal research and development का लागि inbred line को व्यवस्थापन सम्बन्धी विषय। | • Private sector बाट हुने varietal research and development र inbred line को व्यवस्थापनका लागि बीउबिजन गुणस्तर नियन्त्रण केन्द्रको नेतृत्वमा नार्क, कृषि विभाग र बीउबिजनको क्षेत्रमा कार्यरत निजी क्षेत्रका प्रतिनिधि सम्मिलित कार्यदल गठन गरी Inbred line acquisition, access and distribution प्रक्रियाको मस्यौदा तयार गरी National Seed Board बाट स्वीकृत गराई कार्यान्वयनमा ल्याउने। |
| ६ | विषादीको बढ्दो प्रयोगलाई निरुत्साहित गर्ने तथा RBPR lab लाई थप standardize गरी परीक्षणको दायरा विस्तार गर्ने विषय। | • कालिमाटी फलफूल तथा तरकारी बजारमा विषादी परीक्षण प्रणालीलाई थप सुदृढ र प्रभावकारी बनाउन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले सहकार्य र समन्वय गर्ने।<br>• कृषि विभागले व्यावसायिक तरकारी उत्पादन क्षेत्र, जिल्ला/स्थानीय तहलाई लक्षित गरी आगामी आ.व.को सर्शत तथा नियमित बजेटमार्फत कार्यक्रम हुने गरी Safe vegetable production project सम्बन्धी Project proposal को ड्राफ्ट गर्ने।<br>• विषादीको दुरुपयोग रोक्नका लागि विषादी प्रयोग सम्बन्धी सचेतना अभियान कार्यक्रम सञ्चालन, विषादी निरीक्षक परिचालन, Agrovet हरूको अनुगमन तथा नियमन र क्षमता विकासमा कृषि विभाग र प्लाण्ट क्वारेन्टाइन कार्यालयले आवश्यक कार्ययोजना बनाई अनुगमन गर्ने।<br>• कृषि विभागले RBPR प्रयोगशालाहरूबाट हुने विषादी परीक्षणको दायरा विस्तार गरी थप विषादी परीक्षणको व्यवस्था मिलाउने। |
| ७ | कृषि बजारहरूको स्वामित्व हस्तान्तरण, बजार सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने विषय। | • कृषि बजारहरूको स्वामित्व हस्तान्तरण र प्रभावकारीरूपमा बजार सञ्चालनका लागि कृषि विभागबाट यसअघि गठन गरिएको कार्यदलको प्रतिवेदनउपर आवश्यक छलफल गरी कृषि विभागले समस्या समाधानसहितको प्रतिवेदन मन्त्रालयमा पेश गर्ने। |
| ८ | जग्गा अतिक्रमण, जग्गा खरिद तथा व्यवस्थापनको विषय। | • मन्त्रालय मातहतका सम्पूर्ण निकायहरूलाई आफ्नो कार्यालयले चर्चेको जग्गा, भवन लगायतका अचल सम्पत्तिको अभिलेख तथा सोसँग सम्बन्धित लालपूर्जा, नक्सा जस्ता कागजातहरूको उचित व्यवस्थापन गर्न/गराउन र सो सम्बन्धी विवरण मन्त्रालयमा समेत उपलब्ध गराउन मन्त्रालयको प्रशासन महाशाखाले मातहतका सबै निकायलाई परिपत्र गर्ने। |

| क्र.सं. | प्रमुख समस्या/सवाल | समस्या समाधान सम्बन्धमा भएको निर्णय |
|---|---|---|
| ९ | फार्मबाट उत्पादन हुने बीउ, बेर्ना, नश्ल, पशुवस्तुको तथ्याङ्क व्यवस्थापन र बिक्री सहजीकरण र मूल्य निर्धारण प्रक्रियासम्बन्धी कानुनी आधार सम्बन्धी विषय। | • मन्त्रालय मातहतका नार्क, कृषि विभाग र पशु सेवा विभाग अन्तर्गतका सबै फार्म/केन्द्रहरूले आ-आफ्नो फार्म/केन्द्रमा उत्पादन भएको वा हुने क्रममा रहेको बीउ, बेर्ना, नश्ल, पशुवस्तुसम्बन्धी सम्पूर्ण विवरण (बिक्री मूल्य र सम्पर्क व्यक्तिको नम्बरसमेत हुने गरी) कार्यालयको वेबसाइटमा नियमितरूपमा अद्यावधिक गर्ने। नार्क, कृषि विभाग र पशु सेवा विभागले सोसम्बन्धी एकमुष्ठ विवरण तयार गरी कार्यालयको वेबसाइटमा नियमितरूपमा अद्यावधिक गर्ने र सोसम्बन्धी विवरण मन्त्रालयको कृषि विकास महाशाखालाई जानकारी दिने।<br>• सरकारी फार्ममा उत्पादित बीउ, बेर्ना, नश्ल, पशुवस्तुहरूको प्रयोगलाई बढावा दिन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत प्रदेश सरकार र स्थानीय तहहरूलाई अनुरोध गर्ने।<br>• फार्ममा उत्पादन हुने बीउ, बेर्ना, नश्ल, पशुवस्तुको बिक्री मूल्य निर्धारण प्रणाली सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ र नियमावली २०७७ मा भएको व्यवस्थाबारे मन्त्रालयको प्रशासन महाशाखाले सम्पूर्ण मातहतका निकायहरूलाई जानकारी गराउने। |
| १० | मौरी स्रोतकेन्द्र र च्याउको बीउसम्बन्धी मापदण्ड तर्जुमाको विषय। | • कृषि विभाग अन्तर्गतको व्यावसायिक कीट विकास केन्द्रले मौरी स्रोतकेन्द्र र च्याउको बीउसम्बन्धी मापदण्डको मस्यौदा यथाशीघ्र तर्जुमा गरी विभागमा पेश गर्ने। |
| ११ | कृषि उपजको आन्तरिक उत्पादन, बजारको माग र आपूर्ति, मूल्यमा देखिने उतारचढाव सम्बन्धमा कृषकहरूलाई आवश्यक सूचना प्रवाहसम्बन्धी विषय। | • कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिले कृषि विभागसँगको समन्वयमा विगतका वर्षहरूको तथ्याङ्कलाई समेत विश्लेषण गरी मासिक तथा मौसमीरूपमा कृषिजन्य उपजको आन्तरिक उत्पादन तथा आपूर्तिको अनुमान र साप्ताहिक, पाक्षिक तथा मासिकरूपमा प्रमुख कृषि थोकबजारहरूमा कृषि उपजको बाहिरबाट हुने आपूर्तिको अवस्था र मूल्यमा देखिनसक्ने उतारचढावका बारेमा कृषकहरूलाई समयमै जानकारी हुने गरी production and marketing advisory जारी गर्ने प्रणालीको शुरुवात गर्ने। |
| १२ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट विगतमा निर्माण भएका ठूला तथा मझौला प्रकृतिका पूर्वाधारहरूको विषय। | • प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले परियोजनाबाट विगतमा निर्माण भएका ठूला तथा मझौला प्रकृतिका पूर्वाधारहरूको सञ्चालन सम्बन्धी अवस्था र वस्तुस्थितिको अनुगमन तथा विवरण सङ्कलन गरी फाल्गुन १५ गतेभित्र मन्त्रालयमा प्रतिवेदन पेश गर्ने। |
| १३ | बर्दिया जिल्लामा उखु मिल स्थापना भएसँगै धान सुपरजोनबाट प्रवर्द्धन गरिएको चैते धानको क्षेत्रफल १३०० हे. बाट हाल ७०० हे. मा घटेको सम्बन्धी विषय। | • यससम्बन्धी विषयलाई थप विश्लेषण गरी आगामी मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकमा पेश गर्ने। |

| क्र.सं. | प्रमुख समस्या/सवाल | समस्या समाधान सम्बन्धमा भएको निर्णय |
|---|---|---|
| १४ | Bud-wood Certification सम्बन्धी हालको व्यवस्थालाई थप व्यवस्थित र यथार्थपरक बनाई फलफूल बिरूवा उत्पादन तथा बिक्रीवितरणलाई सहज बनाउने विषय। | • Bud-wood Certification को प्रावधानअनुसार फलफूल बिरूवा उत्पादन तथा बिक्रीवितरणमा देखिएको कार्यक्रमगत समस्या समाधानका लागि यसअघि मस्यौदा गरिएको नर्सरी निर्देशिकामा आवश्यक छलफल गरी समस्या समाधान हुने प्रस्ताव राष्ट्रिय फलफूल विकास केन्द्रले तर्जुमा गरी यथाशिघ्र कृषि विभागमा पेश गर्ने। |
| १५ | कृषि उपजहरू (माछा, भुरा, बीउ, बेर्ना, दाना, आदि) को ओसारपसार तथा ढुवानीका क्रममा सुरक्षा निकायबाट हुने चेकजाँच क्रममा अनावश्ययक अवरोध सिर्जना हुने गरेको विषय। | • सो सम्बन्धमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले कृषि उपजहरू (माछा, भुरा, बीउ, बेर्ना, दाना, आदि) को ओसारपसार तथा ढुवानीका क्रममा सुरक्षा निकायबाट हुने चेकजाँच क्रममा अनावश्ययक अवरोध तथा बढी समय लाग्ने विषयमा आवश्यक सहजीकरणका लागि मातहतका निकायहरूलाई निर्देशन हुनका लागि गृह मन्त्रालयमा अनुरोध गर्ने। |
| १६ | कृषि अनुसन्धान, प्रसार र शिक्षाबीच समन्वय र सहकार्यलाई सुदृढ बनाउने विषय। | • कृषि अनुसन्धान, प्रसार र शिक्षालाई थप सुदृढ र प्रभावकारी बनाउन यसअघि कृषि विभागबाट तर्जुमा गरिएको कृषि अनुसन्धान, प्रसार र शिक्षाबीच समन्वयसम्बन्धी निर्देशिकालाई योजना तथा विकास सहायता समन्वय महाशाखाले निर्णयार्थ पेश गर्ने। |
| १७ | कोल्ड स्टोर/च्याम्बरमा कृषि उपजहरूको व्यवस्थित र वैज्ञानिक भण्डारण विधि/पक्षहरूका सम्बन्धमा विशिष्टिकृत अनुसन्धानको आवश्ययकता सम्बन्धी विषय। | • कोल्ड स्टोर/च्याम्बरमा कृषि उपजहरूको व्यवस्थित र वैज्ञानिक भण्डारण विधि/पक्षहरूका स्थानीय र किसानमैत्री हुने गरी विशिष्टिकृत अध्ययन तथा अनुसन्धान कार्य अघि बढाउन नेपाल कृषि अनुसन्धान परिषद्ले खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र पुल्चोक इन्जिनियरिङ क्याम्पससँग आवश्यक समन्वय गरी आगामी आ.व. को कार्यक्रममा अनुसन्धानमूलक कार्यक्रम प्रस्ताव गर्ने। |
| १८ | नार्कको ऐन, विनियम संशोधन र दरबन्दी अनुसार पदपूर्ति लगायतका संस्थागत समस्याहरूको समाधानको विषय। | • नार्कले यस विषयमा नार्क परिषद्मा प्रस्ताव तयार गरी आवश्यक छलफल गर्ने र आवाश्ययकताअनुसार मन्त्रालयसँग थप समन्वय र सहकार्य गर्ने। |
| १९ | Silage निर्यातको Protocol update को तथा पुरानो stock रहेको silage को निर्यात सहजीकरण र silage-specific maize varietal research सम्बन्धी विषय। | • Silage निर्यातको Protocol update का विषयमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले परराष्ट्र मन्त्रालयमा पेश गरेको प्रस्तावको कार्यप्रगति सम्बन्धमा थप follow-up गर्ने।<br>• हाल स्टकमा रहेको silage को निर्यात सहजीकरणका लागि प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले आवश्यक सहजीकरण गर्ने।<br>• नार्कले silage-specific maize varietal research का लागि प्रस्तावना तयार गरी आगामी आ.व. को बजेट तथा कार्यक्रममा प्रस्ताव गर्ने। |

| क्र.सं. | प्रमुख समस्या/सवाल | समस्या समाधान सम्बन्धमा भएको निर्णय |
|---|---|---|
| २० | विषादी जाँच प्रयोगशाला र केन्द्रीय बिरूवा स्वस्थता प्रयोगशाला सञ्चालनसम्बन्धी विषय। | • सो सम्बन्धमा प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले आगामी आ.व. मा अस्थायी दरबन्दीको प्रस्ताव तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने। |
| २१ | मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरू (नार्क, विभाग र आयोजनाहरू) बाट Climate Smart Agriculture सँग सम्बन्धित क्रियाकलाप एवम् प्रविधिहरूको अभिलेखीकरण तथा प्रकाशनको विषय। | • सो सम्बन्धमा मन्त्रालय मातहतको खाद्य तथा पोषण सुरक्षा सुधार आयोजनाले नार्क विभाग र अन्य आयोजनाहरूसँग समन्वय गरी Climate Smart Agriculture सँग सम्बन्धित क्रियाकलाप र प्रविधिहरूको अभिलेखीकरण गरी पुस्तिका प्रकाशन गर्ने। |
| २२ | जैविक सुरक्षाको विषय आकर्षित हुने बिरूवाजन्य वस्तुहरूको आयातसमेत अन्य खाद्य पदार्थजस्तै आयात हुने गरेको र आयातकर्ताले LC/TT/DAP/DAA/DAC आदि खोल्दा नेपाल राष्ट्र बैंकबाट दिइने अनुमति पूर्व क्वारेन्टाइनबाट entry permit लिनुपर्ने कानुनी प्रावधानको पालना हुन नसकेको विषय। | • प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रले यस विषयमा कानुनी आधार र प्रावधान सहितको विवरण तयार गरी कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखामा जानकारी गराउने र सो महाशाखाले नेपाल राष्ट्र बैंकसँग कानुनी व्यवस्था कार्यान्वयन र समस्या समाधानका लगि अनुरोध गर्ने। |
| २३ | नेपाल राष्ट्रिय एकद्वार प्रणाली सञ्चालनको विषय। | • सो विषयमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको समन्वयमा सम्बन्धित निकायहरूसँग परामर्श गरी समस्या समाधानका लागि पहल गर्ने। |
| २४ | कानुन उपलब्ध भए तापनि काठका प्याकेजिङ सामग्रीलाई नियमन गर्न नसकिएको, सूर्ती, कपास, जुट लगायत वस्तुको HS Code मा क्वारेन्टाइन कार्यालयलाई पहुँच नभएको र आयात तथा निर्यातको तथ्याङ्क प्राप्त गर्ने र रिपोर्टिङ गर्न सकिने गरी विश्वसनीय तथ्याङ्कको उपलब्धता हुन नसकेको विषय। | • सो विषयमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले प्लाण्ट क्वारेन्टाइन तथा विषादी व्यवस्थापन केन्द्रको समन्वयमा सम्बन्धित निकायहरूलाई अनुरोध गर्ने। |

## ७.२ आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति बैठक (२०८१/११/०१)

### निर्णयहरू

१. आ.व. २०८१/८२ को दोस्रो त्रैमासिक तथा अर्धवार्षिक अवधिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय तथा मातहतका निकायहरूबाट सम्पादित कार्यक्रम, उपलब्धि तथा प्रगतिको समीक्षा गरियो। समीक्षा क्रममा मन्त्रालयको अर्धवार्षिक अवधिको एकमुष्ठ भारित र वित्तीय प्रगति क्रमशः ६०.२८ र ४८.५२ प्रतिशत रहेको पाइयो। अधिकांश निकायहरूको भारित तथा वित्तीय प्रगति मध्यम स्तरको पाइएकोले चालु आ.व. को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने लक्षित क्रियाकलापहरूको कार्यान्वयनमा सम्बन्धित सबै निकायले तदारुकता दिने।

२. बेरूजु फछ्यौंटको प्रगति न्यून देखिएकाले मन्त्रालय मातहतका सबै निकायहरूले बेरूजु फछ्यौंट कार्यलाई तदारूकताका साथ अघि बढाउने।

३. विभागीय तथा केन्द्रीयस्तरको समीक्षामा उठान भएका प्राविधिक समस्या/सवालहरूको समाधानका लागि मिति २०८१/१०/२८ गते आयोजना गरिएको मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमिति (Pre-MDAC) को बैठकबाट भएका निर्णयहरू तदारुकताका साथ कार्यान्वयन गर्ने/गराउने।

४. मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठका तपसिल अनुसारका विषयमा छलफल हुँदा देहाय अनुसारका समस्याहरू राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा पेश गर्ने।

### छलफल भएका विषयहरू

- ✓ सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा रहेको खरिद सम्बन्धी प्रावधान अनुसार रासायनिक मल खरिद तथा आयात गर्दा समय बढी लाग्ने गरेको र मलको सहज व्यवस्थापन हुन नसकेकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीमा मल खरिद प्रक्रिया सम्बन्धी विशेष व्यवस्था हुनुपर्ने विषय।
- ✓ नेपाल सरकारबाट उपलब्ध गराइने सहुलियत कर्जामा कृषकहरूको सहज पँहुच र ऋण प्रवाह प्रक्रिया सरलीकृत बनाइनुपर्ने विषय।
- ✓ कृषि योग्य जग्गाको संरक्षण र सदुपयोगको विषय।
- ✓ डेरी उद्योग र कोल्ड स्टोरहरूलाई दिइदै आएको विद्युत महसुलमा छुट सम्बन्धी व्यवस्था हाल कार्यान्वयन हुन नसकेको र विगतको छुट सुविधाको रकमसमेत वक्यौता रहेको विषय।
- ✓ अन्तरतह स्तरबाट अनुदान प्रवाह गरी सञ्चालन हुने कृषि विकास कार्यक्रमहरूबाट प्रदान गरिने अनुदान दरमा एकरुपता हुन नसकी कार्यक्रम सञ्चालन प्रभावकरी हुन नसकेको विषय।
- ✓ नेपाली चियाको सहज निर्यातका लागि व्यापार सहजीकरणको विषय र नेपाली चिया निकासीका लागि वैकल्पिक बजार पहिचान र बजारीकरणको विषय।
- ✓ कृषि उपजहरूको बढ्दो आयातलाई निरुत्साहित गर्न चालिनुपर्ने नीतिगत सुधारहरू तथा आन्तरिक उत्पादनलाई प्रवर्द्धन र संरक्षण गर्न चालिनुपर्ने प्राविधिक र संस्थागत विकासका उपायहरूको विषय।

**राष्ट्रिय विकास समस्या समाधान उपसमितिको बैठकमा पेश गरिने समस्याहरू**

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| १ | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा भएका खरिद सम्बन्धी प्रावधान अनुसार रासायनिक मल खरिद तथा आयात गर्दा समय बढी लाग्ने गरेकोले समयमै सहज रूपमा प्रयास मल आपूर्ति तथा व्यवस्थापनमा समस्या आई कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि प्रभावित भएको। | • सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा अन्तरराष्ट्रिय बोलपत्र आव्हानका लागि ४५ दिन, पुनः बोलपत्र आव्हानका लागि २१ दिन, बोलपत्र खरिद सम्झौताको लागि १५ दिन लगायतका समयावधि सम्बन्धी प्रावधानका कारण बोलपत्र आव्हान, मूल्याङ्कन, खरिद सम्झौता र मल खरिद गरी नेपालभित्र आयात हुँदासम्म न्यूनतम२२६ दिनको समय लाग्ने गरेको।<br>• प्रचलित कानुन बमोजिम मल खरिद तथा आपूर्तिमा लाग्ने लामो समयावधि, अन्तरराष्ट्रिय बजारमा सासाहिक रूपमा रासायनिक मलको मूल्यमा भइरहने उतारचढाव तथा आयात र भुक्तानी प्रक्रियामा ढिलाई लगायतका कारणले मल आपूर्ति तथा व्यवस्थापनमा कठिनाई हुने गरेको। | • कृषिजन्य बालीको उत्पादन वृद्धि, खाद्य सुरक्षा र आम किसानको हितजस्तो सार्वजनिक महत्त्व र राज्यका लागि essential good का रूपमा रहेको रासायनिक मलको खरिद तथा आपूर्तिलाई सहज बनाउन सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ का हालका प्रावधानहरूमा गर्नुपर्ने संशोधनको मस्यौदा तयारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा परिक्षकको कार्यालयबाट प्रतिनिधित्व रहेको समितिले संशोधन सम्बन्धी प्रस्ताव तयार गरी संशोधन सम्बन्धी आवश्यक प्रक्रिया अघि बढाउन उपयुक्त हुने। |
| २ | कृषि योग्य जग्गा गैर-कृषि प्रयोजनमा प्रयोग हुने क्रम बढिरहेको र प्राविधिक रूपमा विशिष्ट बाली/वस्तुका लागि उपयुक्त जग्गामा भौतिक संरचनाहरूको निर्माण र प्राविधिक रूपले कम उपयुक्त बाली/वस्तुको विस्तार हुने क्रम बढेको। | • कृषियोग्य जग्गाको संरक्षण तथा सदुपयोग र कृषि बाहेक अन्य प्रयोजनमा कृषि योग्य जग्गाको प्रयोगलाई नियन्त्रण गर्ने सम्बन्धी स्पष्ट नीतिगत व्यवस्था हुन नसक्नु।<br>• सबै स्थानीय तहहरूबाट भू-उपयोग ऐनमा भएको जग्गा वर्गीकरण सम्बन्धी प्रावधान बमोजिम कृषि योग्य जग्गा वर्गीकरण गरी सो अनुसार कृषि योग्य जग्गाको संरक्षण हुन ढिलाई भएको। | • कृषियोग्य जग्गाको संरक्षण तथा सदुपयोग र कृषि बाहेक अन्य प्रयोजनमा कृषि योग्य जग्गाको प्रयोगलाई नियन्त्रण गर्न कानुनी तथा नीतिगत आधार तयार गर्नका लागि अन्तर निकाय सम्मिलित कार्यदलबाट अध्ययन तथा कानुन निर्माण एवम् कार्यान्वयनको कार्य अघि बढाइनुपर्ने। |

## ७.३ चालु आ.व. २०८१/८२ को तृतीय त्रैमासिक तथा नौ महिना अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक (२०८२/०२/०१)

**निर्णयहरू**

| क्र.सं. | निर्णय | प्रगति अवस्था |
|---|---|---|
| १ | यस मन्त्रालय मातहतका वोर्ड, संस्थान, समिति र आयोजनाहरूको चालु आ.व. २०८१/८२ को तृतीय त्रैमासिक अवधिको प्रगति समीक्षा गर्दा एकमुष्ठ भारित प्रगति ६७.१६ प्रतिशत र वित्तीय प्रगति २००.८९ प्रतिशत एवम् नौ महिना अवधिको एकमुष्ठ भारित प्रगति ६३.७१ प्रतिशत र वित्तीय प्रगति ५९.६२ प्रतिशत भएको पाइयो। त्यसैगरी वार्षिक बजेटको तुलनामा एकमुष्ठ चालु खर्च ४६.५ प्रतिशत, पूँजीगत खर्च ३५.९ प्रतिशत र वित्तीय प्रगति ४५.७ प्रतिशत भएको पाइयो। हालसम्मको लक्ष्यको वित्तीय प्रगति ५० प्रतिशत भन्दा कम रहेको निकायहरूले के कति कारणहरूले प्रगति कम भएको हो सोको स्पष्ट कारणसहित चालु आ.व.को बाँकी अवधिमा सम्पादन गर्नुपर्ने लक्षित क्रियाकलापहरूको कार्यान्वयन कार्ययोजना सहित एक हप्ताभित्र मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखामा पेश गर्ने। | भारित प्रगति प्रतिशत : ८५.४८<br>वित्तीय प्रगति प्रतिशत : ८४.५४ |
| २ | ५३औं राष्ट्रिय विकास समस्या समाधान समिति (NDAC) को बैठकको मिति २०८१/०७/३० गतेको निर्णयानुसार निर्णय नं ११ मा कृषिमा आधारित पशुपालन कुखुरापालन मत्स्यपालन मौरीपालन र रेशम खेती लगायतका उद्योग व्यवसायमा कृषि मिटर तथा महसुल दरमा छुट सुविधा दिने व्यवस्था गर्न उर्जा मन्त्रालयले कृषि तथा पशुपन्छी विकास मन्त्रालय र नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी विद्युत महशुल विनियमावली २०७८ को ३ (२) (ग) आवश्यकता अनुसार संशोधन गरी कार्यान्वयन गर्ने भन्ने निर्णय भएकोले सो को फ्लोअप कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले गर्ने। | उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयसँग समन्वय गरी प्रस्ताव तयार गरेर उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले विद्युत नियमन आयोगमा पेश गरेको। |
| ३ | मिति २०८१/०९/०५ गते भएको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको (MDAC) बैठक र मिति २०८१/१०/२८ गते भएको मन्त्रालयस्तरीय विकास समस्या समाधान उपसमितिको (Pre-MDAC) बैठकमा भएका निर्णयहरूको कार्यान्वयनमा तोकिएका निकायहरूबाट तदारुकताका साथ सम्पन्न गर्ने/गराउने र त्यसको प्रगति मन्त्रालयको अनुगमन तथा मूल्याङ्कन शाखामा मासिक रूपमा प्रेषित गर्ने। | निर्णय कार्यान्वयन भइरहेको। |

| क्र.सं. | निर्णय | प्रगति अवस्था |
|---|---|---|
| ४ | कृषक समूहहरूले नेपाल सरकारबाट सेवासुविधा लिदाँ अनिवार्य रूपमा स्थायी लेखा नम्बर (PAN) लिनुपर्ने प्रावधानले कृषकहरूलाई थप समस्या पर्न गएकोले आवश्यक सहजीकरणको लागि अर्थ मन्त्रालयमा कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन महाशाखाले अनुरोध गर्ने। | व्यक्तिगत फर्म तथा सहकारीहरू PAN मा गइसकेको अवस्था, हाल कृषक समूह दर्ता प्रक्रिया स्पष्ट नभएको र कहाँ गर्ने र पहिला दर्ता भएका समूहसमेत नवीकरण हुन नसकेको र PAN मा जान उपयुक्त नरहेको सन्दर्भमा पालिका र प्रदेशबाट भएका कार्यसम्बन्धमा सूचना सङ्कलन भइरहेको/ती सूचनाको आधारमा अर्थ मन्त्रालयसँग समन्वय र सहजीकरण गर्ने। |
| ५ | मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको (MDAC) बैठकमा उठान भएका समस्याहरू आन्तरिक रूपमा नै छलफल गरी समाधान गर्ने। | कार्यान्वयन भइरहेको। |
| ६ | बेरूजु फछ्र्यौटको सन्दर्भमा प्रगति हुन नसकेकोले मन्त्रालय मातहतका सबै निकायहरूले बेरूजु फछ्र्यौट कार्यका लागि आवश्यक कागजातसहित यथाशिघ्र मन्त्रालयमा पेश गर्ने। | कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको सरकारी निकायहरू र समितिको कूल बेरुजु रू.९ अर्ब १७ करोड ९७ लाख ३२ हजार रहेकोमा रू. ३ अर्ब ४३ करोड १४ लाख ०९ हजार (३७.३९%) फछ्र्यौट भएको। |

## ७.४ चालु आ.व. २०८१/८२ को वार्षिक अवधिको प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक (२०८२/०४/३०)

**निर्णयहरू**

| निर्णय नं. | निर्णयहरू | जिम्मेवार निकाय | समय सीमा |
|---|---|---|---|
| १ | आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित कार्यक्रमहरू/आयोजनाहरूको न्यूनतम ५५ प्रतिशतदेखि अधिकतम ९७.३ प्रतिशतसम्म भारित प्रगति र वित्तीय प्रगति न्यूनतम १७.०१ प्रतिशतदेखि अधिकतम ९८.०८ प्रतिशतसम्म भएको पाइयो। समग्रमा आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित कार्यक्रम सन्तोषजनक रहेको पाइयो। आर्थिक वर्ष २०८२/८३ को कार्यक्रमलाई थप प्रभावकारी बनाउन कार्य योजना सहित कार्यक्रम सञ्चालन गर्ने। साथै बेरुजु पछ्र्यौटका सन्दर्भमा कार्य योजना बनाई तदारुकता साथ लक्ष्य अनुसार प्रगति हासिल गर्ने। | सम्पूर्ण निकायहरू | आर्थिक वर्ष २०८२/८३ को कार्यक्रम सञ्चालन कार्ययोजना अनुसार भैरहेको। |

| निर्णय नं. | निर्णयहरू | जिम्मेवार निकाय | समय सीमा |
|---|---|---|---|
| २ | प्राङ्गारिक तथा जीवाणु मल निर्देशिका, २०७८ को दफा ३ मा तोकिएका धुलो, दानेदार तथा गडौले र जीवाणु मलको मापदण्ड तथा गुणस्तर एवम् न्यूनतम आवश्यकतामा उल्लिखित कतिपय विषयहरू स्पष्ट नभएको र कतिपय मापदण्डहरू नेपालका परीक्षण प्रयोगशालाहरूमा परीक्षण हुन नसक्ने भएका कारण प्रदेश तथा स्थानीय तहमा प्राङ्गारिक तथा जीवाणु मल दर्ता हुन नसकेको सन्दर्भमा कृषि विभागले अध्ययन गरी मापदण्डमा परिमार्जन गरिनुपर्ने विषयहरू समावेश गरी निर्देशिका परिमार्जनको लागि मन्त्रालयमा मस्यौदा पेश गर्ने। | कृषि विभाग | निर्देशिका परिमार्जनको लागि कृषि विभागका उपमहानिर्देशकज्यूको संयोजकत्वमा कार्यदल गठन भई संशोधन गर्नुपर्ने विषयहरूमा छलफल भइरहेको। |
| ३ | उपभोक्तालाई स्वस्थ्य तथा स्वच्छकर मासु आपूर्ति गर्न नसकिएको सन्दर्भमा स्थानीय तह र प्रदेशहरूको समेत जिम्मेवारी हुने गरी पशु बधशाला तथा मासु जाँच ऐन २०५५ परिमार्जनका लागि मन्त्रालयमा पेश गर्ने। | पशुसेवा विभाग | ३ महिनाभित्र |
| ४ | पशु कल्याण, पशु पहिचान तथा पञ्जिकरण: सम्मानित सर्वोच्च अदालतले मिति २०७६/०१/०८ मा प्रदेश र स्थानीय तहहरू समेतको सहकार्य, सहयोग र समन्वयमा छाडा पशुको साथै किसानले पाली रहेका पशुपन्छीको तथ्याङ्क सङ्कलन गर्ने, पालिएका सबै पशुहरूको पहिचान हुने गरी ट्यागिङ्ग गर्ने र कम्प्यूटर प्रविधिको प्रयोग गर्नु भनी निर्देशनात्मक आदेश जारी भएको सन्दर्भमा पशु कल्याण, पशु पहिचान तथा पञ्जिकरणको कानुनी आधार सहित नियमन तथा व्यवस्थापन गर्न आवश्यक व्यवस्थासहितको प्रस्ताव मन्त्रालयमा पेश गर्ने। | पशुसेवा विभाग | ३ महिनाभित्र |
| ५ | मौजुदा सार्वजनिक खरिद ऐन/नियमावलीले अनुसन्धान सामग्री खरिदका विशेष आवश्यकता र सम्वेदनशीलतालाई स्पष्ट रूपमा समेट्न नसकेकोले अनुसन्धान सामग्री, समय-सम्वेदनशील विशेष परिस्थिति, आवश्यक पेटेन्ट/प्रविधि उल्लेख गरी तुरुन्त खरिद र प्रयोगको व्यवस्थाका लागि हाल संशोधनको क्रममा रहेको ऐनमा समेटी एवम् खरिद नियमावलीमा उक्त प्रावधान समावेश गर्न आवश्यक प्रक्रियाका लागि मन्त्रालयमा पेश गर्ने। | नेपाल कृषि अनुसन्धान परिषद | ३ महिनाभित्र |

## ७.५ मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिमा पेश भई राष्ट्रिय विकास समस्या समाधान उप-समिति (Pre-NDAC) को बैठकका लागि प्रस्तावित समस्याहरू

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| १ | पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषक एवम् उद्यमीहरू र जग्गा भाडामा लिई खेती गर्न चाहने कृषक एवम् उद्यमीहरूलाई कृषि मिटर सुविधा प्राप्त हुन नसकी कृषिजन्य उत्पादन तथा उत्पादकत्व वृद्धि लक्षित कार्यक्रमहरू प्रभावित भएको। | पशुपालन तथा मत्स्यपालन व्यवसायलाई नेपाल विद्युत प्राधिकरणबाट जारी गरिएको विद्युत महसुल सङ्कलन विनियमावली २०७८ को विनियम २ (ग) अनुसारको औद्योगिक उपभोक्ता वर्ग अन्तर्गत कृषिमा आधारित उद्योग समूहमा वर्गीकरण गरिएकोले सोही विनियमावलीको विनियम ५ मा सिँचाइ उपभोक्ता वर्गभित्र उपलब्ध हुने कृषि मिटर तथा महसुल दरमा पाइने छुट सुविधाबाट पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषक तथा उद्यमीहरू बञ्चित हुनु परेको।<br>जग्गा भाडामा लिई खेती गर्न चाहने कृषक एवम् उद्यमीहरूका लागि कृषि मिटर सुविधा उपलब्ध गराउन सकिने वा नसकिनेबारे सम्बन्धमा स्पष्ट व्यवस्था नभएको। | कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धिका लागि सरकारले उपलब्ध गराउँदै आएको कृषि मिटर सुविधामा कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रका कृषकहरूसमेत समेटिने गरी विद्युत महसुल सङ्कलन विनियमावली २०७८ मा आवश्यक संशोधनका लागि उर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, अर्थ मन्त्रालय र नेपाल विद्युत प्राधिकरणलाई निर्देशन हुन अनुरोध हुनुपर्ने। |
| २ | सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा भएका खरिद सम्बन्धी प्रावधान अनुसार रासायनिक मलको खरिद प्रक्रिया अपनाई आयात गर्दा समय बढी लाग्ने गरेकोले समयमै सहज रूपमा प्रयास मल आपूर्ति तथा व्यवस्थापनमा समस्या देखिएको। | • सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ मा अन्तरराष्ट्रिय बोलपत्र आव्हानका लागि ४५ दिन, पुनः बोलपत्र आव्हानका लागि २१ दिन, बोलपत्र खरिद सम्झौताको लागि १५ दिन लगायतका समयावधि सम्बन्धी प्रावधानका कारण बोलपत्र आव्हान, मूल्याङ्कन, खरिद सम्झौता र मल खरिद गरी नेपालभित्र आयात हुँदासम्म न्यूनतम २२६ दिनको समय लाग्ने गरेको। | • कृषिजन्य बालीको उत्पादन वृद्धि, खाद्य सुरक्षा र आम किसानको हितजस्तो सार्वजनिक महत्त्व र राज्यका लागि essential good का रूपमा रहेको रासायनिक मल खरिद तथा आपूर्तिलाई सहज बनाउन सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ का हालका प्रावधानहरूमा गर्नुपर्ने संशोधनको मस्यौदा तयारीका लागि सार्वजनिक खरिद अनुगमन कार्यालयको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा परिक्षकको कार्यालयबाट प्रतिनिधित्व रहेको समितिले संशोधन सम्बन्धी प्रस्ताव तयार गरी आवश्यक प्रक्रिया अघि बढाउन उपयुक्त हुने। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| | | • अन्तरराष्ट्रिय बजारमा रासायनिक मलको मूल्यमा सासाहिक रूपमा भइरहने उतारचढाव, मल खरिद तथा आपूर्तिमा लाग्ने बढी समय कारण मल खरिद, आयात तथा भुक्तानी प्रक्रियामा ढिलाई भई मल आयातमा कठिनाई हुने गरेको। | • कृषि तथा पशुपन्छी विकास मन्त्रालयले उक्त ऐन र नियमावलीमा गर्नुपर्ने संशोधन सम्बन्धी प्रारम्भिक प्रस्ताव तयार गरिसकेको। |
| ३ | खेतीपाती गर्ने वास्तविक कृषकहरूको सहुलियत दरमा उपलब्ध हुने कृषि ऋणमा सहज पँहुच हुन नसकेको तथा प्रक्रियागत समस्या झेल्नुपरेको। | नेपाल राष्ट्र बैंकबाट जारी हुने मौद्रिक नीतिमा कृषि कर्जा व्यवस्थापन सम्बन्धमा समयसापेक्ष संशोधन हुन नसक्नु।<br>हाल बैंकहरूले कृषि क्षेत्रमा गर्ने लगानीको दायरा कम भएको।<br>साना तथा मध्यम कृषकसमेत समेटिने तथा बैंकबाट प्रवाह हुने ऋण सम्बन्धमा आउनसक्ने जोखिमलाई राज्यबाट सुरक्षण हुने गरी नीतिगत व्यवस्था हुन नसक्नु। | • कृषि कर्जाको दायरा विस्तार गर्न तथा कर्जा प्रवाह प्रक्रियालाई सरल र प्रभावकारी बनाउन आवश्यक नीतिगत तथा प्रक्रियागत सुधार सम्बन्धमा अर्थ मन्त्रालय वा नेपाल राष्ट्र बैंकको संयोजकत्वमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विकास बैंकबाट प्रतिनिधि रहने समितिले अध्ययन गरी प्रतिवेदन पेश गर्न एवम् सुझाव कार्यान्वयन हुन उपयुक्त हुने। (नेपाल राष्ट्र बैंकबाट समिति गठन भई अध्ययन भइरहेको जानकारी प्राप्त भएको।) |
| ४ | कृषिका लागि हानिकारक वन्यजन्तुहरूबाट कृषिजन्य उपजहरूको क्षति हुन गई कृषि पेशा तथा कृषि उत्पादनको संरक्षण र उत्पादकत्व वृद्धि तथा खाद्य सुरक्षा चुनौतीपूर्ण हुने अवस्था सिर्जना भएको। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावली अनुसार प्रदेश, स्थानीय तह, कृषकवर्ग र समुदायले वन्यजन्तु नियन्त्रण कार्य गर्न नसकेको। | राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन तथा नियमावलीमा भएको कानुनी व्यवस्थामा आवश्यक संशोधन/परिमार्जन गरी स्थानीय तहहरूले समेत वन्यजन्तु नियन्त्रणको कार्य गर्न सक्ने व्यवस्था मिलाउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन दिन उपयुक्त हुने। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| ५ | कृषि विकास फार्महरू-मार्फा, कीर्तिपुर, चन्द्रडाँगी, कपास विकास समिति लगायतका फार्महरूको उर्बर तथा खेतीयोग्य जग्गाको सदुपयोग, संरक्षण तथा कृषिजन्य स्रोत सामग्रीको उत्पादन तथा उत्पादकत्व वद्धिका क्रियाकलाप प्रभावित भएको। | • कृषि फार्महरूको उर्वर खेतीयोग्य जग्गा विगत लामो समयदेखि सुरक्षा निकायबाट प्रयोग भएको तथा सुकुम्बासी वस्तीहरूबाट अतिक्रमणमा परेको।<br>• सम्बन्धित फार्महरूबाट स्थानीय रूपमा प्रयास गर्दा समस्या समाधान हुन नसकेको। | राज्यलाई दीर्घकालीन रूपमा आवश्यक पर्ने कृषि फार्महरूको संरक्षण, कृषि अनुसन्धान कार्यको निरन्तरता तथा कृषिजन्य स्रोत सामग्रीको उत्पादन तथा उत्पादकत्व वद्धिका कृषि फार्महरूको जग्गाहरूको संरक्षण तथा सही सदुपयोगका लागि सम्बन्धित मन्त्रालय/निकायहरूलाई आवश्यक निर्देशन हुनुपर्ने। |
| ६ | कृषि योग्य जग्गाको संरक्षण र सही सदुपयोगको विषय<br>• धनुषास्थित ८० विघाको आँप बगैंचा हटाई सोलार प्लाण्ट राख्ने खोजिएको।<br>• बर्दियाको राजापुर क्षेत्रमा चिनी मिल स्थापनाको कार्य अघि बढिरहेको। विगतदेखि नै धानखेतीका लागि उर्बर र परिचित क्षेत्रका रूपमा रहेको तथा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले विगत ८ वर्षदेखि धान सुपरजोन स्थापना गरी धानबाली प्रणालीलाई प्रवर्द्धन गरिरहेको क्षेत्र उखुखेतीका लागि प्रयोग हुँदा सुपरजोन कार्यक्रमका लागि भएको लगानी तथा हालसम्मको प्रतिफलहरू प्रभावित हुने र बाँके, बर्दिया लगायतका जिल्लामा धानको उत्पादनमा कमी आई खाद्य सुरक्षामा समेत असर पर्न सक्ने। | • कृषियोग्य जग्गा संरक्षण र कृषि प्रयोजनमा मात्र उपयोग गर्ने सम्बन्धमा बाध्यकारी कानुनी नियन्त्रण सम्बन्धी व्यवस्था हुन नसक्नु।<br>• कृषियोग्य जग्गा संरक्षण तथा सदुपयोग सम्बन्धमा नीतिगत स्पष्टता हुन नसक्नु।<br>• उर्जा मन्त्रालय र उद्योग मन्त्रालयबाट कृषि तथा पशुपन्छी विकास मन्त्रालयसँग आवश्यक समन्वय विना सहमति दिइएको। | • कृषियोग्य जग्गाको संरक्षण तथा सदुपयोगका लागि कानुनी व्यवस्थाको आवश्यकता तथा ढाँचा तर्जुमाका लागि अन्तर मन्त्रालय समन्वयमा अध्ययन हुनुपर्ने।<br>• ठूला प्रकृतिका विकासमूलक कार्य वा आयोजनाहरूले कृषियोग्य जग्गा प्रयोगपूर्व कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट सहमति लिनुपर्ने व्यवस्थाका लागि सम्बन्धित मन्त्रालय वा निकायहरूलाई निर्देशन दिइनुपर्ने। |
| ७ | डेरी उद्योग र कोल्ड स्टोरहरूलाई उपलब्ध हुँदै आएको विद्युत महसुलमा दिइदै आएको छुट हाल उपलब्ध हुन नसकेको र विगतको समेत गरी वक्यौता बाँकी रहेको। | नेपाल विद्युत प्राधिकरणको मिति २०७९।११।२७ को निर्णयबाट उक्त उद्योगहरूलाई दिइदै आएको विद्युत महसुलमा ५०% अनुदान रोक्का गरिएको। | नीतिगत निर्णय आवश्यक रहेको तथा उर्जा मन्त्रालय र अर्थ मन्त्रालयसँग आवश्यक समन्वय गरी टुंग्याउन आवश्यक देखिएको। |

| क्र.सं. | समस्याको व्यहोरा | समस्या देखा पर्नुको कारण | समस्या समाधानका लागि सुझाव (निर्णयसम्बन्धी व्यहोरा) |
|---|---|---|---|
| ८ | कालिमाटी फलफूल तथा तरकारी बजार विकास समितिको चोभारस्थित जग्गाको केही कित्ताको स्वमित्व हस्तान्तरण र हर्जाना बापतको वक्यौता मिनाहा सम्बन्धी समस्या। | चोभार स्थित कृषि चुन उद्योगको जग्गा खरिद गर्दा सम्पूर्ण रकम भुक्तानी भई सकेतापनि अर्थ मन्त्रालयसँगको सम्झौतानुसार प्राप्त हुनु पर्ने कि.नं. १७८,१८२ र १८३ को जग्गा समितिको स्वामित्वमा आउन नसकेको कि.नं. १९९ र १९१ को जग्गा स्वामित्व हस्तान्तरण भए पनि मोही कायम रहेको र तत्कालीन कृषि चुन उद्योगको चलन भोगमा रहेको कि.नं. १७७ र १६९को जग्गाको स्वामित्व हस्तान्तरण हुन बाँकी देखिएको साथै तत्कालिन समयमा किस्ता बापतको रकम भुक्तानी गर्नमा केही ढिलाई हुन गएका कारण सार्वजनिक ऋण व्यवस्थापन कार्यालयमा रू. १ करोड ६४ लाख हर्जाना बापतको वक्यौता देखिएको। | जग्गाको केही कित्ताको स्वमित्व हस्तान्तरण र हर्जाना बापतको वक्यौता मिनाह हुनुपर्ने। |

# परिच्छेद-८

# ८. सोह्रौं आवधिक योजना (२०८१/८२ देखि २०८५/८६) कृषिसँग सम्बन्धित प्रगति

## ८.१ सोह्रौं योजनाको लक्ष्य र हालसम्मको प्रगति अवस्था

| परिसूचक | एकाइ | आधार वर्ष २०७९/८० को अवस्था | आ.व. २०८१/८२ सम्मको प्रगति | आ.व. २०८५/८६ को लक्ष्य |
|---|---|---|---|---|
| प्रमुख कृषि बाली तथा उपजको उत्पादकत्व | | | | |
| धान | मेट्रिक टन प्रति हेक्टर | ३.७९ | ४.१९ | ४.८४ |
| मकै | मेट्रिक टन प्रति हेक्टर | ३.२ | ३.४६ | ४.५ |
| गहुँ | मेट्रिक टन प्रति हेक्टर | २.९५ | ३ | ३.३४ |
| तरकारी | मेट्रिक टन प्रति हेक्टर | १४.३३ | १४.६२ | १६.६१ |
| आलु | मेट्रिक टन प्रति हेक्टर | १७.२ | १६.८ | २१.९५ |
| फलफूल | मेट्रिक टन प्रति हेक्टर | १०.६४ | १०.८ | १२.०८ |
| माछा | मेट्रिक टन (हजारमा) | १०८ | १२६ | १३० |
| दूध | मेट्रिक टन (हजारमा) | २,५६६ | २,७५१ | ३,०५० |
| मासु | मेट्रिक टन (हजारमा) | ५१२ | ४६४ | ५९० |
| अण्डा | गोटा (करोडमा) | १३३ | १६८ | १६० |
| पशुपन्छी खोप उत्पादन | (लाखमा) डोज | ५३८ | ४३४ | ७०० |
| कृत्रिम गर्भाधान नश्ल सुधारका लागि | (लाखमा) डोज | ७ | ५३.७ | ११ |
| वीर्य उत्पादन तथा वितरण | (लाखमा) डोज | ९ | ८७.१२ | १४ |
| मत्स्य वीज उत्पादन तथा वितरण | सङ्ख्या (लाखमा) | ५९५ | ७८१ | ८०० |

# विविध-९

# अनुसूची-१

## १. नेपालको संक्षिप्त कृषि तथ्याङ्क

### १.१ कूल क्षेत्रफल

| क्र.सं. | क्षेत्र | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|---|
| १ | हिमाली क्षेत्र | ५१,८१७ | ३५ |
| २ | पहाडी क्षेत्र | ६१,३४५ | ४२ |
| ३ | तराई क्षेत्र | ३४,०१९ | २३ |
| | **कूल** | १,४७,१८१ | १०० |

### १.२ भू-उपयोग

| क्र.सं. | क्षेत्र | क्षेत्रफल (००० हेक्टर) | प्रतिशत |
|---|---|---|---|
| १ | खेती गरिएको जमिन | ३,०९१ | २१ |
| २ | खेती नगरिएको खेतीयोग्य जमिन | १,०३० | ७ |
| ३ | वन जङ्गल (झाडी १५६० हे. सहित) | ५,८२८ | ३९.६ |
| ४ | चरन खर्क | १,७६६ | १२ |
| ५ | पानी | ३८३ | २.६ |
| ६ | अन्य | २,६२० | १७.८ |
| | **कूल** | **१४७१८** | **१००** |

### १.३ कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान तथा वार्षिक वृद्धिदर प्रतिशतमा

| क्र.सं. | आ.व. | कूल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान | कृषि क्षेत्रको वार्षिक वृद्धि दर |
|---|---|---|---|
| १ | २०७०/७१ | ३०.३१ | ४.४९ |
| २ | २०७१/७२ | २९.३९ | १.२ |
| ३ | २०७२/७३ | २८.४३ | -०.०८ |
| ४ | २०७३/७४ | २६.८१ | ५.१७ |
| ५ | २०७४/७५ | २५.६३ | २.६१ |
| ६ | २०७५/७६ | २४.९२ | ५.१६ |
| ७ | २०७६/७७ | २५.१६ | २.४३ |
| ८ | २०७७/७८ | २५.८ | २.८५ |
| ९ | २०७८/७९ | २४.६७ | २.२४ |
| १० | २०७९/८० | २३.९३ | २.७६ |
| ११ | २०८०/८१ | २४.०९ | ३.०५ |
| १२ | २०८१/८२ | २५.१६ | ३.२५ |

## १.४ जनसङ्ख्या सम्बन्धी विवरण

| क्र.सं. | विवरण | इकाई | वि.सं. २०६८ | वि.सं. २०७८ | घटि/बढी |
|---|---|---|---|---|---|
| १ | जम्मा जनसङ्ख्या | जना | २,६४,९४,५०४ | २,९१,६४,५७८ | २६,७०,०७४ |
| २ | पुरुष (४८.९८%) | जना | १२८४९०४१ | १४२५३५५१ | १४०४५१० |
| ३ | महिला (५१.०२%) | जना | १३६४५४६३ | १४९११०२७ | १२६५५६४ |
| ४ | लैङ्गिक अनुपात | पुरुष प्रति १०० महिला | ९५.५९ | ९४.१६ | -१.४३ |
| ५ | वार्षिक जनसङ्ख्या वृद्धिदर | प्रतिशत | १.३५ | ०.९२ | -०.४३ |
| ६ | जनघनत्व | व्यक्तिहरू प्रति वर्ग कि.मी. | १८० | १९८ | १८ |
| ७ | कृषि पेशामा संलग्न औसत जनसङ्ख्या | प्रतिशत | ६५.६ | ५०.१ | -१६ |
| ८ | कृषि पेशामा संलग्न पुरुष | प्रतिशत | ६०.२ | ४६.४ | -१४ |
| ९ | कृषि पेशामा संलग्न महिला | प्रतिशत | ७२.९ | ५३.६ | -१९ |
| १० | औसत आयु | बर्ष | ६४.१ | ६८.४९ | ४ |
| ११ | जम्मा घर परिवार | सङ्ख्या | ५४२७३०२ | ६६६६९३७ | १२३९६३५ |
| १२ | परिवारको औसत आकार | व्यक्तिहरू प्रति घरपरिवार | ४.८८ | ४.३७ | -०.५१ |
| १३ | जम्मा कृषक परिवार | सङ्ख्या हजारमा | ३८३२.०० | ४१३१ | २९९.०० |
| १४ | प्रति कृषक परिवार औसत कृषि भूमि | हेक्टर | ०.६८ | ०.५५ | -०.१३ |
| १५ | प्रति कित्ताको औसत आकार | हेक्टर | ०.२१ | ०.१९ | -०.०२ |

## १.५ प्रमुख कृषिजन्य बालीहरूको तुलनात्मक क्षेत्रफल तथा उत्पादनको स्थिति

### क. खाद्यान्न बाली

**क्षेत्रफल हेक्टरमा, उत्पादन मे. टनमा**

| खाद्यान्न बालीको नाम | आर्थिक वर्ष | | | | | |
|---|---|---|---|---|---|---|
